# परिच्छेद एक
# शोध परिचय

## १.१ विषय परिचय

विजय मल्ल (वि.सं. १९८२-२०५६) नेपाली साहित्यको नाटक, उपन्यास, कथा, कविता आदि सबैजसो विधामा कलम चलाउन सफल भएका स्रष्टा हुन् । २००१ सालमा आवेगमय संवाद नाटक **राधा मान्दिन** एकाङ्की लेखेर आफ्नो नाट्ययात्रा प्रारम्भ गरेका मल्लका पुस्तककारका रूपमा थुप्रै पूर्णाङ्की र एकाङ्की सङ्ग्रहरू प्रकाशित भएको पाइन्छ । उनका प्रकाशित नाट्य समयलाई दुई चरणमा विभाजन गरेर हेर्न सकिन्छ । त्यसैले मल्लका पहिलो प्रकाशित नाट्य समयदेखि जीवनकालको अन्तिम समयावधिलाई पूर्वार्द्ध चरण र उत्तरार्द्ध चरण गरी दुई भागमा विभाजन गर्ने प्रयास गरिएको छ । पहिलो चरण अर्थात् पूर्वार्द्ध चरणलाई २०१६ देखि २०३६ सम्म र उत्तरार्द्ध चरणलाई २०३७ देखि २०५६ सम्म मानिएको छ । पूर्वार्द्ध चरणमा **कोही किन बरबाद होस्** (२०१६), **जिउँदो लास** (२०१७), **बहुला काजीको सपना र सात एकाङ्की** (२०२८), **भोलि के हुन्छ** (२०२८), **पत्थरको कथा** (**एकाङ्की सङ्ग्रह** २०२८) र **दोभान** (**लघु नाटक सङ्ग्रह** २०३४) प्रकाशित भएको पाइन्छ भने उत्तरार्द्धमा **भित्तेघडी** (एकाङ्की सङ्ग्रह २०४०), **स्मृतिको पर्खालभित्र तथा मानिस र मुकुण्डो** (**पूर्णाङ्की सङ्ग्रह** २०४१), **सृष्टि रोकिदैन तथा माधुरी** (२०४८) नाटकहरू प्रकाशित भएको पाइन्छ । प्रकाशनका दृष्टिले पूर्वार्द्ध चरण सक्रिय देखिन्छ । यस चरणमा चार पूर्णाङ्की, दुई एकाङ्की सङ्ग्रह र एक लघु नाटक सङ्ग्रह प्रकाशित भएका छन् भने उत्तरार्द्ध चरणमा चार पूर्णाङ्की सङ्ग्रह र एक एकाङ्की सङ्ग्रह प्रकाशित भएको पाइन्छ । यस हिसाबले दुवै चरण पूर्णाङ्की प्रकाशनका दृष्टिले बराबर देखिन्छ भने एकाङ्की प्रकाशनका दृष्टिले उत्तरार्द्ध चरण निष्कृय रहेको देखिन्छ । प्रस्तुत शोधमा एकाङ्कीलाई छाडेर पूर्णाङ्कीको मात्र अध्ययन विश्लेषण गर्ने उद्देश्य राखिएको छ । यसमा पनि प्रस्तुतिशिल्पका हिसाबले समान रहेका पूर्णाङ्कीलाई मात्र अध्ययनको लागि छनोट गरिएको छ । तसर्थ भोलि के हुन्छ पूर्णाङ्कीबाहेक कोही किन बरबाद होस्, जिउँदो लास र बहुला काजीको सपना नाटक प्रस्तुत शोध कार्यको छनोटमा परेको छ ।

नेपाली नाट्य सिर्जनामा कथ्य र शिल्प दुवै कोणबाट नयाँ नयाँ प्रयोग भित्र्याउने नाटककार मल्लमा सामाजिक समस्या, जटिलता, विकृत विसङ्गत, अस्तित्व जस्ता विषयलाई अभिव्यञ्जनात्मक शैलीद्वारा नाटकीय रूप दिने प्रवृत्ति पाइन्छ । त्यसका अतिरिक्त उनका नाटकमा असामान्य मनोविज्ञानका विविध पक्षको स्वाभाविक चित्रण पनि पाइन्छ ।

असामान्य मनोविज्ञान मनोविज्ञानका एउटा शाखाको रूपमा मानिएको असामान्य व्यवहारको अध्ययन गर्ने विज्ञान हो । यसले असमायोजनीय व्यवहार, विघटित व्यक्तित्व र असामाजिक व्यवहारको अध्ययन गर्दछ । विजय मल्लका नाटकमा असामान्य मनोविज्ञानका विविध पक्षको प्रयोग भएको पाइन्छ ।

तसर्थ प्रस्तुत शोधकार्य मल्लका नाटकमा निहित असामान्य मनोविज्ञानको खोजी गर्नुसँग सम्बन्धित रहेको छ ।

## १.२ शोधसमस्या

विजय मल्लका नाटकहरूमा असामान्य मनोविज्ञानका विविध पक्षहरूको अभिव्यक्ति पाइन्छ । असामान्य मनोविज्ञान प्रयोग भएका नाटकहरूमा पात्रहरूको असामान्य व्यवहार, असामान्य व्यवहारका कारक तत्त्वको चित्रण पाइन्छ । असामान्य मनोविज्ञानसँग सम्बन्धित उपर्युक्त सन्दर्भको अभिव्यक्ति मल्लका नाटकमा के कसरी भएको छ भन्ने प्राज्ञिक समस्याको अन्वेषणका लागि प्रस्तुत शोध गर्न लागिएको हो । यस समस्यालाई निम्नलिखित समस्याबाट थप स्पष्ट पारिएको छ ।

क) विजय मल्लका नाटकका पात्रहरूमा देखिने असामान्य व्यवहारका कारक तत्त्वहरू के के हुन् ?

ख) उनका नाटकका पात्रहरूमा असामान्य व्यवहारका लक्षणहरू के के भेटिन्छन् ?

## १.३ शोधको उद्देश्य

विजय मल्लका नाटकमा प्रयुक्त असामान्य मनोविज्ञानका विविध पक्षहरूको व्याख्या विश्लेषण गर्नु नै प्रस्तावित शोध कार्यको मूल उद्देश्य हो । यस उद्देश्यलाई निम्न लिखित बुँदामा बुँदाबद्ध गरिएको छ ।

क) विजय मल्लका नाटकका पात्रहरूमा देखिने असामान्य व्यवहारका कारक तत्त्वहरू पहिल्याउनु ।

ख) उनका नाटकका पात्रहरूमा पाइने असामान्य व्यवहारका लक्षणहरू पहिल्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

विजय मल्लका पूर्णाङ्की र एकाङ्की गरी करिब एक दर्जन जति नाट्यकृतिहरू प्रकाशित छन् । हालसम्म उनका नाट्यकृतिहरूको विषयमा विद्यावारिधि र स्नातकोत्तर तहमा थुप्रै अध्ययन र अनुसन्धान भएको पाइन्छ भने विभिन्न विद्वान्हरूका समालोचनात्मक लेखरचनाहरू पत्र-पत्रिकामा प्रकाशित भएको पाइन्छ । प्रस्तावित शोध कार्य असामान्य मनोविज्ञानसँग सम्बन्धित रहेकोले उनका नाटकका विषयमा हालसम्म भएका सबै अध्ययन अनुसन्धानसम्बन्धी कार्यहरूलाई यस शोध कार्यको पूर्वकार्यको रूपमा लिन सकिन्न । तसर्थ उनका नाटकमा निहित असामान्य मनोविज्ञानसँग मात्र सम्बन्धित रहेका पूर्वाध्ययनलाई यहाँ कालक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

शिवप्रसाद सत्यालको **मधुपर्क** (२०२७) मा प्रकाशित “जिउँदो लासको खोजी” शीर्षकको समीक्षात्मक लेखमा उर्मिला, प्रतिमा, कृष्णमान्, शंकरमान, ललितमान, रत्नदास, सुगतदास र राधाकृष्ण जस्ता पात्रहरू कुन कुन हिसाबले जिउँदो लास रहे भन्ने कुराको व्याख्या गर्ने क्रममा प्रतिमाको अवचेतन स्तरमा ललितमानसँग प्रेम रहेको धारणा व्यक्त गर्दै मनोविज्ञानतर्फ सङ्केत गरेको पाइन्छ ।

गोपीकृष्ण शर्माको **वाङ्मय** (२०३७) मा प्रकाशित "'जिउँदो लास' नाटक : विभिन्न पक्षीय अध्ययन" शीर्षकको समीक्षात्मक लेखमा 'जिउँदो लास' का पात्रहरू सर्सती हेर्दा सामान्य देखिए पनि मानसिक विकृतिले रूग्ण रहेको चर्चा गर्दै उर्मिला र प्रतिमालाई असामान्य पात्रको रूपमा प्रस्तुत गरेका छन् ।

खगेन्द्र भट्टराईले **गोविन्द गोठालेको नाट्यकारिताको विश्लेषण र मूल्याङ्कन** (२०३८) नामक शोध पत्रमा विजय मल्ललाई आधुनिक नेपाली नाट्य परम्पराका नवीनतम धाराका प्रर्वतक मान्दै रिमालका मनोवैज्ञानिक, यथार्थ, समस्यामूलक, विषयवस्तु, प्रतीक योजना आदिलाई मल्लले जटिल मनोविश्लेषणको रूप दिई व्यापक र विस्तृति दिन्छन्  जसको उदाहरण 'जिउँदो लास' हो भनेका छन् । साथै मल्लका नाटकमा फ्रायडियन विकृत मनोविज्ञान र बालमनोविज्ञानको प्रयोग पाइने धारणा पनि व्यक्त गरेका छन् ।

मुरारिप्रसाद रेग्मीको **प्रज्ञा** (२०४१) मा प्रकाशित "स्मृतिको पर्खालभित्र एक मनोविश्लेषण" शीर्षकको समीक्षात्मक लेखमा मल्लका नाट्यशैलीमा मनोवैज्ञानिकता, परम्परागत र आधुनिक मूल्यमा द्वन्द्व, तीव्र अन्तर्दृष्टि र सूक्ष्म निरीक्षणको क्षमता रहेको दृष्टिकोण व्यक्त गरेका छन् ।

घनश्याम उपाध्याय कँडेलले **पाश्चात्य यथार्थवादी नाटक** (२०४६) कृतिमा 'कोही किन बरबाद होस्' र 'जिउँदो लास' नाटकलाई मनोविश्लेषणमा आधारित नाटक रहेको अभिव्यक्ति प्रकट गरेका छन् ।

चैतन्यप्रकाश प्रधानले **एकाङ्कीकार विजय मल्ल** (२०४६) नामक स्नातकोत्तर तहको शोधपत्रमा विजय मल्ललाई नेपाली साहित्यको पहिलो मनोवैज्ञानिक नाटककारका रूपमा प्रस्तुत गर्दै मल्लले मान्छेको असामान्य मनोदशाका विविध पक्षहरूलाई केलाएर समाजमा देखिएका विसङ्गतिहरूको उद्घाटन आफ्ना नाटकमा प्रस्तुत गरेका छन् भन्ने दृष्टिकोण प्रकट गरेका छन् ।

गंगाप्रसाद अधिकारीले **नाटककार मोहनराज शर्माको नाट्यकृतिहरूको विश्लेषण** (२०४६) नामक स्नातकोत्तर तहको शोधपत्रमा गोविन्द बहादुर मल्लपछि नाटकमा असामान्य मनोविश्लेषणात्मक प्रवृत्तिलाई आत्मसात् गर्ने व्यक्ति विजय मल्ल रहेको दृष्टिकोण व्यक्त गरेका छन् ।

पूर्णप्रसाद अधिकारीको **समकालीन साहित्य १८** (२०५२) मा प्रकाशित "विजय मल्लका नाट्यप्रवृत्ति र बहुलाकाजीको सपना" शीर्षकको लेखमा विजय मल्ल समाज मनोविज्ञानमा आधारित समस्यामूलक नाटक लेख्ने नाटककारका रूपमा परिचित छन् । विषयवस्तु अनुरूप जटिलगत मनोग्रन्थिको विश्लेषण गर्नु, मनोवैज्ञानिक समस्यालाई विश्लेषण गर्ने युगीन चेतना र उच्च बौद्धिकतालाई प्राथमिकता दिने विशिष्ट नाट्य शिल्प भएका व्यक्ति हुन् । उनको नाट्यकारिताको मुख्य मान्यता भन्नु नै असाधारण परिस्थिति र असामान्य मनस्थितिको कलात्मक सन्तुलन हो भन्ने अभिव्यक्ति प्रकट गरेका छन् ।

नागेश्वर साहले **'जिउँदो लास' नाटकको कृतिपरक विवेचना** (२०५४) शीर्षकको स्नातकोत्तर तहको शोध पत्रमा 'जिउँदो लास' नाटकलाई मनोवैज्ञानिक चरित्र प्रधान नाटकको रूपमा प्रस्तुत गर्दै यसका पात्रहरू मानसिक विकृतिले रूग्ण छन् भन्ने दृष्टिकोण व्यक्त गरेका छन् ।

केशवप्रसाद उपाध्यायले **नाटकको अध्ययन** (२०५६) नामक कृतिमा विजय मल्लमा आम्रभदेखि नै असामान्य मनोविज्ञानप्रति गहिरो रुचि रहेको कुरा व्यक्त गर्दै उनका नाट्य पात्रहरू सामान्य र असामान्य दुवै थरी रहेको कुरा उल्लेख गरेका छन् ।

ईश्वरकुमार श्रेष्ठले **समकालीन साहित्य ४३** (२०५८) मा "नेपाली नाटकको आधुनिक काल : प्रमुख धारा र प्रवृत्तिहरू" नामक समीक्षात्मक लेखमा आधुनिक नेपाली नाट्य धारामा फ्रायड मनोविश्लेषणवादी प्रवृत्तिलाई भित्र्याउने व्यक्ति गोविन्द बहादुर मल्ल र विजय मल्ल रहेको कुरा उल्लेख गरेका छन् ।

नन्दमाया नकर्मीले **नेपाली नारी समस्यामूलक नाटक** (२०५८) शीर्षकको विद्यावारिधि शोध ग्रन्थमा विजय मल्लले नाटकमा असामान्य मनोविश्लेषणात्मकता, प्रतीकात्मकता, प्रयोगशीलता र आधुनिकताको माध्यामद्वारा नयाँ आयम थपेका छन् भन्दै उनका नाटकमा विकृतिमूलक जटिल यौन मनोविश्लेषणका साथै परम्परागत सामाजिक मान्यता र संस्कारले जन्माएका विभिन्न मनोजगत्का समस्याहरूको चित्रण तथा विश्लेषण विशद रूपमा रहेको चर्चा गरेका छन् ।

चैतन्य प्रधानको **समकालिन साहित्य ४९** (२०६०) मा प्रकाशित "एकाङ्कीकार विजय मल्ल" शीर्षकको समीक्षात्मक लेखमा विजय मल्लको साहित्य लेखनको मुख्य पहिचान मनोविश्लेषणात्मक रहेको उल्लेख गर्दै विशेष गरी मल्लको नाट्य विषय बालमनोविश्लेषण, स्वप्नमनोविश्लेषण, नारीमनोविश्लेषण, यौनमनोविश्लेषण हुँदै परामनोविज्ञानसम्मको यात्रा परिलक्षित भएको छ भन्ने दृष्टिकोण व्यक्त गरेका छन् ।

चैतन्य प्रधानको **विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग** (२०६२) शीर्षकको पुस्तकमा मल्लका नाटकमा प्रयोग भएका भूतप्रेतको परिचर्चा गर्ने क्रममा 'जिउँदो लास' नाटकलाई असामान्य मनोविज्ञानमा आधारित नाटक भनिएको छ भने उक्त कृतिमा नारी मनः स्थितिको विश्लेषण दमित कामेच्छा र स्वप्न प्रतीकबाट भएको उल्लेख गरिएको छ । यसका अतिरिक्त यस लेखमा 'कोही किन बरबाद होस्' नाटकलाई असामान्य वातावरण र असामान्य मनोविकृतिको प्रयोग भएको बालमनोविज्ञानसँग सम्बन्धित नाटकको रूपमा प्रस्तुत गरिएको छ ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०६४) नामक कृतिमा विजय मल्लका नाटक मनोविश्लेषणात्मक र प्रतीकात्मक रहेको उल्लेख गर्दै 'कोही किन बरबाद होस्' बाल मनोविज्ञानमा आधारित उपदेशात्मक नाटक हो भने 'जिउँदो लास' फ्रायड विकृत मनोविज्ञानका कतिपय सिद्धान्तलाई रूपायित गर्न खोज्ने कृति हो भनेका छन् ।

मोहनराज शर्माको **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना** (२०६६) पुस्तकमा सङ्ग्रहित "अभिघात अध्ययन : 'कोही किन बरबाद होस्'" शीर्षकको समीक्षात्मक लेखमा उनले 'कोही किन बरबाद होस्' नाटकलाई बालमनोविश्लेषणमा आधारित लघु नाटक हो भनेको छन् साथै प्रस्तुत लेखमा शर्माले ध्रुव, जीवनाथ र कमलादेवीसँग सम्बन्धित अभिघातको अध्ययन गर्ने क्रममा ती पात्रहरूको असामान्य अवस्थाको पनि अध्ययन गरेका छन् ।

कुमारप्रसाद कोइरालाले **केही आधुनिक नाटक र नाटककार** (२०६६) शीर्षकको समालोचनात्मक पुस्तकमा विजय मल्लका नाटकमा कुनै न कुनै पात्र असामान्य प्रकृतिको हुन्छ, यो उनको मौलिक नाट्य प्रयोग हो भनी असामान्य मनोविज्ञानतर्फ सङ्केत गरेका छन् ।

दुर्गाबहादुर घर्तीको **विजय मल्ल स्मृतिग्रन्थ** (२०६६) पुस्तकमा सङ्ग्रहित "'जिउँदो लास' नाटकमा जीवनदर्शन" शीर्षकको समीक्षात्मक लेखमा प्रतिमा, उर्मिला, कृष्णमान, ललितमान, रत्नदास, सुगतदास आदि पात्रहरूको जीवनदर्शनका बारेमा चर्चा गरेका छन् । यसै क्रममा समीक्षक घर्तीले यस नाटकका पात्रहरू कुनै न कुनै रूपमा मानसिक समस्याले ग्रसित छन् भन्ने अभिव्यक्ति प्रकट गरेका छन् ।

चैतन्य प्रधानको **विजय मल्ल स्मारिका** (२०६६) मा प्रकाशित "'जिउँदो लास'को अध्ययन"शीर्षकको समीक्षात्मक लेखमा विजय मल्लले जिउँदो लासमा मुलतः नारी समस्यालाई प्रस्तुत गरेका भए तापनि यसमा एकातिर यौन सन्दर्भलाई असामान्य मनोविज्ञानको पृष्ठभूमिमा दर्शाइएको छ भने सँगसँगै समाजको सामान्य मनोविज्ञानको अभिव्यञ्जना छ भनी चर्चा गरेका छन् ।

केशवप्रसाद उपाध्यायले **नेपाली नाटक र नाटककार** (२०६७) कृतिमा वि.सं. २००४ मा 'बहुला काजीको सपना'लाई मञ्चित गराएर मनोवैज्ञानिक धाराका पूणाङ्गी नाटककारका रूपमा आफ्नो उपस्थिति दर्ता गराएका मल्लका 'कोही किन बरबाद होस्' र 'जिउँदो लास' नाटकमा असामान्य मनस्थितिका पात्रहरू बढी प्रयोग भएको उल्लेख गरेका छन् ।

कृष्णहरि बरालको **तन्नेरी** (२०६८) मा प्रकाशित "'कोही किन बरबाद होस्' : समस्याको समाधान" शीर्षकको समीक्षात्मक लेखमा 'कोही किन बरबाद होस्' नाटकमा असामान्य मनोविज्ञान तथा समाज मनोविज्ञानको प्रयोग गरिएको छ भन्दै उक्त नाटक सिग्मण्ड फ्रायडको मनोलैङ्गिक सिद्धान्तमा आधारित रहेको सङ्केत गरेका छन् ।

उपर्युक्त अध्ययनहरू विजय मल्लका नाटकमा निहित असामान्य मनोविज्ञानसँग प्रत्यक्ष रूपमा सम्बन्धित रही गरिएका अध्ययन होइनन् । ती टिप्पणीहरू नेपाली नाटक र विजय मल्लका नाट्य कृतिहरूका विविध विषयको विश्लेषण गर्ने क्रममा सान्दर्भिक रूपमा व्यक्त भएका टिप्पणीहरू हुन् । यसले विजय मल्लका नाटकमा असामान्य मनोविज्ञानको प्रयोग भएको सङ्केत भने अवश्य दिएको छ । तसर्थ मल्लका नाटकमा निहित असामान्य मनोविज्ञानको वैज्ञानिक ढङ्गबाट अध्ययन विश्लेषण गर्ने कार्य प्रस्तावित शोध कार्यमा गरिएको छ ।

## १.५ शोधविधि

### १.५.१ सामग्री सङ्कलन विधि

प्रस्तावित शोध कार्य साहित्यिक भएको हुँदा यसका निमित्त सामग्री संङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ । ती सामग्रीका स्रोतहरू त्रि.वि. केन्द्रीय पुस्तकालय, निजी पुस्तकालय र सार्वजनिक पुस्तकालय रहेका छन् ।

### १.५.२ विश्लेषणको ढाँचा

असामान्य मनोविज्ञान असामान्य व्यवहारको अध्ययन गर्ने मनोविज्ञानको एउटा शाखा हो । आधुनिक समयमा मनोवैज्ञानिक र मनोचिकित्सकहरूले असामान्य व्यवहार छुट्याउन वर्णनात्मक र व्याख्यात्मक गरी दुई वटा नमुना निर्माण गरेका छन् । वर्णनात्मक नमुना अन्तर्गत नैतिक त्रुटिका रूपमा असामान्यता, अपूर्णताका रूपमा असामान्यता, सामाजिक विभेदका रूपमा असामान्यता, तथ्याङ्कशास्त्रीय विचलनका रूपमा असामान्यता आदि पर्दछन् । यसै गरी व्याख्यात्मक नमुना अन्तर्गत जैविक प्रक्रिया, मनोवैज्ञानिक समस्या र सामाजिक-सांस्कृतिक समस्या आदि पर्दछन् । यिनै आधारलाई आत्मसात् गरी प्रस्तुत शोध समस्या समाधानका निमित्त छुट्टा छुट्टै विश्लेषणका आधार तयार पारिएको छ । जसलाई बुँदाबद्ध रूपमा तल प्रस्तुत गरिएको छ ।

समस्या नं (क) को प्राज्ञिक र प्रामाणिक समाधानका लागि सङ्कलित सामग्रीको विश्लेषण निम्नलिखित आधारहरूमा गरिएका छन्–

अ) मनोवैज्ञानिक आधार

आ) सामाजिक-सांस्कृतिक आधार

समस्या नं (ख) को प्राज्ञिक र प्रामाणिक समाधानका लागि सङ्कलित सामग्रीको विश्लेषण निम्नलिखित आधारहरूमा गरिएका छन् –

अ) कुण्ठा र द्वन्द्वका आधार

आ) प्रतिक्रिया निर्माणका आधार

इ) मनोलैङ्गिक विकासका आधार

ई) उदण्ड व्यवहारका आधार

उ) परपीडक स्वभावका आधार

ऊ) घटना नियन्त्रणमा विश्वास नहुनुको आधार

ए) स्वप्न सिद्धान्तका आधार

ऐ) विभ्रम र स्मृति लोपका आधार

ओ) मनोशारीरिक सिद्धान्तका आधार

औं) अस्वास्तविक व्यवहारका प्रतिरूपका आधार

अं) असमायोजनीय व्यवहारका आधार

अ:) हीनत्वभावका आधार

मनोवैज्ञानिक आधारमा पारिवारिक विघटन र दोषपूर्ण पैतृक प्रतिरूपलाई मुख्य रूपमा विश्लेषणको आधार बनाइएको छ भने सामाजिक-सांस्कृतिक कारण अन्तर्गत आर्थिक एवम्‌ व्यावसायिक समस्या, सामाजिक कुरीति कुपरम्परा, हैकमवादी सोचाइ र वर्गीय विभेदलाई विश्लेषणका मुख्य आधार बनाइएको छ । यी आधारहरूको उपयोग गरी प्रस्तावित शोध समस्याको समाधान गर्दा व्याख्यात्मक, विश्लेषणात्मक विधिका साथै आवश्यकता अनुसार निर्णयात्मक विधिको पनि उपयोग गरिएको छ ।

## १.६ शोधको औचित्य

विजय मल्लका नाटकमा निहित असामान्य मनोविज्ञान पनि प्राज्ञिक ज्ञानको विषय हो । माथि उल्लिखित पूर्वाध्ययनहरूबाट असामान्य मनोविज्ञानमा आधारित रही विजय मल्लको नाटकको अध्ययन भएको पाइँदैन । तसर्थ नयाँ ज्ञानको स्थापना प्रस्तावित शोधबाट हुने हुँदा प्रस्तुत शोध उचित देखिन्छ । यसका अतिरिक्त सम्बेद्य अनुसन्धानबाट जिज्ञासु पाठक, अध्येता, अनुसन्धान कर्ताहरू पनि लाभान्वित हुने हुदाँ प्रस्तुत शोध औचित्यपूर्ण  देखिन्छ ।

## १.७ सीमाङ्कन

विजय मल्लका पूर्वार्द्ध चरणका नाटकमा ‘कोही किन बरबाद होस्’, ‘जिउँदो लास’ र ‘बहुला काजीको सपना र सात एकाङ्की’, ‘भोलि के हुन्छ, पत्थरको कथा’ (एकाङ्की सङ्ग्रह), ‘दोभान’ (लघु नाटक सङ्ग्रह) गरी तीन पूर्णाङ्की र तीन एकाङ्की सङ्ग्रह प्रकाशित भएको पाइन्छ । प्रस्तुत शोधमा ती तीन एकाङ्की सङ्ग्रह, ‘दोभान’ (लघु नाटक) र ‘भोलि के हुन्छ’ पूर्णाङ्कीलाई छाडी ‘कोही किन बरबाद होस्’, ‘जिउँदो लास’ र ‘बहुला काजीको सपना नाटक’ मा निहित असामान्य मनोविज्ञानको अध्ययन मनोगतिक सिद्धान्त, संज्ञानात्मक सिद्धान्त र मनोशारीरिक सिद्धान्तमा मात्र आधारित रही अध्ययन विश्लेषण गर्नु प्रस्तुत शोधको सीमा हो ।

## १.८ शोधपत्रको रूपरेखा

विजय मल्लको नाटकमा असामान्य मनोविज्ञान शीर्षकको शोध कार्यका निम्ति शोत्र प्रबन्धको सम्भावित रूपरेखा यस प्रकारको रहेको छ ।

**परिच्छेद १: शोध परिचय**

(यस परिच्छेद अन्तर्गत शोध प्रस्तावको परिमार्जित रूप रहेको छ : )

**परिच्छेद २: असामान्य मनोविज्ञानसँग सम्बन्धित सैद्धान्तिक ढाँचाको प्रारूप**

(यस परिच्छेदअन्तर्गत असामान्य शब्दको अर्थ र स्वरूप, असामान्य मनोविज्ञानको परिभाषा, असामान्य व्यवहारको विशेषता, सामान्य र असामान्यता छुट्याउने आधार, असामान्यताका प्रकार, असामान्य मनोविज्ञानको विकासक्रम, असामान्य मनोविज्ञानको सैद्धान्तिक आधार र असामान्य व्यवहारका कारक तत्त्वहरू रहेका छन् ।)

**परिच्छेद ३: विजय मल्लका नाटकका पात्रहरूमा असामान्य व्यवहारका कारक तत्त्वहरू**

(यस परिच्छेदमा मनोवैज्ञानिक र सामाजिक-सांस्कृतिक प्रभावका आधारमा विजय मल्लका नाटकका पात्रहरूमा देखिएका असामान्य व्यवहारका कारक तत्त्वहरूको विश्लेषण गरिएको छ ।)

**परिच्छेद ४: विजय मल्लका नाटकका पात्रहरूमा असामान्य व्यवहार**

(यस परिच्छेदमा कुण्ठा तथा द्वन्द्वका आधार, उदण्ड व्यवहारका आधार, परपीडक स्वभावका आधार, मनोलैङ्गिक विकासका आधार, घटना नियन्त्रणमा विश्वास नहुनुका आधार, विभ्रम र स्मृतिलोपका आधार, स्वप्नका आधार, प्रतिक्रिया निर्माणका आधार, मनोशारीरिक सिद्धान्तका आधार, असमायोजनीय व्यवहारका आधार, अवास्तविक व्यवहारका प्रतिरूपका आधार, हीनत्वभावका आधारमा विजय मल्लका नाटकका पात्रहरूमा देखिएका असामान्य व्यवहारको विश्लेषण गरिएको छ ।)

**परिच्छेद ५: निष्कर्ष**

(यस परिच्छेदमा शोधको निष्कर्ष प्रस्तुत गरिएको छ । )

## परिच्छेद दुई

# असामान्य मनोविज्ञानको सैद्धान्तिक आधार

## २.१ असामान्य शब्दको स्वरूप र अर्थ

असामान्य शब्द अङ्ग्रेजी भाषाको 'एब नर्मल' शब्दको पर्यायवाची रूपमा प्रयोग गरिएको पारिभाषिक शब्द हो । 'एब नर्मल' शब्द 'एब' र 'नर्मल' दुई पद मिलेर बन्दछ । नर्मल शब्द ल्याटिनको नर्मा बाट आएको हो । यसको अर्थ व्यवहारको प्रतिरूप हुन्छ (सुलेमान र तौवाब, २००४ : १४) । नेपालीमा नर्मल शब्दको रूपान्तरण सामान्य हुन्छ । जसका आधारमा 'एब नर्मल'को अर्थ सामान्य भन्दा भिन्न वा फरक हुन्छ । **प्रयोगात्मक नेपाली शब्दकोश**मा असामान्यको अर्थ सामान्य नभएको, सामान्यभन्दा भिन्न स्थितिको, असाधारण, अनौठो, विचित्रको, विलक्षण रहेको पाइन्छ (अधिकारी, २०६१: ६४) । मनोविद् किस्कर (१९८५) ले मानवको अनौठो, असाधारण वा सामान्य मानिसले गर्ने भन्दा भिन्न व्यवहार असामान्य व्यवहार हो भनेका छन् । यसै गरी अर्का विद्वान् मंगल (१९९३) ले सामान्य शब्दको अर्थ निर्धारित नियम, प्रतिरूप वा मानकलाई मानेका छन् भने असामान्य शब्दको अर्थ सामान्यसँग विचलित वा भिन्नलाई मानेका छन् (सुलेमान र तौवाब, २००४ : १४) ।

यी परिभाषाहरूबाट जुन व्यवहारलाई समाज, संस्कृति वा राष्ट्रले प्रतिकूल व्यवहारको रूपमा हेर्दछ त्यसलाई असामान्य मानिन्छ भन्ने निष्कर्ष निक्लन्छ ।

## २.२ असामान्य मनोविज्ञानको परिभाषा

असामान्य मनोविज्ञान मनोविज्ञानको एउटा शाखा रहेकोले सर्वप्रथम मनोविज्ञानको बारेमा ज्ञान हुन आवश्यक देखिन्छ । सामान्य शब्दमा मनोविज्ञानले व्यक्तिले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अभिव्यक्त गर्ने व्यवहारको अध्ययन गर्ने विज्ञानलाई बुझाउँदछ । सर्वप्रथम मानव व्यवहारको वैज्ञानिक र तथ्यपूर्ण ढङ्गबाटे अध्ययन गर्ने कार्य जे. वि. वाट्सनले गरेका हुन् (पाठक, २०५९ : ७) । मनोविज्ञानले मानवको प्रत्येक व्यवहारको पछाडि कुनै न कुनै कारण हुन्छ भन्दछ र वैज्ञानिक र तथ्यपूर्ण तरिकाबाट कारणको खोजी गर्दछ । यसले सामान्य र असामान्य दुवै व्यवहारको अध्ययन गर्दछ । यसका अतिरिक्त असामान्य मनोविज्ञानले असामान्य व्यवहारको मात्र अध्ययन गर्दछ । प्रस्तुत शोधको शीर्षक असामान्य मनोविज्ञानसँग सम्बन्धित रहेकोले असामान्य मनोविज्ञानको विस्तृत परिचय दिनु आवश्यक देखिन्छ ।

असामान्य मनोविज्ञान **असामान्य** र **मनोविज्ञान** दुई वटा शब्दको संयोजनबाट निर्मित पदावली हो । असामान्यको शाब्दिक अर्थ सामान्य भन्दा भिन्न वा विपरीत भन्ने हुन्छ भने मनोविज्ञानको अर्थ व्यवहारको विज्ञान भन्ने हुन्छ । यस अर्थमा असामान्य मनोविज्ञानले मानवको असामान्य व्यवहारको अध्ययन गर्ने विज्ञानलाई बुझाउँदछ (श्रीवास्तव र अन्य, १९९६ : ९) ।

असामान्य मनोविज्ञानका सम्बन्धमा विभिन्न विद्वान्‌हरूले विभिन्न दृष्टिकोण व्यक्त गरेका छन् । ती मध्ये केही विद्वान्‌का परिभाषा तल प्रस्तुत गरिएको छ ।

**अक्सफोर्ड डिक्सनरी अफ साइकोलोजी** (२००१) मा एन्ड्र् एम. कोलम्यानले असामान्य मनोविज्ञानको परिभाषा यसरी गरेका छन्- मानसिक विकृति एवम् अपाङ्गताको वर्गीकरण, पहिचान, उपचार र रोकथामको अध्ययन गर्ने मनोविज्ञानको एउटा शाखालाई असामान्य मनोविज्ञान भनिन्छ ( कोलम्यान, १९७६) ।

**इन्साइकोपिडिया अफ साइकोलोजी भोलुम १ (ए टु एफ) (१९७२)** मा असामान्य मनोविज्ञान सम्बन्धी परिभाषा यस्तो रहेको छ- असामान्य मनोविज्ञान असामान्य व्यवहार एवम्म् व्यक्तित्वको अध्ययन गर्ने विज्ञान हो । यसमा असामान्य व्यवहार अन्तर्गत संज्ञानात्मक, उत्प्रेरणात्मक आदि व्यवहारको अध्ययन गरिन्छ भने व्यक्तित्व अन्तर्गत स्नायु विकृति, मनोविकृति, मनोदैहिक विकृति, मानसिक विकृति आदिको अध्ययन गरिन्छ (करसिनि, १९८४ : १५-१६) ।

**एब नर्मल साइकोलोजी (१९५९)** मा सुसन नेलेन-ह्वेक्सेमाका अनुसार मनोवैज्ञानिक विकृतिका कारणबाट उत्पन्न मानसिक, संवेगात्मक एवम् शारीरिक पीडाको अध्ययन गर्ने शास्त्रलाई असामान्य मनोविज्ञान भनिन्छ (नेलेन-ह्वेक्सेमा, १९५९ : ५) ।

**एब नर्मल साइकोलोजी एण्ड मोडर्न लाइफ (१९८८)** मा कोलम्यानले असामान्य मनोविज्ञान मनोविज्ञानको एउटा त्यस्तो क्षेत्र हो जसबाट असामान्य व्यवहारलाई बुझ्नको लागि मनोवैज्ञानिक सिद्धान्तको विकास एवम् समाकलनको प्रयास गर्दछ (कोलम्यान, १९८८ : १२) ।

**असामान्य मनोविज्ञान विषय और व्याख्या** (२००४) मा डा. मुहम्मद सुलेमान र डा. मुहम्मद तौवाबले असामान्य मनोविज्ञानको परिभाषा यसरी गरेका छन्: असामान्य मनोविज्ञान मनोविज्ञानको यस्तो एउटा शाखा हो जसमा जैविक, मनोवैज्ञानिक तथा सामाजिक-सांस्कृतिक कारणबाट उत्पन्न असामान्य व्यवहार र उपचार पद्धतिको अध्ययन गरिन्छ (सुलेमान र तौवाब, २००४ : १३) ।

माथिका परिभाषाबाट के स्पष्ट हुन्छ भने असामान्य मनोविज्ञान असामान्य व्यवहारको अध्ययन गर्ने मनोविज्ञानको एउटा शाखा हो । यसमा मनोदैहिक विकृति, चारित्रिक विकार, सामाजिक विकृति, मनोस्नायु विकृति, मानसिक विकृति आदि जस्ता असामान्य मनोविज्ञानका विविध पक्षको अध्ययन गर्ने कार्य गरिन्छ । यसको सम्बन्ध असमायोजित व्यवहार, कारक तत्त्व र उपचार पद्धतिसँग रहेको हुन्छ ।

## २.३ असामान्य व्यवहारका विशेषता

सामान्य व्यवहार भन्दा भिन्न व्यवहारलाई असामान्य व्यवहार भनिन्छ भने असामान्य व्यवहार गर्ने व्यक्तिलाई असामान्य व्यक्ति भनिन्छ । व्यक्तिमा निम्नलिखित विशेषता देखा परेको खण्डमा असामान्य मान्नुपर्ने भनाइ विद्वान्‌हरूको रहेको पाइन्छ :

(अ) **परिस्थिति अनुकूल नहुनु**

सामान्य व्यवहार परिस्थिति अनुकूल हुन्छ भने असामान्य व्यवहार परिस्थितिको प्रतिकूल हुन्छ ( सुलेमान र तौवाब, २००४ : १५) । जस्तैः सामान्य व्यक्तिले शव यात्रा देख्दा खिन्न भाव प्रकट गर्दछ त्यसका विपरीत असामान्य व्यक्तिले खुसी प्रकट गर्न सक्छ अर्थात् सामान्य व्यक्तिलाई कुन परिस्थितिमा कस्तो व्यवहार प्रकट गर्नु पर्ने हो त्यसको ज्ञान रहन्छ भने असामान्य व्यक्तिलाई त्यसको ज्ञान रहँदैन । असामान्य व्यक्तिहरू खुसीको समयमा रोइरहेका हुन्छन् भने दुःखको समयमा हाँसी रहेका हुन्छन् । उनीहरूलाई समाजको वास्तविकतासँग केही सरोकार हुँदैन । आफ्नै संसारमा मस्त रहने स्वभाव असामान्य व्यक्तिमा रहन्छ ।

(आ) **निर्धारित नियमसँग प्रतिकूल रहनु**

सामान्य व्यक्तिहरू निर्धारित नियमसँग परिचित रहन्छन् । निर्धारित नियमानुसार नै व्यवहार गर्दछन् । तर असामान्य व्यक्तिहरू त्यसका विपरीत हुन्छन् । समाजको नियम कानुनको ज्ञान तिनीहरूमा हुँदैन । फलस्वरूप समाजको निर्धारित नियम प्रतिकूल व्यवहार गर्दछन् (श्रीवास्तव र अन्य, १९९६ : ११) । जस्तै : कुनै हिन्दू धर्मावलम्बीले गाईको हत्या गर्दछ, दाजुभाइको छोराछोरी बीच वैवाहिक सम्बन्ध गाँस्दछन् भने त्यस्तो व्यवहारलाई असामान्य व्यवहार र त्यस्तो व्यवहार गर्ने व्यक्तिलाई असामान्य व्यक्ति मानिन्छ ।

(इ) **औसत व्यक्तिभन्दा फरक रहनु**

असामान्य व्यवहारको एउटा विशेषता औसत व्यक्ति भन्दा फरक रहनु पनि हो (सुलेमान र तौवाब, २००४ : १५) । सामान्य व्यवहार कुनै राष्ट्रमा बस्ने कुनै जाति वा धर्म मान्ने अधिकांश मानिसको व्यवहारसँग मिल्दो जुल्दो हुन्छ भने त्यसको अलावा असामान्य व्यवहार औसत व्यक्तिको व्यवहार भन्दा फरक हुन्छ । जस्तैः कुनै व्यक्ति सुत्नु अगाडि धेरै पटक ढोका खुल्ला छ छैन भनी जाँच गर्दछ भने त्यस्तो व्यक्तिलाई असामान्य मानिन्छ ।

(ई) **संवेगात्मक रूपमा अपरिपक्क रहनु**

सामान्य व्यक्तिमा भय, क्रोध, ईर्ष्या जस्ता संवेगहरूलाई नियन्त्रण गर्न सक्ने क्षमता हुन्छ अर्थात् संवेगात्मक परिपक्कता हुन्छ । यसका अतिरिक्त असामान्य व्यक्तिमा संवेगलाई नियन्त्रण गने शक्ति ह्रास भएको हुन्छ (ज्ञवाली, २०६३ : ४) । असामान्य व्यक्तिहरू बिना कारण हाँस्ने र बिना कारण रुने गर्दछन् । यस्तो स्थितिलाई संवेगात्मक रूपमा अपरिपक्क मानिन्छ भने संवेगात्मक रूपमा अपरिपक्क रहने व्यक्तिलाई असामान्य व्यक्ति मानिन्छ ।

**(उ) अवास्तविक व्यवहारको प्रतिरूप**

असामान्य व्यवहार वास्तविक नियमको अनुकूल हुँदैन, यो नैतिक नियमको अनुकूल हुन्छ र सुखको नियमको अनुकूल हुन्छ । अर्थात् अत्याधिक सत्यवादी वा नैतिकवादी बनेर दुःख उठाई सुख अनुभूति गर्नु यस अर्थमा असामान्यता हो (सुलेमान र तौवाब, २००४ : १५) । यदि कसैले भौतिक सुखलाई नकारी, आफूद्वारा गरिएको कार्यको परिणामको वास्ता गर्दैन र केवल आत्मा सन्तुष्टिको निम्ति मात्र कार्य गर्दछ भने त्यसलाई असामान्य मानिन्छ । यस अर्थमा राजा हरिश्चन्द्र र महात्मा गान्धी असामान्य व्यक्ति हुन् ।

**(ऊ) सामाजिक रूपबाट अनुपयुक्त**

सामान्य व्यक्तिको व्यवहार सामाजिक मानमर्यादा अनुकूल हुने हुँदा समाजको उन्नति, प्रगति र प्रतिष्ठा वृद्धि हुने खालको हुन्छ । यसका अतिरिक्त असामान्य व्यवहार सामाजिक मूल्य मान्यता विपरीत हुने हुँदा उन्नति र प्रतिष्ठामा आँच पुऱ्याएँने खालको हुन्छ (सुलेमान र तौवाब, २००४ : १५) । यसले गर्दा समाजमा अशान्ति र अव्यवस्था फैली समाज विघटित हुन सक्छ भने समाजको प्रगतिमा अवरोध सिर्जना हुन सक्छ । अतः असामान्य व्यवहार समाज कल्याणको दृष्टिले अनुपयुक्त हुन सक्छ । उदाहरणको लागि हिन्दू धर्ममा दाजुभाइको छोराछोरी बिचको वैवाहिक सम्बन्धलाई अपवित्र मानिन्छ । यस्तो सम्बन्धलाई सामाजिक रूपबाट अनुपयुक्त ठानिन्छ र यस्तो कार्य गर्ने व्यक्तिलाई असामान्य मानिन्छ ।

**(ए) अन्तर्दृष्टिको कमी**

असामान्य व्यक्तिमा अन्तर्दृष्टिको अभाव रहन्छ । उनीहरूमा कोसँग कस्तो व्यवहार गर्ने ज्ञान रहँदैन, सही-गलत, नैतिक-अनैतिक, सामाजिक-असामाजिक, न्याय-अन्यायको ज्ञान हुँदैन (ज्ञवाली, २०६३ : ४) । त्यसैले सही र गलत छुट्याउन सक्दैनन् । अतः आफ्नो दायित्व, सम्पत्ति, योग्यता जस्ता कुराको उचित मूल्याङ्कन गर्न सक्दैनन् । यसर्थ अन्तर्दृष्टिको कमी रहेको व्यक्ति असामान्य कहलाउँछ ।

**(ऐ) उद्दण्ड व्यवहार**

असामान्य व्यक्तिमा अरूसँग गर्ने व्यवहारमा एकरूपता, स्थायित्व र समन्वय आदि विशेषताको ह्रास हुन्छ (ज्ञवाली, २०६३ : ४) । उनीहरूको व्यवहारमा उदण्डता पाइन्छ । उनीहरूको व्यवहारमा संगति र स्थायित्वको अभाव हुन्छ भने सामाजिक मान्यता र मर्यादा विपरीत असन्तुलित व्यवहार गर्दछ ।

**(ओ) पश्चात्तापको अभाव**

असामान्य व्यक्तिहरूमा आफूले गर्ने कार्यको मूल्याङ्कन गर्ने क्षमता ह्रास हुन्छ । फलस्वरूप के सही के गलत छुट्याउन सक्दैनन् । यस कारण उनीहरू त्रुटिपूर्ण कार्य अर्थात् गलत कार्यका लागि पछुतो जनाउँदैनन् (ज्ञवाली, २०६३:४) ।

**(औ) आफ्नै लागि हानिकारक**

असामान्य व्यक्तिले आत्मनिर्भरता, आत्मविश्वास, तथा वास्तविकता बोध गर्ने क्षमता गुमाएको हुन्छ । यस्ता व्यक्तिहरू आफ्नो काम आफै गर्न असक्षम रहन्छन् (सुलेमान र तौवाब, २००४ : १५) । यसर्थ नुहाउने, लुगाधुने, खाने पिउने, दिशापिसाब गर्ने जस्ता साधरण कार्यका लागि पनि अरूमा भर पर्नुपर्ने हुन्छ । जसका कारण उनीहरूको जीवन कष्टकर बन्दछ ।

**(अं) दोस्रो व्यक्तिका लागि अहितकर**

असामान्य व्यक्तिहरू समाजमा प्रतिकूल व्यवहार गर्दछन् । उनीहरूमा आफूले गरेको व्यवहारबाट दोस्रो व्यक्तिलाई कष्ट भइरहेको छ भन्ने कुराको ज्ञान हुँदैन । असामान्यता बढ्दै जाँदा व्यक्ति आक्रामक बन्ने हुँदा कहिलेकाँही दोस्रो व्यक्तिको ज्यानसमेत जान सक्छ (सुलेमान र तौवाब, २००४ : १५) । यसर्थ असामान्य व्यवहार दोस्रो व्यक्तिका लागि अहितकर साबित हुन्छ ।

उपर्युक्त व्यवहार वा लक्षणबाट व्यावहारिक रूपमा असामान्य व्यक्तिको पहिचान गर्न सजिलो भए पनि कहिलेकाहीँ सामान्य व्यक्तिहरूमा पनि ती लक्षणहरू देखा पर्न सक्ने हुँदा असामान्यता पहिचान गर्नुपूर्व केही कुरामा ध्यान दिन जरुरी हुन्छ । यसको मुख्य कारण सामान्य र असामान्य बीच गुणात्मक नभई मात्रात्मक भिन्नता रहेकोले हो । सामान्य व्यक्तिहरूमा यस्ता गुणहरू तीब्र र तात्कालिक, परिस्थितिजन्य हुन्छ भने असामान्य व्यक्तिहरूमा बढी स्थायी र अपारिस्थितिक हुन्छ । तसर्थ असामान्यताको पहिचान गर्नुपूर्व अध्ययनकर्ताले यी कुराहरूमा ध्यान दिनु आवश्यक देखिन्छ ।

## २.४ सामान्य र असामान्यता छुट्याउने आधारहरू

असामान्य शब्दको शाब्दिक अर्थ समान्य भन्दा फरक वा भिन्न भन्ने हुन्छ (कोलम्यान, १९७६ : १३) । मनोविज्ञानसँग जोडेर हेर्दा यसको सम्बन्ध मानवीय व्यवहारसँग सम्बन्धित हुन्छ । शाब्दिक अर्थबाट मात्र असामान्यको पहिचान गर्न कठिन हुने हुँदा असामान्यतालाई विभिन्न मापदण्डका आधारमा बुझ्ने प्रयास गर्नु उचित देखिन्छ । असामान्यताको पहिचानका निमित्त विभिन्न विद्वान्हरूले आ-आफ्ना दृष्टिकोण अभिव्यक्त गरेको पाइन्छ । ती मध्ये किस्करको दृष्टिकोणले प्रायः जसो विद्वान्हरूको दृष्टिकोणलाई समेटेको हुँदा उनको दृष्टिकोण उपर्युक्त ठानी यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ ।

किस्करले सामान्य र असामान्यताको पहिचानका लागि वर्णनात्मक र व्याख्यात्मक गरी दुई प्रकारको मापदण्ड प्रस्तुत गरेका छन् (सुलेमान र तौवाब, २००४ : १७) ।

### २.४.१ वर्णनात्मक मापदण्ड

विद्वान् किस्करले सामान्य र असामान्यताको पहिचानका लागि निम्नलिखित ५ प्रकारको वर्णनात्मक मापदण्ड प्रस्तुत गरेको पाइन्छ ।

- नैतिक मापदण्ड
- सामाजिक मापदण्ड
- सम्पादन मापदण्ड
- आदर्शी मापदण्ड
-तथ्याङ्कीय मापदण्ड

(अ) **नैतिक मापदण्ड**

यस मापदण्ड अनुसार समाज र संस्कृतिका नियम, आदर्श अनुकूलको व्यवहार सामान्य व्यवहार हुन् भने यसका विपरीत समाज र संस्कृतिका नियम प्रतिकूल व्यवहार असामान्य व्यवहार हुन् ( कोलम्यान, १९७६ : १५) । उदाहरणका लागिः चोरी गर्नु, हिंसक बन्नु समाजका नैतिक नियम विपरीतका काम हुन् भने दीन दुःखीको सेवा गर्नु नैतिक नियम अनुकूलको व्यवहार हुन् । समाजका नैतिक मूल्य मान्यताहरू स्थान र समय अनुसार फरक फरक हुन सक्ने हुँदा यस मापदण्डलाई पूर्ण मान्न सकिन्न । हामीले अनैतिक ठानेको कुरा कुनै एक समुदायका मानिसले नैतिक ठानिरहेको हुन सक्छ । जस्तैः हिन्दू धर्मावलम्बीहरूले दाजुभाइका सन्तान बीचको वैवाहिक सम्बन्धलाई अनैतिक ठान्दछन् भने मुस्लिम समुदायमा नैतिक ठानिन्छ । यसर्थ एउटै कुरा कतै नैतिक त कतै अनैतिक बन्ने हुँदा सामान्य व्यवहार र असामान्य व्यवहार बीच पहिचान गर्नुपूर्व व्यक्तिको धर्म, संस्कृति, समाज आदिको बारेमा ज्ञान हुन आवश्यक हुन्छ । अन्यथा पहिचान त्रुटिपूर्ण हुन सक्छ ।

(आ) **सामाजिक मापदण्ड**

मानवको विकाससँगै समाजको विकास भएको हो । जुन समयदेखि समाजको विकास भयो, त्यसै समयदेखि समाजलाई अगाडि बढाउन विभिन्न सामाजिक मूल्य मान्यताहरूले स्थान पाए । सामाजिक मूल्य मान्यताहरूको विकासका आधार भने अधिकांश मानिसले स्वीकारेका जातीय परम्परा, धार्मिक परम्परा, रीतिस्थिति, अनुशासन हुन् । यिनै सामाजिक मूल्य मान्यता अनुकूल व्यवहारलाई सामान्य व्यवहार र सामान्य व्यवहार गर्ने व्यक्तिलाई सामान्य व्यक्ति मानिन्छ ( ज्ञवाली, २०६३ : २) । यसका अतिरिक्त प्रतिकूल व्यवहार गर्ने, समाजसँग असमायोजित रहने व्यक्तिलाई असामान्य व्यक्ति मानिन्छ । उदाहरणका लागिः नेपाली समाजमा विपरीत लिङ्गीप्रतिको आकर्षणलाई सामान्य मानिन्छ भने समलिङ्गी प्रतिको आकर्षणलाई असामान्य मानिन्छ ।

एउटै मूल्य मान्यताहरू जातीय, धार्मिक, देशीय आधारमा भिन्न हुनुका साथै समयानुसार त्यसमा परीवर्तन देखापर्न सक्ने हुँदा यो मापदण्ड पनि सामान्य र असामान्यता बीचको पहिचान गर्न पूर्ण रूपमा सफल देखिँदैन । जस्तैः नेपालमा कुनै समयमा बालक र वृद्धा बिचको विवाहलाई सामान्य ठानिन्थ्यो भने वर्तमानमा असामान्य ठानिन्छ । यसर्थ सामान्य र असामान्यताको पहिचान गर्नुपूर्व घटना घटेको स्थान, समय, परिस्थिति, वातावरण आदि सम्पूर्णको ज्ञान हुन आवश्यक हुन्छ । बिना अध्ययन यस

मापदण्डलाई मात्र आधार मानी गरिएको पहिचान गलत निस्कन सक्छ ।

**(इ) सम्पादन मापदण्ड**

यदि कुनै कार्य दोस्रो व्यक्तिले अपेक्षा गरे अनुसार सफलता पूर्वक गर्न सक्छ भने त्यस व्यक्तिलाई यस मापदण्ड अनुसार सामान्य मानिन्छ । त्यसका अतिरिक्त अपेक्षा अनुरूप गर्न सकेन भने असामान्य मानिन्छ । उदारणका लागिः यदि कुनै शिक्षकले विद्यार्थीले अपेक्षा राखे अनुसार कुनै पाठ प्रभावपूर्ण ढङ्गबाट बुझाउन सक्दछ भने ऊ सामान्य कहलिन्छ यदि सक्दैन भने असामान्य ठहरिन्छ ।

कसैले अपेक्षा राख्दैमा सबै कुरा बुझाउन सकिन्छ भन्ने हुँदैन बुझाउन नसक्नुका पछाडि अध्ययनको कमी, सिकाइ शिक्षणको कमी, मानसिक तनाब आदि थुप्रै कारण हुन सक्छन् । यसर्थ क्षमता भएर पनि किन बुझाउन नसकेको हो वा अन्य कारणले बुझाउन नसकेको हो त्यसको बारेमा अध्ययन नगरी सोझै असामान्य ठान्नु त्रुटिपूर्ण देखिन्छ ।

**(ई) आदर्शी मापदण्ड**

यस मापदण्डले समाजमा परापूर्व कालदेखि नै आदर्श मानिदै आएका व्यवहार समान व्यवहार वा कार्यलाई सामान्य मानिन्छ । यसका अतिरिक्त जुन व्यवहार आदर्श भन्दा भिन्न छ, त्यो असामान्य अन्तर्गत पर्दछ (नेलेन-ह्वेक्सेमा, १९५९ : ५) ।  उदाहरणका लागिः बौद्ध धर्मावलम्बीहरूका लागि गौतम बुद्धका व्यवहार आदर्श व्यवहार हुन् र गौतम बुद्धका जस्ता व्यवहार सामान्य हुन् भने त्यसका अतिरिक्तका व्यवहार असामान्य हुन् ।

व्यवहार सापेक्ष हुने हुँदा यो मापदण्ड पनि अपूर्ण देखिन्छ । कुनै एउटा समाज वा आदर्श रहेको व्यक्ति अर्को समाज वा समुदायमा आदर्श नरहन सक्छ साथै आदर्श व्यक्तिमा पनि मानवीय कमजोरी हुन सक्छन् । यसर्थ व्यक्तिको सामाजिक, धार्मिक, सांस्कृतिक, शैक्षिक स्थितिको बारेमा अध्ययन नगरी यस मापदण्डलाई मात्र आधार बनाई गरिएको पहिचान गलत हुन सक्छ ।

**(उ) तथ्याङ्कीय मापदण्ड**

यस मापदण्ड अनुसार व्यक्तित्वको गुण वा व्यवहारका विशेषताको औसत निर्धारण गरिन्छ । यस आधारमा ९० बुद्धि लब्धाङ्क  देखि ११० बुद्धि लब्धाङ्क भएका व्यक्तिलाई  सामान्य स्तरको मानिन्छ । त्यसका विपरीत ९० भन्दा मुनि बु.ल. र ११० भन्दा माथि बुद्धि लब्धाङ्क भएका व्यक्तिलाई असामान्य मानिन्छ (सुलेमान र तौवाब, २००४ : २१) । यसरी सबै प्रकारका गुण दोषहरूलाई औसत तथ्याङ्क शास्त्रका आधारमा निर्धारण गर्न सकिन्छ र यसलाई एउटा निरन्तर गतिशील मापनका बिचमा देखाउन सकिन्छ । यस मापदण्डका आधारमा औसत भन्दा कम र औषत भन्दा बढी दुवैलाई असामान्य मानिन्छ ।

यस मापदण्डमा पनि त्रुटिहरू रहेको पाइन्छ । व्यक्तिका नैतिकता, इमान्दारिता, सत्यता जस्ता गुणहरूलाई मात्रामा परिणत गरेर प्रस्तुत गर्न कठिन हुन्छ । साथै यस मापदण्डले सामान्य र असामान्य

बीच मात्रात्मक भेद मात्र देखाउने प्रयास गर्दछ तर यस बाहेक मानवीय गुण, दोष र व्यवहारलाई प्रकारात्मक र गुणात्मक भेदमा पनि देखाउन सकिन्छ । यस आधारले सामान्य कहाँबाट सुरु हुन्छ र कहाँ खतम हुन्छ भन्ने कुरा बताउन कठिन हुन्छ । यसर्थ यो मापदण्ड पनि पूर्ण देखिँदैन ।

## २.४.२ व्याख्यात्मक मापदण्ड

यस मापदण्डले असामान्य व्यवहारको व्याख्या कारणका आधारमा गर्दछ । विद्वान् किस्करले व्याख्यात्मक मापदण्डलाई रोगाात्मक, मनोवैज्ञानिक र समायोजन गरी तीन प्रकारमा विभाजन गरेका छन् (सुलेमान र तौवाब, २००४ : १७) ।

### (अ) रोगात्मक मापदण्ड वा मेडिकल मापदण्ड

यस मापदण्ड अनुसार शारीरिक सुगठन मिलेको, शरीरका सम्पूर्ण अंग प्रत्यङ्गले सुचारु रूपले समान रूपमा काम गर्ने अवस्था सामान्य हुन् भने जैविक कारणबाट उत्पन्न शारीरिक तथा मानसिक विकृति असामान्य हुन् । जस्तैः लुलालङ्गडा, काना, खोरण्डा, लाटा-गाँडा, काना, बहिरा, लठेब्रा आदि जस्ता विकलाङ्ग अवस्था असामान्य हुन् । यस्ता असामान्य अवस्थाका कारक तत्त्वहरू दोषपूर्ण स्नायु मण्डल, दोषपूर्ण वंश परम्परा, जैविक रासायनिक उपद्रव आदि हुन् ।

शारीरिक रूपमा अशक्त भएर पनि कतिपय मानिसहरूको बौद्धिक क्षमता सबलाङ्ग मानिसको भन्दा तेज रहेको हुन्छ । यसर्थ यस्ता खालका मानिसलाई कुन आधारमा असामान्य मान्ने भन्ने प्रश्न उठ्दछ । यसको उत्तर रोगात्मक मापदण्डका आधारबाट दिन सकिँदैन । तसर्थ सामान्य र असामान्य बीचको पहिचान गर्नमा यो मापदण्ड पनि पूर्ण सफल देखिँदैन ।

### (आ) मनोवैज्ञानिक मापदण्ड

यस मापदण्ड अनुसार सामान्य र असामान्य व्यवहारको परिभाषा मनोवैज्ञानिक आधारमा सम्भव हुन्छ । मनोवैज्ञानिक मापदण्डले असामान्यको अर्थ जैविक कारणबाट उत्पन्न हुने मानसिक रोग नभई मनोवैज्ञानिक असरका कारण उत्पन्न दोषपूर्ण क्रियाकलापलाई मान्दछ । सर आइज्याकका अनुसार असामान्य व्यक्ति निश्चित कारणबाट उत्पन्न हुने मानसिक रोगबाट पीडित नभई मनोवैज्ञानिक कारणबाट उत्पन्न दोषपूर्ण क्रियाकलापबाट पीडित हुन्छ (सुलेमान र तौवाब, २००४ : २४) । यस दृष्टिकोण अनुसार असामान्य व्यक्तिहरू कुनै निश्चित कारणबाट उत्पन्न मानसिक रोगबाट भन्दा मनोवैज्ञानिक कारणबाट देखा पर्ने असमायोजित व्यवहारबाट बढी पीडित रहेको बुझिन्छ । यस अर्थमा असामान्यताका कारण जैविक भन्दा मनोवैज्ञानिक कारणको बढी महत्त्व रहेको देखिन्छ ।

### (इ) समायोजन मापदण्ड

समाजमा प्रचलित व्यवहार अर्थात् सबैले आदर्श मान्दै आएका व्यवहार समायोजित व्यवहार हुन् । समायोजित व्यवहार सामान्यसँग र असमायोजित व्यवहार असामान्यसँग सम्बन्धित हुन्छ । समाज

र वातावरण अनुकूलको व्यवहार गर्ने व्यक्ति सामान्य व्यक्ति हुन् भने समाजको मूल्य मान्यता विपरीत व्यवहार गर्ने व्यक्ति असामान्य व्यक्ति हुन् । परिस्थितिअनुरूप समायोजन हुन नसक्ने व्यक्तिहरू तनाबग्रस्त रहने हुँदा उनीहरूमा असामान्यताका लक्षणहरू देखा पर्दछन् (नेलेन-ह्वेक्सेमा, १९५९ : ५) । समायोजन आफैमा व्यापक शब्द भएकोले मानवका कस्ता व्यवहार समायोजनीय र कस्ता असमायोजनीय भन्ने कुरा स्पष्ट छैन । यसर्थ समायोजन मापदण्ड पनि पूर्ण छैन ।

उपर्युक्त मापदण्डको अध्ययनबाट के स्पष्ट हुन्छ भने व्यक्ति सामान्य होस् या असामान्य होस् त्यसको पहिचानका निम्ति एउटै मात्र आधार पर्याप्त छैन । त्यसका लागि सम्पूर्ण मापदण्डको प्रयोग गरी परीक्षण गर्न आवश्यक छ । यसका साथै परीक्षण पूर्व अध्ययनकर्तालाई व्यक्तिको सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक, पारिवारिक, वातावरणीय आदि स्थितिको बारेमा ज्ञान हुन आवश्यक देखिन्छ । अपूरो ज्ञानका आधारमा गरिएको परीक्षण गलत हुन सक्छ । यसर्थ अध्ययनकर्तालाई सामान्य र असामान्यता मापन गर्ने आधारका साथै व्यक्तिको बारेमा सम्पूर्ण ज्ञान हुन आवश्यक देखिन्छ ।

## २.५ असामान्यताका प्रकारहरू

असामान्य व्यवहारलाई चिकित्सक तथा मनोविद्हरूले निम्न प्रकारमा वर्गीकरण गरेको पाइन्छ ।

मानसिक विचलन

मनोशारीरिक विचलन

व्यक्तित्व विचलन

### २.५.१ मानसिक विचलन

मानसिक विचलन एक जटिल र सामाजिक समस्या हो । आधुनिक मनोविज्ञानमा व्यक्तिको व्यक्तित्व निर्माणका क्रममा जैविक, मनोवैज्ञानिक, सामाजिक-सांस्कृतिक कारणले प्रभाव पार्दा व्यक्तिको ज्ञानात्मक, क्रियात्मक र भावानात्मक पक्ष असन्तुलित बन्न पुग्नुलाई मानसिक विचलन मानिन्छ । यसका दुई भेद छन्- मनस्नायु विकृति र मनोविकृति (श्रीवास्तव र अन्य, १९९६ : २३३) ।

(अ) **मनोस्नायु विकृति**

मनोस्नायु विकृति एक सामान्य प्रकारको मानसिक रोग हो । यसको उत्पत्ति संवेगात्मक, संघर्षमय परिस्थिति, तनाब र निराशाबाट हुन्छ । यसको विकास आकस्मिक नभई क्रमबद्ध रूपमा हुन्छ । यसमा व्यक्तिको विकास त्रुटिपूर्ण रहन्छ साथै व्यक्तित्वका विभिन्न रचनात्मक स्वरूप कमजोर हुन्छ । जसका कारणले व्यक्तिले जीवनका सामान्य कठिनाइलाई पनि जटिल र जोखिम देख्दछ र चिन्तित बन्दछ । परिणामस्वरूप त्यसबाट जोगिन वा बच्न विकृत उपायको सहयोग लिन्छ (सुलेवान र तौवाब, २००४ : २१०) । ब्राउनका अनुसार मनोस्नायु विकृतिको अर्थ ज्ञानात्मक र क्रियात्मक प्रक्रियाहरूको

असामान्यतासँग छ जसले प्रायः व्यक्तिलाई केही अंशमा अयोग्य बनाइदिन्छ र यसका मुख्य लक्षणहरू कुनै न कुनै रूपमा चिन्तासँग गाँसिएको हुन्छ (श्रीवास्तव र अन्य उद्धत, १९९६ :२३३) । यसर्थमा वर्तमानमा यसलाई चिन्ता विकृतिको नामले चिनिन्छ । स्नायु विकृतिका बिरामीमा निम्न लक्षणहरू रहेको पाइन्छ ।

क) चिन्ता

ख) संवेगात्मक तनाव

ग) दोषी एवम् निराशाको भावना

घ) अयोग्यता तथा असुरक्षाको भावना

ङ) आत्मकेन्द्रित बेमेल पारस्परिक सम्बन्ध

च) मनोवैज्ञानिक एवम् शारीरिक लक्षणको अभिव्यक्ति

छ) अविनयशील र अन्तर्दृष्टिको कमी

ज) अनेकीकृत व्यवहार (सुलेवान र तौवाब, २००४ : २१०) ।

**(क) चिन्ता**

स्नायु विकृतिको मुख्य लक्षण चिन्ता विकृतिलाई मानिन्छ । यस रोगबाट पीडित व्यक्ति कुनै न कुनै चिन्ताले ग्रसित रहन्छ । तर उनीहरूलाई चिन्ताको कारण भने थाहा हुँदैन । उनीहरू चिन्ताबाट मुक्त रहने प्रयास भने गर्दछन् तर उपयुक्त उपायको छनोट गर्न नसकी चिन्ताबाट मुक्त रहन सक्दैनन् । यस्ता खालका रोगीमा प्रायः दुर्घटनामा पर्ने, डरलाग्दो रोग लाग्ने, पानीमा डुब्ने, कसैद्वारा हत्यामा मारिने जस्ता भय वा चिन्ता रहिरहन्छ । फलस्वरूप यस्ता खालका रोगीमा निद्रा नलाग्ने, धेरै सपना देख्ने, तर्सिने, मन आत्तिने, पेट दुख्ने, टाउको दुख्ने आदि लक्षणहरू देखा पर्दछन् (सुलेवान र तौवाब, २००४ : २१०) ।

**(ख) संवेगात्मक तनाव**

यस्ता खालका रोगीहरूमा सधैं चिन्ता तथा भय भइरहने हुँदा परिस्थितिको प्रतिकूलतामा आवेगपूर्ण प्रतिक्रिया व्यक्त गरिहाल्छ । सानो सानो कुरामा भएको असफलतामा पनि तीब्र आवेगपूर्ण प्रतिक्रिया व्यक्त गर्ने हुनाले यस्ता खालका रोगीका मनमा तनाब भइरहन्छ । फलस्वरूप रोगीमा टाउको दुख्ने, चिढचिढापन आदि लक्षण देखा पर्दछ (सुलेवान र तौवाब, २००४ : २१०) ।

**(ग) दोषी एवम् निराशाको भावना**

स्नायुविकृतिका रोगीहरू आत्मदोष तथा निराशाको भावबाट पीडित हुन्छन् । उनीहरू वर्तमानको दुःखलाई विगत जीवनमा गरेको पापको परिणाम ठान्दछन् र भविष्यमा पनि दुखद घटना घट्न सक्ने सम्भावना रहेको कल्पना गर्दछन् । फलस्वरूप चिन्ता र निराशाको शिकार बन्दछन् (सुलेवान र तौवाब, २००४ : २१०) ।

**(घ) अयोग्यता तथा असुरक्षाको भावना**

यस रोगबाट ग्रसित बिरामीले सामान्य कामको लागि पनि आफूलाई अयोग्य ठान्दछ । उनीहरूमा आत्मबलको कमी रहन्छ । यसै कारण उनीहरू सामान्य परिस्थितिलाई पनि जटिल र कठिन ठान्न पुग्दछन् । फलस्वरूप उनीहरू कुनै पनि कार्य वा परिस्थितिको मूल्याङ्कन तठस्थ रूपमा गर्न सक्दैनन् र चिन्ता र असुरक्षाको भावनाबाट पीडित रहन्छन् (सुलेवान र तौवाब, २००४ : २१०) ।

**(ङ) आत्मकेन्द्रित बेमेल पारस्परिक सम्बन्ध**

यस्ता खालका रोगीहरू अन्तर्मुखी स्वभावका हुन्छन् । उनीहरू परिवार तथा समाजका मानिसहरूसँग अलग रहने प्रयास गर्दछन् र आफ्नो समस्यालाई ठूलो ठान्दछन्, अरूको समस्याप्रति कुनै चिन्ता प्रकट गर्दैनन् तापनि आफ्नो समस्याको समाधान अर्काले गर्दियोस भन्ने चाहना भने उनीहरूमा रहेको देखिन्छ । यदि उनीहरूको समस्याको समाधान दोस्रो व्यक्तिले गर्न सकेन भने त्यससँग रोगीको सम्बन्ध बिग्रन्छ । रविन्स एवम् रेगियरका अनुसार दोस्रो व्यक्तिसँग सम्बन्ध बिग्रन पुग्दा रोगीमा विभिन्न प्रकारका अतार्किक भय, चिन्ता एवम् असुरक्षाको विकास हुन्छ । यसले गर्दा उसको प्रत्यक्षीकरणको ढंग अयथार्थ बन्न पुग्दछ (सुलेमान र तौवाब, २००४ :२०७ ) ।

**(च) मनोवैज्ञानिक एवम् शारीरिक लक्षणको अभिव्यक्ति**

यस्ता खालका रोगीहरूमा शारीरिक तथा मानसिक दुवै खालका लक्षणहरू भेटिन्छन् । मनोवैज्ञानिक लक्षणमा चिन्ता, भय, शङका, विचार, वाध्यता, कार्य बाध्यता आदि देखिन्छ भने शारीरिक लक्षणमा थकाइ, तनाब, अपच, पीडा आदि देखिन्छ (ज्ञवाली, २०६३ : १६३) ।

**(छ) अविनयशील र अन्तर्दृष्टिको कमी**

यस्ता खालका व्यक्तिहरू आफ्नो विचार एवम् व्यवहारप्रति दृढ रहन्छन् । उनीहरूको स्वभाव हठीपनको हुन्छ । उनीहरूको व्यवहार वाह्य परिस्थितिसँग मेल खाँदैन । उनीहरूमा अन्तर्दृष्टिको कमी हुने हुँदा आफ्नो दृष्टिकोण तथा कार्य प्रणालीमा कुन तरिकाले लचिलोपना ल्याउने भन्ने कुराको ज्ञान हुँदैन । रीचका अनुसार यस्ता खालका रोगीहरू आफ्नो विचार प्रति दृढ बनि रहन्छन् (ज्ञवाली, २०६३ : १६३) ।

**(ज) अनेकीकृत व्यवहार**

यस्ता रोगीहरूको व्यवहार विघटित हुन्छ । उनीहरूको व्यवहार अनुकूल, समायोजनीय र विवेकपूर्ण हुँदैन । यसैले यस्तो रोगीको तुलना त्यस्तो ड्राइभरसँग गरेको पाइन्छ जो अप्ठ्यारा र साँघुरा बाटामा सावधान गराउन राखिएको सङ्केत बोर्डहरूबाट झन् बढी चिन्तित बनी आँखा चिम्म गरेर गाडी कुदाउँछ परिणाम स्वरूप कुनै पनि बेला दुर्घटनामा पर्ने सम्भावना रहन्छ (ज्ञवाली, २०६३ : १६३) ।

यसरी मनोस्नायुविकृतिका रोगीहरूमा चिन्त, संवेगात्मक तनाव, दोषी एवम् निराशाको भावना, अयोग्यता तथा असुरक्षाको भावना, आत्मकेन्द्रित बेमेल पारस्परिक सम्बन्ध, मनोवैज्ञानिक एवम् शारीरिक लक्षणको अभिव्यक्ति, अविनयशील र अन्तर्दृष्टिको कमी, अनेकीकृत व्यवहार आदि जस्ता लक्षणहरू देखिन्छ । मनस्नायुविकृतिका दुर्भिति, आतंक विकृति, मनोग्रसित बाध्यता विकृति, सामान्यीकृत चिन्ता विकृति र उत्तर आघातीय प्रतिबल विकृति आदि प्रकार रहेको पाइन्छ ।

**(आ) मनोविकृति**

मनस्ताप एक प्रकारको गम्भीर प्रकृतिको मानसिक रोग हो । यस रोगबाट पीडित व्यक्ति विक्षिप्त र विछिन्न हुन्छ । उसमा आत्मसंयम र सामाजिक सन्तुलन रहँदैन । यथार्थसँग यस्ता व्यक्ति अपरिचित रहन्छ । विकृत मनोलोकमा विचरण गर्न पुग्ने हुनाले यस्ता रोगीलाई अस्पतालमा भर्ना गर्नुपर्ने हुन्छ । यस्ता रोगीहरू आफ्ना दैनिक कार्य जथाभावी गर्ने गर्दछन् । उनीहरू कल्पना, भ्रम, विभ्रम र व्यामोहका सिकार बन्दछन् । यस्ता खालका रोगीहरूको व्यवहार विचित्र, बेढङ्ग र संवेगात्मक रूपमा अति तीब्र हुन्छ । यसैले यस्ता रोगीलाई मानिसहरूले पागलको संज्ञा दिएको पाइन्छ । मनोविकृतिका रोगीहरूमा संज्ञानात्मक, भावानात्मक र क्रियात्मक पक्षको समन्वय हुँदैन  जसका कारण उनीहरूको व्यक्तित्व पूर्ण रूपमा क्षत विक्षत बन्न पुग्छ (ज्ञवाली, २०६३ : १५५) । यस्ता खालका रोगीहरूमा निम्न प्रकारका लक्षणहरू देखा पर्दछन् ।

क) वाणी विकार
ख) स्मृति दोष
ग) यथार्थबाट सम्बन्ध विच्छेद
घ) संज्ञानको कमी
ङ) खण्डित व्यक्तित्व
च) मानसिकताको ह्रास
छ) व्यामोह
ज) विभ्रम
झ) व्यवहारिक विकृति  ।

**(क) वाणी विकार**

यस्ता खालका रोगीमा वाक् विकृति अर्थात् वाणी विचलन देखिन्छ । यिनीहरूको बोली अव्यवस्थित, असंबद्ध, अप्रासंगिक हुन्छ । यिनीहरूले प्रयोग गर्ने शब्दहरूको सान्दर्भिक अर्थ लगाउन सामान्य मान्छेले सक्दैनन् । यस्ता खालका रोगीहरूको भाषिक योग्यता नष्ट भई लाटो वा विचारहीन जस्तो हुन पुग्दछन् (श्रीवास्तव र अन्य, १९९६ : २७२) ।

**(ख) स्मृति दोष**

यस्ता खालका बिरामीमा पूर्व घटित कुनै पनि कुराको सम्झना रहँदैन । यिनीहरू जीवनमा कहिले नघटेका घटनाहरूको भ्रमित स्मृति बनाउँछन् र तिनीहरूको दृढतापूर्वक वर्णन गर्दछन् । यस्तो स्मृतिलाई मिथ्या स्मृति भनिन्छ (ज्ञवाली, २०६३ : १६८) ।

**(ग) यथार्थबाट सम्बन्ध विच्छेद**

यस रोगबाट ग्रसित बिरामीको यथार्थसँग सम्बन्ध विच्छेद भएको हुन्छ । यसैले गर्दा उनीहरूमा सत्य-असत्य, साँचो-झुटो, असल-खराब, दिन-रात, पक्ष-विपक्ष आदि केहीको ज्ञान हुँदैन । उनीहरू वास्तविक भन्दा अलग्गै दुनियामा रमाइ रहेका हुन्छन् (ज्ञवाली, २०६३ : १८०) ।

**(घ) संज्ञानको कमी**

मनोविकारका रोगीमा संज्ञानको कमी हुन्छ । यस्ता खालका रोगीहरूमा राम्रा-नराम्रो, असल-खराब छुट्याउने सामार्थ्यको कमी रहन्छ । उनीहरूमा परिस्थिति मूल्याङ्कन गरी प्रतिक्रिया व्यक्त गर्ने क्षमता हुँदैन । यसैले गर्दा उनीहरूको व्यवहार असङ्गत, अनौठो र विचित्र प्रकारको लाग्दछ (ज्ञवाली, २०६३ : १८०) ।

**(ङ) खण्डित व्यक्तित्व**

यस्ता खालका रोगीहरूको व्यक्तित्व खण्डित हुन्छ । उनीहरूको संज्ञानात्मक, भावानात्मक, कार्यात्मक जस्ता मानसिक प्रतिक्रिया बीच समन्वय नहुने हुँदा व्यवहार असम्बद्ध हुन्छ । खण्डित व्यक्तित्वका कारण रोगीहरूमा बिना कारण रुने बिना कारण हाँस्ने लक्षणहरू देखा पर्दछन् (ज्ञवाली, २०६३ : १६३) ।

**(च) मानसिकताको ह्रास**

यस्ता रोगीहरूको बौद्धिक क्षमता विस्तारै ह्रास हुँदै जान्छ । फलस्वरूप उनीहरूको कार्य क्षमता, स्मरण क्षमता र सिकाइ क्षमता विस्तारै घट्दै जान्छ (ज्ञवाली, २०६३ : १६३) ।

**(छ) व्यामोह**

व्यामोहको अर्थ गलत विश्वास हुन्छ । यस्ता खालका रोगीहरूमा प्रसंग व्यामोह, प्रभाव व्यामोह, आत्मदोष व्यामोह, दण्ड व्यामोह, उच्चताको व्यामोह, दण्ड व्यामोह, उच्चताको व्यामोह देखा पर्दछ । प्रसंग व्यामोहमा रोगी जतिखेर पनि अन्य व्यक्तिहरू यसैको बारेमा कुरा गरिरहेको अनुभव गर्दछन् । प्रभाव व्यामोहका रोगीहरू शत्रुले आफूलाई वशमा राख्नका लागि जादुटुना गरिरहेको भ्रमित विश्वास पाल्छन् साथै कहिले काहीँ आफूमा अलौकिक दिव्य शक्ति प्राप्त भएको अनुभव गर्दछन् । आत्मदोष व्यामोहमा रोगी आफूलाई गरिब, दुर्बल, पापी, मूर्ख र अयोग्य भएको ठान्दछन् र आफन्तसँग मृत्युवरण

गर्ने इच्छा व्यक्त गर्दछन् । उच्चताको व्यामोहमा रोगी आफूलाई असाधारण, अलौकिक, शक्तिको धनी, महापुरुष वा देवताको दूत भएको ठान्दछन् र त्यस्तै रहेको ढोंग गर्दछन् । यस्ता रोगीहरूमा आफू वैज्ञानिक, कलाकार, राजा-महाराज भएको भ्रम हुन्छ (श्रीवास्तव र अन्य, १९९६ : २३३) ।

**(ज) विभ्रम**

यस्ता रोगीहरूमा श्रवण, दृश्य, गन्ध, स्वाद, स्पर्श सम्बन्धी विभ्रम पैदा हुन्छ । यिनीहरूमा कसैले नसुनेको आवाज सुनेको, कसैले नदेखेको कुरा देखेको भ्रम पर्दछ । फलस्वरूप यिनीहरू देवता वा पितृको दर्शन गरेको, उनीहरूको आवाज सुनेको कुरा गर्दछन् साथै शरीरमा कीरा हिँडेको अनुभव पनि गर्दछन् ( श्रीवास्तव र अन्य, १९९६ : २३३) ।

**(झ) व्यवहारिक विकृति**

मनोविकृति रोगीहरूको व्यवहार विचित्र, अनौठो किसिमको हुन्छ । यिनीहरूमा एक खुट्टाले उभिने, हात ठाडो राख्ने, काम्ने, ध्यान गरे जस्तो गर्ने जस्ता व्यवहार देखा पर्दछन । यिनीहरू अन्धविश्वासी मान्यतामा विश्वास गर्ने र छिट्टै आवेगपूर्ण व्यवहार देखाउने खालका हुन्छन् (ज्ञवाली, २०६३ : १६३) ।

यस रोग अन्तर्गत मनोविगलता, स्थिरव्यामोह मनोविकार, उत्साहविषाद मनोविकार, खिन्नोत्साह मनोविकार आदि पर्दछन् ।

## २.५.२ मनोशारीरिक विचलन

मनोशारीरिक शब्दको उत्पत्ति **साइको** र **सोमेटिक** दुई शब्दको योगबाट भएको हो । साइकोको सामान्य अर्थ मन वा मानसिक भन्ने हुन्छ भने सेमेटिकको अर्थ स्नायुप्रणालीद्वारा नियन्त्रित अवयव भन्ने हुन्छ । यस अर्थमा मनोशारीरिक विचलन भन्नाले विभिन्न मानसिक संवेगहरू शरीरका आंगिक रोगमा फेरिई भित्रि अवयव र स्वयम् गतिशील स्नायुप्रणालीद्वारा नियन्त्रित र सञ्चालित भई ती अङ्गहरूको कार्यशीलतामा असामान्य परिवर्तन देखिनु भन्ने बुझिन्छ (सुलेमान र तौवाब, २००४ : २९०) । शरीर अस्वस्थ्य हुँदा व्यक्तिको मन चङ्गा नहुने र व्यक्ति मानसिक रूपमा तनाब ग्रस्त रहँदा उसमा विभिन्न किसिमका शारीरिक विकार उत्पन्न हुन सक्ने भएकोले अमेरिकी साइकोलोजीकल एसोसिएसनले यसलाई मनोशारीरिक विकृतिको संज्ञा दिएको पाइन्छ (ज्ञवाली, २०६३ : २०६) । यस अर्थमा मनोशारीरिक विकृतिलाई शरीर र मन मध्ये एउटामा विचलन आउँदा देखा पर्ने एक प्रकारको मानसिक रोग मान्न सकिन्छ । यसको सम्बन्ध असामान्य व्यवहारसँग रहन्छ ।

जर्मनका मनोवैज्ञानिक किस्करले मनोशारीरिक विकृतिलाई यसरी परिभाषित गरेका छन्- 'मनोशारीरिक विकृति त्यस अवस्थालाई भनिन्छ जसमा स्वगतिशील स्नायुप्रणालीसँग सम्बद्ध शारीरिक लक्षणहरू मनोवैज्ञानिक घटकहरूबाट प्रभावित हुन्छन्' (सुलेमान र तौवाब, २००४ : २८९) । यसरी

किस्करले शारीरिक लक्षणहरू मनोवैज्ञानिक घटकहरूका कारणबाट पनि उत्पन्न हुन सक्ने कुरा गरेका छन् । अमेरिकी साइकोलोजीकल एसोसिएसनले मनोवैज्ञानिक घटकहरूबाट उत्पन्न हुने दशवटा शारीरिक रोगहरूको चर्चा गरेका छन् । जुन यस प्रकारका छन्- छाला सम्बन्धी समस्या, मांसपेशी सम्बन्धी समस्या, श्वासप्रश्वास सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, अन्तःस्रावी समस्या, विशिष्ट ज्ञानेन्द्रिय समस्या, आमाशय सम्बन्धी समस्या, प्रजनन अंग सम्बन्धी समस्या (कोलम्यान, १९७६ : २६८) ।

यसरी विभिन्न विद्वान्हरूबाट भएका अनुसन्धानबाट असामान्य व्यवहारको एक लक्षण शारीरिक अंगमा आउने विकार पनि हो भन्ने कुरा पुष्टि भएको छ ।

## २.५.३ व्यक्तित्व विचलन

व्यक्तित्व विचलन भन्नाले व्यक्तिको व्यक्तित्व वा चरित्रमा देखिने विचलन भन्ने बुझिन्छ । डिएसएम आइभिका अनुसार व्यक्तित्व विकृति एक प्रकारको मानसिक विकृति हो जसमा चिन्तन तथा प्रत्यक्षणका स्थाई कुसमायोजित प्रतिरूप जस्ता लक्षणहरू देखिन्छन् । यसले सामाजिक तथा व्यावहारिक कार्यलाई क्षतिग्रस्त तुल्याइ दिन्छ (सुलेमान र तौवाब, २००४ : ३८०) । यसरी व्यक्तित्व विचलन समाज विरोधी क्रियाकलापसँग जोडिएको देखिन्छ । व्यक्तित्व विचलन सामान्य व्यक्ति र असामान्य व्यक्ति दुवैमा देखिन्छ तर यिनीहरूमा देखिने विचलनमा भने अन्तर छ । सामान्य व्यक्तिमा देखिने विचलन अस्थाई हुन्छ । तिनीहरूमा आफूले गरेको गलत कार्यप्रति पछुतो हुने हुँदा पुनः त्यो कार्य गर्न हिच्किचाउँछन् । त्यसका विपरीत असामान्य व्यक्तिमा आफूले गरेको गलत कार्यप्रति कुनै पछुतो रहँदैन परिणाम स्वरूप त्यही कार्य पटक पटक दोहोऱ्याइ रहने बानी हुन्छ ।

मनोवैज्ञानिकहरूले व्यक्तित्व विचलनलाई दुई प्रकारमा वर्गीकरण गरेका छन्- व्यक्तित्व सदोषता र चारित्रिक सदोषता ।

**(क) व्यक्तित्व सदोषता**

यसमा सन्की व्यक्तित्व, प्रदमित व्यक्तित्व, मनोविगलित व्यक्तित्व, विष्फोटक व्यक्तित्व, मनोव्यग्र व्यक्तित्व, उन्मादी व्यक्तित्व, कृशकाय व्यक्तित्व, शिथिल आक्रामक व्यक्तित्व, अपूर्ण व्यक्तित्व आदि विशेषता भेटिन्छ ।

**(ख) चारित्रिक सदोषता**

यसमा समाज विरोधी आचरण, सदाचार भावनाको अभाव, आपराधिक क्रियाकलाप आदि विशेषता पाइन्छ (ज्ञवाली, २०६३ : २३२) । व्यक्तित्व विचलन समाजका प्रतिकूल व्यवहारसँग जोडिने हुँदा विद्वान्हरूले यस्ता व्यवहार अन्तर्गत निम्नलिखित व्यवहारलाई राखेको पाइन्छ ।

अ) लैङ्गिक विकृति

आ) द्रव्य-सम्बद्ध विकृति

इ) वृद्धकालमा देखिने संज्ञानात्मक क्षति विकृति

ई) अपराधिक व्यवहार ।

**(अ) लैङ्गिक विकृति**

व्यक्तित्व विचलन अन्तर्गत लैङ्गिक विकृति पनि पर्दछ । लैङ्गिक विकृति भन्नाले पुरुष अथवा स्त्रीले अप्राकृतिक रूपबाट यौनान्द प्राप्त गर्ने तरिका भन्ने बुझिन्छ । जस्तैः आफ्नो यौनाङ्ग चलाएर आनन्द लिनु, पशुसँग यौन सम्पर्क राखेर आनन्द प्राप्त गर्नु, अर्काको नाङ्गो शरीर हेरेर आनन्द प्राप्त गर्नु, समलिङ्गीद्वारा एक अर्काको यौनाङ्ग चलाएर आनन्द लिनु, अर्काको यौनाङ्गमा चोट दिएर यौनान्द प्राप्त गर्नु, अंग प्रदर्शन गरेर यौनान्द प्राप्त गर्नु आदि लैङ्गिक विकृति अन्तर्गत पर्दछन् । यस्ता विकृतिहरू समाजबाट तिरोहित विकृति हुन् (सुलेमान र तौवाब, २००४ : ३९७ ) ।

**(आ) द्रव्य-सम्बद्ध विकृति**

यस विकृति अन्तर्गत औषधी एवम् अन्य लागु पदार्थको अनुपयुक्त उपयोग पर्दछन् । खोकीको औषधीलाई लागु पदार्थको रूपमा प्रयोग गर्नु, चुरोट, गाँजा चरेस, जाँड रक्सीको प्रयोग अत्याधिक मात्रामा गर्नु द्रव्य-सम्बद्ध विकृतिका उदाहरण हुन् (सुलेमान र तौवाब, २००४ : ४१९) ।

**(इ) वृद्धकालमा देखिने संज्ञानात्मक क्षति विकृति**

वृद्धावस्थामा व्यक्तिको शारीरिक तथा मानसिक शक्ति घट्दै जान्छ । शारीरिक रूपमा हड्डी कमजोर हुँदै जानु, मांसपेशीहरू शिथिल हुनु, स्नायुकोषको संख्या घट्दै जानु वृद्धकालमा देखिने शारीरिक लक्षण हुन् भने मानसिक रूपमा स्मृति ह्रास हुँदै जानु, समस्या समाधानमा कठिनाई देखा पर्नु, नयाँ कुरा सिक्ने क्षमतामा कमी आउनु, मानसिक तनाब वा प्रतिबल सामना गर्ने क्षमतामा कमी आउनु आदि मानसिक कमजोरी हुन् । जसलाई विद्वान्हरू वृद्धकालमा देखिने संज्ञानात्मक क्षति विकृति मान्दछन् ( सुलेमान र तौवाब, २००४ : ४४८ ) ।

**(ई) आपराधिक व्यवहार**

सामान्य अर्थमा अपराधी व्यवहार भन्नाले समाजविरोधी काम वा समाजका नियम कानुनको अवहेलना गर्दै गरिने व्यवहार भन्ने बुझिन्छ । उदाहरणका लागि चोरी गर्नु, ढाँट्नु, छल्नु, झैझगडा गर्नु, कुटपिट गर्नु, ठगी गर्नु, लुटपाट गर्नु, नियमको उलङ्घन गर्नु, कसैको हत्या गर्नु, बलात्कार गर्नु, घुस लिनु, घुस दिनु, भ्रष्टाचार गर्नु आदि अपराधिक व्यवहार हुन् । यस्तो व्यवहार व्यक्ति, परिवार, समाज, राष्ट्रका लागि घातक सिद्ध हुन्छ (ज्ञवाली, २०६३ : २५४) ।

यसरी लैङ्गिक विकृति, द्रव्य-सम्बद्ध विकृति, वृद्धकालमा देखिने संज्ञानात्मक क्षति विकृति, अपराधिक व्यवहार आदि व्यक्तित्व विचलनका आधार हुन् । यस्ता व्यवहार सामाजिक मूल्य मान्यता र नियम विपरीत हुने हुँदा व्यक्ति, परिवार, समाज, राष्ट्रको विकासका लागि प्रतिकूल रहन्छ ।

## २.६ असामान्य मनोविज्ञानको विकासक्रम

असामान्य मनोविज्ञान मानवीय व्यवहारको वैज्ञानिक तरिकाबाट अध्ययन गर्ने विज्ञान हो । यसको विकासक्रमको चर्चा निम्न लिखित भागमा वर्गीकरण गरी गर्न सकिन्छ ।

अ) पाषाण युग

आ) प्राकृतिक युग

इ) मध्य युग

ई) मानवतावादी युग

**(अ) पाषाण युग**

असामान्य मनोविज्ञानको खोजी पाषण युगसम्म पुगेर गर्न सकिन्छ । यस युगमा असामान्य व्यवहारको व्याख्या अन्धविश्वासको आधारमा गरिएको पाइन्छ । यस कालमा आदिम मानवहरू मानव शरीरमा दुई प्रकारका प्रेतात्माको प्रवेश हुनेमा विश्वास गर्दथे । उनीहरू मानव शरीरमा असल आत्माको प्रवेश हुँदा ईश्वरीय व्यवहार देखा पर्ने र दुष्टात्माले प्रवेश गर्दा अनैतिक, असामाजिक व्यवहार देखापर्नेमा विश्वास राख्दथे । उनीहरू दुष्टात्माको प्रवेशबाट देखा पर्ने व्यवहारलाई असामान्य व्यवहार ठान्दथे । यस समयमा असामान्य व्यवहारको उपचार विरामीको मस्तिष्कमा धारिलो हतियारले चोट लगाई गरिन्थ्यो । यसको मूल उद्देश्य चोट लगाएको ठाउँबाट दुष्टात्मा निस्किएर बिरामी सामान्य अवस्थामा फकर्ने विश्वास थियो (ज्ञवाली, २०६३ : ३६) । यस मान्यताले मिश्र, ग्रीस, चीन, भारत आदि देशहरूमा युनानी धर्तीमा हिप्पोक्रेटसको जन्म नहुन्जेलसम्म स्थान लिएको पाइन्छ (सुलेमान र तौवाब, २००४ : ४९) ।

**(आ) प्राकृतिक युग**

यस युगमा पाषण युगमा व्याप्त रहेको असामान्य व्यवहार सम्बन्धी अन्धविश्वासी मान्यताहरू लगभग समाप्त भएको पाइन्छ । यसको श्रेय हिप्पोक्रेटसलाई जान्छ । आधुनिक चिकित्साका जन्मदाता हिप्पोक्रेटसले सर्वप्रथम असामान्य व्यवहारसम्बन्धी वैज्ञानिक दृष्टिकोण अगाडि सारेका थिए । मानसिक रोग अर्थात् असामान्य व्यवहारको मूल कारण दुष्टात्माको प्रवेश नभई मस्तिष्क विकृतिका कारण उत्पन्न हुने विमार हो । यसको उपचार शारीरिक रोग जस्तै भौतिक औषधीबाट गर्न सकिन्छ भन्ने मान्यता उनको रहेको पाइन्छ (कोलम्यान, १९७६ : २७) । हिप्पोक्रेटसले असामान्य व्यवहारलाई मानसिक रोगको संज्ञा दिँदै उन्माद, खेदजन्य रोग र उन्मत्तता गरी तीन वर्गमा विभाजन गरेका छन् (ज्ञवाली, २०६३ : ३७) । यसरी असामान्य व्यवहार सम्बन्धी हिप्पोक्रेटसको दृष्टिकोण यस युगमा नयाँ क्रान्तिको रूपमा आएको देखिन्छ । हिप्पोक्रेटस पछि उनको मान्यतालाई समर्थन जनाउँदै प्लेटो देखा परे । प्लेटोले असामान्य व्यक्तिहरू प्रति कडा व्यवहार होइन सहानुभूतिपूर्ण व्यवहार गर्नु पर्दछ । यदि कसैले त्यस्ता व्यक्तिहरू प्रति अमानवीय व्यवहार गर्दछन् भने तिनीहरूलाई दण्ड दिनुपर्दछ भन्ने सुझाब दिए (ज्ञवाली,

२०६३ : ३७) । प्लेटोको यो दृष्टिकोण आज पनि विद्यमान रहेको पाइन्छ ।

प्लेटो पछि असामान्य व्यवहार सम्बन्धी नवीन दृष्टिकोण पेश गर्ने विद्वान् उनका चेला अरस्तु हुन् । अरस्तु हिप्पोक्रेटसबाट निकै प्रभावित थिए । उनी पनि असामान्य व्यवहारका कारक दुष्टात्मालाई मान्दैन थिए । उनी असामान्य व्यवहार दैविक शक्ति नभई दैहिक कारणले उत्पन्न हुन्छ भन्ने मान्यता राख्दथे (श्रीवास्तव र अन्य, १९९६ : २८) । उनका अनुसार मानिसको शारीरिक संरचना द्रव, अर्थात् कालो पित्त, पहेँलो पित्त, रगत र कफका आधारमा निर्माण हुन्छ । यदि यिनीहरूको सन्तुलतमा गडबढी भएमा मानिसको व्यवहार असामान्य रहन्छ भन्ने दृष्टिकोण यिनको रहेको पाइन्छ (सुलेमान र तौवाब, २००४ : ५२) । यस दृष्टिकोणले असामान्य व्यवहारका कारण शारीरिक संरचनामा जोड दिएको देखिन्छ ।

प्राकृतिक युगमा ग्रिक विद्वान्हरूका साथै रोमन विद्वान्हरूको पनि असामान्य मनोविज्ञानको विकासमा योगदान रहेको पाइन्छ । रोमन विद्वान्हरू मध्ये एस्कलीपाइडिज, एरीटायस र गेलेनको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । एस्कीलपाइडिजले मनोरोगका प्रकार बिचको भिन्नता छुट्याएका छन् भने एरीटायसले असामान्य व्यवहारको विकासमा संवेगहरूको अभिव्यक्तिको महत्त्वपूर्ण भूमिका रहने बताएका छन् । यसै गरी गेलेनले असामान्य व्यवहार देखा पर्नुमा  शारीरिक र मानसिक दुवै पक्षको भूमिका रहने बताएका छन् । उनले शारीरिक पक्षमा मस्तिष्क चोटलाई राखेका छन् भने मानसिक पक्षमा मद्यपान, आघात, भय, रजश्रावमा परिवर्तन, आर्थिक विनास आदिलाई राखेका छन् (कोलम्यान, १९७६ : ३०) । उनीहरूको यस योगदानले असामान्य मनोविज्ञानको विकासमा निकै सहयोग पुगेको पाइन्छ ।

**(इ) मध्य युग**

गेलेनको मृत्युसँगै मध्य युगको प्रारम्भ भएको देखिन्छ । यस युगमा ग्रिक तथा रोमका विद्वान्हरूको असामान्य मनोविज्ञान सम्बन्धी नव दृष्टिकोणको स्थान पुनः पाषाण युगमा व्याप्त रहेको मान्यताले लिएको देखिन्छ । यस युगमा इशाई धर्मावलम्बीहरूको प्रभाव रहेको पाइन्छ । यसर्थ देशको राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक, प्रशासनिक आदि सम्पूर्ण क्षेत्रमा पादरीहरूको हस्तक्षेप रहेको पाइन्छ । मध्य युगमा कुनै पनि क्षेत्रमा विकास सम्बन्धी कार्य हुन नकसकेकोले यसलाई अन्धकार युगको नामले पनि चिनिन्छ । यस युगको उत्तरार्द्धमा सामूहिक रूपमा नै पागलपनको महामारी फैलिएको वर्णन पाइन्छ । यस महामारीको समयमा कुनै व्यक्तिलाई पागलपनको लक्षण देखिएमा अर्को व्यक्तिमा पनि त्यसको लक्षण देखिन्थ्यो । यस युगमा सम्पूर्ण युरोपभरि नै पागलपनको महामारी फैलिई करोडौंको ज्यान गएको पाइन्छ  (ज्ञवाली, २०६३ : ३९) ।

मध्य युगमा पाषाण युगमा व्याप्त रहेको असामान्य मनोविज्ञान सम्बन्धी मान्यतालाई समर्थन जनाउँदै प्रेतात्माको प्रवेश मानव शरीरमा दुई ढङ्गबाट हुन्छ भन्ने दृष्टिकोण अगाडि आएको छ । पादरीहरूका अनुसार ईश्वर बेखुसी रहँदा दण्ड स्वरूप व्यक्तिको शरीरमा ईश्वरले अशुभ आत्माको प्रवेश

गराई दिँदा व्यक्ति मानसिक रोगी बन्दछ भने दोस्रो व्यक्तिले आफ्नो इच्छा अनुसार अशुभ आत्मासँग मित्रता गर्दछ जसले गर्दा उसले अद्भुत शक्ति (हुरी बतास, बाढी पहिरो, महामारी आदि प्राकृतिक घटना घटाउन सक्नु, पशुपंक्षीको रूप धारणा गर्न सक्नु) प्राप्त गर्दछ भन्ने विश्वास रहेको पाइन्छ । साथै यस युगमा असामान्य व्यवहार भएका व्यक्तिलाई बोक्सीको संज्ञा दिई अमानवीय व्यवहार गर्ने गरेको पाइन्छ (सुलेमान र तौवाब, २००४ : ५३) । मध्य युगमा राज्यको सम्पूर्ण क्षेत्रमा पादरीहरूको मनोमानी चलेकोले असामान्य रोगीहरूको उपचार पनि उनीहरूकै अधीनमा भएको पाइन्छ । यस युगमा पादरीहरू असामान्य व्यवहारको उपचार प्रार्थना, पवित्र जल स्नान, झारफुक, टुनामुना र दण्ड आदि विधिका माध्यामबाट गर्दथे (ज्ञवाली, २०६३ : ३९) । मध्य युगको यस अवैज्ञानिक मान्यताले १५ औं शताब्दीसम्म स्थान लिएको पाइन्छ ।

### (ई) मानवतावादी युग

यस युगमा असामान्यता सम्बन्धी धार्मिक मान्यताको स्थान विज्ञानले लिन थालेको देखिन्छ भने पारासेल्सस, जोन वेयर, फिलिप पाइनेल, जीन एरक्वेरल, विलियम ट्युक, बेन्जामिन रश, डोराथिया डिक्स जस्ता विद्वनहरूको मानवतावादी दृष्टिकोण अगाडि आएको पाइन्छ । जसको संक्षिप्त रूपमा चर्चा गर्ने प्रयास यहाँ गरिएको छ ।

### (१) परासेल्सस

सोह्रौ शताब्दीमा आएपछि पादरी, पण्डित, मूल्लाहरूले असामान्य रोगीहरू माथि प्रयोग गरेका उपचार पद्धतिको खुलेर बिरोध हुन थालेको पाइन्छ । यसले गर्दा मानवतावादी विचारधाराले स्थान पाउन थालेको देखिन्छ । यसै समयमा मानवतावादी दृष्टिकोण लिएर पारासेल्स देखा परे । उनले मध्य युगमा देखा परेको सामूहिक पागलपन प्रेतात्माको प्रकोप नभई एक प्रकारको रोग हो । यसैले यसको उपचार मानवीय दृष्टिले गरिनु पर्दछ भन्ने मान्यता अघि सारेका छन् । यसका साथै मनोरोगको मनोवैज्ञानिक पक्ष माथि ध्यानाकर्षण गराउँदै उपचारका लागि शारीरिक चुम्बकीय पद्धति उपयोग गर्नु पर्नेमा जोड दिएका छन् । अन्तमा त्यही विधि सम्मोहन विधिको रूपमा विकास भएको देखिन्छ (कोलम्यान, १९७६ : ३६) । यसरी मानसिक रोगीको उपचारका निम्ति नयाँ पद्धतिको विकास भएको देखिन्छ ।

### (२) जोन वेयर

वेयर जर्मन चिकित्सक हुन् । उनले असामान्य व्यवहारलाई प्रेत वा बोक्सीको प्रकोप मानी असामान्य व्यक्ति माथि गरिने अमानवीय व्यवहारप्रति घोर विरोध जनाउँदै असामान्य व्यवहारको विकासमा प्राकृतिक कारणको हात हुन्छ भन्ने दृष्टिकोण अघि सारेका छन् (कोलम्यान, १९७६ : ३७) । साथै उनले असामान्य व्यवहारको उपचारमा धर्मशास्त्रको सट्टा मनोविकृति विज्ञान र आयुर्विज्ञानको प्रयोग गर्नु पर्नेमा जोड दिएको देखिन्छ । यसैले उनलाई आधुनिक मनोचिकित्सा विज्ञानका जनक मानिन्छ ।

**(३) फलिप पिनेल**

फ्रान्सेली चिकित्सक फिलिप पिनेलको असामान्य व्यवहार सम्बन्धी वैज्ञानिक दृष्टिकोण विकास गर्नमा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । उनले असामान्य व्यक्तिलाई अँध्यारो कोठामा साङ्लाले बाँधेर राख्ने व्यवहारप्रति घोर विरोध जनाउँदै उनीहरूलाई स्वस्थ सफा र खुल्ला वातारणमा राख्नु पर्नेमा जोड दिएका छन् । साथै उनले असामान्य व्यक्तिको विगत जीवनका बारेमा जानकारी हासिल गर्नु पर्नेमा जोड दिएका छन् (सुलेमान र तौवाब, २००४ : ५४) । उनको यस विचार आज पनि व्यक्ति इतिहास विधिको रूपमा जीवित पाइन्छ ।

**(४) जीन एरक्वेरल**

फिलिप पिनेलबाट प्रभावित जीन एरक्वेलले असामान्य व्यक्तिका लागि महत्त्वपूर्ण कार्य गरेका छन् । उनको प्रयासबाट फ्रान्समा १० वटा मानसिक अस्पताल खुल्नाका साथै असामान्य व्यक्तिलाई अपराधीहरूसँग अगल राख्नु पर्ने कानुनको व्यवस्था भएको छ (श्रीवास्तव र अन्य, १९९६ : ३२) । उनको यस प्रयासले असामान्य व्यक्तिलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइन्छ ।

**(५) बिलियम ट्युक**

बिलियम ट्युकको असामान्य व्यक्ति सम्बन्धी धारणा पिनेल समान रहेको छ । उनले इङ्ल्याण्डमा आफ्नै लगानीमा **यार्क रिट्रिट** नामक मानसिक अस्पताल खोलेको पाइन्छ (कोलम्यान, १९७६ : ४२) । उनको यस प्रयासलाई हेर्दा असामान्य व्यक्ति प्रतिको परम्परित मान्यतामा विस्तारै परिवर्तन आएको देखिन्छ ।

**(६) बेन्जामिन रश**

पिनेल र ट्युकबाट प्रभावित रशको असामान्य मनोविज्ञानको विकासमा महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । रशले असामान्य व्यक्तिप्रति मानवीय व्यवहार गर्नु पर्नेमा जोड दिँदै मनोचिकित्सा सम्बन्धी **मेडिकल इन्क्वाइरी एण्ड अब्जरभेसन्स अपन दि डिजिज अफ दि माइण्ड** नामक पुस्तक लेखेका छन् । उनको यो पुस्तक मेडिकल विज्ञानको पहिलो पुस्तक मानिन्छ (कोलम्यान, १९७६ : ४७) । उनले यस पुस्तकमा असामान्य व्यक्तिप्रति मानवीय व्यवहार गर्नु पर्ने उल्लेख गरेका छन् ।

**(७) डोरोथिया डिक्स**

बोस्टन विद्यालयका शिक्षिका डोरोथिया डिक्सले असामान्य व्यक्तिका उद्धारका लागि निकै राम्रा कार्य गरेकी छिन् । बोस्टन विद्यालयको शिक्षिका रहँदा बारम्बार टि.बि. रोगको संक्रमणमा परी जागिर गुमाउन पुगेकी डिक्सले त्यस पछि महिला कैदीहरूलाई पढाउने अवसर पाएकी थिइन् । त्यसै समयमा उनले मानसिक रोगीहरूको दयनीय अवस्था जान्ने अवसर पनि पाइन् । जसको प्रभावका कारण सन् १८४८ मा करिब नौ हजार मानसिक रोगीको दयनीय अवस्थाका बारेमा अमेरिकी कांग्रेसलाई पत्र लेखी

अवगत गराइन् । यसका साथै मानसिक रोगीको उपचारका लागि लामो समयसम्म आन्दोलन गरिन् । उनको यस प्रयासले अमेरिकामा ३२ वटा मानसिक अस्पताल खुलेको पाइन्छ (श्रीवास्तव र अन्य, १९९ : ३३) । उनको कार्यको सह्राना गर्दै सन् १९०१ म डिक्सलाई मानवको प्रतीक घोषणा गरेको पाइन्छ ।

माथि उल्लिखित विद्वन्हरूको योगदानबाट विश्वभर असामान्य मनोविज्ञान सम्बन्धी परम्परित मान्यता क्षीण हुँदै गएको देखिन्छ भने असामान्य व्यक्तिप्रति गरिने अमानवीय व्यवहारमा पनि परिवर्तन हुँदै गएको पाइन्छ ।

**(उ) आधुनिक युग**

मानवतावादी दृष्टिकोणका कारण असामान्य व्यवहार सम्बन्धी परम्परित मान्यताप्रति मानिसहरूको विश्वास घट्दै गइरहेको अवस्था र भौतिक शास्त्र, रसायन शास्त्र, चिकित्सा शास्त्र, प्राणी शास्त्र, सामाजिक शास्त्र आदि विज्ञानको विकासले आधुनिक युगको प्रारम्भ भएको पाइन्छ । यस युगमा असामान्य मनोविज्ञानलाई हेर्ने तीन प्रकारको दृष्टिकोण विकास भएको देखिन्छ । जसलाई निम्न लिखित शीर्षकमा चर्चा गर्ने प्रयास गरिएको छ ।

१) दैहिक दृष्टिकोण

२) मनोवैज्ञानिक दृष्टिकोण

३) मनोदैहिक दृष्टिकोण

**(१) दैहिक दृष्टिकोण**

यस दृष्टिकोण अनुसार शारीरिक रोग जस्तै मानसिक रोग पनि एक प्रकारको रोग हो । यस युगमा जसरी शरीरको कुनै एक अंगमा रोग लाग्दा शरीर रोगी हुन्छ, त्यसरी नै अंग विशेषमा रोग लाग्नाले मानसिक रोग उत्पन्न हुन्छ भन्ने दृष्टिकोण विकास भएको पाइन्छ । यस दृष्टिकोणले विशेषतः मस्तिष्क विकृतिलाई असामान्य व्यवहारको कारक मान्दछ (ज्ञवाली, २०६३ : ४२) । दैहिक विकृति अर्थात् मस्तिष्क विकृतिलाई असामान्य व्यवहारका कारक मान्दै लक्षणहरूका आधारमा असामान्य व्यवहारलाई वर्गीकरण गर्ने विद्वन्हरूमा हेलर, विलहेम ग्रीसिङ्गर, एमिल क्रेपलिन, क्याफ्ट एबिङको नाम अगाडि आउँदछ । यी विद्वन्हरूले असामान्य मनोविज्ञान सम्बन्धी व्यक्त गरेका नवीन धारणाबाट असामान्य व्यक्तिमाथि गरिने अमानवीय व्यवहारको रूप सहानुभूति एवम् करुणाले लिएको पाइन्छ ।

**(२) मनोवैज्ञानिक दृष्टिकोण**

दैहिक कारणबाट सबै खाले असामान्य व्यवहारलाई व्याख्या गर्न कठिन भएपछि मनोवैज्ञानिक दृष्टिकोणको विकास भएको देखिन्छ । यो दृष्टिकोणले असामान्य व्यवहारका कारण देहलाई नमानी मान्छेको मनमा विभिन्न कारणबाट उत्पन्न हुने प्रतिबल, कुण्ठा, द्वन्द्व, तनाव आदिलाई मान्दछ (सुलेमान र तौवाब, २००४ : ५७) । असामान्य व्यवहार मनोवैज्ञानिक कारणबाट उत्पन्न हुन्छ भन्ने विद्वान्हरू थुप्रै

भेटिन्छन् । ती मध्ये केही विद्वन्हरूको चर्चा गर्ने प्रयास तल गरिएको छ ।

**(क) एफ.एन्टन मेस्मर**

मनोवैज्ञानिक दृष्टिकोणको आरम्भ एफ.एन्टन मेस्मरले उन्माद र सम्मोहनका बारेमा गरेको अनुसन्धानबाट भएको पाइन्छ (ज्ञवाली २०६३ : ४२) । मेस्मरले परसेल्सस र हेलमान्टबाट प्रभावित भई प्राणी चुम्बकत्त्वको विकास गरेका हुन् । उनका अनुसार मानव मस्तिष्कमा अनेक ग्रहको प्रभाव एक प्रकारको चुम्बकीय प्रवाहका रूपमा पर्ने गर्छ । जसले शरीरमा एक प्रकारको तरङ्ग उत्पन्न गर्छ र त्यो शरीरमा वितरण हुन्छ । जब मानव शरीरमा तरङ्ग वितरणमा कमी आउँछ मानवमा असामान्य व्यवहार देखा पर्दछ । यसैले उनले यस रोगको उपचारका लागि विशेष प्रकारको धातु चुम्बकको प्रयोग गरेका छन् । उनको यस उपचार विधिलाई मेस्मरिज्म भनिएको पाइन्छ (कोलम्यान, १९७६ : ५३) । उनको यस विधि केही समय पछि सम्मोहन विधिको रूपमा विकसित भएको पाइन्छ ।

**(ख) जीन मर्टिन सार्को**

असामान्य व्यवहार सम्बन्धी मनोवैज्ञानिक दृष्टिकोणको विकासमा शार्कोको महत्त्वपूर्ण योगदान रहेको छ । फ्रान्सका स्नायुरोग विशेषज्ञ शार्कोले उन्माद रोगीको अध्ययन गरी सम्मोहन विधिद्वारा रोगीको उपचार सफलता साथ गरेको पाइन्छ (श्रीवास्तव र अन्य, १९९६ :३७) । उनको यस प्रयोगलाई जैन र फ्रायडले अगाडि बढाएका हुन् ।

**(ग) पियर जैन**

शार्कोका शिष्य जैन फ्रान्सका एक प्रसिद्ध मनोचिकित्सक हुन् । उनले  परा-मनोविज्ञान सम्बन्धी विविध अनुसन्धान गर्नुको साथै मनः स्नायुविकृति सम्बन्धी नयाँ सिद्धान्त प्रस्तुत गरी त्यसलाई तनाव सिद्धान्तको संज्ञा दिएका छन् । उनले तनावलाई एउटा उर्जाको रूपमा प्रस्तुत गर्दै उर्जाको स्तर घट्दै जाँदा मानिसमा असामान्य व्यवहार देखा पर्दछ भनेका छन् (सुलेमान र तौवाब २००४ : ५८) । उनको यस कार्यले मनोवैज्ञानिक दृष्टिकोणको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

**(घ) सिग्मण्ड फ्रायड**

मनोविश्लेषणात्मक सिद्धान्तकका प्रतिपादक फ्रायड हुन् । मनोविज्ञानको क्षेत्रमा यसको उद्भव समाजशास्त्र, दर्शनशास्त्र, विज्ञानका प्रयोगशाला आदिबाट नभएर चिकित्सा कार्यबाट सन् १९०० तिर भएको हो । यस सिद्धान्त अनुसार असामान्य व्यवहारको विकास यौन आवश्यकता, भोक आवश्यकता आदि जस्ता जैविक आवश्यकताको पूर्ति व्यक्तिले आफ्नो इच्छा पूर्वक गर्न खोज्छ । त्यसमा समाजले विभिन्न सामाजिक मूल्य मान्यता देखाई पूरा गर्न रोक लगाउँदा उत्पन्न हुने द्वन्द्वका कारण प्रतिबल उत्पन्न हुन्छ । यही प्रतिबल असामान्य व्यवहारको कारण बन्दछ (सुलेमान र तौवाब, २००४ : ६४) । मनोविश्लेषणको सहयोगबाट फ्रायडले असामान्य व्यवहारको व्याख्या मूल रूपमा कामशक्तिका आधारमा

गरेका छन् । उनले कामशक्तिको प्रयोग संकुचित रूपमा नगरी व्यापक रूपमा गरेको पाइन्छ । उनी भन्दछन्: कामशक्ति अन्तर्गत लैङ्गिक प्रेम, आत्मप्रेम, आमा-बुवा प्रतिको प्रेम, भाइ-बहिनी बिचको प्रेम, बच्चा प्रतिको प्रेम, साथी प्रतिको प्रेम, मानवता प्रतिको प्रेमका साथै जन्मस्थान प्रतिको प्रेम, देश प्रतिको प्रेम, कला, विचार आदि जस्ता निर्जीव पदार्थ आदि जस्ता सबै प्रकारको प्रेम पर्दछन् ( सुलेमान र तौवाब, २००४ : ५९) । यस्ता प्रकारका कामशक्तिहरू विविध कारणले पूरा हुन नसक्दा मनको अचेतन मनका दबेर रहन्छ र चेतनमा प्रकट हुनका लागि निरन्तर प्रयासरत रहन्छ । प्रतिबन्धकका कारण छदम् रूपमा विभिन्न मनोरचनाद्वारा आफ्नो इच्छा परिपूर्ति गर्दछ । सपना, यौन विकृति, विभिन्न प्रकारका मानसिक विकृति दमित इच्छाको छदम् अभिव्यक्ति हुन् ।

यसरी फ्रायडले असामान्य व्यवहारको व्याख्या जैविक आवश्यकताको सन्तुष्टिका कारण उत्पन्न मनोद्वन्द्वका आधारमा गरेको पाइन्छ । उनी पछिका कतिपय विद्वान्हरूले यस मान्यतालाई स्वीकारेका छन् भने कतिपयले अस्वीकार गर्दै असामान्य व्यवहारको विकासमा व्यक्तिगत समस्या, हीनताको भावना, अन्तर्वैयक्तिक द्वन्द्व, सामाजिक-सांस्कृतिक पक्ष, जैविक र सांस्कृतिक पक्ष आदिका कारण उत्पन्न हुने कुरामा जोड दिएका छन् । यसरी फ्रायडका केही मान्यतालाई स्वीकार्दै र केही मान्यताप्रति विमति जनाउँदै आफ्नो दृष्टिकोण व्यक्त गर्ने मनोविद्हरूलाई नव फ्रायडवादीको संज्ञा दिएको पाइन्छ । जसका कार्यहरूको चर्चा गर्ने प्रयास तल गरिएको छ ।

**(ङ) अल्फ्रेड एडलर**

अस्ट्रियाका नागरिक अल्फ्रेड एडलर( १९७०-१९३७) फ्रायडका चेला हुन् । उनले जीवनको मूल उत्प्रेरक शक्ति काम वृत्ति हुन्छ भन्ने फ्रायडको विचारप्रति असहमति जनाउँदै जीवनको मूल प्रेरक शक्ति अस्तित्वका लागि संघर्ष हो भनेका छन । उनका अनुसार मानिसहरू कुनै न कुनै प्रकारले हीन रहन्छन् फलस्वरूप उच्चता प्राप्तिका लागि संघर्ष गर्दछन् (रेग्मी, २०४० : १०) । उनको यस दृष्टिकोणलाई वैयक्तिक मनोविज्ञानको नामले चिनिन्छ । उनले व्यक्तित्वको विकासको चर्चा गर्ने क्रममा जीवन शैली, हीनताग्रन्थि, उच्चताग्रन्थि, सामाजिक रुचि आदिको व्याख्या, विश्लेषण गरेका छन् (बराल २०६८ : ५६) ।

**(च) कार्ल गुस्ताभ युङ्ग**

युङ्ग फ्रायडका शिष्य हुन् । यिनले मनोविश्लेषणलाई भियना बाहिर परिचित गराउन उल्लेखनीय भूमिका खेलेको पाइन्छ । १९०३ देखि १९१३ सम्म फ्रायडसँग बसेर काम गरेका युङ्गले फ्रायडको यौन सिद्धान्तसँग असहमति जनाउँदै सन् १९१२ मा फ्रायडसँग छुट्टिई विश्लेषणात्मक मनोविज्ञानको स्थापना गरेको पाइन्छ (घर्ती, २०६७ : ३७) । उनले यस सिद्धान्तमा फ्रायडको अचेतन मन सम्बन्धी दृष्टिकोणलाई स्वीकार्दै व्यक्तिको व्यवहारमा फ्रायडले भनेझैं दमित यौनको मात्र प्रभाव नपरी वैयक्तिक एवम् सामूहिक अचेतनमा दमित इच्छाको पनि प्रभाव पर्दछ भन्ने राय प्रकट गरेका छन् (बराल, २०६८ : ७०) । यिनले चेतन र अचेतन मनको बृहत् रूपमा विश्लेषण गरेका छन् । यिनका अनुसार मुकुण्डो (पर्सोना)

व्यक्तित्वको रक्षक हो जुन सामाजिक र चेतन हुन्छ । अचेतनमा व्यक्तिगत अचेतन, समुह अचेतन, छाया (पशुताको अवशेष), र संस्कार आदिको प्रतिमा रहन्छ भन्दै व्यक्तिहरूको मनोविश्लेषण गर्दा यस्ता कुराहरूमा ध्यान दिनु पर्नेमा जोड दिएको देखिन्छ । यसै गरी युङ्गले जन्म-मृत्यु, सुख-दुःख, राम्रा-नराम्रो, प्रेम-घृणा, चेतन-अचेतन, हर्ष-विषाद, क्रोध र शान्ति, अन्तर्मुखता र बहिर्मुखता आदि जस्ता विपरीतताको समन्वयलाई जीवन मानेका छन् भने तीव्र संवेगात्मक विचारहरूको जटिल एकीकरणलाई मनोग्रन्थि मानेका छन् । साथै उनले व्यक्तित्वका विभिन्न घटक जस्तैः अहम् र छाया, मुकुण्डो र पुरुष वा नारी संस्कार प्रतिमा एवम् मुकुण्डो छायाको बिचमा संघर्ष उत्पन्न भएमा व्यक्तिमा असामान्य व्यवहार देखा पर्दछ भनेका छन् (रेग्मी, २०४० : १०) । यसका अतिरिक्त युङ्गले फ्रायडको स्वप्न सिद्धान्तको पनि खण्डन गरेका छन् । उनका अनुसार सपनाको सम्बन्ध कामुकतासँग मात्र नरहेर अकामुक र नैतिक इच्छासँग पनि सम्बन्धित रहन्छ । साथै यो विगत अनुभूतिसँग मात्र सम्बन्धित नरही वर्तमान र भविष्यसँग पनि उत्तिकै रहन्छ (सुलेमान र तौवाब, २००४ : ६०) । युङ्गका मनोविज्ञान सम्बन्धी यी कार्यले व्यक्तिको असामान्य व्यवहारको अध्ययन गर्न थप मद्दत पुऱ्याएको छ ।

**(छ) करेन हर्नी**

करेन हर्नीले मनोविश्लेषण सिद्धान्तको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । कार्ल हब्राहमसँग मिलेर फ्रायडका सिद्धान्तको अध्ययन गरेकी हर्नीले फ्रायडका केही विचार प्रति प्रतिक्रिया जनाएकी छिन् । हर्नीले लिङ्ग नभएका कारण नारीहरू आफूलाई हीन अनुभव गर्दछन् र मनोरोगीको शिकार बन्दछन् भन्ने फ्रायडको दृष्टिकोणप्रति विमति जनाउँदै त्यसको जवाफमा पुरुषहरू गर्भाशयको अभावमा नारीले भन्दा बढी हीनताको अनुभव गर्दछन् र मनोरोगीको शिकार हुन्छन् भनेकी छिन् । यसका साथै उनले छोरा आमाप्रति आर्कषित र छोरी बाबु प्रति आर्कषित हुनुको कारण यौन ईर्ष्या नभई बाबुआमा र छोराछोरी बिचको सम्बन्धको प्रतिफल हो भनेकी छिन् (बराल २०६८ : १०७) । हर्नीले व्यक्तित्व विकासमा सामाजिक र सांस्कृतिक पक्षले प्रभाव पार्नेमा पनि जोड दिएकी छिन् (घर्ती, २०६७ : ५२) । उनको यी विचारहरूले असामान्य मनोविज्ञानको क्षेत्रमा नयाँ आयाम थपिएको देखिन्छ ।

**(ज) एरिक फ्रम**

एरिक फ्रमको पनि फ्रायडका केही दृष्टिकोण प्रति असहमति रहेको पाइन्छ । उनले फ्रायडको जैविक तत्त्वको स्थानमा सामाजिक तत्त्वलाई महत्त्व दिएका छन् । मान्छेका राम्रा या नराम्रा स्वभाव जैविक रूपमा प्रदत्त मानवीय स्वभाव नभई सामाजिक-सांस्कृतिक प्रक्रियाका परिणाम हुन् भनेका छन् ( घर्ती, २०६७ : ५३) । उनको यस दृष्टिकोणले मानवीय स्वभावको उत्पादनमा सामाजिक-सांस्कृतिक पक्षको भूमिका महत्त्वपूर्ण रहने बताएको छ ।

**(झ) हेरी स्टेक सलिभन**

आयुर्विज्ञानका विद्यार्थी सुलिभनले फ्रायडका यौन सम्बन्धी विचारलाई अस्वीकार गर्दै मनोलैङ्गिक विकासको केही अवस्थालाई मात्र स्वीकारेका छन् । उनले मानवका प्रेरणाका जैविक र सांस्कृतिक गरी दुई स्रोत हुन्छन । यी दुई आवश्यकताको पूर्ति सामाजिक मूल्य मान्यता अनुसार गर्नु पर्दछ भनेका छन् । उनले यस प्रेरणालाई सुरक्षा आकंक्षाको नाम दिएका छन् (घर्ती, २०६७ : ५३) । यसका साथै सुलिभनले व्यक्तित्वको व्याख्या अन्तर्वैयक्तिक सम्बन्धका आधारमा गरेका छन् । उनका अनुसार बालकले सही या गलतको ज्ञान बाल्यावस्थामा आमा बाबुबाट दिइने दण्ड तथा पुरस्कारकाबाट प्राप्त गर्दछ (सुलेमन र तौवाब, २००४ : ६२) । सुलिवनको व्यक्तित्व सम्बन्धी दृष्टिकोण अरूको भन्दा फरक देखिन्छ ।

**(३) मनोदैहिक युग**

विज्ञान प्रविधिको विकाससँगै असामान्य मनोविज्ञान सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान भएको पाइन्छ । वर्तमानमा दम, रक्तचाप, टाउको सम्बन्धी रोग, पेट सम्बन्धी रोग, छाला सम्बन्धी रोग मनोवैज्ञानिक कारणबाट पनि उत्पन्न हुन सक्छ भन्ने कुरा विभिन्न विद्वान्हरूद्वारा गरिएको अनुसन्धानबाट पुष्टि भएको  पाइन्छ । अमेरिकी साइकोलोजीकल एसोसियसनले शारीरिक रोगको विकास मानसिक संवेगबाट पनि हुन्छ भन्दै दश प्रकारका शारीरिक रोगको उल्लेख गरेको पाइन्छ ( कोलम्यान, १९७६ : २६८) ।  यसरी यस युगमा असामान्य व्यवहारलाई हेर्ने नवीन दृष्टिकोणको विकास भएको देखिन्छ । अमेरिकी विद्वन् एडल्फ मेयरले असामान्यताका कारण शारीरिक र मानसिक दुवै पक्षको हात रहने बताएका छन् (ज्ञवाली, २०६३ : ४८) । यसै गरी डाक्टर कार्ल मन्जिरले पनि भौतिक एवम् रासायनिक तत्त्व जत्तिकै मनोवैज्ञानिक तत्त्व महत्त्वपूर्ण र प्रभावशाली रहने बताएका छन् (सुलेमान र तौवाब, २००४ : ६२) । उनीहरूको यस दृष्टिकोणले असामान्य व्यवहार  अर्थात् मानसिक रोगको उत्पत्ति शारीरिक र मानसिक दुवै कारणबाट हुनेमा जोड दिएको देखिन्छ ।

यसरी पाषाण युगमा दैहिक विकृतिका कारण उत्पन्न मानिएको असामान्य व्यवहारले प्राकृतिक युगमा आइपुग्दा हिपोक्रेटस, प्लेटो, अरस्तु, गेलेन आदि जस्ता विद्वन्हरूका कारण मानसिक रोगको रूपमा मान्यता पाएको देखिन्छ भने मध्ये युगमा पुगेपछि पुनः परम्परावादी सोचाइतर्फ फर्किएको देखिन्छ । मानवतावादी युगमा आएपछि असामान्य व्यवहार सम्बन्धी त्यस्ता अतार्किक, अवैज्ञानिक मान्यताहरूको स्थान वैज्ञानिक मान्यताहरूले लिँदै गएको देखिन्छ । पैरासेल्स, जे.वयर, फिलिप पिनेल, विलियम ट्युक, बेनजामिन रस, डिरोथिया डिक्स जस्ता विद्वान्हरूले असामान्य व्यक्तिहरू माथि हुँदै आएको अमानवीय व्यवहारप्रति विरोध प्रकट गर्दै त्यस्ता रोगीहरूलाई पनि अन्य रोगीहरू जस्तै मानवीय व्यवहार गर्नु पर्नेमा जोड दिएको पाइन्छ । मानवतावादी युगपछि आधुनिक युगको प्रारम्भ भएको देखिन्छ । यस युगमा असामान्य व्यवहारलाई हेर्ने दैहिक, मनोवैज्ञानिक र मनोदैहिक जस्ता नवीन दृष्टिकोण प्रतिपादित भएका छन् । यस युगमा विलिहेम ग्रिसिंगर, एमिल क्रेपलिन जस्ता विद्वन्हरूले

मानसिक रोगका कारण मस्तिष्क विकृतिलाई मान्दै दैहिक दृष्टिकोण अगाडि सारेको पाइन्छ भने एफ.एन्टन, मेस्मर, जीन मर्टिन शार्को, पीयर जैन, सिग्मड फ्रायड, एडलर, युङ्ग जस्ता मनोविद्हरूले विभिन्न कारणबाट मान्छेको मनमा उत्पन्न प्रतिबल, कुण्ठा, द्वन्द्व, तनाब आदिले असामान्य व्यवहार उत्पन्न हुन्छ भन्ने कुरामा जोड दिएको पाइन्छ । मनोदैहिक युगमा आइपुगेपछि असामान्यताको उत्पत्ति शारीरिक र मानसिक दुवै कारणबाट हुन सक्ने हुँदा रोगीको उपचारका लागि उसको जैविक, मनोवैज्ञानिक, सामाजिक-सांस्कृतिक पक्षको बारेका अध्ययन गर्नु पर्दछ भन्ने मान्यता अगाडि आएको देखिन्छ । यसरी प्राचीन युगमा अवैज्ञानिक अन्धविश्वासी मान्यताबाट प्रारम्भ भएको असामान्य व्यवहार सम्बन्धी मान्यता वर्तमानमा आइपुग्दा असामान्य मनोविज्ञानको रूपमा चिनिन्छ ।

## २.७ असामान्य व्यवहारका सैद्धान्तिक आधार

असामान्य मनोविज्ञान मनोविज्ञानका एउटा शाखाको रूपमा मानिएको असामान्य व्यवहारको अध्ययन गर्ने विज्ञान हो । यसले असमायोजनीय व्यवहार, विघटित व्यक्तित्व र असामाजिक व्यवहारको अध्ययन गर्दछ । यस अन्तर्गत व्यक्तिको असामान्य व्यवहार, त्यसका कारक तत्त्व र उपचार पद्धति पर्दछन् । यिनीहरूको व्याख्याका आधारहरूका सम्बन्धमा विद्वन्हरूले विभिन्न प्रकारका सैद्धान्तिक नमूनाहरूको चर्चा गरेको पाइन्छ । ती मध्ये प्रमुख सैद्धान्तिक नमूनाहरूको चर्चा गर्ने प्रयास यहाँ गरिएको छ ।

- मनोगतिक सिद्धान्त
- व्यवहारवादी सिद्धान्त
- संज्ञानात्मक सिद्धान्त

### २.७.१ मनोगतिक सिद्धान्त

मनोगतिक सिद्धान्तका प्रतिपादकहरू असामान्य व्यवहारका कारण प्रतिबललाई मान्दछन् । उनीहरूले प्रतिबललाई असामान्य व्यवहारका कारण माने पनि तिनीहरूमा प्रतिबल उत्पन्न हुने कारण सम्बन्धमा भने मतभेद रहेको पाइन्छ । यसैले मनोगतिक सिद्धान्तका दुई भेद रहेको पाइन्छ । अ) मनोविश्लेषणात्मक सिद्धान्त र आ) नव-फ्रायडवादी सिद्धान्त । जसको चर्चा गर्ने प्रयास तल गरिएको छ ।

(अ) **मनोविश्लेषणात्मक सिद्धान्त**

मनोविश्लेषणात्मक सिद्धान्तका प्रतिपादक फ्रायडको जन्म चेकोस्लोभाकियाको फ्रिडवर्गमा ६ मे, १८५६ मा भएको हो । उनी पेशाले चिकित्सक हुन् । सन् १८८५ मा पेरिस गई सार्कोको उपचार पद्धतिको अध्ययन गर्ने मौका पाएका फ्रायडले भियना फर्केपछि सम्मोहन विधिद्वारा स्नायु रोगीको उपचार गरेको पाइन्छ । यस विधिबाट बिरामी पूर्ण रूपमा स्वस्थ हुन नसके पछि उनी पुनः फ्रान्स फर्केका छन् । त्यस समयमा फ्रान्समा प्रोफेसर बर्नहिमको नान्सी स्कूल सम्मोहन प्रयोगका दृष्टिले प्रसिद्ध मानिन्थ्यो (

शर्मा र लुइटेल, २०६१ : १६८) । फ्रायडले त्यहाँ बर्नहिमको सम्मोहन विधि अध्ययन गरे । बर्नहिमले सम्मोहनको अवस्थामा रोगीहरूलाई विभिन्न आदेश दिन्थे र ती आदेशहरू पालना हुन्थ्यो । तर बिरामीहरू किन आदेशहरू पालना गर्दछन् भन्ने कुरा नत बर्नहिमलाई थाहा हुन सक्यो न त बिरामीले नै थाहा पाए । बर्नहिमले यसरी अचेतन स्मृतिसँग चेतन स्मृतिको सम्बन्ध स्थापित गरेपछि फ्रायडले बिरामीको सही उपचारका लागि रोगीका अचेतन मनमा दमित कारणहरू जान्नु पर्ने आवश्यकताको खुलासा गरेको पाइन्छ (घर्ती, २०६७ : ४) । फ्रान्सबाट भियना फर्केपछि फ्रायडले जोसेफ ब्रुअरसँग मिलेर काम गर्न थालेका छन् । त्यस समय ब्रुअरले उन्माद रोगीलाई नयाँ सम्मोहन पद्धतिबाट उपचार गर्दथे । उनी बिरामीलाई स्वतन्त्र रूपमा आफ्नो समस्या भन्न लगाउँथे जसले गर्दा बिरामीहरू आफूलाई हलुका महसुस गर्दथे । विशेष गरी महिला उन्माद रोगीहरूको उपचारका लागि प्रयोग हुँदै आएको यस विधिबाट उपचारका क्रममा रोगीले चिकित्सकसँग प्रेम गर्न थालेपछि समस्या उत्पन्न हुन थाल्यो । यसै कारण ब्रुअर र फ्रायड दुवैले यस विधिलाई परित्याग गरे । त्यस पछि फ्रायडले जागृत अवस्थामा नै स्वतन्त्र साहाचर्य विधिद्वारा बिरामीलाई आफ्ना कुरा व्यक्त गर्न लगाई ती कुराहरूको विभिन्न आधारमा विश्लेषण गर्ने कार्य गरेको पाइन्छ । जसलाई उनले सन् १८९६ मा मनोविश्लेषण नाम दिएका छन् (बराल २०६८ : ४) । फ्रायडका मनोविश्लेषण सिद्धान्त अनुसार असामान्य व्यवहारको विकासमा यौन आवश्यकता, भोक आवश्यकता आदि जस्ता जैविक आवश्यकताको हात हुन्छ । ती कार्यप्रति समाजले प्रतिबन्ध लगाउँदा व्यक्तिमा तनाब उत्पन्न हुन्छ र त्यही तनाब असामान्य व्यवहारका कारक बन्दछ (सुलेमान र तौवाब, २००४ : ६४) । फ्रायडले असामान्य व्यवहारलाई निम्न लिखित आधारमा विश्लेषण गरेको पाइन्छ ।

क) मूल प्रवृत्तिको सिद्धान्त
ख) मनको सिद्धान्त
ग) मानसिक मनोनियतिवाद
घ) मनोलैङगिक विकासको सिद्धान्त
ङ) मानसिक अन्तर्द्वन्द्वको सिद्धान्त
च) मनोरचनाको सिद्धान्त
छ) स्वप्न सिद्धान्त
ज) दैनिक जीवनका गल्तीहरूको सिद्धान्त

**(क) मूल प्रवृत्तिको सिद्धान्त**

फ्रायडले मूल प्रवृत्तिलाई मनोविश्लेषणको मुख्य आधारका रूपमा मानेका छन् । मूल प्रवृत्ति भनेको परम्परागत वा जन्मजात रहने मनोशारीरिक प्रवृत्ति हो । प्राणीशास्त्रबाट प्रेरित यस प्रवृत्तिलाई उनले दुई किसिमबाट हेरेका छन् ।

**जीवनमूल प्रवृत्तिः** यसलाई रचनात्मक मूल प्रवृत्ति पनि भन्ने गरेको पाइन्छ । फ्रायडले यस प्रवृत्तिलाई प्रेममूल प्रवृत्ति भनेका छन् । मान्छेले बाँच्नका लागि गर्ने प्रेम, मित्रता, आकर्षण, अनुराग, आसक्ति, यौन, प्रजनन् आदि कार्य जीवनमूल प्रवृत्ति हुन् । यी सबै कार्यहरू जीवनमूल प्रवृत्तिको प्रेरणाले गर्दा नै हुन्छन् । यसलाई पनि फ्रायडले अहम् र यौन गरी दुई भागमा वर्गीकरण गरेका छन् (शर्मा र लुइटेल २०६१ : १७१) । जीवनमूल प्रवृत्तिले मान्छेलाई आफ्नो लक्ष्यतर्फ गतिशील तुल्याउँदछ ।

**मृत्युमूल प्रवृत्तिः** मान्छेले विनाश, ध्वंस, हत्या, हिंसा, हानि, आदि उद्देश्यले गर्ने घृणा, क्रोध, युद्ध, झगडा, हमला, हत्या, आत्महत्या आदि कार्यलाई मृत्युमूल प्रवृत्ति भनिन्छ । यो सिद्धान्त मूलतः परपीडन र स्वपीडनको अध्ययनबाट लिइएको हो (घर्ती, २०६७ : १४) । यसलाई कतिपय विद्वन्हरूले मृत्युशक्ति र कतिपयले आक्रामक प्रवृत्ति भन्ने गरेका छन् । जीवनमूल प्रवृत्ति र मृत्युमूल प्रवृत्ति परस्पर दुई विरोधी प्रवृत्ति हुन् । जीवनमूल प्रवृत्ति प्रेम तथा जीवनमुखी हुन्छ भने मृत्युमूल प्रवृत्ति मृत्युमुखी हुन्छ । हरेक मान्छेमा यी दुई प्रवृत्ति रहेको पाइन्छ ।

### (ख) मनको सिद्धान्त

फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्त मानव मनको अध्ययन, अन्वेषण र विश्लेषण गर्ने विज्ञानको रूपमा प्रसिद्ध छ । मनको अर्थ मानस, चित्त, मनोभाव आदि हुन् । मनका विविध अर्थ भए तापनि मनोविज्ञानमा यसको प्रयोग अन्तरात्मा, स्व वा व्यक्तिसँग सम्बन्धित रहन्छ । फ्रायडले प्रत्येक व्यक्तिको मूलमा अन्तरात्मा हुने हुँदा व्यक्तिको विकास संगठित रूपमा हुन्छ भनेका छन् (सिन्हा र मिश्र, १९८७ : ८६) । मन अमूर्त हुँदा हुँदै पनि यसको अध्ययन सम्भव हुन्छ । तसर्थ फ्रायडले मनलाई **गत्यात्मक पक्ष र आकारान्त पक्ष** गरी दुई भागमा वर्गीकरण गरेका छन् ।

### १. मनको गत्यात्मक पक्ष

फ्रायडले यसलाई दुई अर्थमा व्याख्या गरेका छन् । संघर्ष उत्पन्न गर्ने अभिकर्ता र संघर्ष समाधान गर्ने अभिकर्ता (सुलेमान र तौवाब, २००४ : ७५) । यसको तात्पर्य व्यक्तिको गत्यात्मक मनमा इदम् र पराअहम्को विरोधी स्वरूपका कारण मानसिक संघर्ष उत्पन्न हुन्छ भने अहम्को यर्थाथवादी स्वरूपले त्यस संघर्षको समाधान गर्दछ । फ्रायडले गत्यात्मक मनलाई **इदम्, अहम् र पराअहम्** गरी तीन भागमा वर्गीकरण गरेका छन् ।

इदम् अङ्ग्रेजीको रूपान्तरित नेपाली शब्द हो । यसको उत्पत्ति ल्याटिन भाषाको ‘इट’ शब्दबाट भएको हो, जसको अर्थ ‘यो’ अर्थात् व्यक्तित्वको शारीरिक आधार भन्ने हुन्छ (रेग्मी, २०४० : ३) । यसमा सबै जन्मजात पैतृक गुणहरू पाइन्छन् । यसले सधैं सुखको चाहना राख्दछ । सुखका निमित्त यसले अनैतिक कार्य, असामाजिक कार्य, प्रतिकूल कार्य केहीको वास्ता गर्दैन, केवल सुखको मात्र कल्पना गर्दछ । यो पूर्णतः अचेतन रहने हुँदा जीवनको वास्तविकतासँग अनभिज्ञ रहन्छ । हरेक परिस्थितिमा केवल सुखवादको नीतिलाई आत्मसात् गरेर हिँड्ने हुनाले सुखको विरुद्ध कुनै प्रकारको सम्झौतामा यसले

विश्वास  गर्दैन । तसर्थ यो द्वन्द्व वा संघर्षबाट मुक्त रहन्छ । यसको सम्बन्ध वर्तमानसँग मात्र रहने हुँदा भविष्य उन्मुखताको अभाव यसमा रहन्छ (सुलेमान र तौवाब, २००४ : ७८) । यसमा जीवनमूल प्रवृत्ति र मृत्युमूल प्रवृत्ति दुवै समाविष्ट हुन्छन् । जसका कारण व्यक्तिमा रचनात्मक र विध्वंशात्मक दुवै खालका व्यवहार देखा पर्न सक्छ ।

अहम्को विकास मानवमा जन्म पश्चात वातावरणमा घुलमिल भएपछि हुन्छ । फ्रायडका अनुसार बालकले पहिलो पटक निराशाको अनुभव आमाले कुनै कारण दूध खुवाउन छुटाउँदा वा भाइबहिनीको जन्म पश्चात गर्दछ (सुलेमान र तौवाब, २००४ : ७९) । यसमा चेतना हुने हुँदा समयको अनुकूलता हेरी इदम्को छाडा इच्छाहरूलाई सन्तुष्ट पार्ने प्रयास गर्दछ भने प्रतिकूलमा दमन गर्दछ । यो वास्तविकताको नियमद्वारा निर्देशित हुन्छ । यसले इदम् र पराअहम् बिच सन्तुलन कायम गर्दछ । यदि यसले इदम् र पराअहम् बिच सन्तुलन कायम गर्न सकेन भने मान्छे मानसिक रोगी बन्दछ ।

पराअहम् मनको तेस्रो भाग हो । यो मानवमा जन्मजात रहँदैन । नैतिक शिक्षाको कारणबाट मात्र यसको विकास हुन्छ । फ्रायड र अन्य मनोविश्लेषकका अनुसार बच्चा ३-४ वर्षको भएपछि घर परिवारका मान्छेले बच्चालाई नैतिक शिक्षा दिने हुँदा उसमा सही र गलत छुट्याउने शक्तिको विकास हुन्छ, यसैका साथ पराअहम्को विकास हुन्छ (सुलेमान र तौवाब, २००४ : ८२) । यसले नैतिक व्यवहार गर्नमा मात्र जोड दिन्छ । यदि अनैतिक कार्य गरिहाल्यो भने पनि पश्चात्ताप गर्न लगाउँछ । यो यथार्थवादी नहुने हुँदा समयानुकुल चल्न दिदैन । तसर्थ सम्भव वा असम्भव जस्तोसुकै परिस्थितिमा पनि नैतिक कार्य गर्न बाध्य पार्दछ । यसो हुँदा कतिपय स्थितिमा अर्काको भलाइका लागि आफ्नो जीवन दाउमा लगाउन बाध्य तुल्याउँछ । यसैले पराअहम्लाई व्यक्तिभित्रको देवता मानिन्छ । यसको यसै देवत्त्व प्रवृत्ति इद भावसँग असमञ्जस भएपछि व्यक्तिमा तनाब सिर्जना हुन्छ ।

इदम्ले वातावरणको वास्तविकता र समाजका प्रतिबन्धहरूलाई वास्ता नगर्ने हुँदा यो जैविक पक्षसँग सम्बद्ध छ भने अहम्ले सामञ्जस्य स्थापित गरी मानवलाई समाज अनुकूल बनाउने हुँदा यो मानसिक पक्षसँग सम्बद्ध देखिन्छ साथै पराअहम्ले आदर्श एवम् मानकका प्रतिकूल हुन नदिने हुँदा सामाजिक पक्षसँग सम्बद्ध मानिन्छ ।

**२. मनको आकारात्मक पक्ष**

यसले संघर्ष वा द्वन्द्व घटित हुने स्थललाई बुझाउँछ । फ्रायडले गत्यात्मक पक्षका इद, अहम् र पराअहम्का बिच हुने संघर्षको कार्य थलो आकारात्मक पक्षका चेतन, अवचेतन र अचेतन मनलाई मानेका छन् (शर्मा र लुइटेल, २०६१ : १७२ ) । उनका अनुसार मनका तीन पक्ष हुन्छन् ।

- चेतन
- अवचेतन
- अचेतन

**चेतन मनः** मनको सबैभन्दा सानो भाग चेतन मन हो । हिमशैलको थोरै भाग पानीबाट बाहिर

रहेझैं चेतन मनको भूमिका जीवनमा अत्यन्त थोरै हुन्छ (बराल, २०६८ : ६५) । चेतन मन तात्कालीन ज्ञानसँग सम्बद्ध रहन्छ । यो क्षणिक हुन्छ भने यसको सम्बन्ध अहम्सँग हुन्छ । चेतनले प्राप्त गरेको ज्ञान अवचेतन र अचेतनमा स्मृतिका रूपमा सुरक्षित रहन्छ । यसलाई व्यक्तिगत, नैतिक, सामाजिक र सांस्कृतिक आदर्शको भण्डार मानिन्छ । चेतन मनले असामाजिक र अनैतिक इच्छामा प्रतिवाद गरेपछि द्वन्द्वको सिर्जना हुन्छ ।

**अवचेतन मनः** चेतन र अचेतनको बिचको भागमा अवचेतन मन रहेको हुन्छ । फ्रायडले मनको तुलना समुद्रमा बग्दै गरेको हिमशैलसँग गरेका छन् । उनले समुद्रको देखिने भागलाई चेतन मन, पानी भित्र रहेको नदेखिने सबैभन्दा ठूलो भागलाई अचेतन र यी दुवै भागको बिचमा रहेको भाग जुन नजिकबाट मात्र देखिन्छ, त्यसलाई अवचेतनको संज्ञा दिएका छन् (शर्मा र लुईटेल, २०६१ : १७३) । अवचेतन मन यस्तो मन हो जसमा स्मरण पनि हुँदैन र पूरै बिर्सिसकेको पनि हुँदैन । अवचेतनलाई केही मिहिनेत गरेर चेतनामा ल्याउन सकिन्छ । यसर्थमा यसलाई स्मृतिको भण्डार मानिन्छ । यसलाई यसरी पनि भन्न सकिन्छ । हाम्रो अगाडि देखिने गरी राखेको वस्तु चेतनमा रहेको हुन्छ, खोज्दा देखिने गरी राखिएको वस्तु अवचेतनमा र खोज्दा सजिलै भेट्न नसकिने जसका लागि विशेष प्रक्रिया अपनाउनु पर्ने अचेतनमा रहेको हुन्छ (बराल, २०६८: १७) ।

**अचेतन मनः** अचेतन मन मनको सबैभन्दा ठूलो भाग हो । यसमा व्यक्तिको इच्छा र चाहनाहरू दमित भएर बसेको हुन्छ । जसको जानकारी केवल मनोवैज्ञानिक प्रविधिबाट मात्र सम्भव हुन्छ । पेजका अनुसार अचेतन मनका चाहनाहरूले स्वभाविक रूपमा चेतनमा प्रवेश नपाएपछि बोलाइका गल्ती, स्वैरकल्पना, स्वप्न, अन्तर्द्वन्द्व मानसिक लक्षणका रूपमा प्रकट हुन्छ (सुलेमान र तौवाब, २००४ : ८९) । ती लक्षणहरूको व्याख्या अचेतन मनको व्याख्या बिना असम्भव मानिन्छ ।

अचेतन मनको वैज्ञानिक ढंगबाट व्याख्या गर्ने व्यक्ति फ्रायड हुन् । उनको अचेतन मन सम्बन्धी व्याख्या पछि मात्र मानसिक रोगको व्याख्या सम्भव हुन गएको हो । यस कारण असामान्य मनोविज्ञानमा अचेतन मनको स्थान महत्त्वपूर्ण मानिन्छ ।

**(ग) मानसिक मनोनियतिवाद**

मनोनियतिवाद फ्रायडेली सिद्धान्तको एक आधार हो । नियतिवादलाई सामान्यतः कार्यकारणको सिद्धान्त मानिन्छ । यसले हामीले गर्ने हरेक व्यवहारको पछाडि कुनै न कुनै कारण लुकेको हुन्छ भन्ने मान्दछ । यसै आधारमा फ्रायडले मानसिक नियतिवाद अगाडि सारेका हुन । फ्रायडका अनुसार प्रत्येक घटनाहरू पूर्वघटित घटनाहरूद्वारा निर्धारित हुन्छ । रस्तोगी भन्छन् यस दृष्टिले मनोनियतिवाद कार्यकारण सिद्धान्त हो (घर्ती, २०६७ : २०) । फ्रायडले यदि कुनै व्यक्ति कार्य कारणको सम्बन्धलाई मान्दैन भने उसले संसार बारे विज्ञानका सम्पूर्ण मान्यतालाई उखेल्छ भनेका छन् (देवन्द्रकुमार अनु, १९८६ : २२) । यसरी फ्रायडले मानसिक नियतिवादप्रति आफ्नो समर्थन जनाएका छन् ।

### घ) मनोलैङगिक विकासको सिद्धान्त

फ्रायडले मनोविश्लेषात्मक सिद्धान्तमा कामशक्ति र यौनशक्तिलाई अत्यन्त महत्त्व दिई व्याख्या गरेका छन् । उनी मान्छेका उचित-अनुचित सम्पूर्ण व्यवहारमा कामशक्ति अर्थात् यौनशक्तिको भूमिका रहेको हुन्छ भन्दछन् (घर्ती, २०६७ : २१) । उनले यौनलाई व्यापक अर्थमा यसरी प्रस्ट्याएका छन्: प्राणीका ती सबै क्रियाकलाप यौन क्रियाभित्र पर्दछन् जसबाट व्यक्तिलाई सुख र सन्तोष प्राप्त हुनाका साथै मानसिक तनावबाट मुक्ति मिल्दछ (सिंह अनु, २०६४ : २७) । यसरी उनले यौनलाई संकुचित अर्थमा मात्र नहेरी व्यापक अर्थमा हेरेको पाइन्छ । फ्रायडका अनुसार व्यक्तिका व्यक्तित्व विकासमा यौनेच्छाको महत्त्वपूर्ण स्थान रहन्छ । यसको आधारशिला भनेको जीवनको प्रारम्भिक अवस्था हो । यसै अवस्थामा अत्याधिक अवरोधहरू आयो भने व्यक्तिका इच्छाहरू कुण्ठित हुन पुग्दछन् र भविष्यमा व्यक्तित्व विघटित भई विविध मानसिक विकृति उत्पन्न हुन्छ (घर्ती, २०६७ : २१) । यसर्थ मानव जीवनमा मनोलैङ्गिक विकासको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । फ्रायडले व्यक्तित्व विकासमा निम्न लिखित अवस्थाहरू देखाएका छन्:

१) मुखावस्थाः जन्मेदेखि १८ महिनासम्म

  क) चुस्ने अवस्थाः जन्मेदेखि ८ महिनासम्म

  ख) टोक्ने अवस्थाः ८ महिनादेखि १८ महिनासम्म

२) गुदावस्थाः ८ महिनादेखि ४ वर्षसम्म

  क) विसर्जनावस्थाः ८ महिनादेखि ३ वर्षसम्म

  ख) धारणावस्थाः १ वर्षदेखि ४ वर्षसम्म

३) लिङ्गप्रधानवस्थाः ३ वर्षदेखि ७ वर्षसम्म

४) सुषुप्तावस्थाः ५ वर्षदेखि १२ वर्षसम्म

५) जननेन्द्रियावस्थाः १२ वर्षदेखि २० वर्षसम्म (सुलेमान र तौवाब, २००४ : १९०) ।

मुखा अवस्थालाई मनोलैङ्गिक अवस्थाको पहिलो अवस्था मानिन्छ । यस अवस्थामा शिशुले चुस्ने र टोक्ने क्रियाबाट यौनानन्द प्राप्त गर्दछ (ज्ञवाली, २०६३ : १२७) । उमेरको बढाइ सँगै ती क्रियाहरूले परिमार्जित रूप लिन्छन् । उदाहरणको लागि चुरोट पिउनु, रक्सी पिउनु, पान खानु, चुम्बन गर्नु आदि शैशवावस्थाका चुस्ने र टोक्ने क्रियाका परिस्कृत र परिमार्जित रूप हुन् । ब्राउनका अनुसार यस अवस्थामा आमाले तिरस्कारपूर्ण व्यवहारले दूध छुटाएमा बच्चाको व्यक्तित्व विकासमा नकारात्मक असर पर्दछ साथै मातृरतिग्रन्थिको विकास पनि यसै अवस्थाबाट प्रारम्भ हुन्छ । बच्चा आठ महिना पुगेपछि अघिझैं स्तनपान गर्न पाउँदैन फलस्वरूप आफ्नो आक्रामक प्रवृत्तिलाई दाँतले आमाको स्तन टोकेर प्रकट गर्दछ । यसैले यसलाई टोक्ने अवस्थाको संज्ञा दिइएको हो । यस अवस्थामा पूर्ण रूपमा इदम् तथा अचेतन व्यवहार हुन्छ (घर्ती, २०६७ : २३) ।

मौखिक अवस्था पछि गुदावस्था प्रारम्भ हुन्छ । यस अवस्थामा शिशुले दिसापिसाब रोकेर वा विर्सजन गरेर लैङ्गिक सुख प्राप्त गर्दछ (श्रीवास्तव र अन्य, १९९६ : १९७) । यस अवस्थामा बालकले दिसापिसाबलाई फोहर अनुभव गर्दछ र त्यसबाट मुक्त हुन चाहन्छ भने कहिले काहीँ त्यसलाई आक्रामणको रूपमा पनि प्रयोग गर्दछ । शिशुले ओछ्यानमा वा अन्य अनुपयुक्त ठाउँमा मलमूत्र त्याग गर्नु यसैको उदाहरण हो (घर्ती, २०६७ : २३) ।

गुदावस्थाको दोस्रो चरणमा शिशुले दिसापिसाब रोकेर यौन सुख प्राप्त गर्दछ । यस अवस्थामा बच्चाले मलमूत्र फोहर वस्तु हो भन्ने जान्दछ भने अर्कोतर्फ त्यसलाई मूल्यवान ठानी त्याग्न रुचाउँदैन । साथै आमाबाबुको आदेशलाई उलङ्घन गर्दै मलमूत्र रोकेर सन्तुष्टि प्राप्त गर्दछ । यस अवस्थामा परपीडक तथा स्वपीडन दुवै क्रियाको विकास हुनाका साथै अहम् विकसित हुन्छ ।

गुदावस्थापछि लैङ्गिक अवस्था सुरु हुन्छ । यस अवस्थामा बच्चाले आफ्नो जननेन्द्रियको स्पर्स गरेर सुख प्राप्त गर्दछ साथै यस अवस्थामा शिशुहरूमा लिङ्ग भेदको जानकारी हुन्छ (सुलेमान र तौवाब, २००४ : १९३) । यस अवस्थामा बालकमा शिश्न अभिमान र बालिकामा शिश्न इर्ष्या उत्पन्न हुन्छ । परिणाम स्वरूप बालकमा श्रेष्ठता र बालिकामा हीनताको भावना जागृत हुन्छ (घर्ती, २०६७ : २४) । यसका साथै बालकहरूमा लिङ्ग प्रदर्शनकामिताको प्रवृत्ति विकास हुन्छ । फ्रायडका अनुसार यस अवस्थामा बन्ध्याकरणको प्रवृत्ति पनि विकास  हुन्छ । यसको मूल कारण बालबालिकामा हुने लिङ्ग प्रदर्शनकामिताको विकासका कारण उत्पन्न मूत्र त्याग र शैशविक हस्तमैथुनको विकास हो । जसले गर्दा बालबालिकाले आमा बाबुबाट लिङ्ग काटिदिने धम्की सुन्नु पर्दछ । यसले बालबालिकाको मनमा बन्ध्याकरणको भय उत्पन्न हुन्छ । फलस्वरूप उनीहरूमा शैशव कामुकताको दमन हुन्छ । (सुलेमान र तौवाब, २००४ : १९३) ।

यस अवस्थामा मातृप्रेम ग्रन्थि र पितृप्रेम ग्रन्थिको विकास हुन्छ । जसका कारण छोरी बाबुप्रति र छोरा आमा प्रति आकर्षित हुन्छ । फ्रायडले यसको पुष्टि ग्रिसेली नाटककार सोफोक्लिजको नाटक **इडिपस रेक्ट**को इडिपस सम्बन्धी मिथकबाट गरेका छन् (घर्ती, २०६७ : २४) ।

लैङ्गिक अवस्थापछि विकसित हुने अवस्था भनेको सुषुप्तावस्था हो । यस अवस्थामा लैङ्गिक इच्छा दमन भई अचेतन मनमा बस्छ र चेतन मनमा आउन प्रयास गरिरहन्छ । यसर्थ बालबालिकाहरू प्रतिक्रिया निर्माण, रक्षायुक्तिको सहारा लिन्छन् । यसका साथै यस अवस्थामा पराअहम्को विकास हुन्छ । जसका कारण कामशक्ति सामाजिक व्यवहार, शिक्षा तथा आदर्श जीवनतर्फ उन्मुख हुन्छ (श्रीवास्तव र अन्य, १९९६ : १९८) ।

जननेन्द्रियावस्था मनालैङ्गिकको अन्तिम अवस्था हो । यस अवस्थामा शैशवकालीन कामुकता पुनः प्रकट हुन्छ । जुन शैशवकालीन कामुकता, समलिङ्गी प्रेम र विषमलिङ्गी प्रेम गरी तिन रूपमा देखिन्छ ( श्रीवास्तव र अन्य, १९९६ : १९८) । यस अवस्थामा बालबालिकाको शारीरिक, मानसिक र सांवेगात्मक

विकास तीब्र रूपमा हुन्छ । त्यसपछि व्यक्ति पूर्ण रूपमा वयस्क बन्दछ ।

**(ङ) कुण्ठा तथा मानसिक अन्तर्द्वन्द्वको सिद्धान्त**

फ्रायडका अनुसार कुण्ठा तथा द्वन्द्वले असामान्य व्यवहार अर्थात् मानसिक विकृतिको विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ (सुलेमान र तौवाब, २००४ : १०२) । कुण्ठा भन्नाले मानवमा कुनै इच्छा वा चाहना पूरा नहुँदा उत्पन्न हुने संवेगात्मक तनाव भन्ने बुझिन्छ । कुण्ठा उत्पन्न हुने थुप्रै कारणहरू छन् । ती मध्ये जैविक कारण, मनोवैज्ञानिक कारण र सामाजिक-सांस्कृतिक कारण प्रमुख हुन् ।

जैविक कारण अन्तर्गत आनुवंशिकता, शारीरिक संरचना, अन्त-स्रावी ग्रन्थि, जैविक रासायनिक उपद्रव, मस्तिष्क घात आदि पर्दछन् भने मनोवैज्ञानिक कारक अन्तर्गत पारिवारिक पृथकीकरण, दोषपूर्ण पैतृक मनोवृत्ति, दोषपूर्ण पैतृक-प्रतिरूप, दोषपूर्ण पालनपोषण, पारिवारिक विकृति, मनोवैज्ञानिक प्रतिबल आदि पर्दछन् । यसै गरी सामाजिक-सांस्कृतिक कारक तत्त्व अन्तर्गत सामाजिक परम्परा, आर्थिक कारण, सहरीकरण, प्रजातीय भेदभाव, व्यवसायिक कठिनाई, गतिशिलता एवम् बसाइँसराइ, सांस्कृतिक विभिन्नता आदि पर्दछन् (सुलेमान र तौवाब, २००४ : १०३) ।

कुण्ठाबाट मानवमा केही प्रतिक्रिया उत्पन्न हुन्छ । यस्तो प्रतिक्रिया मध्ये कुनैले मानवलाई फाइदा पुऱ्याएँछ भने कुनैले बेफाइदा पुऱ्याएँछ । जस्तैः यदि दुई चार व्यक्तिले परीक्षा एकै साथ दिँदा एक जना मात्र फेल भयो भने उसमा कुण्ठाको अनुभव हुन्छ र पछिल्लो परीक्षामा सफलता हासिल गर्न दिन रात मिहिनेत गर्दछ जुन उसका लागि वरदान सिद्ध हुन्छ । यस्तो प्रतिक्रियाले मानवलाई फाइदा पुऱ्याएँछ तर परीक्षामा फेल भएकै कारण मानवमा कुण्ठा उत्पन्न भई कहिले काहीँ आत्महत्या समेत गर्ने हुँदा कुण्ठाले मान्छेलाई बेफाइदा पनि पुऱ्याएँदछ । यस्ता प्रतिक्रिया मान्छे अनुसार फरक-फरक हुन्छन् । यसै गरी परिस्थितिसँग सम्झौता गर्नु, विनम्र बन्नु, लक्ष्य परिवर्तन गर्नु, आक्रमणकारी बन्नु आदि कुण्ठाबाट उत्पन्न प्रतिक्रियाका अन्य उदाहरण हुन् ।

फ्रायडले मानसिक द्वन्द्वलाई पनि असामान्य व्यवहारका कारण मानेका छन् । **द बुक अफ एब्नर्मल साइकोलोजीले** अर्न्तद्वन्द्वका रूपमा द्वन्द्व शब्दको अर्थ प्रस्तुत गरेको छ । यसमा व्यक्तित्वको विकासका क्रममा व्यक्ति मनमा उत्पन्न हुने निराशालाई द्वन्द्वको रूपमा हेरको पाइन्छ (लेन्डिज करनर, १९४६ : ५४१) । **द इन्साक्लोपेडिया अफ साइकोलोजीले** मनोविश्लेषक कुर्ट लेबिन र लुरियाको भनाइ उद्‌घृत गर्दै जीवनका दुई वा दुई भन्दा बढी विपरीत प्रतिक्रिया उत्पन्न गराउन सक्ने उद्दीपनको ढाँचा द्वन्द्व हो भनेको छ (जे. कुमी, १९७२ : २०४) । यी दुई परिभाषालाई मनन गर्दा द्वन्द्व भन्नाले व्यक्तित्व विकासका क्रममा दुई वा दुईभन्दा बढी विपरीत परिस्थितिको चयनका क्रममा उत्पन्न हुने द्विविधात्मक अवस्थाको संघर्ष भन्ने बुझिन्छ ।

विद्वान्हरूले मानसिक द्वन्द्वलाई आकर्षण-आकर्षण द्वन्द्व, आकर्षण-विकर्षण द्वन्द्व, विकषर्ण-विकर्षण द्वन्द्व गरी तीन स्वरूपमा प्रस्तुत गरेका छन् (सुलेमान र तौवाब, २००४ : १०९) । व्यक्तिका सामु उपस्थित दुई धनात्मक लक्ष्य मध्येको रोजाइमा उत्पन्न द्विविधात्मक स्थितिलाई आकर्षण-आकषर्ण द्वन्द्व भनिन्छ । यसमा व्यक्तिका दुई महत्त्वपूर्ण इच्छा मध्ये एकलाई चयन गर्नु पर्दाको अवस्थामा केही समय प्रतिबल उत्पन्न हुन्छ । आकर्षण-विकषर्ण द्वन्द्वमा एउटै लक्ष्यप्रति व्यक्तिमा धनात्मक र ऋणात्मक दुवै भाव उत्पन्न हुन्छ । श्रीवास्तवका अनुसार व्यक्तिले धनात्मक वृत्तितर्फ उन्मुख भई लक्ष्य ग्रहण गर्दा त्यसको गम्भीर परिणामबाट पीडित हुनु पर्ने सम्भावना रहने र लक्ष्यलाई त्याग गर्दा त्यसको मोह आकर्षणबाट चिन्तित हुनु पर्ने अवस्था आकर्षण-विकषर्ण द्वन्द्वमा सिर्जना हुन्छ (पोखरेल, २०६५ : ५६) । यसै गरी विकर्षण-विकर्षण द्वन्द्वमा दुई समान विरोधी लक्ष्य मध्ये एउटालाई छान्नु पर्ने अवस्था सिर्जना हुन्छ । यस्तो रोजाइमा व्यक्तिले कुपरिणाम सामना गर्नु पर्दछ । कोलम्यानका अनुसार यस्तो द्वन्द्वबाट पीडित व्यक्तिहरू असमायोजित भई दिवास्वप्न र स्वैरकल्पनातर्फ उन्मुख हुन्छन् (तिवारी, २०३५ : ९७) । यसरी द्वन्द्वले मानव व्यवहारमा प्रतिकूल असर पारिरहेको हुन्छ ।

**च) मनोरचनाको सिद्धान्त**

मान्छेको मनमा उत्पन्न संर्घष वा द्वन्द्वले चेतन वा अचेतन रूपमा समाधानको बाटो खोज्दछन् । जसलाई फ्रायडले मनोरचना सिद्धान्तको नाम दिएका छन् । मनोविद् ब्राउनका अनुसार मनोरचना भनेको चेतन वा अचेतन बिचको प्रतिक्रिया हो जसद्वारा द्वन्द्व वा संघर्षबाट मुक्त हुन सकिन्छ अथवा त्यसको तिब्रतालाई कम गर्न सकिन्छ (सुलेमान र तौवाब, २००४ : १२८) । मानसिक संघर्षबाट उत्पन्न नैराश्य, अन्तर्द्वन्द्व चिन्ता आदिबाट बँच्न र असमान परिस्थितिमा समायोजन कायम गर्न मनोरचनाको उल्लेखनीय भूमिका रहेको हुन्छ । विद्वान्हरूले मनोरचनालाई प्रमुख र गौण गरी दुई भागमा वर्गीकरण गरेका छन् ( ज्ञवाली, २०६३ : १०४) । प्रमुख वा प्राथमिक मनोरचनाले मानसिक संघर्षलाई हटाउने अथवा त्यसबाट उत्पन्न तनाबलाई कम गराउने क्षमता राख्दछ भने गौण मनोरचनाले अन्तर्द्वन्द्वको समाधानमा सहयोग पुऱ्याएँछ । कहिले काँही प्रमुखले गौण र गौणले प्रमुखको भूमिका निर्वाह गर्ने हुँदा यी दुईलाई एक अर्काको पूरक मानिन्छ (भण्डारी, २०४५ : ९१-९२) । ब्राउनका अनुसार मनोरचनाहरू निम्न प्रकारका छन्-

**प्रमुख मनोरचना**

- दमन
- रूपान्तरण
- प्रतिगमन
- उदात्तीकरण
- प्रतिक्रिया निर्माण
- युक्तीकरण

**गौण मनोरचना**

- स्थानान्तरण
- आत्मीकरण
- अन्तःक्षेपण
- प्रक्षेपण
- क्षतिपूर्ति
- प्रत्याहार
- नकारप्रवृत्ति
- वास्तविकता अस्वीकार (सुलेमान र तौवाब, २००४ : १४२) ।

दमन एक प्रमुख मनोरचना हो जसद्वारा दुखद् एवम् आक्रमणकारी इच्छा वा विचार स्वतः अचेतन मनमा जान्छ । त्यसपछि उसमा इच्छाको चेतना रहँदैन यसकारण ऊ चिन्ताबाट मुक्त रहन्छ । दमनलाई मुख्य गरी सामान्य व्यवहार र असामान्य व्यवहार गरी दुई रूपमा देख्न सकिन्छ । सामान्य व्यवहारको माध्यामबाट दमनले व्यक्तिको चिन्ता एवम् द्वन्द्वबाट बचाउँछ । यस्तो व्यवहार अन्तर्गत भूल, स्वप्न, स्वैरकल्पना आदि पर्दछन् । असामान्य व्यवहार रक्षात्मक भूमिकाको रूपमा देखिन्छ । जब इच्छाहरूले चेतन स्तरमा सन्तुष्टि प्राप्त गर्दैनन् ती इच्छाहरू अचेतन मनमा दमित हुन पुग्दछन् र तिनीहरू सन्तुष्टिका लागि प्रयत्नशील भइरहन्छन् जसका कारण मानव मनमा द्वन्द्व सिर्जना हुन पुग्दछ र चिन्ता उत्पन्न हुन्छ । यस्तो खालको चिन्तालाई अहम् खालको चिन्ता भनिन्छ । यसबाट मुक्त हुन इच्छाहरूले छदम् रूप धारणा गर्दछन् जसलाई असामान्य व्यवहार वा मानसिक विकृति भनिन्छ । यस अन्तर्गत चिन्ता विकृति, मनोविकृति आदि पर्दछन् (सुलेमान र तौवाब, २००४: १३२) ।

दमित अवाञ्छित इच्छाहरू शारीरिक रोगका लक्षणमा परिवर्तन हुने प्रक्रियालाई रूपान्तरण भनिन्छ । यो दुखदायी परिस्थितिबाट मुक्त हुने एउटा प्रक्रिया हो । लडाईंमा जानुपर्ने स्थितिमा ज्वरो आउनु, आँखाको ज्योति गुम्नु, हिस्टेरिया हुनु, आदि रूपान्तरण मनोरचनाका उदाहरण हुन् (घर्ती, २०६७ : २७) ।

व्यक्तिले आफ्ना इच्छाहरू पूर्ति गर्न नसक्दा उसमा एक प्रकारको मानसिक संघर्ष उत्पन्न हुन्छ र त्यसबाट बँच्नका लागि ऊ शैशविक अवस्थामा फर्कन्छ । यसरी व्यक्ति बाल्यावस्थामा फर्कनु प्रतिगमन हो (बराल, २०६८ : २१) । पुतली खेल्नु, रुनु, औंला चुस्नु, नङ टोक्नु आदि यसका उदाहरण हुन् ।

मानवका अवाञ्छित इच्छाहरू सामाजिक प्रतिबन्ध वा व्यक्तिगत कमजोरीका कारण पूरा हुन असम्भव हुन्छ । त्यसबेला उसका इच्छाहरूले सामाजिक, नैतिक तथा लाभप्रद क्रियाका माध्यामबाट सन्तुष्टि प्राप्त गर्दछ । जसलाई फ्रायडले उदात्तीकरणको संज्ञा दिएका छन् (सुलेमान र तौवाब, २००४: १३४) । यस्तो कार्य अचेतन रूपबाट हुन्छ । कविता, कथा, उपन्यास, नाटक, निबन्ध जस्ता साहित्यको रचना गर्नु, वैज्ञानिक अविष्कार, कला निर्माण आदि गर्नु यसका उदाहरण हुन् ।

भित्री इच्छा विपरीत कार्य गर्ने प्रवृत्तिलाई प्रतिक्रिया निमार्ण भनिन्छ । आफूले माया गरेको व्यक्तिलाई माया गर्दिनँ भन्नु, घृणा गर्ने व्यक्तिलाई प्रेम गरेको देखाउनु यसका उदाहरण हुन् । यस्ता बनावटी व्यवहारले अचेतनका इच्छालाई झन् बढी दमन गर्न सजिलो हुन्छ । फलस्वरूप व्यक्तिलाई मनोद्वन्द्वबाट उत्पन्न तनावबाट आत्मस्वको रक्षा गर्न मद्दत मिल्दछ ।

व्यक्तिले आफ्ना इच्छा वा चाहना पूरा गर्न नसक्दा उसमा चिन्ता वा निराशापन उत्पन्न हुन्छ । जसको निराकरणका लागि उसले विभिन्न खालका विवेकपूर्ण युक्तिहरूको खोजी गर्दछ अर्थात् समाजद्वारा स्वीकार्य तर्कहरूको खोजी गर्दछ जसलाई युक्तीकरण भनिन्छ (बराल, २०६८ : २१) । व्यक्तिले आफ्नो मामुली सामानको प्रशंसा गर्नु, आफूले प्राप्त गर्न नसकेको सामान माथि खोट लगाउनु आदि यसका उदाहरण हुन् ।

स्थानान्तरण गौण मनोरचना अन्तर्गत पर्दछ । यसको अर्थ स्थान परिवर्तन गर्नु हुन्छ अर्थात् व्यक्तिसँग सम्बद्ध संवेग कुनै तठस्थ व्यक्ति वा वस्तुमा स्थान्तरित हुनु स्थान्तरण  हो । बाबुको रिस छोराछोरीमा पोख्नु, प्रेमको भोको रहेको व्यक्तिले बिरालो, कुकुर, खरायो आदि जस्ता घरपालुवा जनावरलाई माया गर्नु आदि यसका उदाहरण हुन् (घर्ती, २०६७ : २८) ।

ब्राउनका अनुसार आत्मीकरणमा व्यक्तिले आफूलाई दोस्रो व्यक्ति वा समूहका साथ साहचर्य स्थापित गरी आफ्नो हीनभाव वा मानसिक द्वन्द्वको समाधान गर्दछ अर्थात् आफूसँग फलानो व्यक्तिको गुण छ भन्ने विश्वास गर्दछ । यस्तो खालको प्रवृत्ति प्रायः जसो बालबालिकामा देखिन्छ । आफूलाई फिल्मको हिरोहिरोइनसँग दाँज्नु, खेलकूद प्रतियोगितामा आ-आफ्नो समूहको विजयमा खुसी हुनु आदि यसका उदाहरण हुन् (घर्ती, २०६७ : २८) ।

अन्तःक्षेपण पनि एक गौण मनोरचना हो । यसमा व्यक्तिले आफ्नो निराशा, हीनभाव वा द्वन्द्वबाट छुटकारा पाउनका लागि दोस्रो व्यक्ति वा समूहको गुणलाई आफ्नो व्यक्तित्वको अंग मान्दछ । आफ्नो सन्तानको सफलतालाई बाबुआमाले आफ्नै सफलता ठान्नु यसका उदाहरण हुन् (भण्डारी, २०५६: ९२) ।

प्रक्षेपणको सामान्य अर्थ अर्कामाथि आरोप गर्नु हो अर्थात् आफ्नो कमी कमजोरीका आधारमा अरूमाथि दोष लगाउनु हो । यस प्रक्रियामा व्यक्ति आफ्नो निकृष्ट असामाजिक, अनैतिक, घृणित भाव वा विचारहरूलाई अरूमाथि आरोपित गरी मानसिक तनाब घटाउने प्रयास गर्दछ । चरित्रहीन पतिले आफ्नो पत्नीलाई चरित्रहीन देख्नु, चोरले सबैलाई चोर देख्नु यसका उदाहरण हुन् (सिन्हा तथा मिश्र, १९९२ : १३९) ।

क्षतिपूर्ति हीनताग्रन्थि माथि विजय प्राप्तिका लागि गरिने प्रयास हो । एडलरका  अनुसार क्षतिपूर्ति एक प्रकारको प्रतिरक्षा मनोरचना हो जसमा व्यक्तिले आफ्नो हीन भावनामाथि विजय प्राप्त गर्ने प्रयास गर्दछ  (बराल, २०६८ : ६१) । यसमा व्यक्ति आफ्नो कमी कमजोरी चेतन मनसम्म नपुगोस् भन्ने हेतुले कुनै क्षेत्रमा असाधारण उपलब्धी हासिल गर्न प्रयासरत रहन्छ । उदाहरणका लागि नेपोलियन

बोनार्पाट प्रसिद्ध योद्धा हुनुमा मनोविद्‌हरू उनमा भएको शारीरिक दोषलाई मान्दछन् ।

प्रत्याहार भनेको व्यक्तिले आफूलाई चिन्ता, निराशा या असफलता उत्पन्न गर्ने खालको परिस्थितिबाट मुक्त गर्नु हो । यसमा व्यक्तिले असफलता हासिल हुने डरले प्रतियोगितामा, परीक्षामा भाग लिन डराउँदछ (सुलेमान र तौवाब, २००४ : १५०) ।

व्यक्तिले दोस्रो व्यक्तिको ध्यान आफूतर्फ आकर्षण गर्नु नकारवृत्ति हो अर्थात् दोस्रो व्यक्तिको इच्छा विपरीत व्यवहार गर्ने प्रवृत्ति नकारवृत्ति हो । आफूतर्फ ध्यान आकर्षण गर्नका निम्ति खानाखान अस्वीकार गर्नु, बोलाउँदा नबोल्नु, काममा जान अस्वीकार गर्नु, पर्खाल भत्काउनु, कपडा फ्याँक्नु आदि यसका उदाहरण हुन् (सुलेमान र तौवाब, २००४ : १५०) ।

वास्तविकताको अस्वीकार पनि एक प्रकारको मनोरचना हो यसमा व्यक्तिले चिन्ता, विचार, भावना वा इच्छाबाट मुक्त हुन वास्तविकतालाई अस्वीकार गर्दछ । पढाइमा कमजोर रहेको विद्यार्थीलाई तिमी डाक्टर पढ्न सक्दैनौं भन्दा त्यसलाई अस्वीकार गर्नु आदि यसका उदाहरण हुन् (सुलेमान र तौवाब, २००४ : १५०) ।

**(छ) स्वप्न सिद्धान्त**

सपनाका बारेमा प्राचीनदेखि वर्तमानसम्ममा विभिन्न दृष्टिकोण व्यक्त भएको पाइन्छ । प्राचीन विद्वन्‌हरू सपनालाई निद्रावस्थामा व्यक्तिको आत्माद्वारा गरिने कार्यबाट प्राप्त अनुभव मान्दथे (सुलेमा र तौवाब, २००४ : १५९) । वर्तमानमा विद्वान्‌हरू सपना सम्बन्धी  यस दृष्टिकोणलाई स्थान दिँदैनन । आज सपनालाई हेर्ने नयाँ दृष्टिकोण विकास भएको छ । तसर्थ मनोविश्लेषणवादीहरू सपनालाई निद्रावस्थामा घटित हुने एक मानसिक प्रक्रिया मान्दछन् (घर्ती, २०६७ : २९) ।

स्वप्न सिद्धान्त सम्बन्धी फ्रायडको भिन्न मत रहेको पाइन्छ । उनले सपनालाई अचेतन मनमा दमित कामेच्छाहरूसँग जोडेर हेर्ने कार्य गरेका छन् । उनका अनुसार अचेतन मनमा दबेर रहेका इच्छाहरू छदम् भेषमा सपनाको रूपमा प्रकट हुने हुनाले ती प्रतीकात्मक हुन्छन्, जसलाई स्वप्न द्रष्टाले अर्थ्याउन असमर्थ पनि हुन सक्छ । फ्रायडले सपनाका बारेमा चार प्रकारको धारणा व्यक्त गरेका छन् ।

- सपना निद्राको अभिभावक हो ।
- सपना अर्थपूर्ण र सार्थक हुन्छ ।
- सपना इच्छापूर्तिको स्रोत हो ।
- सपना अचेतन तर्फ जाने राजमार्ग हो (सुलेमान र तौवाब, २००४ : १६०) ।

सपनाले व्यक्तिको निद्राको रक्षा गर्ने भएकोले सपनालाई निद्राको अभिभावक मानेको पाइन्छ । स्वप्नावस्थामा व्यक्तिलाई कुनै किसिमको बाधाको अनुभव रहँदैन । ऊ आफ्नो इच्छाको प्राप्तिबाट आनन्द प्राप्त गर्दछ । तसर्थ निद्राअवस्थामा सपना देखेपछि व्यक्तिलाई गहिरो निद्रा लाग्दछ । यस अर्थमा फ्रायडले सपनालाई निद्राको अभिभावक मानेको पाइन्छ ।

फ्रायडले प्रत्येक सपना अर्थपूर्ण रहने बताएका छन् । उनका अनुसार अचेतन रूपमा दमित इच्छाहरूको प्रतीकात्मक रूप नै सपना हो जसको पुष्टि उनले आफ्नो मनोविश्लेषणात्मक सिद्धान्तमा गरेका छन् ।

फ्रायडका अनुसार सपना इच्छापूर्तिको स्रोत हो । सपनाका माध्यामबाट व्यक्तिले आफ्ना पूर्ण हुन नसकेका इच्छाहरू प्राप्त गर्दछ र सन्तुष्टि हासिल गर्दछ । यसर्थ सपना इच्छापूर्तिको स्रोत हो ।

फ्रायडले सपनालाई अचेतनतर्फ जाने राजमार्ग मानेका छन् । उनका अनुसार सपनाका माध्यामबाट अचेतन इच्छाहरूको जानकारी सजिलै जान्न सकिन्छ । उनले स्वप्न विश्लेषणका सहायताबाट असामान्य व्यक्ति अर्थात् मानसिक रोगीको अचेतनमा दमित इच्छाहरूको जानकारी हासिल गरी रोगीको उपचार गर्ने प्रयास गरेका छन् (सुलेमान र तौवाब, २००४ : १६१) । यसैले उनले स्वप्न सिद्धान्तलाई मनोविश्लेषण सिद्धान्तको महत्त्वपूर्ण अङ्ग मानेका छन् ।

**(ज) दैनिक जीवनका गल्तीहरूको सिद्धान्त**

हरेक कार्य पछाडि कारण रहेको हुन्छ भन्ने वैज्ञानिक दृष्टिकोणलाई आत्मासात गर्दै फ्रायडले मानवका प्रत्येक व्यवहारका पछाडि कुनै न कुनै कारण लुकेको हुन्छ भन्ने सिद्धान्तलाई स्वीकारेका छन् र भूल सिद्धान्तलाई अगाडि ल्याएका छन् । उनका अनुसार व्यक्तिले गर्ने हरेक भूल अर्थहीन छैन, त्यसको सम्बन्ध अचेतन मनसँग जोडिएको हुन्छ  जसका कारण स्वयं भूल गर्ने व्यक्तिलाई पनि थाहा हुँदैन । यसको कारण विशेष पद्धितिका माध्यामबाट मनोविद्ले थाहा पाउन सक्दछ (सुलेमान र तौवाब २००४ : १५४) । फ्रायडले दैनिक जीवनका भूललाई निम्न प्रकारमा विभाजन गरेका छन्:

- पहिचान सम्बन्धी भूल
- लेखाइ सम्बन्धी भूल
- बोलाइ सम्बन्धी भूल
- छपाइ सम्बन्धी भूल
- सामान रखाइ सम्बन्धी भूल
- अज्ञानताबस गरिएका कार्य सम्बन्धी भूल
- लाक्षणीक क्रिया सम्बन्धी भूल (बराल, २०६८ : ५१) ।

उपर्युक्त भूलहरू दैनिक जीवनमा गरिने भूलहरू हुन् । यी भूलहरूको सम्बन्ध अचेतन मनसँग हुने हुँदा भूलको खास कारण र प्रयोजन हुन्छ । यस्ता भूलप्रति ध्यान नपुर्‍याएँदा मानिसमा विभिन्न प्रकारका मानसिक विकृति देखा पर्न सक्दछ ।

यसरी फ्रायडले मानव मनमा कुण्ठित यौनाच्छेले अचेतन मनमा प्रभाव पार्दा मानिसमा देखिने विभिन्न व्यवहारको वैज्ञानिक र तथ्यपूर्ण ढंगबाट विश्लेषण गरी मनोविश्लेषण सिद्धान्त प्रतिपादन गरेका छन् । उनको यस सिद्धान्तलाई असामान्य व्यवहारको अध्ययन गर्ने पहिलो वैज्ञानिक सिद्धान्त मानिन्छ ।

(आ) **नव-फ्रायडवादी सिद्धान्त**

असामान्य मनोविज्ञानको विकासमा एडलर, युङ्ग, करेन हार्नी, एरिक फ्रम, हेरी स्टेक आदि विद्वन्हरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यिनीहरूले फ्रायडका केही मान्यतालाई स्वीकारेका र केही मान्यताप्रति विमति जनाउँदै नव दृष्टिकोण अभिव्यक्त गरेका हुनाले नव्य-फ्रायडवादीका नामले चिनिन्छन् । यिनीहरूको दृष्टिकोणलाई तल चर्चा गर्ने प्रयास गरिएको छ ।

(क) **अल्फ्रेड एडलर**

अस्ट्रियाका नागरिक अल्फ्रेड एडलर (१९७०-१९३७) फ्रायडका चेला हुन् । उनले जीवनको मूल उत्प्रेरक शक्ति कामवृत्ति हुन्छ भन्ने फ्रायडको विचारप्रति असहमति जनाउँदै जीवनको मूल प्रेरक शक्ति अस्तित्वका लागि संघर्ष हो भनेका छन । उनका अनुसार मानिसहरू कुनै न कुनै प्रकारले हीन रहन्छन् फलस्वरूप उच्चता प्राप्तिका लागि संघर्ष गर्दछन् (रेग्मी, २०४० : १०) । उनको यस दृष्टिकोणलाई वैयक्तिक मनोविज्ञानको नामले चिनिन्छ । उनले व्यक्तित्वको विकासको चर्चा गर्ने क्रममा जीवन शैली, हीनताग्रन्थि, उच्चताग्रन्थि, सामाजिक रुचि आदिको व्याख्या, विश्लेषण गरेका छन् (बराल २०६८: ५६) । एडलरको मान्यता अनुसार कुनै पनि व्यक्ति सम्पूर्ण रूपमा पूर्ण हुँदैन उसमा शारीरिक, मानसिक, आर्थिक, शैक्षिक आदि कुनै न कुनै रूपमा असक्षम, अपूर्ण रहेको हुन्छ जसका कारण उसको अहम्मा आघात पुग्न जान्छ । यसरी प्रताडित हुन पुगेको अहम्ले हीनत्व भावलाई जन्म दिन्छ । यही हीनत्वभावको क्षतिपूर्ति स्वरूप मानवले विभिन्न क्रियाकलाप गरी समाजमा आफ्नो श्रेष्ठता कायम गर्न प्रयत्न गर्दछ (श्रेष्ठ, २०५१ : २०३) । यसरी एडलरले असामान्यताको मूल कारण हीनत्वभावलाई मानेका छन् । यसैगरी एडरको सपना सम्बन्धी पनि छुट्टै मान्यता रहेको पाइन्छ । उनी सपनालाई कामेच्छाहरूको अभिव्यक्ति नमानी जीवनका दुई प्रवृत्ति उच्चताको भावना र हीनताको भावनाका बिचको संघर्षको अभिव्यक्ति मान्दछन् । एडलरका अनुसार संसारका प्रत्येक व्यक्ति जीवनका विविध क्षेत्रमा श्रेष्ठ बन्न चाहन्छ । त्यस्तो आकांक्षा प्रत्येक व्यक्तिको जीवन शैलिको एक महत्त्पूर्ण मौलिक प्रवृत्ति हो । व्यक्तिको श्रेष्ठ बन्ने चाहना, इच्छा विभिन्न कारणले जब पूरा हुन सक्दैन अनि उसमा हीनताको भावनाको विकास हुन थाल्दछ । फलस्वरूप व्यक्तिमा निराशा र कुण्ठा पैदा हुन्छ । वास्तविक जीवन भने यस्ता कुराबाट अनभिज्ञ रहन्छ र सपनाका माध्यामबाट ती कुरा प्रकट हुन्छन् (ज्ञवाली, २०६३: १५०) । यसरी एडलरले सपनालाई जीवन शैलीको अभिव्यक्ति मानेका छन् । यसका साथै उनले सपनालाई फ्रायडले जस्तो अतीत जीवनसँग मात्र आवद्ध नमानी वर्तमान र भविष्यसँग पनि सम्बन्धित रहने कुरामा जोड दिएका छन् । यसरी एडलरले हीनत्वभावलाई असामान्यताको मूल कारण मानेका छन् ।

(ख) **कार्ल गुस्ताभ युङ्ग**

युङ्ग फ्रायडका शिष्य हुन् । यिनले मनोविश्लेषणलाई भियना बाहिर परिचित गराउन उल्लेखनीय भूमिका खेलेको पाइन्छ । १९०३ देखि १९१३ सम्म फ्रायडसँग बसेर काम गरेका युङ्गले फ्रायडको यौन सिद्धान्तसँग असहमत जनाउँदै सन् १९१२ मा फ्रायडसँग छुट्टिई विश्लेषणात्मक मनोविज्ञानको स्थापना

गरेको पाइन्छ (घर्ती, २०६७: ३७) । उनले यस सिद्धान्तमा फ्रायडको अचेतन मन सम्बन्धी दृष्टिकोणलाई स्वीकार्दै व्यक्तिको व्यवहारमा फ्रायडले भनेझैं दमित यौनको मात्र प्रभाव नपरी वैयक्तिक एवम् सामूहिक अचेतनमा दमित इच्छाको पनि प्रभाव पर्दछ भन्ने राय प्रकट गरेका छन् (बराल, २०६८: ७०) । यिनले चेतन र अचेतन मनको बृहत् रूपमा विश्लेषण गरेका छन् । यिनका अनुसार मुकुण्डो (पर्सोना) व्यक्तित्वको रक्षक हो जुन सामाजिक र चेतन हुन्छ । अचेतनमा व्यक्तिगत अचेतन, समूह अचेतन, छाया (पशुताको अवशेष), र संस्कार आदिको प्रतिमा रहन्छ भन्दै व्यक्तिहरूको मनोविश्लेषण गर्दा यस्ता कुराहरूमा ध्यान दिनु पर्नेमा जोड दिएको देखिन्छ । यसै गरी युङ्गले जन्म-मृत्यु, सुख-दुःख, राम्रा-नराम्रो, प्रेम-घृणा, चेतन-अचेतन, हर्ष-विषाद, क्रोध र शान्ति, अन्तर्मुखता र बहिर्मुखता आदि जस्ता विपरीतताको समन्वयलाई जीवन मानेका छन् भने तीव्र संवेगात्मक विचारहरूको जटिल एकिकरणलाई मनोग्रन्थि मानेका छन् । साथै उनले व्यक्तित्वका विभिन्न घटक जस्तैः अहम् र छाया, मुकुण्डो र पुरुष वा नारी संस्कार प्रतिमा एवम् मुकुण्डो छायाको बिचमा संघर्ष उत्पन्न भएमा व्यक्तिमा असामान्य व्यवहार देखा पर्दछ भनेका छन् (रेग्मी, २०४० : १०) । यसका अतिरिक्त युङ्गले फ्रायडको स्वप्न सिद्धान्तको पनि खण्डन गरेका छन् । उनका अनुसार सपनाको सम्बन्ध कामुकतासँग मात्र नरहेर अकामुक र नैतिक इच्छासँग पनि सम्बन्धित रहन्छ । साथै यो विगत अनुभूतिसँग मात्र सम्बन्धित नरही वर्तमान र भविष्यसँग पनि उत्तिकै रहन्छ (सुलेमान र तौवाब, २००४: ६०) । यसरी एडलरले व्यक्तित्वका विविध घटक बिच संघर्ष उत्पन्न भएमा असामान्य व्यवहार देखा पर्नेमा जोड दिएका छन् ।

**(ग) करेन हर्नी**

करेन हर्नीले मनोविश्लेषण सिद्धान्तको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । कार्ल हब्राहमसँग मिलेर फ्रायडका सिद्धान्तको अध्ययन गरेकी हर्नीले फ्रायडका केही विचारप्रति प्रतिक्रिया जनाएकी छिन् । हर्नीले लिङ्ग नभएका कारण नारीहरू आफूलाई हीन अनुभव गर्दछन् र मनोरोगीको सिकार बन्दछन् भन्ने फ्रायडको दृष्टिकोण प्रति विमति जनाउँदै त्यसको जवाफमा पुरुषहरू गर्भाशयको अभावमा नारीले भन्दा बढी हीनताको अनुभव गर्दछन् र मनोरोगीको शिकार हुन्छन् भनेकी छिन् । यसका साथै उनले छोरा आमा प्रति आर्कषित र छोरी बाबु प्रति आर्कषित हुनुको कारण यौन ईर्ष्या नभई बाबु आमा र छोरा छोरी बिचको सम्बन्धको प्रतिफल हो भनेकी छिन् (बराल २०६८: १०७) । हर्नीले व्यक्तित्व विकासमा सामाजिक र सांस्कृतिक पक्षले प्रभाव पार्नेमा पनि जोड दिएकी छिन् (घर्ती, २०६७: ५२) । यसरी हर्नीले असामान्य व्यवहारको मूल कारण सामाजिक र सांस्कृतिक पक्षलाई मानेकी छिन् ।

**(घ) एरिक फ्रम**

एरिक फ्रमको पनि फ्रायडका केही दृष्टिकोणप्रति असहमति रहेको पाइन्छ । उनी व्यक्तित्वको विकास यौनशक्तिको विकासात्मक अवस्थाद्वारा नभई व्यक्तिको वातावरणीय अनुभवद्वारा हुन्छ भन्ने मान्यता राख्दछन् । यसरी उनले फ्रायडको जैविक तत्त्वको स्थानमा सामाजिक तत्त्वलाई महत्त्व दिएको देखिन्छ । बाबुआमाले आफ्ना केटाकेटीप्रति जस्तो व्यवहार गर्दछ अर्थात् जस्तो संस्कारमा हुर्काउँछ

केटाकेटीको व्यक्तित्व पनि त्यसै अनुसार निर्धारण हुन्छ । यसका अतिरिक्त सामाजिक वातावरण, जातीय संस्कृति आदिले पनि व्यक्तित्व निर्माणमा ठूलो प्रभाव पार्दछ (घर्ती, २०६७: ५३) । परिवार र समाज मानिसको इच्छा चाहना विपरीत रहँदा अर्थात् प्रतिकूल हुँदा उसमा मानसिक तनाब उत्पन्न हुन्छ र ऊ त्यसबाट मुक्ति पाउने प्रयास गर्दछ । जसलाई फ्रमले पलायनको संज्ञा दिएका छन् । यस्ता पलायन स्वपीडन, परपीडन, विघटनकारिता तथा यान्त्रिक अनुरूपता गरी चार प्रकारका छन् । यिनीहरू असामान्य व्यवहारको स्वरूप हुन् (प्रकाश तथा प्रकाश, १९८८ : ३३४) । यसरी फ्रमले मान्छेका राम्रा या नराम्रा स्वभाव जैविक रूपमा प्रदत्त मानवीय स्वभाव नभई सामाजिक-सांस्कृतिक प्रक्रियाका परिणाम हुन् भनेका छन् । उनको यस दृष्टिकोणले असामान्य व्यवहारको कारक तत्त्व कामशक्तिको दमनलाई नमानी सामाजिक-सांस्कृतिक पक्षलाई मान्दछ ।

**(ङ) हेरी स्टेक सलिभन**

आयुर्विज्ञानका विद्यार्थी सुलिभनले फ्रायडका यौन सम्बन्धी विचारलाई अस्वीकार गर्दै मनोलैङ्गिक विकासको केही अवस्थालाई मात्र स्वीकारेका छन् । उनले मानवका प्रेरणाका जैविक र सांस्कृतिक गरी दुई स्रोत हुन्छन । यी दुई आवश्यकताको पूर्ति सामाजिक मूल्य मान्यता अनुसार गर्नु पर्दछ भनेका छन् । उनले यस प्रेरणालाई सुरक्षा आकंक्षाको नाम दिएका छन् (घर्ती, २०६७: ५३) । यसका साथै सुलिभनले व्यक्तित्वको व्याख्या अन्तर्वैयक्तिक सम्बन्धका आधारमा गरेका छन् । सलिभनका अनुसार व्यक्तित्व विकासका ६ अवस्था रहेका छन् । उनका अनुसार व्यक्तित्व विकासको पहिलो अवस्था शैशवावस्था (जन्मदेखि भाषिक क्षमताको परिपक्वतासम्मको अवधि) हो । यस अवस्थामा शिशुले आफ्नो आवश्यकता आमासँग पूरा गर्ने प्रयास गर्दछ । उसको आवश्यकतालाई आमाले पूरा गर्न पनि सक्छ नगर्न पनि सक्छ । आफ्नो इच्छा पूरा हुँदा शिशुमा सुखबोध हुन्छ भने अप्राप्त हुँदा दुश्चिन्ता पैदा हुन्छ । शिशुको अत्याधिक समय आमासँग बित्ने हुँदा यस अवस्थामा उसको निकट सम्बन्ध आमासँग रहन्छ । यस कारण उसले आफ्नो सन्तुष्टिको सहायक वा बाधक आमालाई ठान्दछ । फलस्वरूप उनीहरूमा असल आमा र खराब आमा जस्तो आरोपण विकसित हुन्छ । त्यसै गरी यस अवस्थामा उसमा व्यक्तित्वको आरोपण पनि विकसित हुन्छ जसका कारण उसले आफ्नो व्यवहार स्वीकार्य तथा प्रशंसित भएमा असल म, हल्का दुश्चिन्ता बोध भएमा खराब म र त्रासको असामान्य भावना विकसित भएमा होइन म को व्यक्तित्वारोपण विकसित हुन्छ (घर्ती, २०६७ : ५६) ।

सलिभनका अनुसार व्यक्तित्व विकासको दोस्रो अवस्था बाल्यावस्था हो । यस अवस्थामा बालक परिवारको निरन्तर हेरचाहबाट मुक्त रहेर अन्य बच्चाहरूको समूहमा सम्मिलित हुन खोज्छन् । यस अवस्थालाई व्यापक संस्कृतिको सङ्क्रमण प्रक्रियाको अवधि पनि मानिन्छ । यस अवस्थामा बालकमा भाषाको विकास हुन्छ । यस अवधिमा बालबालिकामा मर्यादित तरिकाबाट खाने बानी, मूलमत्र त्याग सम्बन्धी बानी, सरसफाइ आदि जस्ता बानीहरूको विकास हुन्छ र आफ्नो प्रेरक शक्तिलाई कसरी नियन्त्रण गर्ने भन्ने कुरा पनि सिक्दछ । यस अवस्थामा उनीहरूको कतिपय इच्छाहरू परिवार र समाजको

रोकटोकबाट पूरा हुन पाउँदैनन् । जुन उनीहरूको अन्तष्चेतनामा गडेर रहन्छ र स्वप्न, दिवास्वप्न वा प्रतिगमनका माध्यामबाट अभिव्यक्त हुन्छ (घर्ती, २०६७ : ५८) ।

व्यक्तित्व विकासको तेस्रो अवस्थाको रूप सलिभनले उत्तरवाल्यावस्थालाई लिएका छन् । यस अवधि लगभग पाँच वर्षदेखि एघार वर्षसम्मको उमेरलाई मानिन्छ । यस अवधिको प्रारम्भमा बालबालिका विद्यालय जान सुरु गर्दछन् । जसका कारण यिनीहरूको सम्बन्ध अन्य बालबालिकासँग गाँसिन्छ । यस अवस्थाबाट बालबालिकाको सामाजिक जीवन प्रारम्भ हुन्छ । यस अवस्थामा घर परिवारको प्रभावसँगै शिक्षक, साथीभाइहरूको प्रभाव उसमा पर्दछ । त्यसबाट तिनीहरूले थुप्रै कुराहरू सिक्ने मौका पाउँदछन् । यस अवस्थामा बालबालिकामा जीवनप्रतिको मोह रहन्छ साथै आत्मानियन्त्रणद्वारा व्यवहार गर्न सिक्दछ र वाह्य परिस्थितिसँग कुनै सरोकार राख्न चाहँदैन । यसका अतिरिक्त रूढिवादी परम्परा विकसित गर्नुका साथै उदात्तीकरणको नयाँ प्रभावी ढंग विकसित गर्दछ । यस अवस्थामा बालबालिकामा यथार्थ र कल्पना बिचको अन्तर पहिचान गर्न सक्ने क्षमताको विकास हुन्छ (श्रीवास्तव र अन्य, १९९६ : २२८) । यसरी बच्चा विस्तारै सामाजिक बन्दै जान्छ ।

व्यक्तित्व विकासको चौथो अवस्था पूर्व किशोरावस्था हो । सामान्यतः एघार वर्ष देखि तेह्र वर्षसम्मको उमेरावस्थाका बालबालिकाहरू यस भित्र पर्दछन् । सलिभनका अनुसार यस अवस्थामा मौलिक मानवीय सम्बन्धको विकास हुन्छ (श्रीवास्तव र अन्य, १९९६ : २२८) । साथै यस अवस्थामा बच्चामा प्रेम गर्ने प्रवृत्तिको पनि विकास हुन्छ । प्रायः यस्तो सम्बन्ध विषमलिङ्गीहरूसँग नभई समलिङ्गीहरूसँग रहन्छ । यस अवस्थामा बालबालिकाहरू यस्तो समलिङ्गी साथीको चाहना राख्दछन् जसलाई उनीहरू विश्वास गर्न सकोस्, काम गर्न सहयोग गर्न सकोस्, जीवनमा आइपरेका समस्या समाधान गर्न सकोस् । यसरी यस अवधिले भावी सामाजिक सम्बन्धमा महत्त्वपूर्ण भूमिका खेल्दछ ।

व्यक्तित्व विकासको पाँचौ अवस्था सलिभन किशोरावस्थालाई मान्दछन् । यो पूर्व किशोरावस्था र उत्तर किशोरावस्था गरी दुई प्रकारको हुन्छ । पूर्व किशोरावस्था तेह्रदेखि सत्र वर्षसम्मको अवधिसम्म रहन्छ । यो अवधि कामुक व्यवहारको रचनाको अवधि हो । यस अवधिमा लैङ्गिक पक्ष सक्रिय हुन थाल्दछ भने विस्तारै समलिङ्गीबाट विषमलिङ्गीप्रति आकर्षित हुन थाल्दछ । साथै युवावस्थाका शारीरिक लक्षणहरू देखा पर्न थाल्दछन् । यसपछि उत्तरवाल्यावस्था अर्थात् उत्तरकिशोरावस्था प्रारम्भ हुन्छ । यो अवस्था सत्र वर्षदेखि सुरु हुन्छ । यस अवस्थामा व्यक्ति जीवनको कर्तव्य, अधिकार तथा उत्तरदायित्व बुझ्न थाल्दछ । यस अवस्थामा व्यक्तिले प्रौढता प्राप्त गर्दछ । यसरी सुलिवनले व्यक्तित्व विकासमा अन्तर्वैयक्तिक सम्बन्धका साथै सामाजिक-सांस्कृतिक पक्षलाई महत्त्वपूर्ण मानेका छन् । यसकारण सलिभन कामशक्तिको दमनलाई असामान्य व्यवहारको कारक नमानी व्यक्तिको स्व भावनाप्रति सामाजिक-सांस्कृतिक पक्षबाट रोकतोक हुँदा असामान्य व्यवहार उत्पन्न हुन्छ भन्दछन् (श्रीवास्तव र अन्य, १९९६ : २२८) ।

यसरी फ्रायड र नव्य फ्रायडवादीहरूले असामान्य व्यवहारको विकास प्रतिबल तथा चिन्ताका कारण उत्पन्न हुने बताएका छन् । प्रतिबल तथा चिन्ता उत्पन्न हुने मूल कारणमा भने यिनीहरूको दृष्टिकोण भिन्न रहेको पाइन्छ । फ्रायड प्रतिबल तथा चिन्ताका आधार तत्त्व यौन इच्छालाई मान्दछन् भने नव्य फ्रायडवादीहरू सामाजिक-सांस्कृतिक पक्षलाई मान्दछन् ।

## २.७.२ व्यवहारवादी सिद्धान्त

सामान्य अर्थमा व्यवहार भन्नाले मानिसले अवलोकन गर्न सक्ने सम्पूर्ण क्रियाकलाप भन्ने बुझिन्छ । खाना खानु, हाँस्नु, रुनु, कराउनु आदि सम्पूर्ण क्रियाकलापले व्यवहारको स्वरूपलाई जनाउँदछ । मानिसहरूमा प्रत्यक्ष रूपमा अवलोकन गर्न सकिने थुप्रै वाह्य व्यवहार हुन्छन्, जसलाई नियन्त्रण गर्ने कार्य मानसिक अन्तर्क्रियाले गर्दछ । मानसिक अर्न्तक्रियालाई मानसिक व्यवहार पनि भन्ने गरेको पाइन्छ । मानसिक व्यवहार पूर्ण रूपमा मानव मस्तिष्क तथा स्नायु प्रणालीमा निर्भर रहन्छ । तसर्थ मानसिक अन्तर्क्रियाबाट प्रभावित एवम् नियन्त्रण सम्पूर्ण क्रियाकलापलाई व्यवहार मानिन्छ ।

व्यवहारवादी सिद्धान्त शब्दावलीको प्रथम प्रयोग कर्ता मनोवैज्ञानिक लाजारस हुन् । उनले यस शब्दावलीको प्रयोग सन् १९५० मा गरेका थिए । मानव व्यवहारलाई मनोविज्ञानको अध्ययनको केन्द्र विन्दु बनाउने पहिलो व्यक्ति जे.वि.वाट्सन र रेनर हुन् (पाठक, २०५९: ८) । यिनीहरूले व्यवहारवादी सिद्धान्तको प्रयोग प्रथम पटक उपचार पद्धतिको रूपमा गरेका थिए । यसको प्रयोग उनीहरूले अलबर्ट नामक ११ महिनाको बालकमाथि गरेका थिए । उनीहरूको प्रयोगमा बालकलाई सेतो मूसासँग खेल्न दिइयो र त्यसै समयमा पर्दा पछाडिबाट ठूलो आवाज दिइयो । यस्तो क्रियाकलाप केही समयसम्म जारी राखियो । यसका कारण बालकमा सेतो मूसासँग मिल्दो जुल्दो अन्य वस्तु जस्तैः सेतो खरायो, कपास, सेतो भुवादार कोट, सेतो दाह्री आदि जस्ता सेतो वस्तुप्रतिको दुर्भिति पैदा भयो । यसलाई विद्वन्हरूले उद्दीपक सामान्यीकरणको नाम दिएको पाइन्छ (शर्मा र शर्मा, २०६७ : ३४६) । उनीहरूले वाट्सनमा डर पैदा गराए पछि विस्तारै ठूलो आवाज अनुपस्थित गराउँदै त्यस वातावरणसँग अभ्यस्त गराउँदै लगे कालान्तरमा अलबर्टलाई मूसासँग नडराउने बानीको विकास गराए । यसबाट वाट्सन र रेनरले मानवीय व्यवहार वातावरणीय उत्तेजनाको प्रतिक्रिया हो भन्ने कुरा प्रमाणित गरे (नेलेन- ह्वेक्सेमा, १९५९ : ५३) । यसै आधारमा उनीहरूले मानसिक रोगीहरूलाई व्यवहार परिवर्तन गरी चाहेको व्यवहार निमार्ण गराउन सकिने निष्कर्ष निकाले ।

वाट्सनको व्यवहारवादी सिद्धान्तलाई समकालीन मनोवैज्ञानिकहरू लासली, टलम्यान, हल, मारी कभर, स्किनर, थर्नडाइक आदिले मानिस र जनावरमा विविध प्रयोग गरी व्यवहारवादी, विज्ञानवादी र वस्तुवादी भएको कुरा प्रमाणित गर्दै यस सिद्धान्तलाई मानसिक रोगको उपचार पद्धतिको रूपमा प्रयोग गरेका छन् ।

### २.७.३ संज्ञनात्मक सिद्धान्त

संज्ञानवादलाई ज्ञानवाद पनि भन्ने गरेको पाइन्छ । यो व्यवहारवादको समकालीन वादको रूपमा आएको नयाँ सोच, नयाँ चिन्तन र नयाँ वाद हो । संज्ञानवादलाई बौद्धिकवादको उपज मानिन्छ । यसले मानिसको उच्च बौद्धिक क्षमता र दक्षतामा विश्वास गर्दछ । यसैको आधारमा मानिस पूर्णता प्राप्तिका लागि संघर्षरत रहन्छ र वातावरणमा समायोजित रहन्छ । यस वादको मुख्य आसय कुनै पनि व्यवहार सिकाइको पछाडि मानसिक क्रियाकलापको हात हुन्छ भन्ने हो । यसले कुनै पनि मूर्त या अमूर्त कुराको चिन्तनमा, प्रत्यक्षीकरणमा वा सिकाइमा प्राणीको मानसिक वा बौद्धिक क्षमताको हात रहेको मान्दछ । यस वादको सैद्धान्तिक आधार गेस्टाल्वाद मनोविज्ञानलाई मानिन्छ (शर्मा र शर्मा, २०६७ :३४८) । जर्मन मनोवैज्ञानिकहरू माक्स वेदिमर, कुर्त कोफ्का, वुल्फग्याङ्ग कोलर र कुर्त लेविन लाई संवेगात्मक मनोवैज्ञानिक स्कुलका प्रणेता मानिन्छ । यस वादको जन्म वाट्सन र थर्नडाइकको व्यवहारवादी मनोविज्ञानले प्रसिद्धि प्राप्त गरिरहेको समयमा भएको हो । यसवादले मानिसले व्यवहार मानसिक क्रियाबाट, प्रत्यक्षीकरणबाट र वस्तुलाई पूर्ण रूपमा अर्थपूर्ण ढङ्गबाट ग्रहण गरिसकेपछि मात्र सिक्दछ भन्ने मान्यता अगाडि सार्दछ । यसरी यस वादले सिकाइका लागि शारीरिक पक्ष भन्दा बौद्धिक वा ज्ञानात्मक पक्षमा बढी जोड दिन्छ । यस वादका अनुसार मानिसको मस्तिष्कमा सूचनाहरूको भण्डार हुन्छ । वातावरणबाट जब नयाँ कुरा आउँछ त्यसलाई मस्तिष्कले आफूसँग भएको सूचनासँग तुलना गरी प्रतिक्रिया जनाउँदछ । यसो गर्न नसकेमा मानिस असामान्य बन्दछ अर्थात् वातावरणबाट प्राप्त कुरा र मस्तिष्कमा रहेको सूचना बिच सामाञ्जस्यता कायम गर्न सकेन भने मानव असामान्य स्थितिमा पुग्दछ भन्ने मान्यता यसले राखेको पाइन्छ ।

संज्ञानात्मक सिद्धान्त अनुसार निम्न तिन अवस्थामा रहने व्यक्तिलाई असामान्य मानिन्छ ।

अ) कारणको बुझाइ

आ) नियन्त्रणमा विश्वास

इ) गलत मान्यता । (नेलेन- ह्वेक्सेमा, १९५९ : २१) ।

**(अ) कारणको बुझाइ**

एउटै घटनाप्रति व्यक्तिहरूको प्रतिक्रिया फरक फरक रहेको पाइन्छ । कसैले त्यही घटनाप्रति सकारात्मक प्रतिक्रिया व्यक्त गरिरहेका हुन्छन् भने कसैले नकारात्मक प्रतिक्रिया व्यक्त गरिरहेका हुन्छन् । उदाहरणका लागि परीक्षा बिग्रनुको कारण परीक्षामा आएको गाह्रो प्रश्न र मिहिनेतको कमी ठम्याइ कुनै विद्यार्थी दोस्रो परीक्षाको लागि कडा मिहिनेत गर्दछ भने त्यस विद्यार्थीलाई सामान्य मानिन्छ । त्यसका विपरीत कुनै परीक्षार्थी परीक्षा विग्रनुको मूल कारणको खोजी नगरी मेरो दोस्रो परीक्षा पनि बिग्रन्छ, म कुनै पनि परीक्षामा उर्तीण हुँदिनँ, मैंले पढ्नु बेकार छ भनेर सोचाइ राखी त्यसैमा चिन्तित रहन्छ भने त्यस व्यक्तिलाई असामान्य मानिन्छ । संज्ञानवादीहरू व्यक्तिमा यस्तो व्यवहार देखिनुमा

वातावरणबाट प्राप्त कुरा र मस्तिष्कमा रहेको सूचना बिच सामाञ्जस्यता कायम गर्न नसक्नुलाई मान्दछन् ।

**(आ) नियन्यत्रणमा विश्वास**

संज्ञानवादीहरू कुनै पनि घटना हाम्रो नियन्त्रणमा छैन भनी सधैं जीवनमा निरास रहने व्यक्तिलाई असामान्य मान्दछन् । उनीहरूका अनुसार यस्ता व्यक्तिहरू कुनै घटना घटेपछि त्यस्तै खाले घटना आफ्नो जीवनमा पुनः पुनः घटिरहन सक्छ भनेर सधैं त्रसित रहन्छन् र जीवनलाई अगाडि बढाउन चाहँदैनन् । उदाहरणको लागि आमाको मृत्यु भएको बालक नयाँ परिवेशमा हुर्कने मौका पाउँदा पनि पुरानै घटनाबाट त्रसित रही जीवनमा अगाडि बढ्न चाहँदैन । ऊ सधैं मेरो जीवनमा यस्ता घटना फेरि पनि दोहरिन्छ भनेर सोची मात्र रहन्छ जसका कारण उसमा तनाब उत्पन्न भई असामान्य व्यवहार देखा पर्दछ । यस्तो व्यवहार देखिनुमा वातावरणबाट प्राप्त कुरा र मस्तिष्कमा रहेको सुचना बिच सामाञ्जस्यता कायम गर्न नसक्नु हो ।

**(इ) गलत मान्यता**

हाम्रो समाजमा कतिपय व्यक्तिहरूमा आफू र आफूले गरेको जस्तो सुकै कार्य अरूले मान्नु पर्ने, आफू अन्य भन्दा चलाख, जान्ने बुझ्ने छु भन्ने ठान्ने प्रवृत्ति रहेका हुन्छन् भने कुनै घटनाले एक पटक असर गऱ्यो भने पुनः पुनः असर गर्छ भन्ने भय राख्ने, समस्यासँग जुध्न डराउने प्रवृत्तिका भेटिन्छन् । यस्ता व्यक्तिहरूलाई संज्ञानवादीहरू असामान्य व्यक्ति मान्दछन् । यसको मूल कारण संज्ञानवादीहरू आनुवंशिकता, तनावपूर्ण वातावरण, पारीवारिक असहयोग आदिलाई मान्दछन् ।

साहित्य समाजको दर्पण भएकोले होला असामान्य व्यवहारले वैज्ञानिक रूप धारण गर्नु पूर्व साहित्यका विविध विधा : जस्तो कविता, कथा, नाटक आदिमा मनोविकृत व्यवहार चित्रित गर्ने विविध पात्रहरूको उल्लेख पाइन्छ । उदाहरणका लागि **ओथेलो**का पात्र मनोग्रस्त, आक्रामक र इर्ष्याका ज्वलन्त नमूना मानिन्छन् (श्रीवास्तव र अन्य, १९९६ : ४) । यूनानी साहित्यकार यूरिपाइडिज (४८०-४०६ई.पू.) का नाटक **मेडी**का एउटा पात्रमा ईर्ष्या र संवेग भरिएको पाइन्छ जसमा आमाले बच्चाको हत्या गरेकी छिन् । यसै गरी सोफोक्लिज (४९५-४०६ ई.पू.) का नाटक **एडिपस रेक्स र एलेक्ट्रा**मा मानव व्यवहारको उल्लेख पाइन्छ भने **एस्किलस**को नाटकमा गंभिर विषाद एवम् अपराधी भावनाबाट उत्पन्न व्यामोह तथा विभ्रमका लक्षणको उल्लेख पाइन्छ (कोलम्यान, १९७६ : ८) ।

असामान्य मनोविज्ञानको सैद्धान्तिक रूपमा विकास भएपछि भने अर्नेस्ट जोन्सले फ्रायडको सिद्धान्तलाई अनुसरण गरेर ह्यामलेट र ओडिपस (१९४९) कृतिको विश्लेषण गरेका छन् (शर्मा र लुइटेल, २०६१ : १६४) । यसपछि लायोनेल ट्रिलिङ्, एडमण्ड विल्सन, लिभिङ्स्टोन लवेस, विलियम फिलिप आदि जस्ता मनोवैज्ञानिकक समालोचक देखा परे । नेपालीमा मनोवैज्ञानिक धारालाई अपनाएर कृति रचना गर्ने पहिलो नाटककारका रूपमा मल्ल दाजुभाइ गोविन्द बहादुर मल्ल र विजय मल्ल

चिनिन्छन् । यिनीहरूद्वारा लिखित **भूसको आगो** र **कोही किन बरबाद होस्** नाटक लेखनबाट नेपाली साहित्यमा मनोविज्ञानले प्रवेश पाएको देखिन्छ भने मनोविश्लेषण सिद्धान्तको प्रयोग गरेर कृतिको समालोचना गर्नेमा कृष्णचन्द्रसिंह प्रधान, वासुदेव त्रिपाठी, मुरारिप्रसाद रेग्मी, ईश्वर कुमार श्रेष्ठ, राजेन्द्र सुवेदी, कृष्णहरि बराल र नेत्र एटम, इन्द्रविलास अधिकारी, हरिप्रसाद पराजुली, गोपाल प्रसाद भण्डारी, रमा शिवाकोटी, राम पौडेल, दुर्गा बहादुर घर्ती आदि देखा परेका छन् ।

## २.८ असामान्य व्यवहारका कारक तत्वहरू

सामान्य व्यवहार भन्दा भिन्न असमायोजित व्यवहार, समाजमा अमान्य व्यवहार असामान्य व्यवहार हुन् । मनोविज्ञानले मानवले गर्ने प्रत्येक व्यवहार वा क्रियाकल पछाडि कुनै न कुनै कारण लुकेको हुन्छ भन्दछ र कारणको खोजी गर्दछ । असामान्य व्यवहारको कारक तत्त्वको खोजी प्राचीन कालदेखि नै भएको पाइन्छ । प्राचीन कालमा असामान्य व्यवहारको कारक तत्त्व सैतानी शक्तिलाई मानिन्थ्यो (कोलम्यान, १९७६ : २६) । जसको कुनै वैज्ञानिक कारण छैन । यसर्थ यो अन्धविश्वासमा आधारित छ । शिक्षाको विकाससँगै मानवको सोचाइमा पनि परिवर्तन देखा परे । असामान्य व्यवहारलाई बुझ्नका लागि मानसिहरूले वैज्ञानिक आधारहरूको खोजी गर्न थाले । त्यसपछि असामान्य व्यवहार सम्बन्धी विभिन्न दृष्टिकोण देखापर्न थाले । मनोविश्लेषणवादीहरू असामान्य व्यवहारका कारक तत्त्व दबाबपूर्ण परिस्थितिबाट उत्पन्न डर वा त्रासलाई मान्दछन् । व्यवहारवादीहरू दोषपूर्ण सिकाईलाई मानसिक रोगका कारण सम्झिन्छन्, मानवतावादीहरू असामान्य व्यवहारका कारण विकृत व्यक्तिगत विवृद्धिलाई मान्दछन् भने अन्तर्वैयक्तिकवादीहरू अन्तर्वैयक्तिक सम्बन्धलाई असामान्य व्यवहारका कारण मान्दछन् (श्रीवास्तव र अन्य, १९९६ : १२६) । यसरी असामान्य व्यवहारप्रति व्यक्तिमा देखिएको अन्धविश्वासको स्थान विज्ञानले लिएको पाइन्छ । वर्तमानमा असामान्य व्यवहारका कारक तत्त्वका बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नो विचार प्रकट गरेको पाइन्छ । ती मध्ये सान्दर्भिक दृष्टिकोणलाई यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### २.८.१ जैविक कारक

मानवको व्यवहारमा प्रत्यक्ष प्रभाव शरीर रचनाले पार्दछ (श्रीवास्तव र अन्य, १९९६ : १२७) । हाम्रो शरीर अस्वस्थ्य रहेको खण्डमा कुनै कार्य गर्न मन नलाग्ने, शरीर भारी हुने, कोही बोल्दा पनि रीस उठ्ने जस्ता लक्षण देखा पर्दछन् । यस्ता व्यवहारलाई मनोविज्ञानमा असामान्य मानिन्छ । असामान्य व्यवहार देखापर्ने थुप्रै प्रकारका जैविक कारक रहेको पाइन्छ जसलाई निम्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

अ) आनुवंशिकता

आ) शारीरिक बनावट

इ) जैविक रासायनिक उपद्रव

ई) मस्तिष्क घात

उ) तीव्र जैविक प्रतिबल

**(अ) आनुवंशिकता**

आनुवंशिकतालाई असामान्य व्यवहारको एक प्रमुख कारक तत्त्व मानिन्छ । आमा, बाबु वा पूर्वजहरूको गुण, शिल स्वभाव पछिल्लो पुस्तामा देखा पर्नु आनुवंशिकताको विशेषता हो (श्रीवास्तव र अन्य, १९९६ : १२७) । अघिल्लो पुस्तामा रहेको गुण वा दोष पछिल्लो पुस्तामा वंशसूत्रहरूद्वारा देखा पर्दछन् । वंशसूत्रहरू आनुवंशिकताका एकाई हुन् । प्रत्येक आनुवंशिक विशेषताहरू दुई वटा वंशसूत्रबाट निर्धारित हुन्छ (ढकाल, २०५६ : १०२) । ती मध्ये एउटा आमाबाट र अर्को बाबुबाट आउँदछन् । मानव शरीरमा यस्ता वंशसूत्रहरू तेइस जोडी हुन्छन् । सिजोफोर्निया भन्ने मानसिक रोगीबाट जन्मने चालिस प्रतिशत बालबालिकाहरू यस रोगको सिकार हुनुमा विद्वान्हरू आनुवंशिकतालाई मान्दछन् । मनोविद् युङ्गले पनि सामूहिक अचेतन सम्बन्धी मान्यताको चर्चा गर्दा असामान्यताका कारक तत्त्व आनुवंशिकता रहेको संकेत गरेका छन् (शर्मा र लुइटेल, २०६१ : १८६) ।

**(आ) शारीरिक बनावट**

शारीरिक बनावटलाई पनि असामान्य व्यवहार देखापर्ने एउटा कारक तत्त्वका रूपमा लिइन्छ । मनोविद् अल्फ्रेड एडलर विकृत शारीरिक संरचनालाई असामान्य व्यवहारका कारक तत्त्व मान्दछन् (बराल, २०६८ : ६०) । आधुनिक चिकित्सकका पिता हिप्पोक्रेटसले एउटा खास शारीरिक संरचना भएको व्यक्तिमा खास तरहको असामान्यताको विकास हुने सम्भावना बढी रहेको हुन्छ भन्दै मानव शरीरको संरचनालाई चार आधारमा वर्गीकरण गरेका छन् । अ) द्रव, आ) पहेँलो पित्त, इ) कालो पित्त, ई) कफ (सुलेमान र तौबाब, २००४ : २००) । उनका अनुसार द्रव प्रधान हुने सामान्य, पहेँलो पित्त हुने चिढचिढिने, कालो पित्त हुने बढी निराशावादी र विषादको शिकार बन्ने, कफ प्रकृतिको व्यक्ति विरक्तिने स्वभावका हुन्छन् । ग्रिक दार्शनिक अरस्तुले हिप्पोक्रेटसको मान्यतालाई समर्थन जनाउँदै असामान्यताका कारण दैहिक अर्थात् शारीरिक संरचनालाई मानेका छन् (कोलम्यान, १९७६ : २८) । यसै गरी विद्वान् केस्मरले पनि शारीरिक संरचनालाई असामान्य व्यवहारका कारक तत्त्व मानेका छन् । उनका अनुसार मानव शरीरको संरचना स्थूलकाय, कृशकाय र पुष्टकाय गरी तीन आधारमा हुन्छ (श्रीवास्तव र अन्य, १९९६ : १२९) । स्थूलकाय शरीर भएको व्यक्तिको स्वभाव मिलनसार, मृदुभाषी, साथी बनाउन बढी इच्छा गर्ने खालका हुन्छन् भने कृशकाय शरीर भएको व्यक्तिको स्वभाव भावप्रधान, संवेदनशील, स्वप्नद्रष्टा, बौद्धिक, शान्त, एकान्तप्रेमी हुन्छन् । पुष्टकाय शरीर भएको व्यक्ति मिलनसार, निर्भिक, अभिलाषी, कुशल, उत्साही स्वभावका हुन्छन् । यसरी विभिन्न विद्वन्हरूले शारीरिक संरचनालाई असामान्य व्यवहारका कारक तत्त्व मानेको पाइन्छ ।

**(इ) जैविक रासायनिक उपद्रव**

मानव शरीरमा जैविक रासायनिक उपद्रवका कारण असामान्य व्यवहार देखा पर्दछ (नेलन-ह्वेक्सेमा, १९५९ : ३६) । यसलाई निम्न लिखित तीन भागमा वर्गीकरण गरेर हेर्न सकिन्छ ।

क) रासायनिक पदार्थ उपद्रव

ख) अन्तः स्रावी ग्रन्थिमा उपद्रव

ग) पौष्टिक आहारको कमी ।

**(क) रासायनिक पदार्थको उपद्रव**

असामान्य व्यवहारका कारकका रूपमा रासायनिक पदार्थको उपद्रवलाई पनि लिएको पाइन्छ । चिकित्सक ब्यानका अनुसार मस्तिष्कमा सेरोटोनिक र केटकोलामाइन नाम रासायनिक तत्त्व हुन्छ । यी दुई तत्त्वको मात्रा घटी वा बढी भएमा व्यक्तिमा विषाद रोग देखा पर्नुका साथै संवेगात्मक उत्तेजना बढ्दछ (सुलेमान र तौबाब : २०१) । यसर्थ मानव सामान्य अवस्थामा रहन सन्तुलित रासायनिक पदार्थको महत्त्व हुन्छ ।

**(ख) अन्तः स्रावी ग्रन्थिमा उपद्रव**

मानव शरीरलाई स्वस्थ्य राख्न पिट्युटरी ग्रन्थि, एड्रीनल ग्रन्थी, थाइराइड ग्रन्थि आदि आवश्यक पर्दछ । यी ग्रन्थिबाट हाम्रो शरीरलाई आवश्यक पर्ने हार्मोनहरू उत्पादन हुन्छन् । यदि हार्मोनको उत्पादनमा असन्तुलन भएमा शरीरमा नकारात्मक प्रभाव पर्न थाल्दछ । जस्तैः बढी उचाइ हुने, कम उचाइ हुने, पुरुषको स्वर नारीको जस्तो नारीको स्वर पुरुषको जस्तो हुने, संवेगात्मक असन्तुलन रहने आदि हुन्छ (पाठक, २०५९ : १८४-१८५) । चिकित्सक बेन्डाका अनुसार पिट्युटरी ग्रन्थिबाट उत्पादन हुने हर्मोनको गढबढीका कारण मंगोलिज्म नामक मानसिक दुर्बलताको विकास हुन्छ (सुलेमान र तौबाब, २००४ : २०१) ।

**(ग) पौष्टिक आहारको कमी**

मानव पूर्ण रूपमा स्वस्थ रहन पौष्टिक आहारको आवश्यकता पर्दछ । पौष्टिक आहार भन्नाले कार्बोहाइट्रेड, प्रोटिन, चिल्लो पदार्थ, खनिज तथा लवण, भिटामिन, क्याल्सियम र पानीको मात्रा सन्तुलित रहेको खाना भन्ने बुझिन्छ । खानामा पौष्टिक तत्त्वको अभाव निरन्तर रूपमा भएमा शिशुको मस्तिष्क विकासमा ६० प्रतिशतले कमी हुने तथ्य विनिकको अनुसन्धानबाट प्राप्त भएको छ (कोलम्यान, १९७६ : १५०) । यसर्थ पौष्टिक आहारलाई असामान्य व्यवहारको कारक मानिन्छ ।

**(ई) मस्तिष्क घात**

मस्तिष्कमा हुने क्षतिलाई पनि मानसिक विकृति वा असामान्य व्यवहार देखा पर्ने कारकका

रूपमा लिन सकिन्छ । मस्तिष्क क्षतिका अनेक कारण छन् । जस्तैः मस्तिष्कमा हुने चोटपटक, मस्तिष्कमा हुने टियूमर आदि । मस्तिष्क क्षतिका कारण मानिसमा शारीरिक तथा मानसिक लक्षण देखा पर्दछन् । शारीरिक लक्षण अन्तर्गत भकभकिनु, तोतेबोली हुनु आदि पर्दछन् भने मानसिक लक्षण अन्तर्गत स्मरण क्षमतामा ह्रास हुनु, निर्णय क्षमतामा ह्रास आउनु, एकाग्रताको कमी हुनु आदि पर्दछन् । आधुनिक चिकित्सकका जन्मदाता हिप्पोक्रेटसका साथै जर्मनी चिकित्सक विलियम ग्रिंसगर र एपील क्रेपलीन असामान्य व्यवहारका कारक तत्त्व मस्तिष्क विकृतिलाई मान्दछन् (नेलेन- ह्वेक्सेमा, १९५९ : २१) ।

(उ) **तीव्र जैविक प्रतिबल**

मानवको जीवनमा विभिन्न कारणबाट जैविक प्रतिबल उत्पन्न हुन्छ । जैविक प्रतिबल भन्नाले दोषपूर्ण आहार, शारीरिक आघात, संक्रामक रोग, मद्यपान, निद्राको अभाव, संवेगात्मक तनाव, दीर्घकालिक रोग आदिबाट मानवको जीवनमा उत्पन्न हुने प्रतिबल भन्ने बुझिन्छ । प्रतिबलले सहनशील क्षमतामा ह्रास उत्पन्न गर्दछ । फलस्वरूप मानवमा असमायोजनीय व्यवहार देखिन्छ । यसर्थ जैविक प्रतिबललाई असामान्य व्यवहारको कारक मानिन्छ ।

## २.८.२ मनोवैज्ञानिक कारक

मनोविद्हरू असामान्य व्यवहारका कारक तत्त्व विभिन्न कारणबाट मानव मनमा उत्पन्न हुने द्वन्द्व, मानसिक तनाब, कुण्ठा, प्रतिबल आदिलाई मान्दछन् (सुलेमान र तौवाब, २००४ : ५७) । यस्ता कारणबाट मानिसमा असामान्य व्यवहार उत्पन्न हुन्छ । असामान्य व्यवहार उत्पन्न गराउने थुप्रै कारण छन् । जसको चर्चा तल प्रस्तुत गरिएको छ ।

अ) पैतृक पृथकीकरण

आ) दोषपूर्ण पालन पोषण

इ) दोषपूर्ण पैतृक प्रतिरूप

(अ) **पैतृक पृथकीकरण**

असामान्य व्यवहारका कारकको रूपमा पैतृक पृथकीकरणलाई पनि लिएको पाइन्छ । पैतृक पृथकीकरण भन्नाले कुनै कारण बाबु र आमा छुट्टिएर बस्नु परेको अवस्था भन्ने बुझिन्छ । यस्तो अवस्थामा बालबालिकाले चाहना गरे अनुरूप बाबुआमाको माया एक साथ पाउन सक्दैनन् । यसले उनीहरूमा मायाको अभाव खड्की रहन्छ र मायाको अभाव सम्बन्धी भावना अचेतन मनमा गएर बस्छ । फलस्वरूप उनीहरूमा तनाब र कुण्ठा उत्पन्न हुन्छ । यसले बालबालिकाको व्यक्तित्व विकासमा अवरोध उत्पन्न गर्दछ । यसका साथै बालबालिकाहरूमा एकान्तमा बस्न मनपराउने, छिटो रिसाउने, विभिन्न उपद्रव कार्य गर्ने, पढ्न रुचि नदेखाउने जस्ता असामान्य व्यवहारका लक्षणहरू देखा पर्दछन् (सुलेमान र तौवाब, २००४ : २०४) ।

### आ) दोषपूर्ण पालन पोषण

बाल बालकिाको पालन पोषण सही ढङ्गबाट हुन नसकेको खण्डमा पनि असामान्य व्यवहार देखा पर्दछ । दोषपूर्ण पालन पोषण अन्तर्गत बालबालिकाप्रति गरिने अतिप्यार, अतितिरस्कृत व्यवहार , दोषपूर्ण अनुशासन आदि पर्दछन् । बाबु आमाको अत्याधिक प्रेम पाएर हुर्किएका बच्चाहरूमा परनिर्भरताको विकास, आत्मविश्वासको कमी हुने हुँदा समाजमा समायोजन हुन गाह्रो हुन्छ । जसका कारण उनीहरूमा असामान्य व्यवहार देखा पर्दछ । यसै गरी बाबु आमाबाट बढी तिरस्कृत हुने अर्थात् आमा बाबुको माया, सहानुभूति, सम्मान पर्याप्त रूपमा नपाउने बालबालिकाहरूको मनमा गहिरो चोट पर्दछ । परिणामस्वरूप उनीहरूमा बाबुआमा प्रति घृणित भावनाको विकास हुन्छ । यसका साथै जिद्दी, चकचके, रिसाहा, उदण्ड जस्ता असामान्य व्यवहारका लक्षणहरू देखा पर्दछन् । यसका साथै दोषपूर्ण अनुशासनमा हुर्किएका बालबालिकामा पनि असामान्य व्यवहार देखा पर्दछ । बाबुआमाले बालबालिकाले गर्ने गल्तीहरूको लागि सही तरिकाले दण्डित गर्न सकेन भने त्यसले बालबालिकाको व्यक्तित्व विकासमा ठूलो प्रभाव पार्दछ । फलस्वरूप उनीहरूमा असामान्य व्यवहार देखा पर्दछ । मनोविद् किस्करका अनुसार अति प्रेम, अति तिरस्कृत, दोषपूर्ण अनुशासनका कारण भविष्यमा बालबालिकामा असमायोजनीय व्यवहार देखा पर्न सक्छ (सुलेमान र तौवाब, २००४ : २०५) ।

### (इ) दोषपूर्ण पैतृक प्रतिरूप

बाल बालिकाको पहिलो पाठशाला घर परिवार मानिन्छ । घर परिवारका सदस्यहरूले गर्ने हरेक व्यवहारप्रति बाल बालिकाको ध्यान गएको हुन्छ र त्यही व्यवहारको नक्कल उनीहरूमा देखिन्छ । यस कारण घर परिवारका मानिसको व्यवहार असल हुन जरुरी छ । यदि परिवारका सदस्य मध्ये कोही खराब चरित्रको, आक्रमणकारी स्वभावको छ भने बालबालिकामा पनि त्यो स्वभाव प्रायः देखिन्छ । यस कारण दोषपूर्ण पैतृक प्रतिरूपलाई असामान्य व्यवहारका कारक मानिन्छ ।

## २.८.३ सामाजिक-सांस्कृतिक कारक

मानव एक सामाजिक प्राणी हो । समाजसँग अलग रहेर ऊ बाँच्न सक्दैन । समाज भन्ने बित्तिकै विविधताको झझल्को हाम्रो मानसपटलमा घुम्न थाल्छ । एउटै समाजमा पनि अलग अलग जातजाति, धर्म संस्कृति, आर्थिक अवस्था, सोचाइ  पाइन्छ । ती विविध पक्षले मानव जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पारिरहेका हुन्छन् । यसर्थ समाजशास्त्री अर्नेष्ट वर्गीजले समाज र संस्कृतिको महत्त्वको चर्चा गर्ने क्रममा मानसिक रोग अर्थात् असामान्य व्यवहारलाई समाजको प्रतिबिम्बको रूपमा लिएका छन् ( श्रीवास्तव र अन्य १९९६ : १३६) । अर्नेष्टको यस भनाइले असामान्य व्यवहारको कारक सामाजिक पक्ष पनि हो भन्ने बुझाउँदछ । यसै गरी नवफ्रायडवादी मनोविश्लेषक करेन हर्नी मानवीय व्यवहार सांस्कृतिक प्रभावको उपज हो भन्दै असामान्य व्यवहारको अध्ययन सामाजिक-सांस्कृतिक पक्षको आधारमा गर्नु पर्नेमा जोड दिन्छन् (घर्ती, २०६७ : ५१) । असामान्य व्यवहारलाई सामाजिक-सांस्कृतिक

कारक मान्ने अन्य विद्वन्हरूमा विल्हेम रिच, अब्राहम कार्डिनर, एरिक फ्रम आदि पर्दछन । सामाजिक पक्ष अन्तर्गत थुप्रै कुराहरू पर्दछन् । जसको चर्चा गर्ने प्रयास तल गरिएको छ ।

अ) आर्थिक एवम् व्यवसायिक समस्या

आ) सामाजिक कुरीति कुपरम्परा

इ) हैकमवादी सोचाइ

ई) वर्गीय विभेद

उ) बेरोजगारी

ऊ) बसाइँसराइ

ए) सांस्कृतिक विभिन्नता

**(अ) आर्थिक एवम् व्यवसायिक समस्या**

मानवलाई गाँस, बास र कपास जस्ता सामान्य आवश्यकता पूरा गर्न अर्थको आवश्यकता पर्दछ । अर्थको प्राप्ति नोकरीबाट या कुनै व्यवसायबाट हुन्छ । जब मानिस आफ्नो योग्यता र आवश्यकता अनुसार नोकरी या व्यवसाय गर्दछ तब ऊ सुख एवम् शान्तिको अनुभव गर्दछ । यसका अतिरिक्त मानिसले आफ्नो योग्यता र आवश्यकता अनुसारको काम नपाएको खण्डमा उसको मनमा बेचैनी हुन्छ, उसमा तनाब या प्रतिबल उत्पन्न हुन्छ । परिणामस्वरूप असामान्य व्यवहारका लक्षण देखा पर्न थाल्दछन् । यस अर्थमा आर्थिक एवम् व्यवसायिक समस्यालाई असामान्य व्यवहारको कारक मान्न सकिन्छ ।

**(आ) सामाजिक कुरीति कुपरम्परा**

संस्कृति भन्नाले रीति रिवाज परम्परा भन्ने बुझिन्छ । हाम्रो देश पितृसत्तात्मक राष्ट्र हो । यसैले यहाँ नारीहरूको सम्पूर्ण हक र अधिकारको तय पुरुष समाजले गर्दछ । यस कारण यहाँ पुरुष समाजले नारीलाई घरभित्र बसेर पारिवारिक तथा सांस्कृतिक परम्पराको जर्गेना गर्ने जिम्मा मात्र दिएको छ ( उप्रेती, २०६८ : २३४) । पितृसत्तात्मक समाज भएकोले नारीहरूको पहिचान, स्वरूप, अधिकार, निर्णय गर्ने क्षमता पुरुष भन्दा भिन्न किसिमको बनाएको छ । पुरुष समाजले नारीको परिचय स्वतन्त्रताहीन प्राणी, चुलोचौकोमा सीमित प्राणी, पुरुषको भोग्या वस्तु आदिबाट गराएको छ । यसका साथै समाजले सधवा नारी र विधवा नारीहरूको जीवन शैलीलाई पनि फरक फरक ढंगबाट निर्धारण गरको छ । सधवा नारीहरू पतिको लामो आयुका निमित्त १६ शृङ्गारमा बस्नु पर्ने, बिना दोष पतिले गरेको जस्तो सुकै गलत कार्यको भोगी बन्नु पर्ने जस्ता नियम समाजमा रहेको छ भने विधवा नारीहरूले मृत पतिको अस्तित्वका लागि शृङ्गार गर्न नहुने, ठूलो स्वरले बोल्न नहुने, हाँस्न नहुने, भोजन बार्नु पर्ने आदि नियम रहेको छ । यस्ता सामाजिक नियम विरुद्ध कुनै महिला गइन भने त्यस महिलालाई पतित ठानिन्छ र वेश्या जस्तो घृणित उपनाम दिइन्छ । यसरी पुरुष समाजले नारीहरूको बोल्न, हिडडुल गर्न, वस्त्र

पहिरन, स्वतन्त्र रूपमा पतिवरण गर्न अर्थात् कुनै पनि कार्य आफुखुसी गर्न पाउने स्वतन्त्रताको हरण गरेको पाइन्छ । पुरुष समाजले संस्कृतिका नाममा नारी माथि गरेको अन्यायबाट तनाब सिर्जना भई असामान्य समेत बन्न पुग्ने हुँदा यसलाई पनि असामान्य व्यवहारका कारक तत्त्व मानिन्छ ।

**(इ) हैकमवादी सोचाइ**

हाम्रो समाजमा विभिन्न मानिसहरू बसोवास गर्दछन् । सबै मानिसहरूको सोचाइ समान हुँदैन । कुनै मानिसले सामाजिक परिवर्तनसँगै आफ्नो पुरातन सोचाइलाई परिवर्तन गर्दै लैजान्छ भने कुनै मानिसमा आफ्नो पुरानो धाक र रवाफको धङ धङ्गी रहि रहने हुँदा त्यसलाई परिवर्तन गर्न चाहँदैन । फलस्वरूप समाज परिवर्तन हुँदा समेत आफ्नो हैकमवादी सोचाइलाई परिवर्तन गर्न नसकी सबैको भलो हुने कार्यमा पनि विघ्न बाधा ल्याउन अग्रसर रहन्छन् । यस्ता प्रवृत्ति रहेका मानिसलाई मनोविद्हरू असामान्य मान्दछन् । यसै कारण हैकमवादी सोचाइलाई पनि असामान्य व्यवहारका कारक तत्त्व मानिन्छ ।

**(ई) वर्गीय विभेद**

वर्गीय विभेद अन्तर्गत धनी र गरिब बिच देखा पर्ने विभिन्न विभेदहरू पर्दछन् । यस अन्तर्गत सामाजिक, आर्थिक, शैक्षिक, प्रशासनिक आदि जस्ता क्षेत्रमा देखा पर्ने विभेदहरू पर्दछन् । यस्ता खालका विभेदले गरिबमा नैराश्य पैदा गराइ दिनुका साथै मानसिक तनाव उत्पन्न गराइ दिन्छ, फलस्वरूप गरिबहरूमा असामान्य व्यवहार देखा पर्न थाल्दछ भने वर्गीय विभेद नचाहने केही सम्पन्न व्यक्तिहरूमा समेत तनाव उत्पन्न गराइ दिन्छ । यस कारण वर्गीय विभेदलाई पनि असामान्य व्यवहारका कारक तत्त्व मान्न सकिने कुरा मनोविद्हरूले गरेको पाइन्छ ।

**(उ) बेरोजगारी**

अर्थतन्त्रमा आएको आर्थिक गिरावटका कारण विश्वभर बेरोजगारी दिनानुदिन बढ्दै गएको पाइन्छ । फलस्वरूप मानिसलाई जीवन गुजारा गर्न मुस्किल हुँदै गएको छ । यसले गर्दा मानिसमा तनाबको स्थिति बढ्दो क्रममा छ । जसले गर्दा मानसिक रोगीको सङ्ख्या बढ्दै गएको पाइन्छ । यस अर्थमा बेरोजगारीलाई असामान्य व्यवहारको कारक मान्न सकिन्छ ।

**(ऊ) बसाईंसराईं**

विभिन्न कारणले गर्दा आफ्नो जन्मस्थल छोडी नयाँ स्थानमा गएर बस्नु पर्दा मानिसहरूमा विभिन्न किसिमका समस्याहरू आइपर्न सक्छन् । जस्तैः स्वास्थ्यको समस्या, भाषाको समस्या, जलवायु परिवर्तन, धार्मिक द्वन्द्व, आफन्तको कमी आदि । यस्ता समस्याका कारण मान्छेमा एक प्रकारको मानसिक तनाब उत्पन्न हुन्छ । फलस्वरूप मानिसमा असामान्य व्यवहारका लक्षणहरू देखा पर्दछ । विद्वन् किस्करले आफ्नो अनुसन्धानबाट बसाइँसराइको कारणबाट मानिसमा असामान्य व्यवहार देखा पर्दछ भन्ने

कुरा प्रमाणित गरेका छन् (सुलेवान र तौवाब, २००४ : २०९) । यसर्थ बसाइँसराइलाई असामान्य व्यवहारका कारक तत्त्व मान्न सकिन्छ ।

**(ए) सांस्कृतिक विभिन्नता**

असामान्य व्यवहारका थुप्रै कारक मध्ये सांस्कृतिक कारक पनि एक हो । विभिन्न विद्वान्हरूद्वारा गरिएको अध्ययनबाट भिन्ना भिन्नै संस्कृतिका मानिसहरूमा भिन्ना भिन्नै मानसिक रोग देखा पर्दछ भन्ने कुरा पुष्टि भएको छ । उदाहरणको लागि आर्कटिक हिस्टेरिया केवल उत्तरी साइबेरियामा मात्र पाइन्छ भने पिबलोकटोक नामक विकृति इस्किमो जनजातिका महिलामा पाइन्छ (श्रीवास्तब र अन्य, १९९६ : १३७) । इस्किमो जनजातिका महिलामै यो रोग पाइनुको मूल कारण विद्वान्हरू उनीहरूको समाजमा पाइने सांस्कृतिक परिवेशबाट उत्पन्न हुने असुरक्षाको भावनाका कारण उत्पन्न तनाबलाई मान्दछन् ।

हरेक रोगका पछाडि कुनै न कुनै कारण लुकेको हुन्छ । यस आधारमा मानसिक रोग अर्थात् असामान्य व्यवहार देखा पर्नुमा पनि कारणहरू रहेको देखिन्छ । विद्वान्हरूले गरेका विभिन्न अनुसन्धानबाट असामान्य व्यवहारका कारक जैविक, मनोवैज्ञानिक र सामाजिक-सांस्कृतिक पक्ष रहेको पुष्टि भइसकेको छ । यसर्थमा मानिसमा असामान्य व्यवहार जैविक, मनोवैज्ञानिक र सामाजिक-सांस्कृतिक आदि समस्याबाट उत्पन्न तनाबका कारण देखा पर्दछन् ।

## २.९ निष्कर्ष

मनोविज्ञानको एक शाखाको रूपमा रहेको असामान्य मनोविज्ञान असामान्य र मनोविज्ञान दुई पदको मेलबाट निर्मित पदावली हो । यसमा प्रयुक्त असामान्य पदले सामान्य भन्दा भिन्न र मनोविज्ञान पदले मनको अध्ययन गर्ने विज्ञान भन्ने अर्थ बुझाउँदछ । समष्टिमा यसले व्यक्तिको असमायोजनीय व्यवहार, विघटित व्यक्तित्व र असामाजिक आचरणको अर्थ वहन गर्दछ ।

असामान्य व्यवहारका थुप्रै विशेषता रहेको पाइन्छ । परिस्थिति अनुकूल नहुनु, निर्धारित नियमसँग प्रतिकूल रहनु, औसतभन्दा फरक हुनु, संवेगात्मक रूपमा अपरिपक्क हुनु, अवास्तविक व्यवहारको प्रतिरूप हुनु, सामाजिक हित विपरीत व्यवहार गर्नु, अन्तर्दृष्टिको कमी हुनु, आफ्नै लागि हानिकारक हुनु, परपीडक स्वभाव हुनु आदि असामान्य व्यवहारका विशेषता हुन् । यस्ता विशेषताबाट व्यक्तिलाई असामान्य व्यवहारको पहिचान गर्न सजिलो हुन्छ । यस बाहेक सामान्य र असामान्य व्यवहारको पहिचानका लागि वर्णनात्मक र व्याख्यात्मक मापदण्ड पनि रहेको पाइन्छ । वर्णनात्मक मापदण्डमा व्यक्तिको व्यवहारलाई नैतिक, सामाजिक, सम्पादनपरक, आदर्शीमूलक र तथ्याङ्कीय मापदण्डका आधारमा परीक्षण गरिन्छ भने व्याख्यात्मक मापदण्डमा व्यक्तिको व्यवहारलाई रोगात्मक, मनोवैज्ञानिक र समायोजनमूलक मापदण्डका आधारमा परीक्षण गरिन्छ । यी आधारहरूमा व्यक्तिको परीक्षण गर्नुपूर्व परीक्षणकर्तालाई व्यक्तिको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक आदि सम्पूर्ण कुराको ज्ञान हुन आवश्यक छ अन्यथा पहिचान त्रुटिपूर्ण हुन सक्छ ।

असामान्य व्यवहारको पहिचान भएपछि त्यो कस्तो खालको असामान्यता हो भन्ने कुराको ज्ञान असामान्यताको प्रकारबाट थाहा हुन्छ । मनोविद्हरूले असामान्यतालाई मानसिक विचलन, मनोशारीरिक विचलन, व्यक्तित्व विचलन र मनोदौर्बल्य गरी चार प्रकारमा विभाजन गरेको पाइन्छ । असामान्य व्यवहारको अध्ययन गर्ने विज्ञानको रूपमा विकासित हुनु पूर्व असामान्य व्यवहारलाई हेर्ने दृष्टिकोण समयपिच्छे फरक फरक रहेको पाइन्छ । पाषाण युगमा असामान्य व्यवहारलाई दुष्टात्माको प्रवेश मानी बिरामीको मस्तिष्कमा चोट पुऱ्याएर उपचार गर्ने पद्धति थियो । प्राकृतिक युगमा प्लेटो, अरस्तु र रोमन चिकित्सकको मान्यताले थोरै वैज्ञानिक रूप धारण गऱ्यो । यी विद्वान्हरूले असामान्य व्यवहार दुष्टात्माको प्रवेशबाट नभई अन्य रोग जस्तै स्वभाविक रूपमा देखा पर्ने रोग हो, त्यसैले औषधी उपचारबाट यस्ता बिरामी निको हुन्छन् भन्ने मान्यतालाई अगाडि सारेको पाइन्छ । मध्य युगमा पुगेपछि पुनः पाषाण युगकै मान्यता दोहोरिएको देखिन्छ । पादरीहरूका कारण यस युगमा विकासका सम्पूर्ण कार्य ठप्प भए । फलस्वरूप यस युगलाई अन्धकारको युगको नामले पनि चिनिन्छ । यसपछि मानवतावादी युगको प्रारम्भ भयो । यस युगमा पारासेल्स, जोन वेभर, फिलिप पाइनेल जस्ता विद्वान्हरू देखा परे । यिनीहरूले असामान्य व्यक्तिहरूमा हुँदै आएको अन्याय अत्याचारको घोर विरोध जनाउँदै यस्ता विरामीलाई मानवीय व्यवहार गर्नु पर्ने र छुट्टै अस्पताल खोल्नु पर्नेमा जोड दिए ।

यसपछि आधुनिक युगको प्रारम्भ भयो । यस युगमा सैद्धान्तिक रूपमा असामान्य मनोविज्ञानको विकास हुन पुग्यो । यसको प्रारम्भकर्ताको रूपमा सिग्मण्ड फ्रायडलाई मानिन्छ । उनले मनोविश्लेषण सिद्धान्तको रूपमा यसलाई अगाडि सारे । उनका अनुसार व्यक्तिमा असामान्य व्यवहार कामशक्तिको दमनबाट उत्पन्न हुन्छ । उनले यसका लागि मनको गत्यात्मक पक्ष र मनको आकारात्मक पक्षलाई अगाडि सारेका छन् । उनको केही मान्यतालाई स्वीकार्दै र केही मान्यतालाई अस्वीकार गर्दै असामान्य व्यवहार सम्बन्धी थप मान्यता अगाडि सार्ने काम नवफ्रायडवादीहरूले गरेका छन् । तिनीहरूमा एडलर, युङ्ग, अटो रेङ्क, मेलेनी क्लेन, विल्हेम रिच, करेन हर्नी, एरिक फ्रम, हेरी स्टेक सलिभन, ज्याक लक आदि मनोविद्हरू प्रमुख रहेका छन् । यिनीहरूले यौन कुण्ठाका कारण असामान्य व्यवहार उत्पन्न हुन्छ भन्ने मान्यतालाई खण्डन गर्दै वंशाणुगत गुणका आधारमा, जैविक विकृतिका आधारमा र सामाजिक-सांस्कृतिक पक्षका आधारमा पनि मानिसमा असामान्य व्यवहार देखा पर्न सक्छ भन्ने मान्यताहरू अगाडि सारेको पाइन्छ । यी बाहेक व्यवहारवादी र संज्ञानवादीहरूले दुभुर्ति र घटनाको गलत बुझाइ जस्ता असामान्य व्यवहार सम्बन्धी मान्यताहरू अगाडि सारेका छन् ।

परिच्छेद तीन

# विजय मल्लका नाटकका पात्रहरूमा असामान्य व्यवहारका कारक तत्वहरू

विजय मल्लका 'कोही किन बरबाद होस्', 'जिउँदो लास' र 'बहुला काजीको सपना' नाटकका प्रायः पात्रहरूमा असामान्य व्यवहार रहेको पाइन्छ । ती पात्रहरू मनोवैज्ञानिक र सामाजिक-सांस्कृतिक कारक अन्तर्गत पर्ने पारिवारिक विघटन, सामाजिक कुरीति कुपरम्परा, हैकमवादी सोचाइ, वर्गीय विभेद, दोषपूर्ण पैतृक प्रतिरूपका कारण असामान्य बन्न पुगेका छन् । यस परिच्छेदमा तिनै कारक तत्त्वका आधारमा पात्रहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ३.१ 'कोही किन बरबाद होस्' नाटकका पात्रहरूमा असामान्य व्यवहारका कारक तत्वहरू

'कोही किन बरबाद होस्' नाटक बाल मनोविज्ञानमा आधारित नाटक हो । तीन अङ्कमा प्रकाशित यस नाटकमा शशि, भूपाल, नरेश, श्यामा, रीता, सुन्दरलाल, कमला, ध्रुव्र, कृष्णा, पाले जीवनाथ, शम्भु, राधा, ध्रुवकी आमा राधा, पालेकी श्रीमती आदि पात्रहरूको भुमिका रहेको छ । ती मध्ये भूमिकाको हिसाबले ध्रुव्र मुख्य पात्र हुन् भने कमला, सुन्दरलाल, जीवनाथ, ध्रुव्रकी आमा राधा शशि, भूपाल, नरेश, श्यामा, रीता, शम्भु, राधा सहायक पात्र र पालेकी श्रीमती गौण पात्र हुन् । प्रस्तुत नाटकमा निहित सबै पात्रहरू व्यवहारका हिसाबले असामान्य देखिँदैनन् । ती मध्ये ध्रुव, कमलादेवी, जीवनाथ, ध्रुवकी आमा राधा र पालेको व्यवहार असामान्य देखिन्छ । यहाँ तिनै पात्रहरूमा देखिएका असामान्य व्यवहारको व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ । जसको चर्चा छुट्टा छुट्टै रूपमा गर्ने प्रयास गरिएको  छ ।

### ३.१.१ पारिवारिक विघटनका कारण

पात्रहरूलाई असामान्य अवस्थामा पुऱ्याएने एउटा कारक तत्त्व पारिवारिक विघटन पनि हो । यस अन्तर्गत परिवारका सदस्यहरू कुनै कारणबस छुट्टिएर रहनु पर्दा त्यसबाट उत्पन्न तनाबले सिर्जना गरेको व्यवहारहरूको अध्ययन गर्ने कार्य गरिन्छ । यस उपशीर्षकको आधारमा 'कोही किन बरबाद होस्' नाटकका ध्रुव, कमलादेवी, जीवनाथ पात्रहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

**अ) ध्रुव**

कुनै पनि व्यक्तिमा असामान्य व्यवहार त्यसै देखा पर्दैन । त्यसको पछाडि विभिन्न कारण लुकेको हुन्छ । डा. सुलेमान र डा. तौवाबका अनुसार असामान्य व्यवहार देखापर्नुको पछाडि जैविक, मनोवैज्ञानिक र सामाजिक-सांस्कृतिक गरी तीनवटा कारकको हात रहेको हुन्छ । जैविक कारकमा आनुवंशिकता, शारीरिक संरचना, जैविक रासायनिक उपद्रव, पौष्टिक आहारको कमी, तीव्र जैविक

प्रतिबल आदि पर्दछन् भने मनोवैज्ञानिक कारकमा पारिवारिक विघटन, दोषपूर्ण पालनपोषण, पारिवारिक विकृति आदि पर्दछन् । त्यसै गरी सामाजिक-सांस्कृतिक कारक अन्तर्गत सामाजिक आर्थिक वर्ग, बसाइँसराइ, प्रजातीय भेद, व्यवसायिक कठिनाई, सामाजिक एवम् प्राविधिक परिवर्तन, सांस्कृतिक विभिन्नता पर्दछन् (सुलेमान र तौवाब २००४ : २००) । यस्ता कारणबाट मान्छेमा असामान्य व्यवहार देखा पर्दछ । ध्रुवमा अन्य बालकभन्दा भिन्न असामाजिक व्यवहार देखिनुको मूल कारण पारिवारिक विघटन हो । जुन कुरा नाटकमा सुन्दरलालले यसरी व्यक्त गरेका छन्-

> **.... मलाई साँच्चै भनेको ध्रुवले एउटा मात्र कुखुराको चल्ला मारेको भए आश्चर्य लाग्दैनथ्यो । हेर्दाहेर्दै एउटालाई माऱ्यो, फेरि अर्कोलाई, यसरी पापाँच वटा भन्ने सुन्दाखेरी अचम्म लाग्यो । एउटा मार्नु उत्सुकतावश हुन सक्दछ । यसरी पाँचवटा मार्नु क्रूरतापूर्वक, फेरि यसरी बदमासी गरिरहनु, यो विचित्र हो ।... मानसिक स्थितिमा विकृत नआई केटाकेटीमा यस्तो दूषित आचरणको विकास हुँदैन । अनि यो ध्रुव खालि अटेरी, शरारती, बदमासी गरिरहने बालक जस्तो मलाई लागेन । मानसिक रोगी जस्तो लाग्यो, त्यसको खोजी गर्ने इच्छा पैदा भयो र हिजै मात्र त्यसको पत्तो पाएँ .... आमाको स्नेह, बाबुको प्यार नपाईकन केटाकेटी संसारमा हुर्कन त हुर्कन्छन्, तर यस्तथो असन्तुष्टि र अतृप्तिले मानसिक विकार उत्पन्न गर्दो रहेछ, जसले गर्दाखेरी बाहिरबाट मानिस जस्तो देखिए तापनि भित्रबाट उनीहरू रित्तो, खोक्रो, क्रूरसम्म पनि हुन बेर मान्दैनन् । सहानुभूति, माया, स्नेहबिना हुर्कदा, लौ हेर्नोस् ध्रुवको हालत ! उसकी आमा उल्लाई तीनै वर्षमा छाडेर अर्को ठाउँमा पोइल गैदिई । बाबुले यहाँ बोर्डिङमा ल्याएर राखिदियो । ... ज्यादै फकाएपछि उल्ले अकस्मात् भन्यो- 'सबका आमा यहाॅ आउनुहुन्छ, सबलाई भेटेर आमाहरू जान्छन् । मेरी आमा किन आउनु हुन्न ?' ...यही मूल कारण रहेछ, उसको मनको गडबडीको (पृ.८-९) ।**

मनोविश्लेषक फ्रायड व्यक्तिमा असामान्य व्यवहार देखा पर्नुको पछाडि कुनै न कुनै कारण रहेको हुन्छ भन्दछन् । विशेषतः उनी व्यक्तिको व्यक्तित्वमा यौन प्रवृत्तिले प्रभाव पार्दछ भन्दछन् । उनको यौन प्रवृत्ति अर्थात् प्रेम भित्र सबै प्रकारका प्रेम (आमा, बुवा, दाइ, भाइ, दिदी, बहिनी,साथी सङ्गी आदि) पर्दछन् । प्रेमको अभावले व्यक्तिको मन कुण्ठित रहन्छ र त्यसको प्रतिक्रिया स्वरूप व्यक्तिमा अनौठा, विचित्र, असामाजिक व्यवहार देखा पर्न थाल्दछ । जसलाई मनोविज्ञानमा असामान्य व्यवहार मानिन्छ । ध्रुवमा साथीहरूलाई पिट्ने, बगैंचा भत्काउने, पर्खाल भत्काउने, कुखुराको चल्ला मार्ने, कपडा र किताब जतातत‍ै फ्याँकिदिने जस्ता उदण्ड व्यवहार देखापर्नुको मूल कारण आमाको स्नेहबाट वञ्चित रहनु परेको कारणले हो । उसकी आमा उनी तीन वर्षको छँदा उसलाई र उसको बुबालाई छाडेर अर्कैसँग पोइल गएकी छे भने पढाइका लागि बुबाले बोर्डिङ स्कूलमा बोडर्स गरिदिएको छ यही कारणले ऊ बढी उदण्डित भएको हो । फ्रायड अनुसार व्यक्तिको व्यक्तित्व विकासमा बाल्यावस्थाको घटनाले ठूलो प्रभाव

पार्दछ । यदि व्यक्तिले बाल्यावस्थामा आफ्नो कुनै इच्छाबाट कुण्ठित हुन पुग्यो भने त्यसको प्रभाव यौनावस्थामा पनि पर्दछ भन्दछन् (घर्ती, २०६७ : २१) । नाटकमा शिक्षक सुन्दरलालले ध्रुवको असामान्य व्यवहारको कारण पत्ता लगाई उसको भविष्य बरबाद हुनबाट जोगाएको छ ।

यसरी बाल्यावस्थामा आमा-बाबुको साथ नपाएमा, स्नेह प्राप्त नभएमा बालबालिकामा यौन कुण्ठित भएर रहन्छ । जसका कारण उनीहरूमा मानसिक तनाब उत्पन्न भई असामान्य व्यवहार देखा पर्दछ । यहाँ ध्रुवको आमा उसलाई तीन वर्षको कलिलो उमेरमा छाडेर गएकीले आमाको माया ममताबाट वञ्चित रहन परेको छ । जसका कारण उसमा असामान्य व्यवहार देखा परेको हो ।

**आ) कमलादेवी**

कमलादेवी ध्रुव पढ्ने विद्यालयको शिक्षक र म्याट्रन हुन् । प्रारम्भमा ध्रुवप्रति नकारात्मक सोचाइ राखे पनि पछि भने उसमा सकारात्मक सोचाइको विकास भएको छ । सुरुमा उनी ध्रुवको असामान्य व्यवहारबाट दिक्क भएकी छिन् । त्यसैले ध्रुवको सङ्गतमा परेर अन्य बालक बिग्रन सक्ने विचार प्रस्तुत गर्दै शिक्षक सुन्दरलालसँग ध्रुवलाई विद्यालयबाट निष्कासित गर्न अनुरोध गर्दछिन् । सुन्दरलालले ध्रुवको असामान्य व्यवहारको कारण रहेको र त्यो कारण उसकी आमाले ऊ तीन वर्षको छँदा उसलाई र उसको पितालाई छाडेर अन्तै पोइल हिँडेपछि मातृस्नेहबाट वञ्चित रहन गई ऊ त्यस्तो भएको हो भने पछि कमलादेवीमा ध्रुवप्रति सकारात्मक भावनाको विकास भएको छ । फलस्वरूप सुन्दरलालले ध्रुवको नाटकीय आमा बनेर उसको विग्रन लागेको जीवनलाई जोगाइदिन आग्रह गर्दा केही छिन अस्वीकार गरे पनि पछि भने कमलादेवी आफ्नो जीवनको पर्वाह नगरी आमा बन्न तयार हुन्छिन् । यस हिसाबले उसलाई अनुकूल पात्रको रूपमा लिन सकिन्छ ।

ध्रुवको नाटकीय आमा बनेपछि कमलादेवीले उसलाई साख्य आमाको माया दिएकी छिन् । फलस्वरूप ध्रुव असल व्यक्तिमा परिणत भएका छन् । जुन कुरा उसले अभिव्यक्त गरेका यी भनाइहरूले पुष्टि गर्दछन्-

> **आमा ! मैंले त झण्डै बिर्सेको ! भूपाललाई रुपियाँ तीर्न बाँकी थियो, म तिरेर आऊँ है ? उनीहरूसँग बिदावारी पनि त भएर जाऊँ.... म दुई-तीन वर्ष यहीँ पढ्न बसें भने म यहीँ हुन्छु । मलाई एक्लै बस्न मन छैन । भन्नोस् आमा ! म उता पढ्न गएँ भने तपाईं एक्लै पर्नुहुन्छ ? तपाईंलाई दु:ख हुन्न ? तपाईलाई यहाँ एक्लै छाडेर म उतातिर पढ्न जान्नँ । बालाई भनिदिनोस् ध्रुव उतातिर पढ्न जाँदैन भनेर ।...यहाँ कलेज नभएको होइन, हुन्न आमा ? (पृ.३५–४१) । यसरी ध्रुवको उदण्ड व्यवहार कमलादेवीको माया, ममता र स्नेहको कारण असल व्यवहारमा परिणत भएको छ ।**

ध्रुवको जीवन बरबाद हुनबाट जोगाएका कमलादेवीमा भने असामान्य व्यवहार देखा पर्दछ । जब विद्यालय स्तरको पढाइ सकेर ध्रुव घर फर्कने बेला आउँछ, त्यस समयमा कमलादेवी एकातिर ध्रुवलाई म

तिम्री साख्य आमा होइन भनेर कसरी भन्ने भनेर चिन्तित भएकी छिन् भने अर्कोतर्फ ध्रुवसँग हुन लागेको विछोडले तनाबग्रस्त छिन् । फलस्वरूप उसमा विस्मृति पैदा भएको देखिन्छ । जुन कुरा नाटकमा उसले यसरी अभिव्यक्त गरेकी छिन् -“मेरो मगजै ठीक छैन आज ! त्यो कागजपत्र....”(पृ. ३९) ।

यसरी ध्रुवलाई छोरा समान माया ममता र स्नेह दिँदै आएकी कमलादेवीले ध्रुवसँग म तिम्रो साख्य आमा होइन भन्नु पर्ने स्थितिका साथै विछोडिनु पर्ने कारणले उसमा असामान्यता देखा परेको छ ।

**इ) जीवनाथ**

ध्रुवको पिता र राधाको पतिको रूपमा परिचित जीवनाथ नाटकका सहायक पात्र हुन् । नाटकमा उनी गतिशील पात्रको रूपमा प्रस्तुत भएका छन् भने उनी अनुकूल पात्र पनि हुन् । श्रीमती राधाले छाडेर अर्कैसँग पोइल हिँडेपछि उनको जीवन कष्टकर बन्न पुगेको छ । श्रीमती राधालाई आफ्नो प्राण भन्दा प्यारो मानेर उसको हर इच्छा र चाहनाको ख्याल राख्दा राख्दै पनि आफूभन्दा बूढो व्यक्तिसँग पोइल हिडेपछि भने जीवनाथमा मानसिक तनाब उत्पन्न भएको छ । फलस्वरूप उनी राधालाई छोरासँग भेटन नदिने अठोटमा पुग्छन् । जसलाई मनोविद्हरू प्रतिक्रिया निर्माणको संज्ञा दिन्छन् । प्रतिक्रिया निर्माणले व्यक्तिको विचलित मनबाट उत्पन्न हुने मानसिक अस्वस्थता अर्थात् असामान्य व्यवहारबाट मुक्त पार्दछ । यहाँ जीवनाथमा पत्नीको विछोडबाट पर्न सक्ने मानसिक अस्वस्थताको उपचार राधालाई छोरा भेट्न नदिने अठोटबाट भएको छ ।

यसरी जीवनाथमा पैदा भएको मानसिक तनाव राधासँगको विछोड अर्थात् पारिवारिक विघटनका कारणले गर्दा भएको देखिन्छ ।

## ३.१.२ आर्थिक स्थितिका कारण पाले

प्रस्तुत नाटकका सहायक पात्र पाले आर्थिक स्थितिले कमजोर छ । त्यसैले घर व्यवहार चलाउन उसले विद्यालयमा पालेको जागिर खाएको छ । उसमा रक्सी पिउने लत बसेको छ । त्यसैले रक्सी पिउनका लागि पैसा प्राप्त गर्न ऊ जस्तो सुकै झुट बोल्न पनि तयार हुन्छ । जुन कुरालाई सुन्दरलालको यस भनाइले पुष्टि गर्दछ - “त्यो रक्सी नखाई पस्दै पस्दैन, आज पैसा हात पऱ्या छ । त्यसको स्वभाव जति गरे पनि कहाँ जान्छ र ! स्वास्नीचाहिँ बराबर कराउन आउँछे यसको हातमा रुपियाँ नदिनू भनेर ! के भन्नु । अब स्वास्नी बिरामी छ भनेर यो चाहिँ हामीलाई ठग्न चाहन्छ ”( पृ. १९-२०) ।

यसरी घरको आर्थिक स्थिति कमजोर रहँदा रहँदै पनि रक्सी भट्टीमा पसेर पैसा सक्ने बानीको विकास उनमा हुनुमा कमजोर आर्थिक स्थितिबाट उत्पन्न मानसिक सङ्घर्षलाई मान्न सकिन्छ । मनोविद् किस्करका अनुसार सामाजिक परिस्थिति अनुकूल नहुँदा सामान्य व्यवहारको विकास हुन्छ भने सामाजिक व्यवहार प्रतिकूल रहँदा व्यक्तिमा असामान्य व्यवहारको विकास हुन्छ (सुलेमान र तौवाब, २००४ : २०७) । किस्करले भनेको सामाजिक परिस्थितिले यहाँ घर, परिवार, समाज, राष्ट्रको परिस्थितिलाई बुझाउँदछ ।

नाटकमा पाले दाइको आर्थिक स्थिति प्रतिकूल रहेको देखिन्छ । जसका कारण गाँस, वास र कपास जस्ता मानिसका लागि आधारभूत आवश्यकता पूरा गर्न पनि उनलाई धौ धौ भएको छ । फलस्वरूप उनमा मानसिक तनाब उत्पन्न भएको देखिन्छ । त्यसैले तनाबबाट केही छिन रक्सीले मुक्त राख्ने हुनाले उनमा रक्सी पिउने बानीको बिकास भएको देखिन्छ ।

यसरी पाले दाइमा रक्सी पिउने व्यवहारको विकास हुनाको कारण उनको घरको विपन्न आर्थिक स्थितिलाई मान्न सकिन्छ ।

## ३.२ 'जिउँदो लास' नाटकका पात्रहरूमा असामान्य व्यवहारका कारक तŒवहरू

'जिउँदो लास' नाटकमा ललितमान, कृष्णमान, रत्नदास, सुगतदास, राधाकृष्ण, शङ्करलाल, प्रतिमा र उर्मिला पात्रहरूको प्रत्यक्ष रूपमा भूमिका रहेको देखिन्छ । यी पात्रहरू मध्ये रत्नदासबाहेक सबै पात्रहरूको व्यवहार कुनै न कुनै रूपले असामान्य देखिन्छ । प्रतिमा र उर्मिला दुई नारी पात्रहरूको जीवन कथामा आधारित प्रस्तुत नाटकका पात्रहरूमा देखिएका असामान्य व्यवहारको विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ ।

### ३.२.१ सामाजिक कुरीति कुपरम्पराका कारण

समाजमा विद्यमान रहेका कुरीति कुपरम्पराका कारण उत्पन्न तनाबले मान्छेलाई असामान्य तुल्याउँछ । 'जिउँदो लास' नाटकका प्रतिमा, उर्मिला, शङ्करमान, राधाकृष्ण, कृष्णमान जस्ता पात्रहरू यही कारणले असामान्य बन्न पुगेका छन् । यस उपशीर्षकमा यिनै पात्रहरूमा देखा परेका असामान्य व्यवहारको विश्लेषण गर्ने कार्य गरिएको छ ।

**(अ) प्रतिमा**

प्रतिमा शहरको उच्च मध्यम परिवारमा जन्मिएकी शिक्षित महिला हुन् । जसको उमेर १९/२० जतिको छ । उनी कृष्णमानकी कान्छी बहिनी हुन् । नाटकमा उनलाई विधवाको रूपमा देखाइएको छ । कृष्णमानले आफ्नी कान्छी बहिनी प्रतिमालाई घरमा टियुसन पढाउने व्यवस्था मिलाएको छ । यसबाट प्रतिमा सम्पन्न परिवारमा जन्मिएकी शिक्षित नारी हुन् भन्ने कुरा पुष्टि हुन्छ । प्रतिमा शहरिया शिक्षित नारी भएर पनि स्वतन्त्रताको हिसाबले पीडित नारी हुन् । उनी जवानीमा नै विधवा भएकी छिन् । विधवा भएकै कारणले समाजले उसलाई खुलेर हाँस्न, बोल्न, हिँडडुल गर्न बन्देज गरेको छ । जुन कुरालाई प्रतिमाले नाटकमा यसरी व्यक्त गरेकी छिन् - "दिदी ! म नै बाँचेर फाइदा के छ र भन्नोस् ? म विधवा (हाँसेर) तै पनि म पढिरहेछु, बाँच्न चाहन्छु" (पृ. २) । समाजमा विधवाको कुनै अस्तित्व नहुने हुँदा आफू बाँच्नुको अर्थ नरहे पनि बाँच्न चाहेको कुरा व्यक्त गर्ने प्रतिमा समाजले विधवाहरूलाई स्वतन्त्र जीवन जिउन दिएको छैन भन्ने कुरालाई यसरी व्यक्त गर्दछिन्-"पर्खनोस् बाहिर भाउज्यू घुमिरहनु भएको छ । ... तपाईंले कहिले ख्याल गर्नु भएको छ ? तपाईं जब जब यहाँ पस्नु हुन्छ भाउजू तलमाथि ओहर दोहर गरिरहनु हुन्छ" (पृ. ५) । यस भनाइलाई थप प्रष्ट पार्दै प्रतिमा ललितमानसँग यसो भन्छिन्- "तपाईंलाई

थाहा छ विधवाहरूप्रति सधवा या अरू मानिसहरूको के धारणा हुन्छ ?.... कुनै विधवा पनि मानिसलाई सद्दे सच्चरित्र लाग्दैन" (पृ. ६) । माथि व्यक्त भएका प्रतिमाका यी भनाइहरूबाट के प्रष्ट हुन्छ भने तत्कालीन सामाजिक परिवेश नारी दमनको थियो । त्यस समयमा परम्परित पितृसत्ताको वर्चस्वमा कुनै परिवर्तन आएको थिएन । जसले गर्दा पुरुषहरूले आफूले चाहे जतिवटा पनि विवाह गर्न सक्दथे भने नारीलाई पतिको मृत्यु पश्चात् वैधव्यको जीवन व्यतीत गर्न बाध्य पारिन्थ्यो । यस कारण नारीहरूको जीवन कष्टकर थियो । नाटकमा पतिको मृत्युका कारण कुण्ठित भएर रहेको यौनेच्छा प्रतिमा कुकुर, बिरालो र ललितमानसँग प्रेम गरेर पूरा गर्छिन् । जसलाई मनोविद्हरू स्थानान्तरण मनोरचना मान्दछन् । प्रतिमाले ललितमानलाई प्रेम गरेर पनि उच्च अहम्का कारण समाजमा खुल्ला रूपमा प्रकट गर्न सक्दिनन् । त्यसैले उसको मन असन्तुलित रहेको देखिन्छ । फलस्वरूप समाजको कुरीति र कुपरम्पराप्रति यसरी व्यङ्ग्य प्रहार गरी मनको बोझलाई हलुका पार्छिन्- "म मुर्दाकी स्वास्नी त हुँ नि । विधवा भनेपछि मुर्दाकी स्वास्नी हैन ?....म लाशसँग हरदम उठ्छु । ध्यानमा सधैं लाशलाई ल्याइरहन्छु । लाश मेरो निम्ति जिउँदै छ-जिउँदो मानिसभन्दा पनि जिउँदो । म यसरी आफ्नो पतिव्रता धर्मलाई सुरक्षित गरिरहन्छु । यसो गरिनँ भने म नैतिक विधवा भएँ कसरी ? ....म बाँचेका जतिलाई घृणा गर्छु-मरेकालाई प्यार । ... किनकि यो त मेरो धर्म कर्तव्य" ( पृ.५–७) । समाजले मृत व्यक्तिलाई जिउँदो मानिस भन्दाबढी महत्त्व दिँदै विधवाहरूको चाहना विपरीत बनाएको बाध्यात्मक नियमका कारण प्रतिमामा देखा परेको असन्तुलित मनलाई आफूले व्यतीत गरेको वैधव्यको जीवनप्रति प्रतिक्रिया व्यक्त गरेर सन्तुलित पारेको देखिन्छ । फ्रायडका अनुसार प्रतिक्रिया निमार्ण मनोरचनामा व्यक्ति जुन कुरामा असन्तुष्ट रहन्छ ठीक त्यसको उल्टो प्रतिक्रिया व्यक्त गर्दछ (ज्ञवाली, २०६३ : ११०) । यहाँ प्रतिमाले आफूलाई मूर्दाकी स्वास्नी भन्नुको मूल कारण समाजले उसलाई वैधव्यको जीवन जिउन बाध्य पारेको परिस्थितिलाई मान्न सकिन्छ ।

यसरी प्रतिमाले आफूलाई मुर्दाकी स्वास्नी मान्नु, सतीप्रथालाई राम्रो भन्नु, कुकुर र बिराला जस्ता जनावरलाई माया गर्नु जस्ता व्यवहार उनमा देखा पर्नुको मूल कारण नारी माथि समाजले निमार्ण गरेको कुरीति, कुपरम्परालाई मान्न सकिन्छ ।

**(आ) उर्मिला**

कृष्णमानकी बहिनी प्रतिमाकी दिदी उर्मिला बिना कारण पतिबाट परित्याक्त भएकी महिला हुन् । उनको पति कसैलाई थाहै नदिई घर छाडेर गएको छ । जसका कारण उर्मिलामा मानसिक आघात परेको देखिन्छ । दाजुको आश्रयमा बाँचिरहेकी उर्मिलालाई पनि समाजले स्वतन्त्र जीवन जिउन दिएको छैन । नाटकमा बिना गल्ती श्रीमतीलाई छाडेर जाने श्रीमानलाई ललितमान बाहेक कसैले पनि दोषी ठहऱ्याएको पाइँदैन बरू उल्टै तिम्रो पति फर्कन्छ भनी झुटो आश्वासन दिई उर्मिलालाई मानसिक रोगी तुल्याई मारेको छ । जुन कुरा नाटकमा प्रतिमा यसरी अभिव्यक्त गर्दछिन्-"म ठोकेर भन्छु-भिनाजु फर्कनुहुन्छ"(पृ. २) । यसैगरी अर्को पात्र शङ्करलाल उर्मिलालाई भन्छन्- "मैले त तिमीलाई धेरैचोटि

भनिसकें, अझैं दोहोऱ्याउँछु, सुन-तिम्रो पोइ फर्कन्छ" (पृ. २३) । यी भनाइहरूबाट तत्कालीन समयमा नारीको कुनै अस्तित्व नभएको प्रष्ट हुन्छ । त्यस समयमा शैक्षिक, आर्थिक, राजनैतिक आदि सम्पूर्ण हिसाबले पुरुष शक्तिशाली थिए । तसर्थ राज्यको कानून निर्माणदेखि धार्मिक, सामाजिक नियममा पनि उनीहरूकै वर्चस्व रहेको थियो । समाजले पुरुषलाई बहुपत्नी, उपपत्नी र बेश्यागमन आदि नीच कर्म गर्नका साथै बिना दोष पत्नीलाई छाडेर जान समेत छुट दिएको थियो भने नारीले पति जस्तो सुकै भए पनि उसैको सतित्वमा बस्नु पर्ने बाध्यात्मक परम्परा निर्माण गरिदिएको थियो । त्यसैले सामाजिक परम्परालाई तोडेर नयाँ जीवन सुरु गर्न उर्मिला सक्दिनन् । त्यसका विपरीत आफ्नो इच्छा र चाहनालाई मनमा दबाएर राख्छिन् । जसका कारण उनमा मानसिक रोग उत्पन्न भई इहलीला समाप्त भएको छ । यसरी उर्मिलामा असामान्यता पैदा हुनुमा सामाजिक कुरीति कुपरम्परा दोषी देखिन्छ ।

**इ) शङ्करमान**

शङ्करमान यस नाटकका सहायक पात्र हुन् । साहित्यकारका रूपमा परिचित शङ्करमानलाई ललितमानका दाँजोमा दोस्रो कोटिका विचारक हुन् । उर्मिललाई तिम्रो लोग्ने फर्कन्छ भन्ने आश्वासनले उसको प्रतीक्षालाई कठिन हुनबाट रोकेको बताउने शङ्करमान ललितमाले उर्मिलालाई उसको पतिको बारेमा साँचो कुरा बताउनु पर्नेमा जोड दिँदा त्यसमा विमति जनाउँछन् । उनी उर्मिलालाई एलोप्याथिक दबाइले निको हुँदैन पनि भन्छन् र ललितमानको कुरामा पनि विश्वास गर्दैनन् । यहाँ शङ्करमानको इदम्ले उर्मिलालाई चाहेको देखिन्छ, त्यसैले प्रतिमासँग पटक पटक उर्मिलाको स्वास्थ्यका बारेमा सोध्न पुग्छन् । उनले उर्मिलाप्रति देखाएको चासोलाई बुझेर ललितमानले उर्मिलालाई तिम्रो पति फर्कदैन, तिमीलाई बिना कारण छाडेर जाने तिम्रो पति जीवित रहे पनि मरेतुल्य रहेकोले तिमी आफ्नो जीवनको फैसला आफै गर्न सक्छौ भनेर सत्य कुरा बताएपछि अपनाउन सक्छौ भन्दा मैंले त्यसबारे सोचेको पनि छैन र त्यो हुन सक्दैन भनेर जवाफ दिन्छन् । यस हिसाबले उनको पराअहम्ले उनलाई उर्मिलालाई अपनाउन रोक लगाएको देखिन्छ । यहाँ शङ्करमान समाज परिवर्तनको चाहना भएर पनि त्यसको विरुद्धमा कदम चाल्न नसक्ने पात्रको रूपमा प्रस्तुत भएका छन् । प्रतिमाले सतीप्रथालाई ठिक मान्दा शरीर नभएपछि आत्माको के अर्थ भनेर समाजको कुरीतिप्रति व्यङ्ग्य गर्ने शङ्करमान सिद्धान्तलाई मात्र आत्मासात् गरेर हिँड्ने व्यक्तिको रूपमा प्रस्तुत भएका छन् ।

शङ्करमानमा यस्तो व्यवहारको विकास हुनुको मूल कारण तत्कालीन सामाजिक मूल्य मान्यताको प्रभावलाई मान्न सकिन्छ । समाजका तीनै मूल्य मान्यतालाई मनबाटै फाल्न गाह्रो भएकोले उनमा यस्तो व्यवहार देखा परेको हो ।

**(ई) राधाकृष्ण**

राधाकृष्ण प्रोफेसर नाटकका सहायक पात्र हुन् । उनी बौद्धिक पात्रका रूपमा प्रस्तुत भएका छन् । क्याम्पसमा प्रोफेसरको रूपमा कार्यरत राधाकृष्ण विद्यार्थीहरूलाई मूर्दा र कक्षाकोठालाई मसानघाट

देख्न पुग्दछन् । व्यक्तिमा देखिने यस्तो लक्षणलाई मनोवैज्ञानिक भाषामा विभ्रम भनेको पाइन्छ । यस्ता विभ्रमहरूमा श्रवणसम्बन्धी, दृश्यसम्बन्धी, स्पर्शसम्बन्धी, स्वादसम्बन्धी र चिन्तनसम्बन्धी विभ्रम पर्दछन् । यहाँ प्रोफेसर राधाकृष्णमा दृश्य सम्बन्धी विभ्रम पैदा भएको पाइन्छ । यसका अतिरिक्त राधाकृष्ण प्रोफेसरमा शारीरिक लक्षण पनि देखा परेको छ । उनलाई आफ्नो हात एक किसिमको प्यारालाइसिस भए जस्तो अनुभव हुन्छ । उनमा यस्तो लक्षण देखा पर्नुमा कुनै शारीरिक रोगको प्रभाव देखिदैन । मनोविद्हरू दमित अवाञ्छित इच्छाहरू शारीरिक रोगका लक्षणमा परिवर्तन हुन्छन् भन्दछन् । उनीहरूले यसलाई रूपान्तरण मनोरचना नाम दिएका छन् ।

प्रोफेसर राधाकृष्णमा यस्ता लक्षण देखा पर्नुमा उनको मनमा दबिएर रहेको अवाञ्छित इच्छाहरूलाई नै लिन सकिन्छ । नाटकमा उनी बौद्धिक व्यक्तित्वको रूपमा प्रस्तुत हुनुले उनमा देश तथा समाजमा विद्यमान रहेको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक क्षेत्रमा लैङ्गिकता र वर्गीयताका आधारमा रहेको असमानतामा परिवर्तनको चाहना रहेको पाइन्छ । त्यसैले नव युवाहरूबाट परिवर्तनका लागि बुलन्द आवाज उठ्नु पर्ने र समाजको कुरीति, कुपरम्परामा परिवर्तनको सुरुआत नव युवाबाट थालनी हुनु पर्ने विचार उनमा रहेको आभास हुन्छ । तर त्यसका विपरीत ललितमानबाहेक कृष्णमान, शङ्करमान र प्रतिमा जस्ता युवाहरू सामाजिक रुढिवादी परम्परालाई जोगाउन प्रयत्नरत रहन्छन् । फलस्वरूप उनको देश तथा समाज परिवर्तनको चाहनामा आघात पुग्दछ । त्यसैले उनी कक्षाकोठाका विद्यार्थीहरूलाई मूर्दा देख्न पुग्दछन् र हातमा प्यारालाइसिस भए जस्तो अनुभव गर्दछन् ।

राधाकृष्ण प्रोफेसरमा यस्ता लक्षण देखा पर्नुमा उनको देश तथा समाज परिवर्तनको इच्छामा परेको आघात र पुरातन सामाजिक मूल्य मान्यताले संस्कारको रूपमा युवा वर्गमा पारेको प्रभावलाई मान्न सकिन्छ । नाटकमा कृष्णमान, शङ्करमान र प्रतिमा समाजको कुरीति, कुपरम्पराप्रति आक्रोशित देखिन्छन्, उनीहरू परिवर्तनको चाहना पनि राख्छन् तर सामाजिक संस्कारका कारण परिवर्तन हुन भने चाहँदैनन् । यस अर्थमा राधाकृष्ण प्रोफेसरमा असामान्यता देखा पर्नुका मूल कारण सामाजिक कुरीति कुपरम्परा नै दोषी देखिन्छ ।

(उ) **कृष्णमान**

कृष्णमान प्रस्तुत नाटकका सहायक पात्र हुन् । उनी उर्मिला र प्रतिमाका दाजु हुन् । नाटकमा उनले आफ्ना सहारा विहीन दुई बहिनीलाई आश्रय दिएका छन् भने बहिनीहरूको पालन पोषणमा पनि निकै ध्यान पुऱ्याएका छन् । उनले कान्छी बहिनी प्रतिमालाई घरमै पढ्ने व्यवस्था मिलाएका छन् भने ठूली बहिनी उर्मिलाको उपचारमा पनि कुनै कमी छाडेका छैनन् । नाटकमा कृष्णमानले एउटा असल दाजुको भूमिका निर्वाह गरेका छन् । यति हुँदाहुँदै पनि उनमा केही कमी कमजोरीहरू रहेको भने पाइन्छ । नाटकमा कृष्णमानले यौवनावस्थामै विधवा भएकी बहिनी प्रतिमा र पतिबाट अकारण छाडिएकी बहिनी उर्मिलाको भित्री मनसाय बुझ्ने प्रयास गरेको भने देखिँदैन । उनी केवल बहिनीहरूको मन

बहलाउने कार्य मात्र गर्दछन् । उनी सुरु सुरुमा प्रतिमालाई पढाउन आउने ललितमानको कुरालाई व्यवास्ता गर्दछन् । त्यसको सट्टामा चोकमा थुप्रिएको फोहरलाई उर्मिलाको रोगका कारण सम्भिmएर ढलको निकास खोल्नतर्फ लाग्दछ । उनलाई उर्मिलाको रोग ढलको निकासा खोल्दैमा बिसेक हुन्छ जस्तो भने लाग्दैन । यदि लाग्थ्यो भने सुगतदासले ढलको निकासा खोल्न नदिँदा चुप लागेर फर्कनुको साटो झगडा गरेर भए पनि खोलेरै छाड्थे । त्यसैले चोक सफा गर्ने उनको विचारलाई बहिनीहरूको जीवनमा नयाँ रङ्ग भर्न नसकेका कारण उत्पन्न हीनत्वभावको क्षतिपूर्ति मान्न सकिन्छ ।

त्यसैगरी कृष्णमानको मनमा उर्मिलाको रोग अन्य कारण नभई समाजले पति फर्कन्छ भनेर दिएको झुटो आश्वासन र पतिको अनिश्चित पर्खाइबाट उत्पन्न मानसिकताको उपज भएकोले उर्मिलालाई सही कुरा बताइदिनु पर्दछ भनी ललितमानले गरेको पटक पटकको आग्रहबाट बहिनीलाई साँचो कुरा बताइदिँदा उनको रोग निको होला या नहोला भन्ने बीच द्वन्द्व भएको देखिन्छ । तसर्थ कृष्णमान् ललितमान सँग यसो भन्न पुग्छन् - "तिमी विश्वास गर्छौ, ललित ! यसले उर्मिलालाई शान्ति मिल्ला ?" (पृ. ५१) । यहाँ कृष्णमानको मनमा उत्पन्न भएको दुई परस्पर विरोधी विचार वा भावना बीचको छनोटमा द्विविधा भएकै कारण ललितमानसँग उनले यस्तो प्रश्न गरेको देखिन्छ । अन्तमा कृष्णमानले उर्मिलालाई तिम्रो लोग्ने फर्कदैन, त्यसैले तिमी मन लागेको गर्न सक्छ्यौ भन्ने अठोट गर्दछन् तर ती कुरा भन्न नपाउँदै उर्मिला मानसिक रोगले विछिप्त बनी मृत्युवरण गर्न पुग्छिन् ।

यसरी समय छँदै उर्मिलालाई सही कुरा बताइदिएर उसको जीवनमा खुसी ल्याउन नसक्नुको मूल कारण कृष्णमानमा परेको तत्कालीन समयको सामाजिक-सांस्कृतिक मूल्य मान्यतालाई मान्न सकिन्छ । तत्कालीन समयमा पतिबाट छाडिएका र पतिको मृत्यु भएका महिलाहरूले दोस्रो विवाह गरेको खण्डमा उनीहरू र उनीहरूको परिवार माथि समाजले घृणाको भाव राख्दथ्यो । त्यसको प्रभाव कृष्णमानमा पनि परेको देखिन्छ । समाजको घृणालाई सहन गर्नु पर्ने भएकै कारण शिक्षित भएर पनि कृष्णमानले बहिनीहरूको पुनः विवाह गराउन सकेका छैनन् । त्यसै कारण उनमा कुण्ठा र द्वन्द्व उत्पन्न भएको देखिन्छ ।

## ३.२.२ हैकमवादी सोचाइका कारण सुगतदास

सुगतदास प्रस्तुत नाटकका सहायक पात्र हुन् । उनी पुरातन सामाजिक सोचाइले गाँजिएको पुरानो पुस्तालाई प्रतिनिधित्व गर्ने पात्रका रूपमा प्रस्तुत भएका छन् । उनी रत्नदासका पिता हुन् । खोक्रो आडम्बरलाई आफ्नो इज्जत मान्ने सुगतदास ढललाई पनि आफ्नो निजी सम्पत्ति मान्दछन् । त्यसैले ढल खोल्न आउने सबैलाई गुण्डाद्वारा पिटाउँछन् । उनी छोरो भन्दा आफ्नो इज्जतलाई प्यारो ठान्छन् र छोराको समेत टाउको फोड्न पछि पर्दैनन् । उनी आफ्नो स्वार्थका लागि राष्ट्रसेवामा जुटेका कर्मचारीलाई समेत आफ्नो पक्षमा वकालत गर्न लगाउन सक्ने एउटा शक्तिशाली व्यक्तिका रूपमा प्रस्तुत भएका छन् ।

उनलाई ढलको निकास खोल्नाले चोक सफा भई त्यहाँ ठूला ठूला विधि व्यवहारका कार्य गर्न सकिने पनि थाहा छ तर आफ्नो भैइरहेको खोक्रो इज्जतमा दाग लाग्ने भय उनमा पैदा भएको छ । त्यसैले उनी सबैको भलो हुने कार्यमा अवरोध पुऱ्याइ आफूलाई ठूला व्यक्ति ठान्न पुग्दछन् । सुगतदासमा यस्तो प्रवृत्तिको विकास हुनुको मूल कारण तत्कालीन समय र त्यस समयको सामाजिक परम्परा दोषी देखिन्छ । तत्कालीन समयमा देशमा राणा शासन थियो । उनीहरू जनताहरूलाई दुःख दिँदा आफ्नो इज्जत बढ्छ भन्नेमा विश्वास राख्दथे । त्यसैले केही जनतालाई हातमा लिएर अन्यमाथि हुकुमी शासन चलाउँथे । त्यस समयमा सुगतदास सुब्बा रहनुले राणाहरूमा देखिएका प्रवृत्तिको विकास उनमा भएको पाइन्छ ।

यसरी सुगतदासमा असामायोजनीय व्यवहारको विकास हुनुमा तत्कालीन समयका ठूलाहरूमा देखा परेको हैकमवादी सोच नै मुख्य देखिन्छ ।

## ३.३ 'बहुला काजीको सपना' नाटकका पात्रहरूमा असामान्य व्यवहारका कारक तत्त्वहरू

'बहुला काजीको सपना' नाटक वि. सं. २००४ सालमा विजय मल्लले लेखेका हुन् । देशमा विद्यमान रहेको गरिबी र अशिक्षाका कारण सामान्य जनताले दुःख पाएको हुँदा देशको शासन व्यवस्था परिवर्तन हुनु पर्नेमा जोड दिँदै आफ्ना हक र हितका लागि गरिबबाटै आवाज उठाउनु पर्दछ भन्ने मूल सन्देश लिएर लेखिएको प्रस्तुत नाटकमा बहुला काजी, वीरे, भक्ते, माने, बद्री, हरि, राम, साहु, पण्डित, मास्टर, विक्रम, भरत गरी जम्मा १२ जना पात्र संख्या रहेका छन् । यहाँ तीनै पात्रहरूमा देखिएका असामान्य व्यवहारका कारक तत्त्वको खोजी गर्ने प्रयास गरिएको छ ।

### ३.३.१ वर्गीय विभेदका कारण बहुला काजी

बहुला काजी प्रस्तुत नाटकका प्रमुख पात्र हुन् । नाटकमा उनी क्रान्तिको ज्योति बोकेर हिँड्ने पात्रका रूपमा प्रस्तुत भएका छन् । काजी भएर पनि गरिब, दीन दुःखीको पीडा, मर्कालाई सहन गर्न नसक्ने प्रवृत्ति उनमा भेटिन्छ । यसै कारण गरिबको जीवनमा सुख र समृद्धि ल्याउनका लागि उनी तत्पर छन् । उनी गरिबलाई आफ्नो हक र हितको लागि लड्नु पर्ने बताउँछन् र त्यसका लागि आफ्ना सन्तानलाई शिक्षित तुल्याउनु पर्दछ भन्दै हिँड्छन् । उनी जीवनमा इमान्दार, कर्तव्यपरायण, न्यायवान र स्वाभिमानी हुनु पर्ने कुरा गर्दछन् । त्यसैले आफ्नो मतलबका लागि कसैलाई अन्याय गर्न नहुने, इमान्दारी पूर्वक परिश्रम गर्नु पर्ने, बाबुआमाप्रति सम्मानित व्यवहार गर्नुपर्ने जस्ता कुरालाई जीवनभर मनन गर्नु पर्ने बताउँछन् । यस्ता कार्यले देशमा सुख र शान्ति आउने उनमा विश्वास रहेको देखिन्छ ।

काजी आफ्नो सपना पूरा गर्न वीरेलाई पढाउँछन् तर बीचमा नै वीरेको मृत्यु हुन्छ । त्यस घटनाले उनलाई विचलित तुल्याएको छैन बरु त्यसबाट उनले पाठ सिकेका छन् । त्यसैले अब एउटा वीरेलाई मात्र लिएर नहिँडी वीरे जस्ता हजारौं नव युवाहरूलाई आफ्नो लक्ष्य पूरा गर्नका

लागि लिएर अगि बढ्ने कुरा गर्दछन् र त्यसमा बाधा अड्चन ल्याउनेहरूसँग डटेर लड्ने कुरा गर्दछन् ।

यसरी काजीमा देश परिवर्तनको बहुलट्ठीपन आउनुको कारण तत्कालीन समयमा राणाहरूद्वारा जनतामाथि गरेको अन्याय र अत्याचारलाई मान्न सकिन्छ । त्यस समयमा धनीहरू धनी बन्दै र गरिबहरू गरिब बन्दै गएका थिए । गरिबहरूलाई जति परिश्रम गरे पनि पेटभर खान धौ धौ पर्दथ्यो । उनीहरूको परिश्रमको कुनै मूल्य थिएन । गरिबहरूको जन्म दुःख पाउनका लागि हो भन्ने मानसिकताको विकास धनीहरूमा हुन गएको थियो । आर्थिक र शैक्षिक हिसाबले गरिबहरू अति नै पिछडिएका थिए । सत्ता सञ्चालनमा राणाहरूको हाली मुहाली थियो । उनीहरूलाई गरिब जनताप्रति केही वास्ता थिएन । यस्ता परिदृश्यका कारण काजीको मनमा एक प्रकारको हलचल पैदा भएको छ । त्यसैको प्रतिफलका कारण काजीमा आफ्नै धुनमा व्यस्त रहने, बिना सन्दर्भ हाँस्ने, कसैले सोधेको प्रश्नको जवाफ दिन वास्ता नगर्ने जस्ता व्यवहार देखा परेको देखिन्छ । यसरी देशमा विद्यमान वर्गीय विभेदले काजीलाई बहुला तुल्याएको छ ।

## ३.३.२ दोषपूर्ण पैतृक प्रतिरूप

बाल बालिकाको पहिलो पाठशाला घर परिवार मानिन्छ । घर परिवारका सदस्यहरूले गर्ने हरेक व्यवहारप्रति बाल बालिकाको ध्यान गएको हुन्छ र त्यही व्यवहारको नक्कल उनीहरूमा देखिन्छ । यस कारण घर परिवारका मानिसको व्यवहार असल हुन जरुरी छ । यदि परिवारका सदस्य मध्ये कोही खराब चरित्रको, आक्रमणकारी स्वभावको छ भने बालबालिकामा पनि त्यो स्वभाव प्रायः देखिन्छ । यस कारण दोषपूर्ण पैतृक प्रतिरूपलाई असामान्य व्यवहारका कारक मानिन्छ । यस उपशीर्षक अन्तर्गत 'कोही किन बरबाद होस्' नाटकका बाल पात्रहरू विक्रम र हरिको असामान्य व्यवहारको अध्ययन गर्ने प्रयास गरिएको छ ।

**अ) विक्रम**

विक्रम प्रस्तुत नाटकका सहायक पात्र हुन् । उनमा अर्कालाई दुःख दिएर आनन्द प्राप्त गर्ने प्रवृत्ति रहेको पाइन्छ । त्यसैले विक्रमले वीरेलाई कक्षाकोठामा पस्ने बित्तिकै माग्ने भनेर गलहत्याउने कार्य गर्नुका  साथै साथीहरूलाई पनि वीरेलाई जिस्काउन र पिट्न उक्साउँछन् । उनको सङ्गत कक्षाकोठामा बदमास केटाहरूसँग मात्र रहेको पाइन्छ । त्यसैले अर्काको दुःखलाई बुझ्ने, पढाइमा ध्यान दिने बद्रीले वीरेमाथि गरेको दूर्व्यवहार मास्टरलाई भनिदिन्छु भन्दा उनी पिट्ने धम्की दिन्छन् । विक्रममा गुरुगुरुबाप्रति विद्यार्थीले गर्नु पर्ने आदर सत्कार मान मर्यादाको पनि ख्याल रहेको देखिदैन । मास्टर साहेबले वीरेलाई माग्ने भनेर जिस्क्याउने को को हुन् भनेर प्रश्न गर्दा निर्धक्कसँग माग्ने भनेर जिस्क्याएको होइन माग्ने नै भनेको हो भनी ठाडो जवाफ दिन्छन् ।

यसरी विक्रममा गरिब वीरेमाथि दयाभाव नदेखाइ माग्ने भनेर जिस्क्याउने, शिक्षकलाई अनादर

गर्ने जस्ता प्रवृत्तिको विकास हुनुमा उसको पारिवारिक परिवेशले भूमिका खेलेको देखिन्छ । विक्रम काजीको सन्तान हुनु, काजीहरूमा दीन दुःखीहरूलाई हेयको भावले हेर्ने, गरिबहरूलाई आफ्नो नोकर ठान्ने, पशुसमान व्यवहार गर्ने प्रवृत्ति पाइने हुँदा उनमा पनि त्यही स्वभावको विकास भएको देखिन्छ । मनोविद्हरू यस्ता प्रवृत्तिको विकास एक पछि अर्को पुस्तामा सर्नुलाई दोषपूर्ण पैतृक-प्रतिरूप मान्दछन् ।

### आ) हरि

हरि प्रस्तुत प्रस्तुत नाटकका सहायक पात्र हुन् । उनी नाटकमा प्रतिकूल पात्रका रूपमा प्रस्तुत भएका छन् । शिक्षा हासिल गर्न विद्यालय आएका वीरेलाई कक्षा कोठामा पस्ने बित्तिकै हरिले अभद्र व्यवहार गरेका छन् । उनले वीरेलाई माग्ने भन्दै कपडाको बाहुला च्यातिदिएका छन्, बद्रीलाई बाटोमा धक्का दिएका छन् । शिक्षकले अरूलाई माग्ने भनेर जिस्क्याउनुको साटो पढ्न आएकाले पढेर बस भन्दा ठाडो जवाफ लगाउँदै पैसा तिरेकोले वीरेसँग बसेर पढ्न अस्वीकार गर्दछन् । भक्तेले हरिसँग वीरे कता होला भनेर प्रश्न गर्दा बाउँटिदै मैले चिन्या छैन भनेर ठाडो जवाफ दिन्छन् भने भक्तेले कस्तो बराँठिएको ठिटो भन्दा रिसले आँखा तर्दछन् ।

यसरी विक्रमले वीरे, बद्री, शिक्षक र भक्तेप्रति देखाएको व्यवहारलाई हेर्दा उनमा असामान्यता रहेको पुस्टि हुन्छ । मनोविद्हरू व्यक्तिमा यस्तो प्रवृत्तिको विकास कुनै न कुनै कारणले हुने बताउँछन् । यहाँ हरिमा यस्तो व्यवहारको विकास हुनुमा दोष पूर्ण पैतृक प्रतिरूपलाई मान्न सकिन्छ । हरि तत्कालीन समयमा शक्तिमा रहेका काजी परिवारमा जन्मिनु, काजीहरूमा गरिबलाई हेप्ने, चेप्ने प्रवृत्ति रहनुले हरिमा पनि त्यस्तो व्यवहारले संस्कारको रूप लिएको देखिन्छ । यसरी हेर्दा उसमा परपीडक स्वभावको विकास हुनुमा दोषपूर्ण पैतृक प्रतिरूप कारण बन्न पुगेको छ ।

## ३.४ निष्कर्ष

'कोही किन बरबाद होस्' नाटकका ध्रुव, कमलादेवी, जीवनाथ, राधा र पाले पात्रहरूमा असामान्य व्यवहार देखा परेको छ । ध्रुवमा आमाले तीन वर्षको कलिलो उमेरमा छाडेर गएकोले मातृस्नेहको अभावका कारण असामान्य व्यवहार देखा परेको छ भने कमलादेवीमा ध्रुवसँगको बिछोडिनु पर्ने परिस्थितिले असामान्यता पैदा भएको छ । यसै गरी जीवनाथमा पत्नीले छाडेर गएपछि असामान्य व्यवहार देखा परेको देखिन्छ भने राधामा मनोलैङ्गिक विकृतिका कारण पोइल हिँडिरहने बानीको विकास भएको छ । पालेमा आर्थिक स्थिति कमजोर भएका कारण रक्सी पिउने बानी परेको छ । यसरी हेर्दा पात्रहरूमा असामान्य व्यवहार देखा पर्नुमा कुनै न कुनै मनोवैज्ञानिक कारण रहेको देखिन्छ ।

जिउँदो लास नाटकमा प्रत्यक्ष रूपमा भूमिका निभाएका पात्रहरूमा रत्नदास बाहेक प्रतिमा, उर्मिला, कृष्णमान, ललितमान, शङ्करलाल, राधाकृष्ण र सुगतदास कुनै न कुनै रूपमा असामान्य देखिएका छन् । प्रतिमामा नयाँ जीवनको चाहना रहेर पनि त्यसको विरुद्धमा कदम चाल्न नसक्दा असामान्य बन्न

पुगेकी छिन् भने उर्मिला पति फर्कदैन भन्ने विश्वास मनमा पालेर पति फर्कने आशमा बसेकीले मनोरोगी बनी जीवन गुमाउन पुगेकी छिन् । कृष्णमान बहिनीहरूको जीवनमा सुखको चाहना राख्दा राख्दै पनि समाजका कारण खुसी दिन नसक्दा असामान्य बनेका छन् । ललितमान र राधाकृष्ण देश तथा समाजमा विद्यमान रहेको सामाजिक कुरीति, कुपरम्परामा परिवर्तन चाहन्छन् । त्यसका लागि युवा वर्गहरू सक्रिय हुनु पर्ने सोच राख्दछन् तर आफ्नो सोच अनुरूप युवाहरूमा परिवर्तनको चाहना रहेर पनि त्यसका विरुद्ध लड्ने क्षमता नदेखे पछि असामान्य बन्न पुग्छन् । सुगतदास खोक्रो धाक र रवाफका कारण सबैको भलोका लागि ढलको निकासा खोल्न लागेका युवाहरू माथि लट्ठी प्रहार गर्न लगाउँछन् । यसरी मल्लले नाटकमा प्रत्यक्ष भूमिका निभाएका सबैजसो पात्रहरूलाई सामाजिक-सांस्कृतिक कारण असामान्य तुल्याएका छन् ।

बहुला काजी नाटकमा प्रयोग भएका बाह्र जना पात्रहरू मध्ये बहुला काजी, भक्ते, विक्रम र हरिमा असामान्य व्यवहार रहेको देखिन्छ । यी पात्रहरूमा असामान्य व्यवहार आफै उत्पन्न भएको देखिँदैन त्यसका पछाडि कारण रहेको देखिन्छ । काजीमा बहुलाको प्रवृत्ति देखिनुमा धनी र गरिब बिचको असामानता प्रमुख रहेको पाइन्छ भने भक्तेमा असामान्य व्यवहार देखिनुका कारण धनीहरूले गरिब माथि देखाउने गरेको दुर्व्यवहार रहेको पाइन्छ । विक्रम र हरिमा असामान्य व्यवहार देखा पर्नुमा बाबु आमाले अरूमाथि गर्ने व्यवहार मुख्य कारण बन्न पुगेको देखिन्छ । यसरी हेर्दा बहुला काजी र भक्तेमा देखा परेको असामान्य व्यवहारको मूल कारण देशको सामाजिक-सांस्कृतिक परम्परा मुख्य कारण बन्न पुगेको देखिन्छ भने विक्रम र हरिमा देखा परेको असामान्य व्यवहारको कारक तत्त्व दोषपूर्ण पैतृक प्रतिरूप बन्न पुगेको देखिन्छ ।

मल्लका यी तीन नाटकलाई मूल्याङ्कन गर्दा असामान्य व्यवहारका कारक तत्त्वका दृष्टिकोणले उत्कृष्ट 'कोही किन बरबाद होस्' र 'जिउँदो लास' नाटकलाई मान्न सकिन्छ । 'कोही किन बरबाद होस्' नाटकमा नाटककारले मातृस्नेहबाट वञ्चित हुँदा बालकमा के कस्ता असामान्य व्यवहार उत्पन्न हुन सक्छन् भन्ने कुरालाई ध्रुव पात्रका माध्यामबाट प्रस्ट रूपमा देखाउन सफल भएका छन् भने 'जिउँदो लास' नाटकमा यौन कुण्ठाका कारण पूर्ण रूपमा मानसिक विचलन भई ज्यान समेत जान सक्ने घटनालाई उर्मिलाका माध्यामबाट अति उत्कृष्ट ढङ्गमा प्रस्तुत गरेका छन् । 'बहुला काजीको सपना' नाटकमा भने मल्लले तत्कालीन सामाजिक परिवेशको चित्रण गर्ने क्रममा बलजबस्ति काजीलाई असामान्य व्यवहार गर्न मजबुर गरेको आभास हुन्छ । यसर्थ दुई नाटकका तुलनामा 'बहुला काजीको सपना' नाटक असामान्य व्यवहारका दृष्टिकोणले त्यति सफल देखिँदैन ।

# परिच्छेद चार

# विजय मल्लका नाटकका पात्रहरूमा असामान्य व्यवहार

असामान्य व्यवहार भन्नाले सामान्य भन्दा भिन्न व्यवहार भन्ने बुझिन्छ । सामान्य व्यवहार परिस्थिति अनुकूल, समायोजनीय, निर्धारित नियमसँग अनुकूल, संवेगात्मक रूपमा परिपक्क,सामाजिक रूपबाट परिपक्क हुन्छ भने असामान्य व्यवहार त्यो भन्दा विपरित हुन्छ । यस शीर्षक अन्तर्गत 'कोही किन बरबाद होस्', 'जिउँदो लास' र 'बहुला काजीको सपना' नाटकका पात्रहरूमा देखा परेका असामान्य व्यवहारको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ४.१. 'कोही किन बरबाद होस्' नाटकका पात्रहरूमा असामान्य व्यवहार

'कोही किन बरबाद होस्' नाटक बाल मनोविज्ञानमा आधारित नाटक हो । नर्मल स्कूल कलेज अफ एजुकेसनबाट प्रथम पटक प्रदर्शित भएको यस नाटकले वि. सं २०१६ सालमा पुस्तककारको रूप ग्रहण गरेको देखिन्छ । तीन अङ्कमा प्रकाशित यस नाटकमा शशि, भूपाल, नरेश, श्यामा, रीता, सुन्दरलाल, कमला, धुव्र, कृष्णा, पाले जीवनाथ, शम्भु, राधा, ध्रुवकी आमा राधा, पालेकी श्रीमती आदि पात्रहरूको प्रयोग गरिएको छ । यी मध्ये भूमिकाको हिसाबले धुव्र मुख्य पात्र हुन् भने कमला, सुन्दरलाल, जीवनाथ, धुव्रकी आमा राधा शशि, भूपाल, नरेश, श्यामा, रीता, शम्भु, राधा सहायक पात्र हुन् । पालेकी श्रीमती भने गौण पात्र हुन् ।

प्रस्तुत नाटकमा निहित यिनै पात्रहरूको असामान्य व्यवहारका आधारमा आधारित भई व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ । जसको चर्चा छुट्टा छुट्टै रूपमा गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ कुण्ठा तथा द्वन्द्वका आधारमा

कुण्ठा भन्नाले मानवमा कुनै इच्छा वा चाहना पूरा नहुँदा उत्पन्न हुने संवेगात्मक तनाव भन्ने बुझिन्छ भने द्वन्द्व भन्नाले दुई वा दुई भन्दा बढी विपरीत परिस्थितिको चयनका क्रममा उत्पन्न हुने द्विविधात्मक अवस्थाको संघर्ष भन्ने बुझिन्छ । यस उपशीर्षकमा 'कोही किन बरबाद होस्' नाटकका ध्रुव र कमलादेवीको व्यवहारको अध्ययन गर्ने प्रयास गरिएको छ ।

**अ) ध्रुव**

प्रस्तुत नाटकको केन्द्रीय पात्र ध्रुव हुन् । यस नाटकको सम्पूर्ण कथावस्तु ध्रुवकै सेरोफेरोमा घुमेको छ अर्थात् नाटककारले ध्रुवलाई नायकको रूपमा प्रस्तुत गरेका छन् । ध्रुव जीवनाथका छोरा हुन् । उनी तीन वर्षको छँदा उनकी आमाले उनलाई र उनको बुवालाई छाडेर अर्को व्यक्तिसँग पोइल गएकी छिन् । बाबुसँग रहदै आएको ध्रुव पढाइका लागि बोर्डिङ स्कूलमा भर्ना भएका छन् र त्यहीँको आवासगृहमा बसेका छन् । अध्ययनका लागि बोर्डिङ स्कूलमा भर्ना गरिएका ध्रुवको चरित्र अन्य बालकको

भन्दा भिन्न देखिन्छ । उनी पढाइमा ध्यान दिनुको सट्टा बदमासी गर्दै हिड्छन् । उनी साथीहरूलाई ढुङ्गा टिपेर हान्ने, फुलबारीको फूलहरू उखेल्ने, कुलो भत्काउने, पर्खाल भत्काउने, कापी किताब जतातते छर्ने, कपडा फ्याँक्ने, गाउँलेका चल्लाहरू मारिदिने शिक्षकले भनेको नमान्ने आदि कार्यहरू गर्दछन् । उनको यस्तो व्यवहारबाट दिक्क भई शिक्षिका कमला ध्रुवलाई विद्यालयबाट निष्काशन गर्नु पर्ने सल्लाह दिन्छिन् । मनोविज्ञानको अध्ययन गर्दै गरेका शिक्षक सुन्दरलाल भने ध्रुवमा यस्ता असामाजिक व्यवहार देखिनुका कारण रहेको बताउँछन् र उनको जीवन बरबाद हुनबाट जोगाउनु पर्ने कुरा गर्दछन् । सुन्दरलाल ध्रुवको असामान्य व्यवहारका कारण उनकी आमाले तीन वर्षको कलिलो उमेरमा छाडेर गएपछि मातृस्नेहको अभावबाट उत्पन्न कुण्ठित भावनाको प्रतिरूपलाई मान्दछन् । जुन कुरा ध्रुवले सुन्दरलाललाई अभिव्यक्त गरेको यस भनाइले पुष्टि गर्दछ-"सबका आमा यहाँ आउनुहुन्छ, सबलाई भेटेर आमाहरू जान्छन् । मेरी आमा किन आउनुहुन्न ?" (मल्ल, पृ.९) । ध्रुवको यस अभिव्यक्तिबाट उनको मनमा आमा भेट्न किन आउनुहुन्न भन्ने कुरा मनमा खेलेको देखिन्छ र त्यसैको प्रतिरूप व्यवहारमा उत्रेको देखिन्छ । मनोवैज्ञानिक फ्रायडका अनुसार मान्छेको व्यक्तित्वको विकास खास तीन अवस्था शैशविक, प्रच्छन्न र कैशोर्यमा हुन्छ । यी अवस्था मध्ये सबैभन्दा बढी महत्त्व शैशविक अवस्थाको (जन्मे देखि ६ वर्षसम्म) रहन्छ (गौतम, २०५० : ७६) । त्यसैले यस अवस्थामा शिशुको स्याहार सम्हारमा निकै ध्यान दिनु पर्दछ । यस अवस्थामा  उनीहरूको हरेक सामाजिक इच्छाहरू पूरा गर्ने प्रयास गर्नु पर्दछ । यस अवस्थामा बच्चाहरू सबैभन्दा नजिकको भरपर्दो साथी आमालाई मान्दछन् । तसर्थ आमाको माया ममता स्नेहबाट बच्चालाई टाढा राख्दा उनीहरूमा मातृस्नेह कुण्ठित भएर रहन्छ फलस्वरूप बालकमा असामान्य व्यवहार देखा पर्ने सम्भावना रहन्छ । त्यसैले समयमा नै त्यस्ता व्यवहारका कारण खोजी गरेर समस्या समाधान गर्नतर्फ नलागेमा बच्चाको जीवन बरबाद हुन सक्छ । बालक ध्रुवमा उत्पन्न उदण्ड व्यवहारका मूल कारण पनि मातृस्नेहको अभाव अर्थात् अन्य साथीहरूलाई झैं आफूलाई आमाले भेट्न किन आउनुहुन्न भन्ने कुराबिच उनको मनमा खेलेको द्वन्द्व नै देखिन्छ । यस कुरालाई सुन्दरलालले प्रमाणित पनि गरेका छन् । जब कमलाले ध्रुवलाई विद्यालयबाट निष्काशन गर्नु पर्ने सल्लाह दिन्छिन् सुन्दरलाल धुव्रमा असामान्य व्यवहार देखिनुको मूल कारण उनको अन्तर मनमा लुकेर रहेको मातृस्नेहको चाहनालाई मान्दै उल्टो कमलालाई ध्रुवको आमा बनिदिई बरबाद हुन लागेको एउटा अबोध बालकको भविष्य सपार्न आग्रह गर्दछन् । सुरुमा ध्रुवको आमा बन्न हिच्किचाएकी कमलापछि भने आमा बन्न मञ्जुर हुन्छिन् । सानैमा आमाले छाडेर गएकीले आमाको अनुहार बिर्सिसकेका ध्रुवले कमलालाई नै आफ्नो साख्य आमा ठान्न पुग्दछन् । आमाको अतृप्त स्नेहका कारण बदमासी गर्न पुगेका ध्रुव आमाको स्नेह प्राप्त गर्न थालेपछि भने एउटा असल युवाको रूपमा परिणत हुन्छन् । जुन कुरा ध्रुवले अभिव्यक्त गरेका यी भनाइहरूबाट पुष्टि हुन्छ -

**आमा ! मैंले त भ्रण्डै बिर्सेको ! भूपाललाई रुपियाँ तीर्न बाँकी थियो, म तिरेर आउँ है ? उनीहरूसँग बिदावारी पनि भएर जाऊँ । अब कति बेर बाँकी छ र.... म दुई-तीन वर्ष यही पढ्न बसें भने म यही हुन्छु । तपाईंसँगै हुन्छु । मलाई एक्लै बस्न मन छैन भन्नोस् आमा ! म उता पढ्न गएँ भने तपाईं एक्लै पर्नु हुन्न ? तपाईंलाई दुःख हुन्न ? तपाईलाई एक्लै छाडेर म उता पढ्न जान्नँ । ...दुई-तीन वर्ष त हामीसँगै हुन्छौं,... यहाँ कलेज नभएको होइन, हुन्न आमा ? (पृ. ३५-४१) ।**

ध्रुवका यी अभिव्यक्तिहरूबाट उनमा एउटा असल व्यावहारिक व्यक्तिमा देखिने गुणको विकास भएको देखिन्छ । जसको श्रेय सुन्दरलाल र कमलादेवीलाई जान्छ । उनीहरूले बालक ध्रुवमा देखिएको असामान्य व्यवहारको कारण पत्ता लगाई ध्रुवलाई आमाको स्नेह प्राप्त नगराएको भए उनको जीवन बरबाद हुन सक्थ्यो ।

यस नाटकको अन्त्यतिर ध्रुवमा एक पटक पुनः असामान्य व्यवहार देखा परेको देखिन्छ । जब कमलादेवी ध्रुवलाई आफू उनको साख्य आमा नभई उनको बरबाद हुन लागेको जीवन सुरक्षित गर्नका लागि बनेको नाटकीय आमा रहेको साँचो कुरा बताउँछिन् । त्यसपछि ध्रुव आफ्नो अगाडि रहेको गुन्टालाई एक चोटी लात्ताले हानेर दौडेर बाहिर निस्कन्छन् । उनको यस व्यवहार असामान्य देखिए पनि खासमा यो व्यवहार कुनै कुण्ठा र द्वन्द्वबाट उत्पन्न नभई एक्कासी सत्य सामन्ने प्रकट हुँदा देखा परेको मानवीय स्वभाव हो ।

यसरी बालक ध्रुवमा प्रारम्भमा मातृस्नेहको अभावका कारण उत्पन्न कुण्ठा र द्वन्द्वका कारण असामान्य व्यवहार देखा परेको छ भने सुन्दरलाल र कमलादेवीको संयुक्त प्रयासबाट विग्रन लागेको ध्रुवको जीवन सप्रिएको छ ।

**आ) कमलादेवी**

प्रस्तुत नाटकमा ध्रुवपछिको प्रमुख पात्र कमलादेवीलाई मान्न सकिन्छ । यस नाटकको कथावस्तु ध्रुव र कमलादेवीको सेरोफेरोमा घुमेको छ । कमलादेवी ध्रुव पढ्ने विद्यालयको शिक्षिकाका साथै म्याट्रन पनि हुन् । उनी माथि विद्यालयको आवास गृहमा बस्ने सम्पूर्ण बालबालिकाको हेरचाह गर्ने जिम्मेवारी रहेको छ । त्यसैले ध्रुवको उद्दण्ड, असामाजिक व्यवहारको प्रभाव अन्य बालबालिकामा पनि पर्ने हो कि भन्ने त्रास उसमा पैदा भएको देखिन्छ । यसैले शिक्षक सुन्दरलालसँग ध्रुवलाई विद्यालयबाट निष्काशन गर्नु पर्ने सल्लाह दिन्छिन् । प्रारम्भमा यस्तो विचार प्रकट गरे तापनि सुन्दरलालले ध्रुवमा असामान्य व्यवहार उनकी आमाले तीन वर्षको उमेरमा बाबुको काखमा छाडेर पोइल गएपछि ध्रुवमा मातृस्नेहको अभाव हुन पुगेको कारण, विद्यालयमा अन्य साथीहरूको आमा भेट्न आउँने र उनकी आमा नआउँने हुँदा मनमा उठ्न गएको इर्ष्याको प्रतिक्रिया स्वरूप उत्पन्न व्यवहार हो भने पछि कमलादेवीमा ध्रुवप्रति सहानुभूति पैदा भएको देखिन्छ । यसैले शिक्षक सुन्दरलालले ध्रुवको आमा बनी उनको बरबाद हुन

लागेको जीवन बचाउन गरेको आग्रह सुरुमा कमलादेवीले नमाने पनि पछि भने मानेकी छिन् । सुन्दरलालले ध्रुवकी आमा बन्न गरेको आग्रहलाई स्वीकार्नु अगाडि उनको मनमा द्वन्द्व चलेको भने देखिन्छ । जुन कुरा उनका यी भनाइहरूले पुष्टि गर्दछन्-

> **...यो मबाट हुन सक्दैन । के कुरा गऱ्या तपाईंले ? उल्ले आफ्नी आमालाई चिन्या रहेछ भने ? .... हर्नोस् यसमा मलाई कर नगर्नोस् । हप्तामा एक चोटी नबिराई उसको बाबु यहाँ आइरहने गर्छ । तपाईंले देख्नु नै भएको छ । कोही कसैले चुकिदियो भने कस्तो नराम्रो हुन्छ मलाईं । उसको बाबुले के सम्झला मलाईं ? फेरि बदनाम पनि त ... हामी आइमाईलाई हेर्नोस्, के के भनेर उडाइदिन्छन्, मलाई त .... मलाई कसो -कसो ! हेर्नोस् मलाई सोच्न दिनोस् । तर मलाई साँच्चै भनेको लाज लाग्छ मेरो बिहे पनि त भएको छैन ! फेरि अरूले सुने भने मेरो बा आमाले ? यसैले मलाई सोच्न दिनोस्** (मल्ल, पृ. ११-१२) ।

कमलादेवीको यी भनाईहरूले के प्रमाणित गर्दछ भने उनको मनमा ध्रुवको आमा बन्ने या नबन्ने दुई भावनाबिच द्वन्द्व चलेको देखिन्छ । उनको एक मनले सुन्दरलालले भनेझैं बिग्रन लागेको एउटा बालकको भविष्य जोगाई असल गुरुको भूमिका निभाऊँ भन्ने लाग्दछ भने अर्को तर्फ आफू अविवाहित रहेकोले ध्रुवको आमा बन्ने नाटक गर्दा आफ्नो भविष्य त खराब हुँदैन भन्ने लाग्दछ । जसका कारण केही समय उनमा बेचैनी, छटपटी देखिन्छ । जब ध्रुवको आमा बन्ने निर्णय गर्दछिन्,  उसको बेचैनी समाप्त हुन्छ । फ्रायडका अनुसार मानसिक सङ्घर्षको स्थिति त्यति खेर उत्पन्न हुन्छ जुन बेला दुई वा दुईभन्दा बढी परस्पर विरोधी इच्छाहरू उपस्थित हुन्छन् र ती एकै साथ पूर्ति हुन सक्दैनन् । सामान्य व्यक्ति यस्तो परिस्थितिमा आफ्नो तार्किक शक्तिद्वारा कुनै एकलाई चुन्दछ र परिस्थितिसँग समायोजन गर्दछ भने असामान्य व्यक्तिलाई निर्णय गर्न कठिन पर्दछ र समायोजनको समस्या पर्दछ (घर्ती, २०६७ : २५) । यहाँ कमलादेवीमा उत्पन्न दुई भावना बिच एकलाई रोजेर परिस्थितिसँग समायोजन हुन सकेकोले उसलाई सामान्य पात्रको रूपमा लिन  सकिन्छ ।

नाटकको तेस्रो अंकमा कमलादेवीको मनमा पुनः द्वन्द्व उत्पन्न भएको देखिन्छ । ध्रुवले आफ्नो विद्यालय स्तरको पढाइ सकेर घर जाने तरखरमा कमलादेवीको सामानहरू मिलाउन थाल्दछ उसको मनमा ध्रुवलाई साँचो कुरा कसरी बताउने भन्ने कुराको द्वन्द्व चलेको छ भने अको तर्फ यथार्थ थाहा पाएपछि ध्रुवले कस्तो प्रतिक्रिया देखाउने हो त्यस कुराबाट उसमा चिन्ता उत्पन्न भएको छ । जसलाई कमलादेवी यसरी व्यक्त गर्दछिन्-

> **ध्रुव मेरो बाकस, गुन्टा लिन गइरहेछ । उसलाई मैले केही भन्न सकेकी छैन । भन्न कोशिश गर्छु, सक्दिनँ । कसरी भनूँ उसलाई - 'तिम्री खास आमा म होइन ! म त केही दिनका खातिर आमा भइदिएकी मात्र हुँ ?' .... मैंल हिजो अस्तिदेखि कोशिश**

**गरेकी थिए भनूँ तर कसरी भन्ने ? उसको मनमा के बिभ्ला ! फेरि नभनी के गरुँ ? कस्तो अप्ठ्यारो ? आज हामी जाने भनेर ऊ खुसीले दङ्ग परेको छ । यस्तो बेलामा साँच्ची केही सोच्नै सकिनँ । .... म उल्लाई साँच्ची भन्न सक्दिनँ, ऊ रोइदियो भने ? म आफूलाई सम्हाल्न सक्दिनँ !** (पृ. ३६-३७) ।

कमलादेवीका यी अभिव्यक्तिहरूबाट उसको मनमा भीषण द्वन्द्व चलेको देखिन्छ । उनी ध्रुवलाई असाध्यै माया गर्छिन । यसर्थ ऊ ध्रुवलाई सत्य बताउन चाहँदैन तर यथार्थ भन्नै पर्ने हुन्छ । यस स्थितिलाई फ्रायड परिहार-परिहार सङ्घर्ष भन्दछन् । परिहार-परिहार सङ्घर्षमा व्यक्तिका सामु यस्ता इच्छाहरू उपस्थित हुन्छन् । तिनीहरू मध्ये जुनलाई छाने पनि व्यक्तिलाई लाभप्रद हुँदैन, तर एकलाई पूर्ति गर्न व्यक्ति बाध्य हुन्छ । यस स्थितिमा व्यक्ति निकै तनाब ग्रस्त रहन्छ । फलस्वरूप व्यक्तिको व्यवहारमा असामान्यता देखा पर्दछ (सुलेमान र तौवाब, पृ. १०९) । कमलादेवीमा पनि यही कुरा लागु भएको देखिन्छ । जब शिक्षक शम्भु गार्जियन मिटिङमा पेश गर्नु पर्ने रिपोर्ट कार्डहरू कमलादेवीसँग माग्न पुग्दछन् । कमला यसरी प्रतिक्रिया व्यक्त गर्दछिन्- आज ध्रुव जान लागिरहेछ ! ....मेरो मगजै ठीक छैन आज ! त्यो कागजपत्र... (पृ. ३८-३९) ।

यहाँ ध्रुवलाई सत्य कुरा बताएर बिछोडिनु पर्ने स्थितिका कारण कमलादेवीमा क्षणिक भए पनि असामान्यता देखा परेको देखिन्छ ।

यसरी ध्रुवको जीवन सपार्नका लागि गर्नु पर्ने निर्णय र गरिएका निर्णयले कमलादेवीको जीवनमा केही समयका लागि असामान्य व्यवहार पैदा गराएको देखिन्छ । ध्रुवलाई सत्य कुरा कमलादेवीले बताएपछि नाटक टुङ्गिए पनि ध्रुवको प्रेमको अभावमा के कमलादेवीको जीवन सामान्य रहला, कतै कमलादेवी असामान्य बन्ने त होइन भन्ने एक प्रकारको कुतूहलता दर्शकलाई पैदा गर्न मल्ल सफल भएको देखिन्छ ।

### ४.१.२ प्रतिक्रिया निर्माणका आधारमा

प्रतिक्रिया निमार्ण पनि असामान्य व्यवहारको एउटा प्रकार हो । भित्री इच्छा विपरीत कार्य गर्ने प्रवृत्तिलाई प्रतिक्रिया निमार्ण भनिन्छ । आफूले माया गरेको व्यक्तिलाई माया गर्दिनँ भन्नु, घृणा गर्ने व्यक्तिलाई प्रेम गरेको देखाउनु यसका उदाहरण हुन् । यस्ता बनावटी व्यवहारले अचेतनका इच्छालाई झन् बढी दमन गर्न सजिलो हुन्छ । फलस्वरूप व्यक्तिलाई मनोद्वन्द्वबाट उत्पन्न तनावबाट आत्मस्वको रक्षा गर्न मद्दत मिल्दछ । यस उपशीर्षक अन्तर्गत जीवनाथ र पालेको व्यवहारलाई अध्ययन गर्ने प्रयास गरिएको छ ।

**अ) जीवनाथ**

जीवनाथ यस नाटकका सहायक पात्र हुन् । उनी ध्रुवका पिता र राधाकी भूतपूर्व श्रीमान् हुन् ।

प्राण भन्दा प्रिय श्रीमती राधाले बिना कसुर आफू र आफ्नो तीन वर्षिय बालक ध्रुवलाई छाडेर बूढो व्यक्तिसँग पोइल हिँडेपछि उनको मनमा मानसिक तनाब उत्पन्न भएको देखिन्छ । परिणाम स्वरूप विद्यालयका शिक्षकहरूलाई छोरा ध्रुवसँग उनको आमा भेट्न आएमा भेट्न नदिन आग्रह गर्दछन् । ध्रुवको उदण्ड व्यवहारका कारण पत्ता लगाई बरवाद हुन लागेको एउटा बालकको भविष्य जोगाउन नाटकीय आमा बन्न पुगेकी शिक्षिका कमलादेवीलाई साख्य आमा ठानी ध्रुवले आमालाई भेटेको जानकारी गराएपछि जीवनाथ छोरा र विद्यालयप्रति यसरी रोष प्रकट गर्न पुग्छन्-

**आमा, आमा के चिच्याइरहेको ? कसरी आमा ? ....ध्रुव ! यो स्वीटर एकदम राम्रो छैन । म यस भन्दा राम्रो किनिदिन्छु । त्यस्ताले दिएको लाउन हुन्न बुझ्यौ ? किचकन्नी ! अँ, तेरी आमा कहाँ छ ? .... अर्काको छोरालाई कसैलाई नभेटाउनू भनेर त्यसरी गएपछि के त्यसरी इमान बेच्न पाइन्छ ? उहाँ भने तपाईले भनेजस्तो हुन्छ, आज त्यस्तो कृतघ्नता देखाउन पाइन्छ ? के यो बेइमान नभए विश्वासघात हैन यो ? .... आफ्नो छोरालाई बोर्डिङमा पढाउन राखिया थियो, आफूले भनेजस्तो होला भनेर, यस्तै वचन दिएको हुनाले, साट्टसुट्ट पैसाको लोभमा मेरो छोरालाई नभेटाउनू भनेको आइमाईलाई भेटाइन्छ भने यसलाई बेइमानी नभने के भन्ने ? (पृ.२२-२४) ।**

जीवनाथले श्रीमतीलाई छोरा भेट्न नदिएर तड्पाउन खोज्नुको मूल कारण आफूले श्रीमती राधाको हर इच्छा पूरा गरेर माया गर्दागर्दै पनि छाडेर बूढो व्यक्तिसँग पोइल हिँडेकी कारणले गर्दा देखिन्छ । ध्रुवले आमा भनेको महिला उनकी श्रीमती राधा नभई शिक्षिका कमलादेवी रहेको सत्य ज्ञात भएपछि भने जीवनाथको मनमा गुम्सिएर रहेको पीँडा यसरी व्यक्त हुन्छ-

**ध्रुवकी आमा राधा तिनलाई मैंले नचाहेको होइन तीनलाई प्यार नगऱ्या पनि होइन । तिनको हर इच्छालाई पूरा गरेर आएँ । कहिलेकाहीं लाग्छ म अझ उनलाई मन पराउँछु तर अचानक केही पत्तै नदिएर रोइरहेको ध्रुवलाई त्यसै फालेर हिंडिदिइन् । एउटा गतिलोसँग गएको भए पनि हुन्थ्यो, मलाई यही चोट लाग्छ, एउटा बूढो भन्न सुहाउनेसँग हिँडिदिइन् । ....एकातिर उनी त्यहाँ टिक्न नसकी बर्वाद भइन, एकातिर म । अहिले उनी अर्कोसँग गएकी छिन् । ... मलाई थाहा छ, म उनलाई जिन्दगी भर बिर्सन सक्तिनँ । बिर्सन खोज्छु बिर्सन्न (पृ. ३१) ।**

जीवनाथका यी अभिव्यक्तिबाट उनी आफ्नी श्रीमती राधालाई असाध्यै प्रेम गर्दथे भन्ने बुझिन्छ साथै पोइल हिँडेपछि पनि माया लाग्छ भन्नु र जीवनभर विवाह नगरी बस्नु त्यसको प्रमाण पनि हो । आफूले माया गर्दा गर्दै पनि श्रीमती राधाले आफू र आफ्नो तीन वर्षको अबोध बालक ध्रुवलाई छाडेर बूढो व्यक्तिसँग पोइल गएपछि जीवनाथमा पत्नी प्रति रोष प्रकट भएको देखिन्छ । फलस्वरूप राधालाई छोरासँग भेट्न नदिई तड्पाउन चाहन्छन् । यसलाई फ्रायड विस्थापनको प्रतिक्रिया मान्दछन् । फ्रायडका

अनुसार गम्भीर स्थितिमा प्रतिक्रिया निर्माणले असामान्य व्यवहार अथवा मानसिक विकृतिका रूपमा व्यक्तिको द्वन्द्वको समाधान गरी उसको मानसिक सन्तुलनलाई सुरक्षित राख्ने कार्य गर्दछ (सुलेमान र तौवाब, २००४: १४२) । यहाँ राधाप्रति जीवनाथमा प्रकट भएको रोष प्रतिक्रिया निर्माणकै एउटा नमूना मान्न सकिन्छ ।

यसरी आफ्नो प्राणप्रिय सङ्गिनी राधाले छाडेर पोइल हिँडेपछि जीवनाथमा मानसिक तनाब उत्पन्न भएको छ भने राधालाई छोरा भेट्न नदिने प्रतिक्रिया निर्माणबाट तनाबबाट उत्पन्न असामान्य व्यवहार सन्तुलनमा आएको छ ।

**आ) पाले**

पाले नाटकको गौण पात्र हुन् । नाटकमा उनको भूमिका त्यति उल्लेखनीय नरहे पनि कथावस्तुलाई अगाडि बढाउन भने सहयोग गरेको छ । नाटककारले वास्तविक नामबाट परिचय नगराई विद्यालयमा उनले गर्ने कार्यका आधारमा परिचय गराएबाट उनको आर्थिक स्थिति कमजोर रहेको बुझिन्छ । हाम्रो समाजमा गरिबहरूले वास्तविक नामबाट परिचय हुने मौका कमै पाउँदछन् । आर्थिक स्थिति कमजोर हुँदा हुँदै पनि हातमा पैसा पर्ने बित्तिकै रक्सी खाने प्रवृत्ति उनमा रहेको छ । उनी रक्सी खानका लागि पैसा प्राप्त गर्न जस्तोसुकै झुट बोल्न तयार रहेको कुरा सुन्दरलालका यस भनाइले पुष्टि गर्दछ- “त्यो रक्सी नखाई पस्दै पस्दैन, आज पैसा हात पऱ्या छ । त्यसको स्वभाव जति गरे पनि कहाँ जान्छ र ! स्वास्नीचाहिँ बराबर कराउन आउँछे यसको हातमा रुपियाँ नदिनू भनेर ! के भन्नु । अब स्वास्नी बिरामी छ भनेर यो चाहिँ हामीलाई ठग्न चाहन्छ ...”( पृ. १९-२०) ।

घरको आर्थिक स्थिति कमजोर रहेको थाहा हुँदा हुँदै पैसा हातमा पर्ने बित्तिकै रक्सी खान भट्टी पस्ने पाले दाइमा असामान्यता देखिन्छ । फ्रायडका अनुसार अहम्, पराहम् र इदम्बिच हुने चेतन वा अचेतन स्तरको संघर्षलाई विभिन्न प्रतिक्रियाद्वारा लाभकारी ढङ्गमा समाधान गर्नुलाई मनोरचना भनिन्छ । मनोरचनाले विपरीत प्रेरकहरू अथवा इदम् र पराहम् बिच उत्पन्न मानसिक सङ्घर्ष हटाउन अहम्लाई सहयोग गर्दछ (घर्ती, २०६७ : २६) । फ्रायडका यस मान्यतालाई मनन गर्दा पाले दाइले रक्सी पिउनाको कारण कमजोर आर्थिक स्थितिका कारण चेतन मनमा उत्पन्न मानसिक संघर्षबाट टाढा रहनका लागि अर्थात् बँच्नको लागि देखिन्छ ।

यसरी पाले दाइको अन्य व्यवहार सामान्य देखिए पनि विद्यालयमा अनेक बहाना बनाउँदै पैसा मागेर रक्सी पिउने बानी भने असामान्य देखिन्छ । जसको मूल कारण आर्थिक स्थितिका कारण उत्पन्न मानसिक संघर्षको समाधानलाई मान्न सकिन्छ ।

### ४.१.३ मनोलैङ्गिक विकासका आधारमा राधा

राधा पर्दा भित्रकी नेपथ्य पात्र हुन् । नाटकमा उनको प्रत्यक्ष भूमिका नरहे पनि सम्पूर्ण घटनाक्रम अगाडि बढाउने कारक तत्त्व चाहिँ उनी नै हुन् । ध्रुवमा असामाजिक व्यवहार उत्पन्न हुनु र जीवनाथको जीवनमा हलचल पैदा गराउनुमा राधाको भूमिका महत्त्पूर्ण रहेको देखिन्छ । जीवनाथकी पत्नी र ध्रुवकी आमा राधा उनीहरूलाई छाडेर पोइल हिँडेपछि नाटकको कथावस्तु अगाडि बढेको छ ।

नाटकमा राधाको प्रत्यक्ष भूमिका कहीँ कतै देखिँदैन तापनि सम्पूर्ण घटना घटाउने मुख्य पात्र भने उनी नै हुन् । राधाले तीन वर्षको अबोध बालक ध्रुवलाई छाडेर पोइल हिँडेपछि ध्रुव मातृस्नेहबाट वञ्चित भएको छ भने बाबु र आमाको न्यानो मायाको आवश्यकता सबैभन्दा बढी पर्ने उमेरावस्थामा पढाइको लागि विद्यालयको आवास गृहमा बस्नु परेको छ । यही कारणले गर्दा उनमा असामान्य व्यवहार उत्पन्न भएको देखिन्छ । यसै गरी आफूले आफ्नो जीवनभन्दा बढी माया गरेर राखेको श्रीमती एक्कासी बूढो व्यक्तिसँग पोइल हिँडिदिँदा जीवनाथमा तनाब उत्पन्न हुनुको साथै उनको जीवन अस्तव्यस्त बन्न पुगेको छ । ध्रुव र जीवनाथको जीवन अस्तव्यस्त बनाई असामान्य अवस्थामा पु-याउनुमा राधाको उल्लेखनीय भूमिका रहेको देखिन्छ । पर्दा बाहिर रहेकी पात्र राधा जीवनाथबाट कहीँ कतै प्रत्याडित भएको देखिँदैन । उल्टै जीवनाथको अत्याधिक माया, स्नेह पाएको देखिन्छ । जुन कुरा जीवनाथले अभिव्यक्त गरेका यी भनाइहरूले पुष्टि गर्दछन् –

> **ध्रुवकी आमा राधा तिनलाई मैंले नचाहेको होइन तिनलाई प्यार नगऱ्या पनि होइन । तिनको हर इच्छालाई पूरा गरेर आएँ । कहिलेकाहीं लाग्छ म अझ उनलाई मन पराउँछु तर अचानक केही पत्तै नदिएर रोइरहेको ध्रुव्रलाई त्यसै फालेर हिँडिदिइन् । एउटा गतिलोसँग गएको भए पनि हुन्थ्यो, मलाई यही चोट लाग्छ, एउटा बूढो भन्न सुहाउनेसँग हिँडिदिइन् । ... मलाई थाहा छ, म उनलाई जिन्दगी भर बिर्सन सक्तिनँ । बिर्सन खोज्छु बिर्सन्न** (पृ. ३१) ।

जीवनाथका यी भनाइहरूबाट उनी आफ्नो जीवन सङ्गिनीलाई प्रगाढ प्रेम गर्दा रहेछन् भन्ने बुझिन्छ । पति जीवनाथबाट माया पाउँदा पाउँदै पनि आफ्नो काखे छोरो छाडेर निष्ठुरी बनी राधा एउटा बुढो व्यक्तिसँग पोइल हिँडेकी छिन् भने त्यहाँ पनि टिक्न नसकी तेस्रो व्यक्तिसँग पोइल गएकी छिन् । यसरी राधा जीवनाथ र बूढो व्यक्तिलाई छाडेर तेस्रो व्यक्तिसँग किन हिँडिन त्यसको कारण नाटकमा कतै उल्लेख भएको पाइँदैन । फ्रायडेली दृष्टिकोणबाट हेर्दा राधामा लैङ्गिक कुण्ठा रहेको आभास हुन्छ । फ्रायडका अनुसार व्यक्तिको व्यक्तित्व वा चरित्र निमार्णमा मनोलैङ्गिक विकासको महत्त्वपूर्ण हात रहेको हुन्छ । यदि मनोलैङ्गिक विकास सामान्य रूपमा भएन भने व्यक्तिमा अनेक प्रकारका दोषहरू, कमजोरीहरू, नैतिक, सामाजिक समायोजनका समस्याहरू देखा पर्दछन् (गौतम, २०५० : ७५) । उनको यस भनाइ अनुसार राधामा पटक पटक पोइल हिँडरहने प्रवृत्तिको विकास हुनाको मूल कारण मनोलैङ्गिक

विकासको असामान्य रूप हो भन्न सकिन्छ । नाटक लेखनको समयलाई हेर्दा त्यस समयका नारीहरू घरमा जतिसुकै प्रताडित रहे पनि लोग्नेलाई छाडेर अर्कोसँग बिहे गर्दैनथे । तत्कालीन समयका नारीहरू पतिलाई भगवान् मान्दथे । त्यसका विपरीत पतिबाट माया ममता पाउँदा पाउँदै पहिलेको पतिभन्दा बूढो व्यक्तिसँग पोइल जानु र पुनः बुढो लोग्नेलाई छाडेर तेस्रो व्यक्तिसँग पोइल जानु जस्ता आचरण राधामा देखिनुको मूल कारण मनोलैङ्गिक विकासको असामान्य रूपलाई नै मान्न सकिन्छ ।

यसरी जीवनाथको अत्यधिक माया पाएर पनि बूढो व्यक्तिसँग पोइल जानु र त्यहाँ पनि टिक्न नसकी तेस्रो व्यक्तिसँग पोइल जानुको मूल कारण राधाको मनोलैङ्गिक विकासमा देखिएको गडबडीपनालाई मान्न सकिन्छ ।

### ४.१.४ उद्दण्ड व्यवहारका आधारमा ध्रुव

ध्रुव यस नाटकका प्रमुख पात्र हुन् । सम्पूर्ण नाटकको कथावस्तु उनैको जीवनसँग सम्बन्धित रहेर अगाडि बढेको छ । सुरुमा प्रतिकूल पात्रको रूपमा देखिएका ध्रुव पछि अनुकूल पात्रका रूपमा देखिएका छन् । आमाले तीन वर्षको उमेरमा बाबुलाई छाडेर अर्कैसँग पोइल हिडेंपछि पढाइका लागि विद्यालयको आवास गृहमा बस्नु परेको ध्रुवमा उदण्ड व्यवहारहरू देखिन्छ । उनी कहिले साथीहरूलाई ढुङ्गाले हान्दछन् भने कहिले टोक्ने, पिट्ने कार्य गर्दछन् त कहिले विद्यालयको पर्खाल भत्काउने कार्य गर्दछन् भने कहिले बगैंचाको फूल निमोठ्ने, कुलो भत्काउने कार्य गर्दछन् । त्यति मात्र नभई गाउँलेहरूको चल्ला समात्दै मार्ने कार्य समेत गर्दछन् । उनका यी कार्यहरू एक पटक मात्र नगरी पटक पटक गरेका छन् । जुन कुरा तलका भनाइले पुष्टि गर्दछ -

> **"... एक चोटि हैन दश चोटि पर्खालको इँट उप्काएर फालिदिइसक्यो । तपाईं सम्झाउनु हुन्छ, पिट्ने धम्की पनि दिनुहुन्छ, ऊ अलिकति पनि टेर्दैन । केटाकेटीलाई पिटिदिन्छ, रुवाउँछ ! तपाईं जेसुकै गर्नोस् ऊ आफ्नो बानी छाड्दैन । अस्ति देखिहाल्नुभो कुखुराको एउटा होइन पाँच पाँचवटा चल्ला मारिदियो लगातार एकपछि अर्को अर्को, अलिकति पनि नहच्केर निर्दयतापूर्वक..."** (पृ. ७) ।

ध्रुवका यी व्यवहारहरूलाई हेर्दा सामान्य मान्न सकिँदैन । मनोविद्हरूका अनुसार सामान्य व्यक्तिहरूको रहनसहन, खानपान र अरूसँग गर्ने व्यवहारमा एकरूपता, स्थायित्व र समन्वय आदि विशेषता पाइनुका साथै नियमितता र प्रासंगिकता पाइन्छ । यसका विपरीत असामान्य व्यक्तिको व्यवहार उदण्ड खालको हुन्छ । त्यसमा नियमितता, प्रासंगिकता र एकरूपता जस्ता गुणहरू पाइँदैनन् । उनीहरूको व्यवहारमा सङ्गति मिलेको हुँदैन साथै सामाजिक मान्यता र मर्यादा विपरीत व्यवहार असन्तुलित हुन्छ (ज्ञवाली, २०६३ : ५) । ध्रुवको व्यवहारमा पनि यस्ता विशेषता पाइएकोले उनलाई असामान्य मान्न सकिन्छ साथै ध्रुवका शिक्षक सुन्दरलाले यस्तो व्यवहारलाई मानसिक रोगको संज्ञा दिएकाले पनि ध्रुवको व्यवहार असामान्य रहेको कुरालाई अझ पुष्टि गर्दछ ।

यसरी ध्रुवले साथीहरूलाई पिट्ने, टोक्ने, पर्खाल भत्काउने, बगैंचा बिगार्ने, चल्लाहरू मार्ने जस्ता उद्दण्ड व्यवहार पटक पटक गर्नाले उनमा असामान्यता रहेको पुष्टि हुन्छ ।

### ४.१.५ परपीडक स्वभावका आधारमा ध्रुव

असामान्य व्यवहारका एउटा आधार विद्वान्हरू परपीडक स्वभावलाई पनि मान्दछन् । यदि कुनै व्यक्तिमा बिना कारण अर्कालाई दुःख दिइरहने प्रवृत्ति पाइन्छ भने त्यस्तो प्रवृत्तिलाई परपीडक प्रवृत्ति अर्थात् स्वभाव मानिन्छ । नाटकमा ध्रुवमा पनि परपीडक स्वभाव पाइन्छ । उनमा विद्यालयका साथीहरूलाई पिट्ने, ढुङ्गाले हान्ने, पर्खाल भत्काउने, बगैंचा भत्काउने, कुखुराका चल्ला मार्ने, गुरुबा गुरुआमाले भनेको नमान्ने प्रवृति पाइन्छ । जुन कुराको पुष्टि तलका भनाइहरूले गर्दछन्–

**भूपालः** ... ध्रुवले रूख चढेर हामीलाई, मास्टरसाहेब ! ढुङ्गाले हानिरहेछ । (पृ.१)

**नरेशः** कमिजमा पोको पारेर ढुङ्गा बटुलेर ऊ रूखमाथि चढेको रहेछ मास्टरसाहेब । अनि हामीले उल्लाई तल वर्ली भन्दाखेरि त भकाभक ढुङ्गाले पो हान्न थाल्यो । अनि मास्टरसाहेब ! हामी भागेर आएको । रीतालाई त ढुङ्गाले लागिहाल्यो ! हगि ? (पृ.२)

**श्यामः** अस्तिन मेरो किताब पनि च्यातिदियो । (पृ.२)

**श्यामः** हामीले लाएको फूलको बिरुवा पनि उल्ले उखेलेर फालिदिइसक्यो । हामीले पानी ल्याउन बनाएको सानो कूलो पनि बिगारिदिइसक्यो, मास्टरसाहेब ! (पृ.२)

ध्रुवलाई आफ्ना यस्ता व्यवहारले अर्कालाई दुःख पुग्दछ भन्ने कुराको ज्ञान छ तापनि यस्ता उद्दण्ड व्यवहार उनी पटक पटक दोहोर्‍याइरहन्छन् । उनी गुरुबा गुरुआमाले भनेको पटक्कै मान्दैनन् । उनको व्यवहारबाट शिक्षकहरू दिक्क भइसकेका छन् । त्यसैले शिक्षिका कमलादेवी ध्रुवलाई विद्यालयबाट निष्काशन गर्नु पर्नेमा जोड दिन्छिन् । यस अर्थमा ध्रुवलाई असामान्य मान्न सकिन्छ । सामान्य मान्छेले पनि रिस र आवेगको अवस्थामा यस्ता परपीडक कार्य गर्दछन् तर रिस र आवेग शान्त भएपछि आफूले गरेको व्यवहारप्रति पश्चात्ताप गर्ने स्वभाव सामान्य मान्छेमा हुन्छ । सामान्य मान्छेले पटक पटक गल्ति दोहोर्‍याउँदैन । यसका विपरीत असामान्य व्यक्तिहरू आफ्नो व्यवहारप्रति कुनै पछुतो जनाउँदैनन् । अर्कालाई दुःख पुर्‍याएर मजा लिने स्वभाव उनीहरूमा रहेको हुन्छ । ध्रुवलाई पनि उनको उदण्ड व्यवहारका लागि पटक पटक शिक्षकहरूले सम्झाएका छन् तर पनि उनको व्यवहारमा कुनै परिवर्तन आएको देखिँदैन । यस हिसाबले ध्रुवलाई असामान्य मान्न सकिन्छ ।

यसरी ध्रुवले साथीहरूलाई पिट्ने, टोक्ने, पर्खाल भत्काउने, बगैंचा बिगार्ने, चल्लाहरू मार्ने जस्ता व्यवहार गरेर अरूलाई दुःख दिएकाले उनमा असामान्यता रहेको पुष्टि हुन्छ ।

## ४.२ 'जिउँदो लास' नाटकका पात्रहरूमा असामान्य व्यवहार

'जिउँदो लास' नाटकमा ललितमान, कृष्णमान, रत्नदास, सुगतदास, राधाकृष्ण, शङ्करलाल, प्रतिमा र उर्मिला पात्रहरूको प्रत्यक्ष रूपमा भूमिका रहेको देखिन्छ । यी पात्रहरू मध्ये रत्नदासबाहेक सबै पात्रहरू कुनै न कुनै रूपले असामान्य देखिन्छन् । प्रतिमा र उर्मिला दुई नारी पात्रको जीवन कथामा आधारित यस नाटकमा सबैभन्दा बढी असामान्य उर्मिला छिन् भने त्यसपछि प्रतिमा छिन् । अन्य पात्रहरू भने सामान्य रूपमा विचलित देखिन्छन् । यहाँ तिनै पात्रहरूमा देखिएका असामान्य व्यवहारको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.२.१ प्रतिक्रिया निर्माणका आधारमा प्रतिमा

प्रस्तुत नाटकको प्रमुख पात्र प्रतिमा शहरमा जन्मिएकी, हुर्किएकी मध्यम वर्गीय पात्र हुन् । उनको उमेर लगभग १९/२० वर्ष जतिको छ । शारीरिक रूपमा छरिती, पातली गोरी केही होची प्रतिमा यौवनावस्थामै विधवा बन्न पुगेकी छिन् । विधवा भएपछि माइतमा शरण पाएकी प्रतिमा दाजु कृष्णमानकी प्यारी कान्छी बहिनी हुन् । त्यसैले दाजु कृष्णमानले उनलाई घरमै पढ्ने व्यवस्था मिलाएका छन् । प्रतिमाले माइतमा सबैको माया स्नेह प्राप्त गरे तापनि उनमा एक प्रकारको बेचैनी, असन्तुष्टि रहेको पाइन्छ । जसलाई उनी कापीमा 'मूर्दाकी स्वास्नी' लेखेर अभिव्यक्त गर्दछिन् । उनी ललितमानसँग आफूलाई मूर्दाकी स्वास्नी मान्नुको कारण यसरी व्यक्त गर्दछिन्- "हाँसेर म मूर्दाकी स्वास्नी त हुँ नि । विधवा भनेपछि मूर्दाकी स्वास्नी' हैन ? ... म लाशसँग हरदम उठ्छु । ध्यानमा सधैँ लाशैलाई ल्याइरहन्छु । लाश मेरो निम्ति जिउँदै छ - जिउँदो मानिसभन्दा पनि जिउँदो । म यसरी पतिव्रता धर्मलाई सुरक्षित गरिरहेछु । यसो गरिनँ भने म नैतिक विधवा भएँ कसरी ? ... मूर्दा, मेरो 'पोई'" (पृ. ५) ।

प्रतिमाका यस अभिव्यक्तिले उनमा समाजप्रति असन्तुष्टि रहेको बुझिन्छ । उनी नयाँ जीवन चाहन्छिन् त्यसैले समाजले विधवालाई नयाँ जीवन जिउँन लगाएको रोकप्रति अर्थात् मृत पतिको श्रीमती भएर बाँच्न विवश पारेप्रति असन्तुष्ट रहन्छिन् । फलस्वरूप उनी आफूलाई 'मूर्दाकी स्वास्नी' संज्ञा दिँदै समाजप्रति तीखो व्यङ्ग्य प्रहार गर्दछिन् । प्रतिमा नयाँ जीवन चाहन्छे भन्ने कुरा उनले मुसु (कुकुर), बिरालो र शिक्षक ललितमानलाई गरेको प्रेमबाट पनि पुष्टि हुन्छ । फ्रायडका अनुसार व्यक्तिको असामाजिक, अनैतिक, दुःखद र कष्टकर भाव र इच्छाहरू अचेतन मनमा गएर बस्दछ जसलाई दमन भनिन्छ । दमनले चेतनबाट सङ्घर्ष हटाउँदछ र मानसिक सन्तुलन कायम राख्दछ भने अचेतनमा दमित भएका असामाजिक, कष्टकर इच्छा र अनुभूतिहरू प्रतिबन्धकका भयले सोझै व्यक्त नभई छदम रूपमा देखिने हुँदा अचेतन सङ्घर्षबाट पनि व्यक्तिलाई मुक्त पार्छ । दमनले गर्दा अचेतनगत असामाजिक तथा अनिच्छित चाहनाहरू कुनै वस्तुमा विस्थापन वा स्थानान्तरण भएर प्रकट हुन्छ (गौतम, २०५० : ८४) ।

फ्रायडको यो दृष्टिकोण प्रतिमाको जीवनसँग पनि मेल खाएको दखिन्छ । प्रतिमाको पतिको मृत्यु हुनु, त्यसपछि बिरालो, कुकुर र ललितमानलाई माया गर्नु यसैको उदाहरण हुन् । यौवनावस्थामै पतिको

मृत्यु भएकोले प्रतिमाको मनमा दबेर, कुण्ठित भएर रहेको प्रेमभाव बिरालो, कुकुर र ललितमानमा प्रकट हुनु प्रेम विस्थापनको एउटा उदाहरण हो । विस्थापनमा कुनै विचार वा वस्तुसित सम्बद्ध संवेग अन्य विचार वा वस्तुमा स्थानान्तरण हुन्छ साथै यसले मानसिक सङ्घर्षलाई मानिसलाई असामान्य हुनबाट जोगाउँछ । यसरी प्रतिमामा कुण्ठित रहेको प्रेमभाव अर्थात् यौनेच्छा बिरालो, कुकुर र ललितमानमाथि स्थानान्तरण भएको छ भने स्थानातरणको माध्यामबाट मानसिक सङ्घर्ष हटी प्रतिमा पूर्ण रूपमा असामान्य हुनबाट जोगिएकी छिन् ।

### ४.२.२ घटना नियन्त्रणमा विश्वास नहुनुका आधारमा प्रतिमा

असामान्य व्यवहारको विकास व्यक्तिले कुनै घटनालाई बुझ्न नखोज्दा, गलत बुझाइ राख्दा उत्पन्न हुन्छ भन्ने धारणा संज्ञानवादीहरूको रहेको पाइन्छ । संज्ञानवादीहरू कुनै सूचना या घटना सम्बन्धी व्यक्तिको प्रतिक्रिया उनीहरूमा हुने ज्ञानका आधारमा फरक हुने बताउँछन् अर्थात् व्यक्तिको संज्ञानले प्रतिक्रियामा भिन्नता ल्याउँदछ भन्दछन् । वाल्टरका अनुसार व्यक्तिको सामर्थ्य, कुशलता, मूल्य योजना आदिको प्रभाव घटनाको बुझाइमा पर्दछ (सुलेमान र तौवाब, २००४ :७०) । जीवनमा घटेका कुनै एक दुःखद घटनाबाट पूर्ण रूपमा प्रभावित बनी कुनै पनि घटनाहरू हाम्रो नियन्त्रणमा छैन भनेर निराश हुनु र त्यसबाट चिन्ता विकृतिको विकास हुनुलाई संज्ञानवादीहरू असामान्य मान्दछन् ।

माथिका यी दृष्टिकोणसँग प्रतिमाको जीवन मिल्दोजुल्दो देखिन्छ । शारीरिक रूपमा सुन्दर १९/२० वर्षकी सहरी युवती प्रतिमा यौवनावस्थानै विधवा भएकी छिन् । विधवा भएपछि माइतमा सरण पाएकी प्रतिमाले दाजु कृष्णमानको प्रयासबाट घरमा नै पढ्ने मौका पाएकी छिन् । फक्रदै गरेको वैशमा पतिको वियोग सहन बाध्य भएकी प्रतिमामा नयाँ जीवनको चाहना रहेको पाइन्छ । यसैले उनी शिक्षक ललितमानलाई प्रेम गर्छिन् तर समाजले उनीप्रति राखेको निगरानीका कारण खुला रूपमा प्रेम व्यक्त गर्न सक्दिनन् । त्यसैले समाज र आफूप्रति यसरी व्यङ्ग्य प्रकट गर्दछिन्-

> **...विधवाहरूप्रति सधवा या अरू मानिसहरूको के धारणा हुन्छ ? ... कुनै विधवा पनि मानिसलाई सद्दे सच्चरित्र लाग्दैन, र मलाई पनि आफूमाथि आफैंलाई विश्वास लाग्दैन । एक्लै बस्दा मानिसको मति बिग्रन सक्छ सक्तैन र ? ... मुसुले मात्र बुझ्छ मेरो कुरा ? ....म बाँचेका जतिलाई घृणा गर्छु मरेकालाई प्यार । बुझ्नु भो मेरो कुरा ? सुन्नेहरू साँच्चै हाँस्छन्, हाँतैनन् त ? तर मलाई हाँसो उठ्तैन ! किननि यो त मेरो धर्म, कर्तव्य हो । मलाई पढाउनुस् तपाईं- कतिले कुरा काटेका छन् तपाईंलाई ? तपाईं र म एकै कोठामा बसेर पढ्छौं रे ! विधवालाई किन पढ्न पुग्यो ?- यो बहाना त हैन । साँच्ची, मलाई पनि लाग्छ- म पनि बहाना त गरिरहेको छैन ! पढेर के गर्छु म ? (पृ.६-७) ।**

माथिका यी अभिव्यक्तिहरूबाट समाजप्रति उनमा आक्रोस रहेको देखिन्छ । त्यसैले उनी

समाजलाई पशुभन्दा पनि बुद्धिहीन ठान्दछिन् भने समाजले लगाएको लान्छानाबाट विचलित पनि बन्न पुगेकी छिन् । कुनै पनि मान्छेको मनमा खोट छैन भने अरूले लगाएको लान्छनाबाट विचलित हुँदैन तर यहाँ प्रतिमा विचलित बनेकी छिन् । उनलाई आफ्नो पढाइ उज्ज्वल भविष्यको लागिभन्दा पनि ललितमानसँगको सामिप्यको लागि बहाना त होइन भन्ने लाग्दछ । यस कारण प्रतिमाको ललितमानसँग प्रेमभाव रहेको बुझिन्छ । प्रतिमा ललितमानलाई प्रेम गर्छिन् तर व्यक्त गर्न डराउँछिन् । आफूले माया गरेका सबै वस्तुहरूको मृत्यु भएकाले प्रतिमाको मनमा एक किसिमको डर पैदा भएको छ । यसैले गर्दा उनमा घटना प्रतिको नियन्त्रणमा विश्वास गुमेको देखिन्छ । जुन कुरा प्रतिमाले व्यक्त गरेका तलका भनाइहरूले पुष्टि गर्दछन् –

> **म क्यै भन्नै सक्तिनँ-मलाई मात्र किन यस्तो हुन्छ । मैंले जे चीजलाई मन पराएँ जे चीजलाई प्यारो गर्छु ... सबका सब त्यसै मरेर जान्छन् । मैले मन पराउनै नहुने । कस्तो ? उहाँ खस्नुभयो- पहिले पनि आमा म जन्मनेबित्तिकै बिरामी हुनुभो रे- धाई राख्या थियो रे । त्यो धाई मलाई दूध खुवाउँदै बीचमा मरी । अनि आमाको दूध आएँ । आमा पनि खस्नुभो, म जन्मेदेखि नै यस्तै भैरहेछ । मलाई माया गर्नेजति सब जना मलाई छाडेर जान्छन्- म चाहिँ त्यसै बाँचिरहन्छु । मेरो भाग्यमा यो के भएको हो ! म के भनूँ ! .... म ललितजी, ... अब कसैलाई माया गर्दिनँ । पुग्यो । मैले छुनेबित्तिकै यसरी सब जना किन मर्छन् ? -मबाट के त्यस्तो अपराध हुन गएको छ ? ललितजी, म... म पनि अब जोगिनी भएर गइदिन्छु (पृ.४४-४५) ।**

प्रतिमाका यी अभिव्यक्तिले उनको मनमा एक प्रकारको भय पैदा भएको देखिन्छ । त्यसैले ललितमानले तिम्रो मायाले तिनीहरूको मृत्यु भएको होइन । यस्ता कुरामा विश्वास गर्न यी प्रमाणहरू काफी हुँदैनन्, रोग लाग्यो जो पनि म-यो भनेर सम्झाइ बुझाइ गर्दा पनि उनको मनमा रहेको डर निक्लन सकेको देखिँदैन । जुन कुरा उनले अभिव्यक्त गरेका निम्न भनाइले पुष्टि गर्दछन-" मलाई डर लाग्न थालिसक्यो, मैंले फेरि कसैलाई मन पराएँ भने त्यो खत्तम हुन्छ । अब म क्यै चीजलाई पनि मन पराउन्नँ । सबलाई घृणा गर्छु .... मलाई यस्तो डर लाग्दा लाग्दै अब म क्यै कुरालाई कसरी मन पराउन सक्छु । मेरो आनन्द सुखजति सबै डरैले सुकाइ दिन्छ । म कसरी मर्ला-मर्ला भन्ने डरले झुन्डिरहन सक्छु" (पृ.४५) ।

यसरी प्रतिमाले माया गरेका वस्तुहरूको एकपछि अर्कोको मृत्यु भएकै कारण उनमा घटनाप्रतिको नियन्त्रणमा विश्वास गुमेको देखिन्छ । फलस्वरूप ललितमानको मृत्यु हुने भयले उनलाई प्रेम गरेर पनि प्रेम गर्छु  भन्न डराउँछिन् । यसै घटनाले गर्दा प्रतिमालाई असामान्य मान्न सकिन्छ ।

### ४.२.३ स्वप्न सिद्धान्तका आधारमा उर्मिला

प्रायः मानिसले सपना देख्ने गर्दछ । सपना किन देखिन्छ भन्ने प्रश्नको समाधानका आधारमा सपना सम्बन्धी विभिन्न सिद्धान्तको विकास भएको पाइन्छ । त्यस मध्ये अलौकिक सिद्धान्तका अनुसार मानव शरीरमा दुई प्रकारको शक्ति रहेको हुन्छ । क) दैविक शक्ति र ख) प्रेत शक्ति ।

दैविक शक्तिका प्रभावका कारण मान्छेले राम्रा-राम्रा सपना देख्दछ भने प्रेत शक्तिका प्रभावका कारण नराम्रा-नराम्रा सपना देख्दछन् । शारीरिक सिद्धान्तका आधारमा मानिसले सपना देख्नुको मूल कारण वाह्य तथा आन्तरिक उत्तेजना या उद्दीपनाको प्रभाव हुन् । यस सिद्धान्त पनि दुई प्रकारको रहेको पाइन्छ- क) प्रत्यक्षीकरण भ्रम सिद्धान्त र ख) प्रबोध प्रयत्न एवम् भूल सिद्धान्त ।

प्रत्यक्षीकरण भ्रम सिद्धान्त अनुसार निद्रावस्थामा मान्छेको चेतना निष्क्रिय हुन्छ । जसका कारण उच्च स्नायुतन्त्रका कार्य धेरै न शिथिल हुन जान्छ । यस्तो स्थितिमा वाह्य उत्तेजनाका कारण कुनै ज्ञानेन्द्रिय उत्तेजित हुन पुग्दा स्नायुप्रवाह उत्पन्न हुन्छ र त्यो मस्तिष्कको कुनै निश्चित भागमा पुग्दछ तर मस्तिष्क निस्क्रिय रहदा साहचर्य कार्य बाधित हुन पुग्दछ । यसैले त्यस उत्तेजनाको गलत ज्ञान अर्थात् भ्रामक ज्ञान हुन्छ । जसलाई हामी सपना भन्दछौं । यसैले सपनाको अवस्थामा हुने अनुभव असंगत, अतिरञ्जित तथा हाँस्यास्पद हुन्छ ।

प्रबोध प्रयत्न तथा भूल सिद्धान्तले वाह्य उत्तेजना या उद्दीपनलाई सपनाको आधार मान्दछ । यस सिद्धान्तका अनुसार निद्रावस्थामा उच्च स्नायुकेन्द्र निष्क्रिय रहे पनि वाह्य उत्तेजक या आन्तरिक उत्तेजकको प्रभाव व्यक्ति माथि परिरहन्छ र त्यसको अर्थ स्पष्ट गर्ने प्रयास गरिरहन्छ तर निद्रावस्थाका कारण त्यो प्रयास कमजोर रहन्छ । यसैले उत्तेजकको सही अर्थको ज्ञान हुन पाउँदैन, त्यसको सम्बद्ध अर्को दोस्रो अर्थ लाग्दछ । यसमा थुप्रै प्रकारका भूल पनि हुन जान्छ जसका कारण सपनाको वास्तविक रूपलाई सम्झन कठिन हुन जान्छ । यस सिद्धान्त अनुसार निद्रावस्थामा शारीरिक मुद्राले पनि उत्तेजकको काम गर्न सक्छ (सुलेमान र तौवाब, पृ. १७२) । मनोविश्लेषण सिद्धान्तको विकासपछि अलौकिक सिद्धान्त र शारीरिक सिद्धान्तको महत्त्व घट्दै गयो कारण यस सिद्धान्तले शारीरिक प्रक्रियालाई मात्र महत्त्व दिन्थ्यो भने मानसिक प्रक्रियालाई व्यवास्था गर्दथ्यो र सपनालाई निरर्थक मान्दथ्यो । यसका अतिरिक्त मनोविज्ञानले सपनालाई सार्थक, अर्थपूर्ण, उपयोगी मान्दछ । यस नाटक मनोविज्ञानमा आधारित रहेकोले उर्मिलाले देखेको सपनालाई यहाँ मनोवैज्ञानिक सिद्धान्तका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

उर्मिला यस नाटकको प्रमुख पात्र हुन् । सहरको मध्येम परिवारमा हुर्के बढेकी उर्मिला प्रतिमाकी दिदी र कृष्णमानको बहिनी हुन् । उमेरमा प्रतिमाभन्दा केही बढी रहेकी उर्मीलालाई बिना कारण पतिले छाडेर गएको छ । उर्मिलालाई पतिले किन छाडेर गयो भन्ने कुरा कसैलाई थाहा हुँदैन । पतिले छाडेर गएपछि उर्मिलाले दाजु कृष्णमानको आश्रय पाएकी छिन् । बिना कारण पतिबाट पतित्याग भएकी उर्मिलामा यौन इच्छा कुण्ठित भएको देखिन्छ । जसको पुष्टि उसले बारम्बार देख्ने गरेको निम्न

सपनाका आधारमा गर्न सकिन्छ ।

> **म पनि किन तिम्रो भिनाज्यू फर्केर आएको मात्रै कल्पना गरेर बसिरहन्छु ?– किन त्यस्तै सपना मात्र देखेर रमिरहन्छु ? के यो अनौठो होइन ? सधैँ ढोका घचघचाउन आउँछ, ढोका खुल्छ । उहाँ खाटमा बस्न आउनुहुन्छ र मलाई कानमा सुटुक्क भन्नु हुन्छ 'म आएँ' । म झसङ्ग बिउँझन्छु । आज छः वर्षदेखिन् यही यौटा सपना, र अर्को सपना देखें भने मलाई डर लाग्छ, पाप लाग्छ ....प्रतिमा, म भित्र सुतिरहेकी थिएँ । अहिले भर्खर कसो-कसो मेरो आँखा खुलेको जस्तो भयो मलाई आफू ब्यूझेजस्तो लाग्यो- अनि एकैछिन पछि दलिनको प्वालबाट तिम्रो भिनाज्यू बिस्तारै चियाउन आउनुभो- बिस्तारै ओर्लनु,- अनि के भो,-के भो अकस्मात भित्ताबाट पो बिस्तारै एउटा माउसुली सर्दैसर्दै आयो । मेरो शरीर सिरिङ्ग, जिङ्ग्रिङ्ग भो, त्यो माउसुली बिस्तारै जिभ्रो निकाल्दै मेरो खाटमाथि चढ्यो, मेरा औंलाहरूबाट हातमाथि चढ्यो, मेरो घाँटीसम्म आयो, अनि त साना-साना माउसुलीहरू मेरो सर्वाङ्गमा सर्न, घिस्रिन थाले, म आत्तिएर कराएँ, निसास्सिएँ, चिच्याउन थालें अनि झसङ्ग बिउँझे** ( पृ.३-२४) ।

उर्मिलाले सपनामा पतिलाई देख्नु, कहिँले शरीरमाथि माउसुली चढेको देख्नु, कहिले सर्पलाई देख्नुलाई फ्रायडले भनेझैं अतृप्त यौन कुण्ठाको असन्तुष्टिलाई मान्न सकिन्छ । फ्रायडका अनुसार सर्प, माउसुली जस्ता घस्रिएर हिँड्ने जनावर पुरुष जननेन्द्रियका प्रतीक हुन् (बराल, २०६८ : ४२) ।

यसरी उर्मिलाले सपनामा बारम्बार देख्ने गरेको सर्प, माउसुली जस्ता घस्रने जनावर कुण्ठित यौनेच्छाको चाहनाप्रतिको रूप मानिन्छ भने अर्कोतर्फ असामान्य अवस्था बिस्तारै बढ्दै गएको संकेत प्रकट गर्दछ ।

## ४.२.४ विभ्रम र स्मृति लोपका आधारमा उर्मिला

नाटककी प्रमुख पात्रका रूपमा रहेकी उर्मिला कृष्णमानको बहिनी र प्रतिमाकी दिदी हुन् । बिना कारण लोग्नेले थाहै नदिई छाडेर गएपछि एक्लै भएकी उर्मिलालाई दाजु कृष्णमानले माइतमा आश्रय दिएका छन् । श्रीमान् फर्कने आशमा बसेकी उर्मिला बिरामी छिन् । त्यसैले दाजु कृष्णमान उर्मिलाको उपचार गर्न हरदम प्रयासरत छन् । उनी बहिनीको उपचारका लागि घरि अस्पताल त घरि रत्नदासको घरमुनिको ढल बन्द भएर चोकमा थुप्रिएको फोहरका कारण बिरामी परेकी हुन् कि भन्ठानी आफ्नै पैसामा चोक सफा गर्ने तरखरमा लागेका छन् । कृष्णमानका यी यस्ता प्रयासबाट उर्मिलाको रोग बिसेक हुनुको साटो झन् झन् बढ्दै गएको छ । प्रतिमालाई घरमा पढाउन आउने ललितमान उर्मिलाको बिमारीको कारण चोकमा थुप्रिएको फोहरले नभई जबरजस्ती पतिको पर्खाईमा बस्न बाध्य पारेकोले गर्दा हो भन्दछन् । त्यसैले 'तिम्रो पति फर्कदैन' भनेर उर्मिलालाई सत्य कुरा बताइदिनु पर्नेमा उनी जोड

दिन्छन् । कृष्णमान, शङ्करलाल र प्रतिमा भने साँचो कुरा बताइ दिँदा उर्मिलामा आघात पर्ने डरले बताउन हुन्न भन्ने पक्षमा रहन्छन् । अन्तमा उर्मिलाको रोग निको हुनाको साटो बढ्दै गएपछि भने कृष्णमान बहिनी उर्मिलालाई साँचो कुरा बताउन राजी हुन्छन् र बताउने प्रयास पनि गर्दछन् तर कुरा अधुरो रहदैमा उर्मिलाले मृत्युवरण गर्न पुग्छिन् ।

उर्मिलाको जीवनमा घट्न गएका यी यस्ता घटनाहरूलाई हेर्दा उनको जीवन असामान्य रहेको देखिन्छ । जसको मूल कारण परिवारका सदस्य र गाउँका मानिसहरूले पति फर्कन्छ भनेर दिएको झुटो आश्वासन र पति वियोगका कारण अतृप्त यौनेच्छालाई मान्न सकिन्छ । कृष्णमान, प्रतिमा र शङ्करमानले बेलाबेलामा 'तिम्रो लोग्ने फर्कन्छ' भने पनि स्वयम् उर्मिलालाई भने पति फर्कने आश मरिसकेको हुन्छ । जुन कुरा उसले अभिव्यक्त गरेको यस भनाइले पुष्टि गर्दछ- "मैले कसैलाई पनि भनिनँ मैले तिमीलाई पनि भन्या छैन- तिम्रो भिनाजु, थाहा पायौ ? कहिले पनि फर्केर आउनुहुन्न"(पृ.२।

उर्मिलाको यस अभिव्यक्तिले उनको मनमा पति फर्कने आश मरिसकेको देखिन्छ तर दाजु कृष्णमान, बहिनी प्रतिमा र शङ्करमानले लोग्ने फर्कन्छ भनेर देखाएको झुटो आश्वासनले उनलाई झन् बढी रुग्ण तुल्याएको छ । फलस्वरूप जीवनदेखि निराश हुँदै उर्मिलामा मृत्युको चाहनाले जरो गाडेको पाइन्छ । त्यसैले उर्मिला झन् बढी बिरामी पर्छिन् । उनलाई शारीरिक र मानसिक रोगले चाप्दै लैजान्छ र अन्तमा विभ्रम र स्मृतिलोप जस्ता लक्षण समेत देखा पर्छ । जसको पुष्टि उर्मिलामा देखिएका निम्न लक्षणहरूले गर्दछन्-

> **प्रतिमा ! तिम्रो भिनाज्यू आउनुभो, तिम्रो भिनाज्यू आउनुभो ।** (शङ्करमानलाई अकस्मात समाएर)**-मलाई छाडेर किन जानुभएको तपाईं यतिका वर्ष, मैले के बिराएँ । अब म तपाईंलाई छाड्दिनँ । .... साँची उहाँ फर्कनुहुन्छ, दाइ । शङ्करजी, तपाईंले भन्नु भएको कुरा पक्का हो- उहाँ फर्कनुहुन्छ । म तल बगैंचामा गयाथें, त्यहाँ घाम लागिरहेको थियो म... म निदाउन लाग्या थिएँ । मेरो जीउ फूलका थुङ्गा जस्तो हलुका भयो । मलाई लाग्यो दाइ, म अब साँच्ची नै बाँच्छु, दाइ ? उहाँ नआइपुग्दै मर्दिनँ । म बाँच्छु दाइ ! ....** (आफ्नै धुनमा) **दाइ, घाम लागिरहेको थियो । उज्यालो थियो । रूखको छायामुनि आएर प्रतिमाको भिनाज्यूले मलाई बोलाउनुभो- म बिउँझिरहेकी थिएँ । उहाँले हाँसेर भन्नुभो-'तिमी किन तर्स्या ? तिमी मलाई पर्खिरहन सक्तिनौ ?' मैले भनैं- म आज सम्मन् कतै नगएर सधैं पर्खिरहिछु । बिहानदेखिन् बेलुकासम्मन् घाम लाग्छ, घाम डुब्छ । म निको हुन्छु म घुम्न निस्कन्छु । अध्याँरोमा डर लाग्छ** (पृ. ३५- ५५) ।

उर्मिलाले शङ्करमानलाई आफ्नो पति ठानेर समात्नु, बगैंचामा नगईकनै बगैंचामा गएको, त्यहाँ गएर घाममा पल्टेको, लोग्ने फर्केको कुरा गर्नु, एकछिन पछि फेरि लोग्नेलाई भेट्न बाँच्ने कुरा गर्नु, बिना सन्दर्भ घाम लाग्ने, डुब्ने, अध्याँरोसँग डर लाग्ने कुरा गर्नुले उनमा स्मृति लोप हुँदै गएको आभास हुन्छ ।

जसलाई मनोविद्हरू मनोरोग मान्दछन् ।

यसरी उर्मिलामा विभ्रम र स्मृतिलोप जस्ता लक्षण देखा पर्नुले उनको मानसिक रोगले विकराल रूप लिँदै गएको देखिन्छ । जसको मूल कारण तिम्रो लोग्ने फर्कन्छ भनी उनमा पैदा गराएको भ्रमलाई मान्न सकिन्छ ।

### ४.२.५ कुण्ठा तथा द्वन्द्वका आधारमा

कुण्ठा भन्नाले मानवमा कुनै इच्छा वा चाहना पूरा नहुँदा उत्पन्न हुने संवेगात्मक तनाव भन्ने बुझिन्छ भने द्वन्द्व भन्नाले दुई वा दुई भन्दा बढी विपरीत परिस्थितिको चयनका क्रममा उत्पन्न हुने द्विविधात्मक अवस्थाको संघर्ष भन्ने बुझिन्छ । मानिसको जीवनमा कुण्ठा तथा द्वन्द्वले विविध खालका असामान्य व्यवहार उत्पन्न  गराउँदछ । यस उपशीर्षकमा उर्मिला, प्रतिमा, कृष्णमान र शङ्करलालको व्यवहारमा देखा परेका असामान्य व्यवहारको  अध्ययन गर्ने प्रयास गरिएको छ ।

**अ) उर्मिला**

प्रतिमाकी दिदी कृष्णकी बहिनी उर्मिला अकारण पति गायब भएकी महिला हुन् । नाटकमा उनलाई मानसिक रोगीका रूपमा देखाइएको छ । उर्मिलामा मनोविकृति उत्पन्न हुनुमा अर्थात् मानसिक रोगी बन्नुमा अकारण गायब हुने पतिको भन्दा तिम्रो पति फर्कन्छ भनेर झुटो आश्वासन दिने समाजको दोष देखिन्छ । नाटकमा पतिको अनावरत प्रतीक्षामा बस्न विवश उर्मिलामा चेतन र अचेतन मनबीच द्वन्द्व उत्पन्न भएको देखिन्छ । उर्मिलाको चेतन मनमा पति फर्कदैन भन्ने विश्वास छ । जुन कुरा उनी प्रतिमासँग यसरी व्यक्त गर्दछिन् - “मैंले कसैलाई कहिले पनि भनिनँ, मैले तिमीलाई पनि भन्या छैन- तिम्रो भिनाजु...कहिले पनि फर्केर आउनुहुन्न” (पृ. २) । यसबाट उर्मिलामा पति फर्कन्छ भन्ने आश मरिसकेको देखिन्छ भने समाजले तिम्रो पति फर्कन्छ भनेर दिएको झुटो आश्वासनका कारण अचेतन मनमा पति फर्कने आशले जरो गाडेर बसेको देखिन्छ । फलस्वरूप पति फर्कन्छ या फर्कदैन भन्ने दुई परस्पर विरोधी विचार बीच द्वन्द्व उत्पन्न भई उर्मिला मानसिक रोगी बन्न पुगेकी छिन् ।

फ्रायडका मनोविश्लेषणात्मक सिद्धान्त अनुसार मान्छेमा लिविडो अर्थात् काम शक्तिको भूमिका महत्त्वपूर्ण हुन्छ । जसको परिपूर्ति नहुँदा अचेतन मनमा त्यो कुण्ठित भएर रहन्छ र स्वप्नका माध्यामबाट प्रकटीकरण हुन्छ । सपनामा उर्मिलाले कहिले पति फर्केको देख्नु, कहिले माउसुलि त कहिले सर्प जस्ता घस्रिने जीव देख्नुको कारण उनको अचेतन मनमा दमित भएर रहेको कामशक्ति नै हो । उर्मिलाको चेतन मनमा पति फर्कने आश मर्नु र अचेतन मनमा पति फर्कने आश रहनुमा प्रत्यक्ष रूपमा समाज कारण बने पनि अप्रत्यक्ष रूपमा भने उनमा रहेको कामेच्छाको प्रतिफललाई मान्न सकिन्छ साथै पतिको अनिश्चित पर्खाइका कारण उनमा जीवनेच्छा भन्दा मरणेच्छाको चाहना हुनु पनि यही कारण हो ।

प्रस्तुत नाटकमा उर्मिलाको चेतन र अचेतन मनमा पति फर्कन्छ या फर्कदैन भन्ने दुई भिन्न

विचार बीच भएको मानसिक द्वन्द्व नै उर्मिलामा उत्पन्न मूल द्वन्द्व हो । जसका कारण उर्मिलामा मानसिक रोग उत्पन्न भएको छ भने त्यसले चरमोत्कर्ष प्राप्त गरी उर्मिलाको मृत्यु भएको छ ।

**आ) प्रतिमा**

नाटकमा प्रतिमालाई पनि द्वन्द्वग्रस्त पात्रको रूपमा देखाइएको छ । उनी नाटककी प्रमुख पात्र हुन् । उनी जवानीमा नै विधवा भएकी छिन् । विधवा भएकै कारणले समाजले उनको स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार हरण गरेको छ । दाजुको आश्रय पाएकी प्रतिमाले घरमा नै पढ्ने मौका पाएकी छिन् तर भाउजू र समाजले शिक्षक ललितमान र उनी माथि शङ्का गरेका छन् । नाटकमा प्रतिमाले पनि ललितमानलाई मन पराएकी छिन् तापनि आफूले मन पराएको वस्तु (आमा, धाईआमा, श्रीमान्, कुकुर) आदिको मृत्युले उनको मनमा एक प्रकारको डर पैदा गराएको छ । फलस्वरूप ललितमानलाई अपनाउने वा नअपनाउने भन्ने दुई भिन्न विचार बीच प्रतिमाको मनमा द्वन्द्व सिर्जना भएको देखिन्छ । यसलाई द्वन्द्व विश्लेषणका आधारमा आकर्षण-विकर्षणको द्वन्द्व भनिन्छ । जुन कुराको पुष्टि प्रतिमाले ललितमानसँग भनेको यस भनाइबाट हुन्छ-

> **"म क्यै भन्नै सक्तिनँ-मलाई मात्र किन यस्तो हुन्छ । मैले जे चीजलाई मन पराएँ, जे चीजलाई प्यारो गर्छु ... सबका सब त्यसै मरेर जान्छन् । मैले मनपराउनै नहुने । कस्तो ? उहाँ खस्नुभयो-पहिले पनि आमा म जन्मनेबित्तिकै बिरामी हुनुभो रे-धाई राख्या थियो रे । त्यो धाई मलाई दूध खुवाउँदै बीचमा मरी । अनि आमाको दूध खाएँ । आमा खस्नुभो, म जन्मेदेखि नै यस्तो भैरहेछ । मलाई माया गर्नेजति सब जना मलाई छाडेर जान्छन्-मचाहिँ त्यसै बाँचिरहन्छु । मेरो भाग्यमा यो के भएको हो ! म के भनूँ !"** (पृ. ४४) ।

यसरी प्रतिमामा एक प्रकारको भय सिर्जना भएको देखिन्छ । ललितमानले प्रतिमालाई ती सबै कुरा संयोगबस मिल्न गएका घटना हुन्, त्यसमा तिम्रो केही गल्ती छैन, यस्तो कुरामा विश्वास गर्न यी प्रमाणहरू पर्याप्त मानिदैन । तिमीलाई त्यस्तै लाग्छ भने मलाई माया गरी हेर फेरि पनि त्यही प्रक्रिया दोहोरियो भने पत्याउँली भनेर सम्झाउँदा पनि प्रतिमा ललितमानलाई अपनाउन डर मान्छिन् र उनी यसो भन्छिन् - "म तपाईँमाथि प्रयोग गर्दिनँ । तपाईं पनि यसरी नै छाडेर जानु भो भने । म सक्तिनँ । " (पृ. ४५) ।

यसरी ललितमानले प्रतिमालाई सम्झाउन गरेको प्रयास प्रतिमाको मनमा गडेर रहेको आफन्तको मृत्युको भयका कारण विफल भएको देखिन्छ । तसर्थ ललितमानले साथ दिँदा दिँदै र आफूले पनि माया गर्दा गर्दै पनि प्रतिमा ललितमानलाई अपनाउन सक्दिनन् । यसरी प्रतिमामा ललितमानलाई अपनाऊँ या नअपनाऊ भन्ने दुई परस्पर विरोधी विचार बीच भएको द्वन्द्वले प्रतिमालाई पूर्ण रूपमा असामान्य नबनाए पनि केही समय बिचलित भने पारेको देखिन्छ ।

**इ) कृष्णमान**

यसै गरी नाटकका पुरुष पात्र कृष्णमानमा पनि कुण्ठा र द्वन्द्व रहेको देखिन्छ । कृष्णमान उर्मिला र प्रतिमाका दाजु हुन् । नाटकमा उनले आफ्ना सहारा विहीन दुई बहिनीलाई आश्रय दिएका छन् भने बहिनीहरूको पालन पोषणमा पनि निकै ध्यान पुऱ्याएका छन् । उनले कान्छी बहिनी प्रतिमालाई घरमै पढ्ने व्यवस्था मिलाएका छन् भने ठूली बहिनी उर्मिलाको उपचारमा पनि कुनै कमी छाडेका छैनन् । नाटकमा कृष्णमानले एउटा असल दाजुको भूमिका निर्वाह गरेका छन् । यति हुँदा हुँदै पनि उनमा केही कमी कमजोरीहरू रहेको भने पाइन्छ । नाटकमा कृष्णमानले यौवनावस्थामै विधवा भएकी बहिनी प्रतिमा र पतिबाट अकारण छाडिएकी बहिनी उर्मिलाको भित्री मनसाय बुझ्ने प्रयास गरेको भने देखिदैन । उनी केवल बहिनीहरूको मन बहलाउने कार्य मात्र गर्दछन् । उनी सुरु सुरुमा प्रतिमालाई पढाउन आउने ललितमानको कुरालाई व्यवास्था गर्दछन् । त्यसको सट्टामा चोकमा थुप्रिएको फोहरलाई उर्मिलाको रोगका कारण सम्झिएर ढलको निकास खोल्न तर्फ लाग्दछन् । उनलाई उर्मिलाको रोग ढलको निकासा खोल्दैमा बिसेक हुन्छ जस्तो भने लाग्दैन । यदि लाग्थ्यो भने सुगतदासले ढलको निकास खोल्न नदिँदा चुप लागेर फर्कनुको साटो झगडा गरेर भए पनि खोलेरै छाड्थे । त्यसैले चोक सफा गर्ने उनको विचारलाई बहिनीहरूको जीवनमा नयाँ रङ्ग भर्न नसकेका कारण उत्पन्न हीनत्वभावको क्षतिपूर्ति मान्न सकिन्छ ।

त्यसैगरी कृष्णमानको मनमा उर्मिलाको रोग अन्य कारण नभई समाजले पति फर्कन्छ भनेर दिएको झुटो आश्वासन र पतिको अनिश्चित पर्खाइबाट उत्पन्न मानसिकताको उपज भएकोले उर्मिलालाई सही कुरा बताइदिनु पर्दछ भनी ललितमानले गरेको पटक पटकको आग्रहबाट बहिनीलाई साँचो कुरा बताइदिँदा उसको रोग निको होला या नहोला भन्ने बीच द्वन्द्व चलेको देखिन्छ । तसर्थ कृष्णमान् ललितमानसँग यसो भन्न पुग्छन् - "तिमी विश्वास गर्छौ, ललित ! यसले उर्मिलालाई शान्ति मिल्ला ?" (पृ. ५१) । यहाँ कृष्णमानको मनमा उत्पन्न भएको दुई परस्पर विरोधी विचार वा भावना बीचको छनोटमा द्विविधा भएकै कारण ललितमानसँग उनले यस्तो प्रश्न गरेको देखिन्छ । अन्तमा कृष्णमानले उर्मिलालाई तिम्रो लोग्ने फर्कदैन, त्यसैले तिमी मन लागेको गर्न सक्छ्यौ भन्ने अठोट गर्दछन् तर ती कुरा भन्न नपाउँदै उर्मिला मानसिक रोगले विछिप्त बनी मृत्युवरण गर्न पुग्छिन् ।

यसरी नाटकमा कृष्णमानको मनमा उठेको द्वन्द्व र त्यसबाट उत्पन्न कष्टले समाधानको बाटोतर्फ जाँदा जाँदै अर्को द्वन्द्व छाडेर गएको देखिन्छ । त्यो द्वन्द्व हो अगाडि नै सही कुरा बताइ दिएको भए उर्मिला ठीक हुन्थिन् कि ? यसरी नाटकमा कृष्णमानमा एकपछि अर्को द्वन्द्व सिर्जना भएको देखिन्छ ।

यसरी बहिनीहरूको जीवनमा पुनः खुसी ल्याउन नसकेका कारण उत्पन्न कुण्ठा र द्वन्द्वले कृष्णमानको मनलाई विचलित तुल्याइदिएको छ ।

**ई) शङ्करलाल**

शङ्करलाल यस नाटकका सहायक पात्र हुन् । साहित्यकारका रूपमा परिचित शङ्करलाल समाजको

पुरातन सोचाइप्रति असन्तुष्टि व्यक्त गर्ने तर त्यसको विरुद्धमा कदम चाल्न नसक्ने पात्रका रूपमा प्रस्तुत भएका छन् । यौवनअवस्थामा नै विधवा बनेकी प्रतिमाले सतीप्रथालाई ठीक मान्दा उनी यसो भन्न पुग्छन्-

> **"... सतीप्रथा एक अर्थमा बेश छ । त्यो जतिको 'प्रेम' को अनौठो दृष्टान्त के हुन सक्छ । शरीर नभएपछि आत्माको के अर्थ ? शरीरसँग शरीरै मिलाएर, जलाएर समाप्त गरिदिने-लाशमाथि लाश भएर सुतिदिने,... यो अनावश्यक दुःख किन ? यो बेवबूफी परिपाटीको एउटै जवाफ छ 'मृत्यु' त्यस अर्थमा तिम्रो विचार मलाई ठीक लाग्छ "** (पृ. २०) ।

शङ्करलालको यस अभिव्यक्तिले समाजको कुरीति कुपरम्पराप्रति उनी सन्तुष्ट देखिँदैनन् । त्यसैले जीवनभर मरेको पतिको सतित्वमा जिउँदो लास भएर बस्नु पर्ने बाध्यात्मक परिस्थिति भन्दा सतिप्रथालाई नै ठीक ठान्छन् । त्यसै गरी प्रतिमाकी दिदी उर्मिलालाई उनको निम्न स्वले चाहन्छ त्यसैले अन्य पात्रले भन्दा बढि चासो उर्मिलाप्रति रहेको देखिन्छ तर उनको उच्चस्वले उर्मिला एक विवाहित महिला हुन्, उनलाई पतिले बिना कारण छाडेर गए पनि एक दिन फर्कन सक्छ, यदि फर्की नहाले पनि मैंले उर्मिलालाई अपनाउँदा समाजले के भन्ला भन्ने विचारबिच मनोद्वन्द्व चलेको आभास हुन्छ । त्यसैले शङ्करलालको मनोभाव बुझ्केका ललितमानले 'तिम्रो पति फर्कदैन' भनेर उर्मिलालाई सत्य कुरा बताएपछि शङ्करलालसँग उर्मिलालाई अपनाउन आग्रह गर्दछन् तर शङ्करलाल उर्मिलालाई अपनाउनुको साटो मैंले त्यसको बारेमा सोचेकै छैन भन्न पुग्छन् । यसरी समाजिक कुपरम्परप्रति असन्तुष्ट रहेका शङ्करलाल ललितमानको आग्रहलाई स्वीकारी सामाजिक कुरीति कुपरम्पराप्रति बिद्रोह गर्न भने सक्दैनन् । बरु त्यसको विपरीत उनी उर्मिलाको बारेमा कथा लेख्ने बताउँछन् । फ्रायडका अनुसार दमित कामेच्छा वा सहजवृत्ति नैतिक, सामाजिक वा सांस्कृतिक दिशामा लागेर गौरवमय रूपमा प्रस्तुत हुँदै मनको सङ्घर्ष हट्नु उदात्तीकरण हो । यसमा सङ्घर्षको समाधान सिर्जनात्मक तरिकाले हुन्छ (गौतम, २०५०: ८५) । शङ्करलालले समाजको डरले उर्मिलालाई स्वीकार्न नसकी उनको बारेमा कथा लेख्ने मनसाय प्रकट गर्नुले उनको मनमा दबिएर रहेको कामेच्छाबाट उत्पन्न सङ्घर्ष समाधान भएको छ ।

यसरी शङ्करलालको मनमा दबेर रहेको कामेच्छाबाट उत्पन्न सङ्घर्षको समाधान कथा लेख्ने मनसायबाट समाधान भई उनी असामान्य हुनबाट जोगिएका छन् ।

### ४.२.६ मनोशारीरिक सिद्धान्तका आधारमा उर्मिला

उर्मिला यस नाटकको प्रमुख स्त्री पात्र हुन् । उनी कृष्णमानको बहिनी र प्रतिमाकी दिदी हुन् । बिना कारण पति गायब भएपछि उसमा मानसिक तथा शारीरिक रोग उत्पन्न भएको छ । उसमा बाँच्ने इच्छा मर्दै गएको छ । त्यसैले उनी प्रतिमासँग आफूलाई बाँच्न मन नलागेको बताउँछिन् । बहिनी

प्रतिमा, दाजु कृष्णमान र साहित्यकार शङ्करलालले पटक पटक उनको लोग्न फर्कन्छ भनेर जगाउन खोजेको आशा, विश्वासप्रति उर्मिलालाई पत्यार लागेको छैन । त्यसैले बहिनी प्रतिमासँग तिम्रो भिनाजु फर्केर आउनु हुन्न भन्दछिन् (पृ. २) । उर्मिला आफुले लोग्ने फर्केर आएको मात्रै कल्पना गरेर बसेकोमा, सपनामा लोग्ने फर्केर आएको देखेर खुसी भएकोमा आफै अनौठो मान्दछिन् किनकि उसमा लोग्ने फकेर आउँछ भन्नेमा रत्तिभर विश्वास छैन । ललितमान उर्मिलामा लोग्ने फर्कन्छ भनेर जिन्दगी काट्न खोज्नु नै उर्मिलाको रोग रहेको बताउँछन् (पृ. ८) । उर्मिला कृष्णमानसँग आफ्नो रोग निको नहुने हुँदा औषधि खान झर्को लागेको बताउँछिन् । उनको कुरा सुनेर कृष्णमान रिसाउँदै रोग सबैलाई लाग्ने हुँदा रोग लाग्दैमा चिन्ता गर्नु पर्ने आवश्यक छैन, हिम्मत राख्नु पर्दछ भनेपछि उर्मिला आफूलाई बाँच्न मन नलागेको कुरा कृष्णमानलाई बताउँछिन् । कृष्णमानले पुनः पति फर्कने कुरा गरेपछि उर्मिला लोग्नेको अनिश्चित पर्खाइले अत्यास लागिसक्यो भनेर रुन्छिन् (पृ. ११) । उर्मिलाको यस्तो स्थिति देखेर ललितमानसँग कृष्णमान उर्मिलाको मानसिक स्थिति दिनप्रतिदिन बिग्रदै गएकोले उनको शरीर बिस्तारै जीण हुँदै गएको बताउँछन् (पृ. १२) । ललितमान त्यसको जवाफमा मृत्युलाई जपेर जिन्दगी समाउन खोज्दा त्यसमा गडबढी हुने बताउँछन् । कृष्णमान उर्मिलाको रोगका कारण चोकमा थुप्रिएको फोहरलाई ठानी चोक सफा गर्न चाहन्छन् । ललितमालाई उर्मिलाको रोगको कारण लोग्नेको अनिश्चित पर्खाइका कारणलाई मान्दछन् । त्यसैले उसलाई चोक सफ गरेर, औषधी उपचार गरेर भन्दा उर्मिलालाई सत्य कुरा भनि दिँदा रोग निको हुने ठान्दछन् । त्यसैले शङ्करलालसँग औषधि उपचारले र चोक सफा गर्दैमा उर्मिलाको रोग निको होला भनेर प्रश्न गर्दछन् । त्यसको जवाफमा शङ्करलाल उर्मिलालाई पति फर्कन्छ भनेर दिएको आश्वासनले पतिको प्रतिक्षामा बस्न सहयोग गरेको बताउँछन् तर ललितमान भने उर्मिलालाई भ्रममा राख्न नहुने बताउँछन् ।

दोस्रो अङ्कमा उर्मिलालाई रोगले च्याप्दै लगेको देखिन्छ । उनमा निद्रा नपर्ने, वाकवाकी लाग्ने जस्ता लक्षणहरू देखा पर्न थाल्दछन् । उनको शरीर जीर्ण हुँदै गएको देखिन्छ भने सपनामा लोग्ने फर्केर आएको, सर्प, माउसुली जस्ता घर्सने जनावर देख्छिन् । सपनामा अनेक थरी देख्न थालेपछि उर्मिलामा मानसिक रोग उत्पन्न हुन्छ । उनमा विभ्रम र स्मृति लोप हुँदै जान्छ । त्यसैले उनी कागजलाई पनि माउसुली र शङ्करलाललाई लोग्ने ठान्न पुग्छिन् ।

तेस्रो अङ्कमा उर्मिलाको मानसिक रोग चरमोत्कर्षमा पुगेको देखिन्छ । उसको बोलीमा विसङ्गति पाइन्छ । उसमा दुखाइ बढ्दै जान्छ र अन्त्यमा मृत्यु हुन्छ ।

उर्मिलाका जीवनमा घट्न गएको उपर्युक्त घटनालाई मनन गर्दा उनमा देखा परेको मानसिक रोग र शारीरिक रोगका कारण लोग्ने बिना कारण गायब भएपछि उर्मिलाको मनमा उत्पन्न चिन्ता एवम् कामेच्छाको चाहनालाई मान्न सकिन्छ । फलस्वरूप उनमा मूर्च्छा पर्ने, भाउन्न हुने, निद्रा नपर्ने, वाकवाकी लाग्ने, अनुहार भुर्भुराउँदो हुने, हिँडडुल गर्न नसक्ने, एकाएक उन्माद आउने, संयम र नियन्त्रण गर्ने क्षमता कम हुँदै जाने, वास्तविक वस्तुमा विभ्रम पैदा हुने जस्ता लक्षणहरू देखा परेका छन् ।

मनोशारीरिक सिद्धान्तले शारीरिक रोगका कारण मानसिक अस्वस्थतालाई पनि मान्दछ । जर्मन मनोविद् किस्कर मनोशारीरिक विकृति स्वगतिशील स्नायुप्रणालीसँग सम्बद्ध शारीरिक लक्षणहरू मनोवैज्ञानिक घटनाबाट प्रभावित हुन्छन भन्दछन् (सुलेमान र तौवाब, २००४ : ३००) । यहाँ उर्मिलामा देखा परेको उपर्युक्त लक्षणहरू पनि मासिक रोगका कारणले देखा परेका हुन् ।

## ४.२.७ अवास्तविक व्यवहारका प्रतिरूपका आधारमा ललितमान

ललितमान प्रस्तुत नाटकका सहायक पात्र हुन् । प्रतिमाको शिक्षकका रूपमा देखा परेका ललितमानको नाटकमा महत्त्वपूर्ण भूमिका रहेको छ । कृष्णमानका बहिनी उर्मिला र प्रतिमाको जीवनमा घटेका घटनाहरूलाई हेर्ने दृष्टिकोण अन्य पात्रहरूमा भन्दा उनमा भिन्न रहेको पाइन्छ । प्रतिमाले ललितमानलाई आफूले माया गरेका सबै चिजको मृत्यु भएकोले तपाईंलाई घृणा गरें भने तपाईं धेरै समयसम्म बाँच्नु हुन्छ कि भन्दा ललितमान यस संसारमा कसैले कसैलाई सच्चा प्रेम गर्दैन । यहाँ जसले जति घृणा गर्न सक्यो त्यसको त्यति नै सम्मान हुन्छ, त्यसको सत्तालाई स्वीकार्छ र त्यसको आत्माभिमानको सम्मुख घुँडा टिक्छ तर त्यसको विपरीत तिमी माया गर, तिमी कमजोर र दुर्बल ठहरिन्छौ भन्न पुग्छन् (पृ. ८) । उनको यस भनाइले तत्कालीन समाजको बिग्रदो परिवेशप्रति तीखो व्यङ्ग्य प्रहार गरेको देखिन्छ भने समाजमा सत्य, न्याय, नैतिकता, इमान्दारिता जस्ता चिज मर्दै गएको सङ्केत गर्दछ । यसैले ललितमानमा समाजको विग्रदो परिस्थितिले बेचैनी पैदा गराएको देखिन्छ । प्रतिमा ललितमालाई प्रेम गर्छिन तर समाजको कुरीति कुपरम्पराप्रति शिक्षित भएर पनि आवाज उठाउन सक्दिनन् त्यसका विपरीत सतीप्रथालाई ठीक मान्दा ललितमान उनलाई जिउँदो लासको संज्ञा दिन्छन् । त्यसका साथै प्रतिमाले चाहेको खण्डमा उनीसँग बिहे गर्न तयार रहेको बताउँछन् ।

त्यसैगरी उर्मिलाको बिमारीप्रति पनि उनको दृष्टिकोण भिन्न रहेको पाइन्छ । कृष्णमान, प्रतिमा र शङ्करलालले उर्मिलालाई पति फर्कन्छ भनेर दिएको आश्वासनले उर्मिलालाई बाँच्ने आधार मिलेको ठान्दछन् भने ललितमान उर्मिलाको रोगको मूल कारण पतिको पर्खाइमा जीवन बिताउन बाध्य पारेको अवस्थालाई मान्दछन् । तसर्थ बिना कारण, बिना दोष छाडेर जाने पति बाँचेर पनि मरेतुल्य रहेकोले उर्मिलालाई तिम्रो पति मरिसक्यो भनेर भन्नु पर्नेमा जोड दिन्छन् साथै उनको विचारमा त्यस कुराले उर्मिलाको रोग पनि बिसेक हुने तर्क प्रस्तुत गर्दछन् । ललितमान कृष्णमानलाई बहिनीको मूल समस्यालाई बुझ्ने चेष्टामा नलागी एकोहोरो चोकमा थुप्रिएको फोहरका कारण रोगी भएको हो की भन्ठानी चोक सफा गर्न लागेकाले उनीप्रति यसरी व्यङ्ग्य प्रहार गर्छन्- "तिमी चोक सफा पारेर जिन्दगीलाई लम्ब्याउन चाहन्छौ ! किन लम्ब्याउने जिन्दगीलाई ? यदि जिन्दगीको अर्थ यस्तै गडबडी र बेचैनी हो भने, आरामसँग सबैलाई चाँडै मर्न देऊ । कसैको मर्ने स्वतन्त्रतालाई किन छेक्छौ ?... " (पृ. १२) । ललितमान शङ्करलालसँग पनि उर्मिलाको स्वस्थताका लागि गरेको औषधी उपचार र चोक सफाइ ठीक हो भनेर प्रश्न राख्दछन् । त्यसको जवाफमा शङ्करलाल उर्मिलालाई पति फर्कने झुटो आश्वासनमा राख्नु पर्नेमा जोड दिन्छन् । त्यसको विपरीत ललितमान भने उर्मिलालाई तिम्रो पति

फर्कदैन त्यसैले जे मन लाग्यो त्यही गर्न सक्छौ भनेर साँचो कुरा बताइ दिँदा ठीक हुने बताउँछन् । ललितमानको यस प्रकारको विचार अन्य पात्रको भन्दा भिन्न र यथार्थ रहेको पाइन्छ ।

चोक सफा गर्ने सम्बन्धमा पनि अन्यको भन्दा ललितमानको दृष्टिकोण भिन्न रहेको देखिन्छ । कृष्णमान, शङ्करलाल र रत्नदास सुगतदाससँग ढल खोलिदिन आग्रह गर्दै सहमतिमा काम गर्नु पर्नेमा जोड दिन्छन् भने ललितमान देशको परिस्थिति अनुसार चल्नु पर्नेमा जोड दिन्छन् र समझदारीमा काम हुन असम्भव देखेकाले असल कामका लागि जबरजस्ती गरेर भएर पनि काम सम्पन्न गर्नु पर्नेमा जोड दिन्छन् (पृ. १५) । ललितमानको यस्तो दृष्टिकोणले तत्कालीन अवस्थामा देश तथा समाज असल मान्छेका लागि प्रतिकूल रहेको पुष्टि गर्दछ । देशको यस्तो स्थितिलाई शिक्षित व्यक्तिहरूले आत्मसात् गरेर हिडेकाले ललितमान यसो भन्न पुग्छन्- "...तिमीले हामीले बाँच्न जानेका छैनौं । परम्पराले बाँचेर गएको, परम्पराले भनेर गएको, परम्पराले मानेर गएको जीवनलाई हामी आफ्नो जीवन मान्छौ, चाहे त्यो जीवन होस् या 'मृत्यु' । हाम्रो केही अर्थ छैन । यसैले तिमीलाई मैले भनेको हिजो हाम्रो सेकेण्ड ह्यान्ड जिन्दगी भनेर" (पृ. २६) ।

ललितमान शङ्करलालसँग उर्मिलालाई सत्य कुरा बताएपछि अपनाउन आग्रह गर्दछन् तर शङ्करलाल कुरालाई टार्दै उर्मिलालाई अपनाउने बारेमा सोचेको पनि छैन र यो असम्भव पनि छ भनेर भन्दछन् । शङ्करलालको यस्तो दृष्टिकोणबाट वाक्क बनी ललितमान यसो भन्न पुग्छन्- "सिद्धान्तबाट कार्यमा ओर्लन थालेपछि हरेक कुरा हामी कसरी उडाउँछौ, तैपनि आफूलाई ठगेनौं भनेर हामी चैन लिन्छौ । तिम्रो मात्र होइन, यो देशको निम्ति विचार मात्रै नौलो हुन्छ... कार्य त्यही, त्यही कुहिएको, मक्किएको, खिइएको । हाम्रो बेवकूफीको पनि सीमा छैन" (पृ. ४३) ।

प्रोफेसर राधाकृष्णको बारेमा पनि उनको दृष्टिकोण भिन्न रहेको पाइन्छ । राधाकृष्ण प्रोफेसरमा देखा परेको लक्षणलाई स्वयम् राधाकृष्ण असामान्य मान्दछन् । उनी आफुले वस्तु जस्तो छ त्यस्तो नदेखी भिन्नै देख्ने गरेकोले आफूमा रोग लागेको बताउँछन् भने ललितमान उनलाई रोग नलागी आजको मान्छे वास्तविक रूप भन्दा भिन्न भएकाले त्यस्तो देख्ने क्षमता अर्थात् आभ्यान्तरिक परिदर्शन उनमा रहेको बताउँछन् ।

यसरी ललितमानमा देश, समाज र जीवनलाई हेर्ने दष्टिकोण प्रतिमा, उर्मिला, शङ्करलाल र राधाकृष्णको भन्दा भिन्न रहेको देखिन्छ । नाटकमा प्रस्तुत भएका सबै पात्रहरू ज्ञानका हिसाबले शिक्षित छन् तापनि उनीहरूको सोच परम्परावादी नै रहेकोले ललितमान त्यसप्रति असन्तुष्टि व्यक्त गर्न पुग्छन्, विधवा र अकारण पतिबाट परित्याग गरिएका महिलाहरूले समाजको परम्परित मूल्य मान्यतालाई मान्न बाध्य तुल्याउनुको साटो नयाँ जीवन जिउन प्रेरित गर्नु पर्दछ भन्दछन् साथै त्यसमा बाधा अड्चन गर्नेसँग लड्नु पर्दछ भन्ने मान्यता राख्दै यस्तो कार्यको सुरुवात नव युवाबाट हुनु पर्नेमा जोड दिन्छन् । यसैले उनी प्रतिमालाई आफूसँग विवाह गर्न प्रस्ताव राख्दछन् भने शङ्करलाललाई उर्मिलासँग बिहे गर्न

आग्रह गर्दछन् । मनोविद् सुलेमान र तौवाब अवास्तविक व्यवहारको प्रतिरूपलाई असामान्य मान्दछन् । यस्ता व्यक्तिहरू आफ्नो निम्ति जस्तो सुकै प्रतिकूल परिस्थिति आए पनि देश र समाजको भलो हुने कार्य गर्न डटेर लाग्दछन् (सुलेमान र तौवाब, २००४ : १६) । यस हिसाबले ललितमानलाई असामान्य मान्न सकिन्छ ।

## ४.२.८ विभ्रमका आधारमा राधाकृष्ण

राधाकृष्ण यस नाटकका सहायक पात्र हुन् । नाटकमा उनको उल्लेखनीय भूमिका देखिँदैन । नाटकमा उनको भूमिका बौद्धिक पात्रको रूपमा रहेको छ । क्याम्पसको प्राध्यापक र बुद्धिजीवीको हैसियत प्रकट गर्ने राधाकृष्णको चरित्र विकृतिपूर्ण मानसिक दर्शनले ग्रस्त देखिन्छ जुन कुरा राधाकृष्णले अभिव्यक्त गरेका निम्न भनाइहरूले पुष्टि गर्दछन् -

> **मैंले आफैले चेष्टा गरें स्थूललाई स्थूल देखूँ भनेर, तरललाई तरल । ...हेर, मेरो हात जिउँदो छैन, तर कहिले काहीं यही हातले जडत्व प्राप्त गर्दछ र एक किसिमले प्यारालाइसिस जस्तो भएर जान्छ । म सोच्छु, अनुभव गर्छु- विस्तारै यही हात मर्दै-मर्दै जान्छ, म चलाउनै सक्तिनँ, उठाउनै सक्तिन । एउटा कुनै वेग मलाई चाहिन्छ, अनि मात्रै फेरि चल्छ, उठ्छ, हल्लन्छ ....म एक दिन यसरी मेचमा बस्या थिएँ । अगाडि मेरो सामुन्ने क्लाशमा सबै स्टुडेन्टस् पढिरहेका थिए । म यस्सो उठें, ब्ल्याकबोर्डतिर गएँ, हातमा एउटा चक थियो । ब्ल्याकबोर्डमा लेख्न थालैं अकस्मात मलाई लाग्यो, म यस्तो ठाउँमा उभिरहेछु जुन मसान हो । फरक्क फर्केर हेरें- वास्तवमा सारा मेरा सामुन्ने मुर्दाहरू बसिरहेका थिए, जसमा कुनै किसिमको गति थिएन । म छक्क परें तर्से अकस्मात् म त्यहाँबाट बाहिर निस्कें पछि मलाई लाग्यो, मेरो भ्रम हो । मैंले आफैंलाई बेवकूफ सम्झे । अनि क्लाशमा फर्केर हेरें । सब पढिरहेका थिए .... म बिरामी हुँ, उपचार गर्छु । यस्तो रोग लाग्छ रे म अचेल औषधि गरिरहेछु (पृ.२९-३१) ।**

राधाकृष्ण प्रोफेसरले विद्यार्थीलाई मूर्दा र कक्षाकोठालाई मसानघाट देख्नु, हातले जडत्व प्राप्त गरेको अनुभव गर्नु र आफूलाई रोगी ठानी उपचार गर्नुले उनमा मानसिक विकृति रहेको पुष्टि हुन्छ । मनोविद्हरू मानसिक रोगीहरूमा विभ्रम पैदा हुने र मानसिक रोगका कारण शारीरिक रोग देखा पर्दछन् भन्दछन् । यहाँ प्रोफेसर राधाकृष्णले विद्यार्थीलाई मूर्दा र कक्षाकोठालाई मसानघाट देख्नु र हातमा प्यारालासिस भए जस्तो अनुभव गर्नुलाई मनोविद्हरूले भनेझैं मानसिक रोग मान्न सकिन्छ ।

## ४.२.९ असमायोजनीय व्यवहारका आधारमा सुगतदास

सुगतदास नाटकका सहायक पात्र हुन् । उनी रत्नदासका पिता हुन् । नाटकमा उनी सामाजिक रुढिग्रस्त मान्यताको गाँजाले लट्ठिएको पुरानो मान्यताको पुख्यौंली पक्षधर पात्रका रूपमा देखा परेका

छन् । उनी यस नाटकका प्रतिकूल पात्र हुन् । उनी आफ्नो घरमूनि रहेको ढलको निकासलाई पुर्ख्यौली सम्पत्ति मान्दछन् । त्यसैले ढलको निकास खोल्न रोक लगाउँछन् । ढलको निकासा बन्द भएको कारण चोकमा फोहर थुप्रिएर टोल छिमेकका प्रायः जसो मानिसका साथै आफ्नी छोरी सरिता समेत बिरामी पर्दा खोक्रो इज्जत र आडम्बरका कारण मतलब गर्दैनन् । त्यसैले ढलको निकासा जबरजस्ती खोल्न आउने आफ्नो छोरा रत्नदासलाई पनि गुण्डाद्वारा पिटाउन पछि पर्दैनन् । जुन कुरा रत्नदासले अभिव्यक्त गरेका यी भनाइहरूले पुष्टि गर्दछन्-

> **"बरु म त्यहाँ मरेको भए बालाई पटक्क अपशोच लाग्ने थिएन । त्यो ढल खुलेको भए त्यत्तिको अपशोच लाग्थ्यो" ....बालाई खुसी तुल्याउन हाँमा हाँ मिलाउँदै थिए । मलाई त सहिनसक्नु भयो, मैंले कराएर भनें-म खोलिदिन्छु ढल । म जुरुक्क उठेर भित्र चोकमा गएँ । ढलको ठूलो पत्थर उठाएँ र झिकेर फालिदिएँ । अनि त्यसै बखतमा कल्ले हो खप्परमा हानेको चाल पाएँ कृष्ण दाइले मलाई समाउनु भो । बा कराउँदै हुनुहुन्थ्यो- "म छोरालाई पनि बाँकी राख्तिनँ, के सम्झ्या छ कसैले ?" (पृ.३७-३८) ।**

सुगतदासलाई आफूले गरेको कार्य ठीक होइन भन्ने पनि थाहा छ । त्यसैले कृष्णमानसँग माफी माग्दै उनी भन्छन् - "तल जे भयो, त्यो सबै कुरा बिर्सिदिनुहोला, चिल्लो-चाप्लो घस्न आएको भन्ठान्नु होला, हैन ? हुनलाई त्यो ढल खोलिदिएर मलाई बिग्रने क्यै कुरा छैन । चोक सफा नै रहन्छ, अनि त्यस चोकमा त्यस्तै ठूला-ठूला विधि व्यवहारका काम गर्न सकिन्छ । मैले बुझ्याछु त्यो कुरा" (पृ.४७) । यसरी सुगतदासलाई चोकसफा गरेमा त्यहाँ ठूला ठूला विधि व्यवहारका कार्य सम्पन्न गर्न पनि सकिन्छ भन्ने थाहा छ तर चोक सफा गर्न दिएमा आफ्नो इज्जतमा धक्का लाग्ने डर पनि साथ साथै रहेको छ ।त्यसैले उनी भन्छन्- "... आज मैमुलाहिजाले त्यो ढल खोल्न दिएको भए के हुन्थ्यो, था छ बाबुहरूलाई । भोलिदेखिन् छरछिमेकीहरूले मेरो बगैंचा पनि दावा गर्छन्, घर पनि मेरो भनेर उजुर गर्छन् अनि आफू धोती न टोपी भएर हिँड्नुपर्थ्यो, यस्तो भएको छ कति ठाउँमा । आफ्नो सानो कुरामा इज्जतमा धक्का लाग्यो भने गल्लीका कुकुरले नि भुक्छन् " (पृ.४८) ।

यसरी आफ्नो धाक र रवाफका लागि ढलको निकासा समेतलाई आफ्नो ठानी गुण्डा लगाएर चोक सफा गर्न जाने युवाहरूलाई पिट्न लगाउने सुगतदासको व्यवहार असामान्य लाग्दछ । मनोविद्हरूका अनुसार असामान्य व्यक्तिहरू समाजका नियम, रीति र मर्यादाको उचित सम्मान गर्दैनन्, समाजको भलो र कुभलो छुट्याउन सक्दैनन्, समाजप्रतिको दायित्व बोध हुँदैन (ज्ञवाली, २०६३ : २२) । यहाँ सुगदासलाई ढल सफा राखेमा सबैलाई फाइदा हुन्छ भन्ने कुरा पनि थाहा छ तर ढलको निकासा खोल्ने अनुमति दिएमा आफ्नो धाक र रवाफ सकिने भय उनमा पैदा भएको छ । यसै कारण ढललाई आफ्नो निजी सम्पत्ति ठान्न पुगी निकासा खोल्न जाने युवामाथि लट्ठी प्रहार गर्न लगाउँछन् । यस हिसाबले सुगतदासलाई असामान्य मान्न सकिन्छ ।

## ४.३ 'बहुला काजीको सपना' नाटकका पात्रहरूमा असामान्य व्यवहार

वि. सं. २००४ सालमा लेखिएर २००५ सालमा कृष्णप्रसाद रिमालको निर्देशनमा शान्तिकुञ्ज विद्यालयको वार्षिकोत्सवका अवसरमा मञ्चन गरिएको प्रस्तुत नाटक २०२८ सालमा प्रकासित भएको हो । देशमा विद्यमान रहेको गरिबी र अशिक्षाका कारण सामान्य जनताले दु:ख पाएको हुँदा देशको शासन व्यवस्था परिवर्तन हुनु पर्नेमा जोड दिदै आफ्ना हक र हितका लागि गरिबबाटै आवाज उठाउनु पर्दछ भन्ने मूल सन्देश लिएर लेखिएको प्रस्तुत नाटमा बहुला काजी, वीरे, भक्ते, माने, बद्री, हरि, राम, साहु, पण्डित, मास्टर, विक्रम, भरत गरी जम्मा १२ जना पात्र संख्या रहेका छन् । यहाँ तिनै पात्रहरूमा देखिएका असामान्य व्यवहार र त्यसका कारक तत्त्वको खोजी गर्ने प्रयास गरिएको छ ।

### ४.३.१ अवास्तविक व्यवहारका प्रतिरूपका आधारमा बहुला काजी

बहुला काजी प्रस्तुत नाटकका प्रमुख पात्र हुन् । नाटकको सम्पूर्ण कथावस्तु उनैको सपनामा आधारित रहेको छ । देशमा विद्यमान रहेको गरिबी र अशिक्षाका कारण सामान्य जनताले पाएको दु:खप्रति सम्पन्न वर्गका भएर पनि उनले आवाज उठाएका छन् । उनी काजी भएर पनि विपन्न वर्गको हक र हितका लागि आवाज उठाउने व्यक्ति हुन् । त्यसैले उनले बहुलाको उपनाम पाएका छन् । उनलाई मन्दिरमा भन्दा जनसेवामा आनन्द प्राप्त हुन्छ भन्ने लाग्दछ । तसर्थ अब मन्दिर मन्दिर धाउनुको साटो बिरामीलाई अस्पताल पुऱ्याइदिने, मृतकलाई घाट पुऱ्याइदिने, शिक्षाबाट वञ्चित रहेका बालबालिकालाई विद्यालय पुऱ्याइदिने कुरा गर्दछन् । काजीले गरेको यस्ता कार्यबाट उनमा सामाजिक परिवर्तनको चाहना प्रवल रहेको आभास हुन्छ ।

उनी आफ्नो देशमा व्याप्त अन्याय र अत्याचारमा मात्र परिवर्तनको चाहना राख्दैनन्, विश्वमा व्याप्त रहेको गरिब माथिको अन्यायमा परिवर्तनको चाहना राख्दछन् । त्यसैले उनी भन्छन्-

> **"संसारका सबै कुराहरू थाहा पाएर सारा मनुष्यको भलो गर्ने, खूब खुवाउने सबैलाई, कसैलाई खूब ठूल-ठूलो घर बनाइदिने, कसैलाई लत्ताकपडाले पुरि नै दिने, कसैलाई मोटरमा दौडाउने, दौडाइ मात्र रहने । सबै गरेर, जेबाट, जुन कुराले, हित हुन्छ, बुझ्नेौ माने ! बुझ्नेौ कि भक्ते ! बुझ्नेौ कि अब ? ... जसले पसिना चुहाईचुहाई काम गर्नेछ, त्यसको पेटमा खुब दूधभात  कोचिदिने । काम नगरी खान खोज्नेलाई लोप्पा खुवाउने । यस्तो स्वर्ग बनाउँछु म बुझ्यौ ! "**(पृ. ६) ।

काजीले व्यक्त गरेको यस अभिव्यक्तिले देशको शासन व्यवस्थामा परिवर्तनको चाहना प्रबल रहेको देखिन्छ । उनमा सुखी र संमृद्ध नेपाल हेर्ने इच्छा रहेको बुझिन्छ । त्यसका साथै नेपालीहरू इमान्दार, न्यायवान, कर्तव्यपरायण र स्वाभिमानी होस् भन्ने चाहना उनमा रहेको देखिन्छ । त्यसैले उनी भक्ते र मानेसँग भन्दछन्- "काम नगरी कसैको नखानू । ईश्वरसित पनि हात फैलाएर क्यै नमाग्नू । आमाबाबुसित पनि आफूले क्यै नगरी क्यै नलिनू । भगवान्लाई कहिल्यै घूस खुवाएर पुकार

नगर्नू । यी चार सत्य सम्झनू माने ! यो चार सत्य कण्ठ पारेर घोक्नू भक्ते !" (पृ. ५) ।

यसरी उनमा आदर्श नेपाल हेर्ने चाहना रहेको बुझिन्छ । त्यसैले उनी देशको शासन व्यवस्थामा परिवर्तन चाहन्छन् । यसका लागि उनलाई ज्ञान विज्ञानका कुरा सिक्न सक्ने र सिकेका कुराबाट संसार परिवर्तन गर्न सक्ने युवाको चाहना रहेको छ । त्यसैले भक्तेको छोरो वीरेलाई देख्ने बित्तिकै आफ्नो सपना साकार हुने ठान्दछन् र भक्तेसँग वीरेलाई पढ्न विद्यालय पठाउने कुरा गर्दछन् । यसरी देश विकासका लागि सबै खालका जनता शिक्षित रहनु पर्दछ भन्ने मानसिकता उनमा रहेको देखिन्छ ।

काजीको सपना अनुसार वीरेले पनि पढ्छ तर ज्वरोको कारण उपचार नपाइ उनको मृत्यु हुन्छ । यहाँ वीरेको मृत्यले काजीको सपनालाई विचलित तुल्याएको देखिँदैन बरु त्यसबाट काजीले शिक्षा ग्रहण गरेका छन् । त्यसैले उनी रोइरहेको भक्तेलाई सम्झाउँदै गरिबी हटाउन वीरे जस्ता हजारौं गरिबका छोराहरूलाई शिक्षित तुल्याउने कुरा गर्दछन् र यस कार्यमा बाधा पुऱ्याएन आएमा मान्छेसँग मात्र नभई ईश्वरसँग पनि लड्ने चेतावनी दिन्छन् ।

यसरी गरिब जनताको दुःख पीडा, मर्मलाई बुझेर त्यसका लागि आवाज उठाउने, समृद्ध नेपालको चाहना राख्ने काजीको व्यवहार हेर्दा कही कतै पनि असामान्य जस्तो लाग्दैन । नाटकमा एउटा सम्पन्न वर्गमा जन्मिएर पनि तत्कालीन देशको स्थितिमा गरिबका लागि आवाज उठाउन नडराउने पात्र काजी लाखौंमा एक हुन् । यस हिसाबले उनी अन्य भन्दा अलग प्रकारका व्यक्तित्व हुन् ।

यसरी काजी गरिबहरूको हक हितका लागि जस्तो सुकै दुःख, कष्ट सहन तयार रहनु र त्यसै अनुसार कार्य गर्दै हिड्नुले उनको व्यवहारलाई असामान्य मान्न सकिन्छ । यसका अतिरिक्त एकोहोरो कुरा गरिरहने, कुरा सकिएपछि बिना कारण खित्का छोडेर हाँस्ने, अरूले सोधेको प्रश्नको जवाफ छिटो नदिने जस्ता व्यवहार उनमा देखिएको कारणले पनि उनको मानसिक स्थितिमा सामान्य विचलन आएको पुष्टि  हुन्छ ।

## ४.३.२ परपीडक स्वभावका आधारमा

अर्कालाई दुःख दिएर खुसी हुने व्यवहार परपीडक व्यवहार हुन् । मनोविद्हरू परपीडक स्वभावलाई असामान्य व्यवहार मान्दछन् । यस उपशीर्षक अन्तर्गत विक्रम र हरि बाल पात्रमा देखा परेका परपीडक व्यवहारको विस्तृत रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

**अ) विक्रम**

विक्रम प्रस्तुत नाटकका सहायक पात्र हुन् । वीरे पढ्ने विद्यालयमा पढ्ने विक्रममा परपीडक स्वभावको प्रवृत्ति भेटिन्छ । उनमा अरूलाई दुःख दिएर मजा लिने प्रवृत्ति रहेको पाइन्छ । त्यसैले वीरेलाई

आफ्नो कक्षामा देख्ने बित्तिकै फोहरी माग्ने भन्दै जिस्काउँछ र अन्य साथीहरूलाई पनि जिस्काउन उक्साउछ । त्यति मात्र नभई वीरेलाई बलजफ्ती मुन्ट्याउँछ । वीरेमाथि गरेको दूर्व्यवहार शिक्षकलाई भनिदिन्छु भन्दा बद्रीलाई पिट्ने धम्की दिन्छ । त्यसै गरी शिक्षकप्रति विद्यार्थीले गर्नु पर्ने व्यवहारको ख्याल गर्दैन । त्यसैले शिक्षकले वीरेलाई माग्ने भनेर जिस्क्याउने को को हो भनेर प्रश्न गर्दा माग्ने भनेर जिस्क्याएको होइन माग्ने नै भनेको हो भनेर शिक्षकको अनादर गर्दछ । यसरी विक्रमले वीरे, बद्री र शिक्षकप्रति देखाएको व्यवहारलाई हेर्दा उनमा असामान्यता रहेको आभास हुन्छ ।

**आ) हरि**

हरि प्रस्तुत नाटकको सहायक पात्र हुन् । उनी नाटकमा प्रतिकूल पात्रका रूपमा प्रस्तुत भएका छन् । उनमा परपीडक स्वभाव रहेको पाइन्छ । त्यसैले उनी वीरेलाई माग्ने भनेर जिस्क्याउने, वीरेको कपडा च्यातिदिने, बद्रीलाई बाटोमा धक्का दिने कार्य गर्दछन् भने मास्टर साहेबले अरूलाई माग्ने भनेर गाली नगर, मिलेर बसेर पढ भन्दा ठाडै शिक्षकको आदेशलाई उलङ्घन गर्दै वीरेसँग बसेर पढ्न अस्वीकार गर्दछन । यसै गरी वीरेको बाबु भक्तेले वीरे कहाँ होला भनेर प्रश्न गर्दा बाउँठिदै मलाई के थाहा भनेर फन्केर जान्छन् । हरिले वीरे, शिक्षक र भक्तेमाथि देखाएको व्यवहारलाई हेर्दा उनमा असामान्यता रहेको पुष्टि हुन्छ ।

## ४.३.३ हीनत्वभावका आधारमा भक्ते

भक्ते प्रस्तुत नाटकका सहायक पात्र हुन् । उनी नाटकमा अनुकूल पात्रका रूपमा देखा परेका छन् । वीरेका पिता भक्ते भरिया हुन् । गरिबीका कारण भारी बोक्ने पेशा अपनाएका भक्तेलाई आफ्नो स्वाभिमान प्रति फक्र छ । त्यसैले वीरेले शहरका गुण्डाहरूसँग मिलेर माग्दै हिँडेको देखेपछि दुःख लागेको छ । फलस्वरूप छोरालाई गाली गर्दै पिट्न पुग्दछन् । आमाको मृत्युपछि आमा-बाबु दुवैको माया दिएर हुर्काउँदै आएको भक्तेलाई छोरो बिग्रेला, कुलतमा फस्ला भन्ने निकै डर रहेको देखिन्छ ।

बहुला काजीले वीरेलाई पढाएमा तेरो भाग्य खुल्छ भनेपछि उनमा वीरेले पढ्न सक्ला कि नसक्ला भन्ने दुई विचार बीच द्वन्द्व चलेको देखिन्छ । त्यसैले उनले बहुला काजीसँग वीरेले पढ्न सक्ला भनेर पटक पटक प्रश्न गर्दछन् । माने र बहुलाकाजीले वीरेले पढ्न सक्छ भने पछि भने उनले वीरेलाई दुःख गरेर भए पनि पढाएका छन् । दुई छाक टार्न धौ धौ पर्ने भक्तेले छोरालाई पैसा तिरेर विद्यालयमा भर्ना गर्नुलाई उनको मनमा उत्पन्न हीनत्वभावको क्षतिपूर्तिलाई मान्न सकिन्छ ।

आफूले दुःख गरे अनुसार मिहिनेतसँग पढ्दै आएको छोरो वीरे एक्कासि बिरामी पर्दा भने उनलाई चिन्ता लागेको छ । त्यसैले पैसा नभए पनि छोरालाई छाडेर उनी काममा गएका छैनन् । छोराको उपचाका लागि पैसा सकिएपछि उनी छोरालाई दुःख गरेर बल्ल बल्ल किनिदिएको कोटलाई पटक पटक हेर्दछन् । भक्तेले यसरी पटक पटक कोटलाई हेर्नुको मूल कारण उनको मनमा कोटलाई लिएर उठेको द्विविधा हो । उनलाई कोट बेचेमा थोरै पैसाको जोहो हुने लाग्दछ त्यसैले कोट बेच्ने अठोट

मनमा उठ्दछ भने छोरोले कोट बेचेको देखेर के सोच्ला भन्ने पनि लाग्दछ । त्यसैले कोटलाई उठाएर लैजान सक्दैनन् । अन्तमा छोरा वीरेले बाबुको कुरा बुझेर कोट लैजान अनुरोध गरेपछि भने बेच्न लैजान्छन् । यसरी भक्तेमा कोट बेच्ने या नबेच्ने दुई भिन्न विचारबिच द्वन्द्व भएको देखिन्छ ।

भक्तेले वीरेलाई बचाउन लामो प्रयास गर्दा गर्दै पनि आर्थिक अवस्थाका कारण अस्पताल लैजान नसकेर वीरेको मृत्यु हुन्छ । यसले गर्दा भक्तेलाई ठूलो चोट पर्दछ र संसारमा आफ्नो केही नभएको अनुभव गर्दै रुन्छ । यसरी भक्तेमा देखिएको उपर्युक्त क्रियाकलापलाई हेर्दा उनमा सामान्य विचलन देखिन्छ ।

## ४.४ निष्कर्ष

'कोही किन बरबाद होस्' नाटकका ध्रुव, कमलादेवी, जीवनाथ, ध्रुवकी आमा राधा, पाले, सुन्दरलाल, शशि, भुपाल, नरेश, श्यामा, राधा, बूढो व्यक्ति मध्ये ध्रुव, कमलादेवी, जविनाथ, ध्रुवकी आमा राधा र पालेमा असामान्य व्यवहार देखा परेको छ । ध्रुवमा उद्दण्ड व्यवहार र परपीडक स्वभाव रहेको छ । कमलादेवीमा ध्रुवलाई सत्य कुरा बताउनु पर्ने स्थिति र उनसँग विछोडिनु पर्ने अवस्थाले बेचैन तुल्याएको छ । जीवनाथमा पत्नी राधाले छाडेर हिँडेपछि मानसिक तनाब उत्पन्न भएको छ । यसैगरी राधामा मनोलैङ्गिक विकृतिका कारण पोइल हिँडिरहने व्यवहार विकसित भएको छ भने पालेमा आर्थिक स्थिति कमजोर भएका कारण रक्सी पिउने बानीको विकास भएको छ । यसरी हेर्दा प्रस्तुत नाटकको प्रायः जसो पात्रमा असामान्य व्यवहार रहेको देखिन्छ । बालबालिकाले गर्ने हरेक कार्य पछाडि कारण लुकेको हुन्छ तसर्थ विद्यालयका हरेक शिक्षकलाई बालमनोविज्ञान सम्बन्धी ज्ञान हुन आवश्यक छ अन्यथा उनीहरूको भविष्य विग्रन सक्छ भन्ने सन्देश बोकेको प्रस्तुत नाटकमा नाटकार मल्लले सबै भन्दा बढी ध्रुवलाई असामान्य देखाएका छन् । यसरी ध्रुव लगायत अन्य पात्रहरूलाई कुनै न कुनै रूपमा असामान्य देखाउन उनी सफल देखिन्छन् । यस हिसाबले 'कोही किन बरबाद होस्' नाटक सफल देखिन्छ ।

'जिउँदो लास' नाटकमा प्रतिमा, उर्मिला, कृष्णमान, ललितमान, शङ्करलाल, सुगतदास, रत्नदास र राधाकृष्ण आदि पात्रहरूको प्रत्यक्ष भूमिका रहेको छ । नाटकमा रत्नमानबाहेक सबै पात्रहरू असामान्य देखिन्छन् । प्रतिमा कुकुर र बिरालोलाई माया गर्छिन भने उर्मिलामा विभ्रम र स्मृतिलोप जस्ता लक्षण देखा परेको छ । कृष्णमानमा बहिनीहरूलाई खुसी तुल्याउन नसकेकोले छटपटी उत्पन्न भएको छ । ललितमानले देश र समाजमा विद्यमान कुरीति कुपरम्पराप्रति असन्तुष्टि व्यक्त गरेका छन् भने सुगतदासले खोक्रो धाक र रवाफका कारण ढलको निकास खोल्न गएका युवाहरूलाई गुण्डाद्वारा पिटाएका छन् । यसै गरी राधाकृष्ण विद्यार्थीलाई मूर्दा र कक्षाकोठालाई मसानघाट देख्दछन् । यसरी नाटकमा रत्नमानबाहेक सबै पात्रहरू कुनै न कुनै रूपले असामान्य देखिन्छन् । यस हिसाबले 'जिउँदो लास' नाटक सफल देखिन्छ ।

वि.सं २००४ सालमा लेखिएका ‘बहुला काजीको सपना’ नाटकमा २००७ सालपूर्वको नेपालको सामाजिक, आर्थिक र शैक्षिक पक्षको अवस्थाको चित्रण पाइन्छ । यस नाटकमा मल्लले काजीलाई दुई प्रकारले असामान्य देखाउन खोजेका छन् । एकातर्फ काजीलाई बोलिपिच्छे खित्का छाडेर हाँस्ने, माने र भक्तेले सोधेको प्रश्नको जवाफ नदिई हिँड्ने, वीरेको लासलाई छुँदै मऱ्यो भन्दै हाँस्ने जस्ता क्रियाकलाप गरेको देखाएका छन् भने अर्को तर्फ सबै काजीमा हुने व्यवहार भन्दा भिन्न आदर्शमय, समाजसेवी, उपकारी स्वभाव रहेको देखाएर असामान्य देखाएका छन् । नाटकमा मल्लले भक्तेमा देखिएको हीनत्वभावलाई असामान्य व्यवहारको रूपमा प्रस्तुत गरेका छन् । यसै गरी विक्रम र हरिमा परपीडक स्वभाव देखाई असामान्य देखाएका छन् । यसरी तत्कालीन सामाजिक परिवेशलाई मल्लले नाटकमा बहुला काजीका माध्यामबाट यथार्थ रूपमा चित्रण गर्न सफल भएका  छन् ।

यी तीन नाटकलाई असामान्य व्यवहारका आधारमा तुलना गर्दा ‘कोही किन बरबाद होस्’ र ‘जिउँदो लास नाटक‘ उत्कृष्ट देखिन्छ । यी दुई नाटकका प्रमुख पात्र ध्रुव र उर्मिलाको मनोदशालाई नाटकमा अति सरल र सहज ढङ्गबाट मल्लले केलाएका छन् भने ‘बहुला काजीको सपना‘ नाटक असामान्य मनोविज्ञानको दृष्टिले त्यति सफल देखिदैन । नाटककार मल्लले यस नाटकमा प्रमुख पात्र काजीलाई अशोभनीय तरिकाबाट असामान्य देखाउन खोजेका छन् । यसर्थ पनि प्रस्तुत नाटक ती दुई भन्दा असामान्य मनोविज्ञानका हिसाबले सफल देखिँदैन ।

## परिच्छेद पाँच

# उपसंहार र मुख्य निष्कर्ष

### ५.१ उपसंहार

**विजय मल्लका पूर्वार्द्ध चरणका नाटकमा असामान्य मनोविज्ञान** शीर्षकको यस शोध प्रबन्धका अघिल्ला परिच्छेदमा उल्लेख गरिएका कुराहरूका साथै यसको समष्टि निष्कर्ष पनि उल्लेख्य पक्ष हुन् । त्यसैले यस परिच्छेदमा यस शोध प्रबन्धका अघिल्ला परिच्छेदहरूको सारसङ्क्षेप र समष्टि निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध प्रबन्ध जम्माजम्मी पाँच परिच्छेदमा विभाजित छ । पाँच परिच्छेदमा विभाजन गरिएको यस शोधकार्यलाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने प्रयास यहाँ गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । **विजय मल्लका पूर्वार्द्ध चरणका नाटकमा असामान्य मनोविज्ञान** शोध प्रबन्धको पहिलो परिच्छेदमा समग्र रूपमा शोधकार्यको विषय परिचय दिइएको छ र त्यसपछि क्रमशः समस्या कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको सीमाङ्कन, शोधकार्यको औचित्य तथा महत्त्व, शोधविधि र शोधकार्यको रूपरेखा शीर्षकमा शोधकार्यको परिचय प्रस्तुत गरिएको छ ।

यस शोध प्रबन्धको दोस्रो परिच्छेदमा **विजय मल्लका पूर्वार्द्ध चरणका नाटकमा असामान्य मनोविज्ञानको** सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । यस क्रममा असामान्य शब्दको स्वरूप र अर्थ, असामान्य मनोविज्ञानको परिभाषा, असामान्य व्यवहारका विशेषता, सामान्य र असामान्य छुट्याउने आधार, असामान्यताका प्रकार, असामान्य मनोविज्ञानको विकासक्रम, असामान्य व्यवहारका कारक तत्त्वको समेत चर्चा गर्ने प्रयास गरिएको छ । यस परिच्छेदमा विजय मल्लका नाटकका पात्रहरूमा देखापरेका असामान्य व्यवहारलाई विश्लेषण गर्न मनोविश्लेषणवादी सिद्धान्त, संज्ञानवादी सिद्धान्त र व्यवहारवादी सिद्धान्तबाट आधार तयार गरिएको छ भने कारक तत्त्वलाई विश्लेषण गर्न जैविक, मनोवैज्ञानिक र सामाजिक-सांस्कृतिक गरी तीन वटा आधारका प्रारूप पनि प्रस्तुत गरिएको छ ।

यस शोध प्रबन्धको तेस्रो परिच्छेदमा **विजय मल्लका पूर्वार्द्ध चरणका नाटकमा निहित पात्रहरूको असामान्य व्यवहारका कारक तत्त्व** शीर्षक प्रस्तुत गरिएको छ भने यस परिच्छेदमा **कोही किन बरबाद होस्, जिउँदो लास र बहुला काजीको सपना** नाटकका पात्रहरूमा देखिएका असामान्य व्यवहारका कारक तत्त्वको चर्चा गर्ने प्रयास गरिएको छ । पहिलो अनुच्छेदको उपशीर्षकमा **कोही किन बरबाद होस्** नाटकका पात्रहरूमा देखा परेका असामान्य व्यवहारका कारक तत्त्वहरूलाई विभिन्न आधारमा विश्लेषण गरिएको छ । यस क्रममा ध्रुव, कमलादेवी र जीवनाथमा देखा परेका सामान्य व्यवहारलाई पारिवारिक विघटनका आधारमा विश्लेषण गरिएको छ भने राधाको पोइल हिँडिरहने प्रवृत्तिलाई मनोलैङ्गिक विकृतिका आधारमा विश्लेषण गरिएको छ । यसैगरी पालेको रक्सी पिउने व्यवहारलाई आर्थिक स्थितिका आधारमा विश्लेषण गरिएको छ ।

यस परिच्छेदको दोस्रो अनुच्छेदको उपशीर्षकमा **जिउँदो लास** नाटकका पात्रहरू प्रतिमा, उर्मिला,

कृष्णमान, ललितमान, शङ्करलाल र राधाकृष्णलाई सामाजिक कूरीति कुपरम्पराका आधारमा र सुगतदासलाई हैकमवादी सोचाइका आधारमा विश्लेषण गरिएको छ ।

यसको तेस्रो परिच्छेदमा **बहुला काजीको सपना** नाटकमा निहित पात्रहरू क्रमशः बहुला काजी, भक्ते, विक्रम र हरिमा देखा परेका असामान्य व्यवहारलाई वर्गीय विभेद, दोषपूर्ण पैतृक प्रतिरूप र हीनत्वभावका आधारमा विश्लेषण गरिएको छ ।

यस शोध प्रबन्धको चौथो परिच्छेदमा **विजय मल्लका पूर्वार्द्ध चरणका नाटकका पात्रहरूमा असामान्य व्यवहार** शीर्षक रहेको छ । यस परिच्छेदको उपशीर्षकमा **कोही किन बरबाद होस्, जिउँदो लास र बहुला काजीको सपना** नाटकमा निहित पात्रहरूमा देखा परेका असामान्य व्यवहारलाई विभिन्न आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यस क्रममा ध्रुवको असामान्य व्यवहारलाई कुण्ठा र द्वन्द्व, परपीडक स्वभाव र उदण्ड व्यवहारका आधारमा, कमलादेवीको व्यवहारलाई कुण्ठा र द्वन्द्वका आधारमा, जीवनाथ र पालेमा देखिएको असामान्य व्यवहारलाई प्रतिक्रिया निमार्णका आधारमा र राधामा देखा परेको असामान्य व्यवहारलाई मनोलैङ्गिक विकासका आधारमा विश्लेषण गरिएको छ ।

यसै गरी जिउँदो लास नाटकमा निहित महिला पात्र प्रतिमाको व्यवहारलाई प्रतिक्रिया निमार्ण, घटना नियन्त्रणमा विश्वास नहुनुका आधार र कुण्ठा तथा द्वन्द्वका आधारमा विश्लेषण गरिएको छ भने उर्मिलाको व्यवहारलाई कुण्ठा तथा द्वन्द्वका आधारमा, स्वप्न सिद्धान्तका आधारमा, विभ्रम र स्मृति लोपका आधारमा विश्लेषण गरिएको छ । पुरुष पात्रहरू कृष्णमान र शङ्करलालको व्यवहारलाई कुण्ठा र द्वन्द्वकै आधारमा विश्लेषण गरिएको छ । यसै गरी ललितमानको व्यवहारलाई अवास्तविक व्यवहारका प्रतिरूपका आधारमा र सुगतदासको व्यवहारलाई असमायोजनीय व्यवहारका आधारमा विश्लेषण गरिएको छ ।

यसै गरी यस परिच्छेदमा **बहुला काजीको सपना** नाटकमा निहित बहुलाकाजी, भक्ते, विक्रम र हरि पात्रहरूको व्यवहारको विश्लेषण गरिएको छ । यस सिलसिलामा बहुलाकाजीको व्यवहारलाई अवास्तविक व्यवहारको प्रतिरूपका आधारमा, भक्तेको व्यवहारलाई हीनत्वभावका आधारमा, विक्रम र हरिको व्यवहारलाई परपीडक स्वभावका आधारमा विश्लेषण गरिएको छ ।

## ५.२ मुख्य निष्कर्ष

**विजय मल्लका पूर्वार्द्ध चरणका नाटकमा असामान्य मनोविज्ञान** शीर्षकको यस शोधकार्यको पहिलो परिच्छेदमा प्रस्तुत गरिएका दुईवटा प्राज्ञिक समस्याको समाधान असामान्य मनोविज्ञानको सिद्धान्तलाई आधार मानेर गरिएको छ । विभिन्न सामग्री एवम् तथ्यहरूका साथै सैद्धान्तिक मान्यताको आधार लिई ती तीन समस्याको समाधान गर्दा प्राप्त भएको कुरालाई निष्कर्षका रूपमा तल प्रस्तुत गरिएको छ ।

(क) वि.स. २०१६ सालमा प्रकाशित **कोही किन बरबाद होस्** नाटक बालमनोविज्ञानमा आधारित नाटक हो । यस नाटकमा बालबालिकाले पढ्ने शिक्षण संस्थामा अध्यापनमा संलग्न शिक्षकहरूमा बालमनोविज्ञान सम्बन्धी ज्ञान नभएको खण्डमा विद्यार्थीको भविष्य बरबाद हुन सक्छ भन्ने सन्देश दिने उद्देश्यले यो नाटक लेखिएको देखिन्छ । असामान्य व्यवहारका आधारमा हेर्दा नाटकमा प्रस्तुत भएका प्रायः पात्रहरू ध्रुव, कमलादेवी, जीवनाथ, राधा र पालेमा विभिन्न खालका असामान्य व्यवहार भेटिन्छन् । ध्रुवमा मातृस्नेहको अभावले परपीडक स्वभाव र उद्दण्ड व्यवहार देखा परेको छ । कमलादेवीले ध्रुवसँग

विछोडिनु पर्ने स्थितिका कारण सामान राखेको ठाउँ भुलेको छ, जीवनाथमा पत्नीले छाडेर पोइल हिँडेपछि आक्रोशित भावनाको विकास भएको छ, राधामा जैविक कारणले पोइल हिँडिरहने बानीको विकास भएको छ भने पालेमा आर्थिक स्थिति कमजोर भएकाले  रक्सी पिउने लतको विकास भएको छ । मल्लले यी पात्रहरू मध्ये सबैभन्दा बढी मुख्य पात्र ध्रुवमा असामान्यता पैदा गराएका छन् र त्यसको कारक तत्त्व सुन्दरलालको माध्यामबाट पत्ता लगाई कमलादेवीलाई आमाको भूमिका निर्वाह गर्न लगाएका छन् यसका साथै नाटकीय उपचार पद्धतिबाट ध्रुवको व्यवहार सुधारिएको देखाएका छन् । यसरी मल्लले मुख्य पात्रदेखि प्रायः जसो सहायक पात्रहरूलाई कुनै न कुनै कारणले असामान्य तुल्याएका छन् । यसर्थ विजय मल्लका **कोही किन बरबाद होस्** नाटक असामान्य मनोविज्ञानका हिसाबले सफल देखिन्छ ।

(ख) विजय मल्लका **जिउँदो लास** नाटक वि. सं २०१७ सालमा प्रकाशित नाटक हो । तत्कालीन समयमा देश तथा समाजमा विद्यमान रूपमा रहेको पुरातन सामाजिक मूल्य मान्यताले युवा वर्गमा पारेको प्रभावलाई मल्लले नाटकमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । यस क्रममा उनले नाटकका प्रतिमा, उर्मिला, कृष्णमान, ललितमान, शङ्करलाल, सुगतदास, राधाकृष्ण, रत्नमान, विद्यार्थीहरू आदि पुरुष तथा महिला पात्रहरू उपस्थित गराएका छन् । उनका नाटकमा प्रयोग भएका ती पात्रहरूको व्यवहार प्रायः असामान्य देखिन्छ । नारी पात्र प्रतिमा र उर्मिलाले सामाजिक कुरीति र कुपरम्परा विरुद्ध कदम चाल्न नसकेकाले मानसिक रूपमा विचलित भएका छन् भने उर्मिलाको मानसिक रोगका कारण इहलीला समाप्त भएको छ । यसै गरी कृष्णमान र शङ्करलाल जस्ता युवाहरूमा पुरातन सामाजिक मूल्य मान्यता ठीक होइन भन्ने लाग्दा लाग्दै पनि त्यसलाई चटक्क छाड्न नसकेका कारण असामान्य देखिएका छन् । ललितमानमा देश र समाज परिवर्तनको चाहन रहेको र त्यसका लागि एक्लै भए पनि संघर्षरत रहेका छन् । यस दृष्टिकोणले उनी असामान्य देखिन्छन् । यसैगरी सुगतदास आफ्नो खोक्रो इज्जतका लागि ढलको निकास खोल्न नदिएर असामान्य बनेका छन् भने राधाकृष्ण प्रोफेसर विद्यार्थीहरूमा समाज परिवर्तनको चाहना पैदा गर्न नसकेर असामान्य बन्न पुगेका छन् । यसरी नाटकका पात्रहरू मनोवैज्ञानिक र सामाजिक-सांस्कृतिक कारणबाट असामान्य बन्न पुगेका छन् । नाटककार मल्लले देशको विद्यमान सामाजिक समस्याका कारण मानिसहरूमा मानसिक तनाब उत्पन्न हुँदै गएको र त्यसले मानिसलाई असामान्य तुल्याई मृत्युको मुखसम्म पुऱ्याएको यथार्थलाई प्रस्तुत गर्न सफल देखिन्छन् । असामान्य मनोविज्ञानको हिसाबले हेर्दा उनको यो नाटक पनि सफल देखिन्छ ।

(ग) विजय मल्लका **बहुला काजीको सपना** नाटक वि.सं २०२८ सालमा प्रकाशित भएको नाटक हो ।  मल्लले यस नाटकमा २००७ साल पूर्वको देशको सामाजिक, आर्थिक र शैक्षिक पक्षको अवस्थालाई चित्रण गर्ने प्रयास गरेका छन् । प्रजातान्त्रिक मान्यता बोकेका मल्ल तत्कालीन समयको शासन पद्धतिबाट असन्तुष्ट थिए । त्यसैले राणाहरूको जनता माथिको ज्यादती अन्त्य गर्न गरिब जनता नै क्रान्तिमा होमिनु पर्दछ भन्ने मान्यता उनमा रहेको थियो । त्यसैले उनमा जनतामा आफ्नो हक र अधिकारको लागि लड्नु पर्दछ भन्ने भावनाको विकास गराउनु थियो । राणाहरूको कडा शासनका अगाडि प्रत्यक्ष रूपमा त्यो कार्य गर्न असम्भव थियो । त्यसैले मल्लले प्रतीकात्मक रूपमा काजीलाई बहुला तुल्याएर आफ्नो कृतिका माध्यामबाट जनतामा क्रान्तिको आगो सल्काउने प्रयास गरेको देखिन्छ । प्रस्तुत नाटक जे जस्तो सन्देश बाँड्न रचिएको भए तापनि यसका पात्रहरूमा पनि असामान्य व्यवहार भेटिन्छ । नाटकका प्रमुख पात्र बहुला काजी दुई रूपमा असामान्य देखिन्छन् । एक रूपमा आफ्नै धुनमा व्यस्त रहने, बिना सन्दर्भ हाँस्ने, कसैले सोधेको प्रश्नको जवाफ दिन वास्ता नगर्ने जस्ता क्रियाकलाप उनमा रहेको देखिन्छ भने काजी

भएर पनि गरिब जनताको हक र हितका लागि लड्ने, इमान्दार, न्यायपूर्ण, स्वाभिमानी प्रवृत्ति उनमा रहनुका साथै अन्य काजीहरूको भन्दा भिन्नै व्यक्तित्व उनमा रहेको पाइन्छ । यस हिसाबले पनि उनी असामान्य देखिन्छन् । **बहुला काजीको सपना नाटकका** पात्रहरूमा यस्ता प्रवृत्तिको विकास हुनुमा पारिवारिक र सामाजिक-सांस्कृतिक कारक मुख्य बन्न पुगेको देखिन्छ । नाटकमा प्रयोग भएका मुख्य पात्र लगायत अन्य तीन पात्रमा असामान्य व्यवहार र तिनका कारक तत्त्व भेटिएकोले यो नाटक पनि असामान्य मनोविज्ञानको हिसाबले सफलै देखिन्छ तर अन्य दुई नाटकको कथावस्तुभन्दा यसको कथावस्तु मनोविज्ञानको हिसाबले दुर्बल रहेकोले उत्कृष्ट भने बन्न सकेको देखिँदैन ।

(घ) विजय मल्लले आफूले बाँचेको युगको वास्तविकतालाई झल्काउने उद्देश्यले नै आफ्ना नाटकमा पात्रहरूलाई असामान्य तुल्याउने काम निकै कुशलतापूर्वक गरेका छन् । विभिन्न सामाजिक, आर्थिक, शैक्षिक एवम् जैविक कारणले मानिसको जीवन कसरी दुर्घटित हुन पुग्दछ भन्ने कुराको चित्रण उनका प्रायः नाटकमा भेटिन्छ । देश र समाजमा विद्यमान सामाजिक, आर्थिक, शैक्षिक एवम् जैविक मान्यता सम्बन्धी गलत धारणाको विकासले व्यक्तिको व्यक्तित्वलाई नै विघटित तुल्याउन सक्छ भन्ने चिन्तनको अभिव्यक्तिको माध्यमका रूपमा मल्लले आफ्ना नाटकमा असामान्य पात्रहरूको निर्माण गरेको देखिन्छ । साथै उनी ती कुरालाई अति सहज र सान्दर्भिक तबरबाट चित्रण गर्न सफल पनि भएका छन् । यसरी सामाजिक, आर्थिक, शैक्षिक एवम् जैविक मान्यता सम्बन्धी गलत धारणाको विकासले व्यक्तिको व्यक्तित्व नै विघटित हुन सक्छ भन्ने विचार वा मान्यतालाई पात्रहरूमा दक्षतापूर्वक प्रयोग गर्न सफल छन् साथै पात्रहरूका माध्यामबाट समाज सुधारका आवाज पनि बुलन्द गरेका छन् । तसर्थ उनलाई असामान्य मनोविज्ञानका हिसाबले उत्कृष्ट नाटककारको रूपमा लिन सकिन्छ ।

## ५.३ सम्भावित शोध शीर्षकहरू

१) विजय मल्लका नाटकमा सामाजिक मनोविज्ञान

२) विजय मल्लका नाटकमा अभिघात

३) विजय मल्लका नाटकमा विसङ्गतिवाद

४) विजय मल्लका नाटकमा नारी चेतना

# सन्दर्भसामग्री सूची


अधिकारी, गंगाप्रसाद. २०४६. नाटककार मोहनराज शर्माको नाट्यकृतिहरूको विश्लेषण. अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग,त्रिभुवन विश्वविद्यालय ।

अधिकारी, हेमङ्गराज र बद्री (सम्पा.) २०६१. **प्रयोगात्मक नेपाली शब्दकोश.** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, पूर्णप्रसाद. २०५२. "विजय मल्लको नाट्य प्रवृत्ति र बहुला काजीको सपना". **समकालीन साहित्य १८** (वर्ष ५ अङ्क २, पूर्णाङ्क १८: वैशाख, जेठ, असार) पृ. ९५ ।

उपाध्याय, केशवप्रसाद. २०५२. **नाटक र रङ्गमञ्च**. काठमाडौं : रुमु प्रकाशन ।

---- २०६७. **नेपाली नाटक र नाटककार.** (दोस्रो सं.). ललितपुर : साझा प्रकाशन ।

कँडेल, घनश्याम. २०४६. **पाश्चात्य यर्थाथवादी नाटक.** काठमाडौं : सुभद्रा उपाध्याय कँडेल ।

कोइराला, कुमारप्रसाद. २०६६. **केही आधुनिक नाटक र नाटकार.** काठमाडौं : ओरिएन्टल पब्लिकेसन प्रा. लि. ।

ज्ञवाली, भगवान्चन्द्र. २०६३. **असामान्य मनोविज्ञान परिचय.** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, कृष्ण. २०५९. **आधुनिक आलोचनाः अनेक रूप अनेक पठन.** (दोस्रो सं.). ललितपुर : साझा प्रकाशन ।

गौतम, प्रदीपचन्द्र. २०५२. **प्रारम्भिक शिक्षा मनोविज्ञान.** काठमाडौं : एम .के. पब्लिशर्स. एण्ड डिष्ट्रिब्यूटर्स ।

घर्ती, दुर्गाबहादुर. २०६६. "'जिउँदो लास' नाटकमा जीवनदर्शन". **विजय मल्ल स्मृतिग्रन्थ**. (सम्पा., चैतन्य प्रधान). काठमाडौं : विजय मल्ल स्मृति समाज. पृ. ३२८-३४१ ।

---- २०६७. **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**. ललितपुर : साझा प्रकाशन ।

झा, अशोक कुमार. २०६०. **प्रारम्भिक स्वास्थ्य तथा शारीरिक शिक्षा**. काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

ढकाल, भूपति. २०४४. "विजय मल्ल र उनका नाटक बौलाहा काजीको सपना". **गरिमा.** (वर्ष ५ अङ्क १२, पूर्णाङ्क ६०) पृ. ६७ ।

ढकाल, सोमनाथ. २०५६. **प्रारम्भिक स्वास्थ्य विज्ञान.** काठमाडौं : रत्न पुस्तक भण्डार ।

तिवारी, वरुण कुमार. २०३५. **मनोविज्ञानका प्रवर्तकहरू.** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव. २०६५. **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २.** (पाँचौं सं.). ललितपुरः साझा प्रकाशन ।

देवेन्द्रकुमार, (अनु.) सन् १९८६. **फ्रायड : मनोविश्लेषण.** दिल्ली : राजपाल एण्ड सन्स ।

नकर्मी, नन्दमाया. २०५८. नेपाली नारी समस्यामूलक नाटक. अप्रकाशित विद्यावारिधि शोधग्रन्थ त्रिभुवन विश्वविद्यालय ।

पद्मा कुमारी. सन् १९९१. **सिग्मन्ड फ्रायड और मनोविश्लेषण.** जयपुर : राजस्थान हिन्दी ग्रन्थ अकादमी ।

पाठक, गङ्गा. २०५९. **मनोविज्ञान एक परिचय.** काठमाडौं : तलेजु प्रकाशन ।

पाण्डेय, जगदानन्द. १९६६. **असामान्य-मनोविज्ञान**. (पाँचौं सं.). वाराणसी : तारा पब्लिकेशन्स ।

पोखरेल, बालकृष्ण. सं. २०४०. **नेपाली बृहत् शब्दकोश.** (प्रथम.सं.). काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रकाश, जय तथा, दयालदेवी. सन् १९८८. **आधुनिक मनोविज्ञानकी ऐतिहासिक पृष्ठभूमि.** दो.सं. भोपाल : मध्यप्रदेश हिन्दी ग्रन्थ एकादमी ।

प्रधान, चैतन्य. २०४६. एकाङ्कीकार विजय मल्ल. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्व विद्यालय ।

–––– २०६२. **विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग**. काठमाडौं : रिनू प्रधान ।

–––– २०६६. "जिउँदो लासको अध्ययन". **विजय मल्ल स्मारिका.** (सम्पा.,चैतन्य प्रधान). काठमाडौं : विजय मल्ल स्मृति समाज. पृ. ३८ ।

फ्रायड, सिग्मण्ड. २०६४. **मनोविश्लेषण.** अनु. सुमित्रा सिंह. काठमाडौं : डीकुरा प्रकाशन ।

बराल, कृष्णहरि. २०६८. **मनोविश्लेषण र साहित्य.** काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

–––– २०६८. "कोही किन बरबाद होस्: समस्याको समाधान". **तन्नेरी.** (वर्ष ३३ अङ्क २, असोज-कार्तिक-मङ्सिर) पृ. २१९ ।

भट्टराई, खगेन्द्र. २०३८. गोविन्द गोठालेको नाट्यकारिताको विश्लेषण र मूल्याङ्कन. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, देवी प्रसाद. २०६९. **शैक्षिक मनोविज्ञान.** काठमाडौंः क्वेस्ट पब्लिकेसन ।

भण्डारी, कृष्ण प्रसाद. २०४५. **मानसिक अन्तर्द्वन्द्व र कुण्ठा**. काठमाडौं : साझा प्रकाशन ।

–––– २०५६. **फ्रायड र मनोविश्लेषण**. काठमाडौं : साझा प्रकाशन ।

मर्फी, जोसेफ. २०६६. **अवचेतन मस्तिष्कको शक्ति.** अनु. आशिष भावुक. काठमाडौं : बालाजी. प्रिन्टर्स एण्ड ट्रेडर्स प्रा. लि. ।

मल्ल, विजय. २०५४. **कोही किन बरबाद होस्.** (एघारौँ सं.). ललितपुर : साझा प्रकाशन ।

---- २०६४. **जिउँदो लास.** (सातौं सं.). ललितपुर : साझा प्रकाशन ।

---- २०६४. **बहुला काजीको सपना.** (आठौँ सं.). ललितपुर : साझा प्रकाशन ।

रेग्मी, मुरारि प्रसाद. २०५०. **मनोविश्लेषणात्मक समालोचना (उपन्यास खण्ड).** काठमाडौं : न्यू खत्री प्रिन्टर्स ।

---- २०६५. **मनोविश्लेषणात्मक समालोचना (कथा खण्ड).** ललितपुर : साझा प्रकाशन ।

---- २०४१. "स्मृतिको पर्खालभित्रः एक मनोविश्लेषण". **प्रज्ञा.**( वर्ष १३ अङ्क १. पूर्णाङ्क ४७) पृ. ३१ ।

शर्मा, गोपीकृष्ण. २०३७. "जिउँदो लास नाटकः विभिन्न पक्षीय अध्ययन". **वाङमय.**(वर्ष १. अङ्क १. असार) पृ.१७ ।

शर्मा, चिरञ्जीवी. २०६७. **शिक्षा मनोविज्ञान.** काठमाडौंः एम. के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

शर्मा, मोहनराज. २०६६. **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना**. काठमाडौँ : क्वेस्ट पब्लिकेशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. २०६१. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ. २०६४. **नेपाली साहित्यको संक्षिप्त इतिहास** (नवौं सं.). ललितपुरः साझा प्रकाशन ।

श्रीवास्तव, रामजी र अन्य. २००१.(दोस्रो.सं.). **आधुनिक अपसामान्य मनोविज्ञान.** दिल्ली : नरेन्द्र प्रकाश जैन, मोतीलाल बनारसीदास ।

श्रेष्ठ, ईश्वर कुमार. २०५८. "नेपाली नाटकको आधुनिक काल : प्रमुख धारा र प्रवृत्तिहरू". **समकालीन साहित्य ४३** ( वर्ष १२ अङ्क १. पूर्णाङ्क ४३) पृ. ११२ ।

सत्याल, शिव प्रसाद. २०२७. "जिउँदो लासको खोजी". **मधुपर्क.**(वर्ष ३, अङ्क १०) पृ. ३४।

साह, नागेश्वर. २०५४. जिउँदो लास नाटकको कृतिपरक विवेचना. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय ।

सिंह, लाभ तथा गोविन्द तिवारी. सन् १९८२. **असामान्य मनोविज्ञान के मूल आधार** (चौथो. सं.) आगरा : विनोद पुस्तक मन्दिर ।

सिन्हा, राज राजेश्वरी प्रसाद र बी. के. मिश्र. सन् १९९२. **असामान्य मनोविज्ञान**. (दास्रो. सं.). पटना : भारती भवन ।

सुलेमान, मुहम्मद र मुहम्मद तौवाब. सन् २००४. **असमान्य मनोविज्ञान विषय और व्याख्या.** दिल्ली : नरेन्द्रप्रकाश जैन तथा मोतीलाल बट्नारसीदास ।

द्यचयधल, वँ। ज्ञढद्धण। **त्जभ एकथअजयमथलकष्अक या ब्दलयचकर्बा द्यभजबखष्यगच**। ल्भध थ्यचप बलम ीयलमबलस :अ न्चबध-ज्र्ञी द्ययप ऋफउबलथ। क्ष्लअ।

ऋयभ्किबल, वऋ। ज्ञढठट। **ब्दलयचकर्बा एकथअजययिनथ बलम :यमभचल ीषभ।** द्यफदबथस ऋाककष व ायच मद्य। त्बचबउयचभखबबि क्यलक बलम ऋय। एचष्खबतभ ीतम।

ऋयफिबल, बः। द्दण्ण्ट। **इहायचम म्ष्अतष्यलबचथ या एकथअजययिनथ द्ध**[तज]। ल्भध थ्यचपस त्जभ ग्लष्तभम क्तबतभक या इहायचम ग्लष्खभचकष्तथ एचभकक क्ष्लअ।

ऋयचकष्लष चव ज्ञढडद्ध। **भ्लअथअयिउभमष्ब या एकअजययिनथ ख्यगिभ-ज्ञ।** ल्भध थ्यचप :ाब धर्षभिथ - क्ष्लतभचकअष्भलअभ एगदष्अिबतष्यल व्यजल धर्षभिथ बलम क्यलक।

ऋगफष्थ, व ९भ्मष्०। ज्ञढठद्द। **भ्लअथअयिउभमष्ब या एकथअजययिनथ** द्द[लम] भम। ९ख्यष्-ज्ञ०। ल्भध थ्यचप :ाब धजर्षभि ष्लतभच कअष्भलअभ एगदष्अिबतष्यल।

ऋगफष्थ, व ९भ्मष्०। ज्ञढठद्द। **भ्लअथअयिउभमष्ब या एकथअजययिनथ** द्द[लम] भम। ९ख्यष्-ज्ञ०। ल्भध थ्यचप :ाब धजर्षभि ष्लतभच कअष्भलअभ एगदष्अिबतष्यल।

ीबमष्भक, ऋ। ज्ञढद्धठ। **त्भहत द्ययप या ब्दलयचकर्बा एकथअजयष्यनथ**। च्भखष्कभम भ्म। :। :बचनयलष्अ द्यर्याभिक।

ल्यभिल-ज्यअपकभ्कब, क्ष ज्ञढछढ। **ब्दलयचकर्बा एकथअजययिनथ** घ[चम] भम। :अ न्चबध ज्र्ञी ज्ञ्नजभच भ्मगअबतष्यल।